३४३

# भक्तपुर मासिक

Bhaktapur Monthly

पुस २०८१

ISSN 2705-4454


9 772705 445004



## अध्यक्ष बिजुक्छेँद्वारा

# पाँच दिने भक्तपुर महोत्सव उद्घाटन

- पर्यटन भ्रमण दशकको उपलब्धिहीन दुई वर्ष
- भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गरेका केही असल अभ्यासहरू
- सलिम अलि खान
- पालि साहित्यका एक विशिष्ट विद्वान
- भक्तपुर नपाको गतिविधि




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले वरिष्ठ संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग: द्वारा लिखित 'मै एक मै अनेक' नामक निबन्धसंग्रह पुस्तक एक कार्यक्रमबीच विमोचन गर्नुभयो । (पुस १ गते)




नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालले भक्तपुर महोत्सव २०८१ को अवसरमा भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'सहकारी आवाज' बुलेटिन विमोचन गर्नुभयो (पुस १ गते)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np
Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j Ì {$@★cÆ @★g}; ≠!!$%★lj÷; ≠@)*!k'; ★A.D.2025

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




भक्तपुर लायकूँदेखि तःमाशिसम्म


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

## ‘बालक एउटा पुस्तक हो जसलाई शिक्षकले पाना पाना पढ्न पर्छ ।’ – रूसो

### यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | अध्यक्ष बिजुक्छेँद्वारा पाँचदिने भक्तपुर महोत्सव उद्घाटन | – | ३ |
| २) | क्वाठण्डौँमा खुल्ला बाँसुरी बाजा प्रतियोगिता | – | ११ |
| ३) | संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग:द्वारा लिखित ‘मै एक मै अनेक’ पुस्तक विमोचन | – | १५ |
| ४) | विदेशमा पढेर पनि फर्केर स्वदेशमा काम गर्ने भावना राख्नुपर्ने | – | १६ |
| ५) | सहकारी संस्था नयाँ पुस्तालाई सुसंस्कृत बनाउने तर्फ लाग्नु जरुरी | – | १९ |
| ६) | “कला–संस्कृति तथा सम्पदाहरू संरक्षण र प्रवर्द्धन गर्ने कामलाई नयाँ पुस्ताले आफ्नो कर्तव्य ठान्दै छ” | नारायणमान बिजुक्छेँ (रोहित) | २० |
| ७) | “भक्तपुर महोत्सव एक खुला विश्वविद्यालयको रूपमा रहनेछ” | प्रमुख सुनिल प्रजापति | २१ |
| ८) | कला–संस्कृति भक्तपुरको परिचयमात्र होइन प्राण नै हो | सुरेन्द्रराज गोसाइ | २३ |
| ९) | सम्पदा पुनर्निर्माण र सभ्यता पुनर्जागरणको अनुपम उदाहरण | सृजना सैंज | २४ |
| १०) | ‘भक्तपुर महोत्सवमा भक्तपुरका सारा जनताले मौलिकता प्रदर्शन गरेर भक्तपुरको हिजो र आजको स्वरूप प्रदर्शनी गरे’ | सुनिल प्रजापति | २५ |
| ११) | पर्यटन भ्रमण दशकको उपलब्धिहीन दुई वर्ष | विवेक | ४६ |
| १२) | भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गरेका केही असल अभ्यासहरू | बसन्त भट्टराई | ४८ |
| १३) | सलिम अलि खान | राजेन्द्र बहादुर कायष्ठ | ५६ |
| १४) | पालि साहित्यका एक विशिष्ट विद्वान् | रत्नसुन्दर शाक्य | ५९ |
| १५) | उपत्यका भित्रबाट रत्नचुड पर्वतको महिमा र स्वरूप | प्रेमप्रसाद काफ्ले | ६१ |
| १६) | **The City of the Yellow Devil** (V) | Maxim Gorky | ६३ |
| १७) | सुस्वास्थ्यका लागि सन्तुलित भोजन | सुजना बासुकला | ६५ |
| १८) | भक्तपुर नपाको कार्यपालिकाको बैठक निर्णय | – | ६७ |
| १९) | भक्तपुर नगरपालिका गतिविधि | – | ८१ |
| | क) शैक्षिक गतिविधि | – | ८४ |
| | ख) स्वास्थ्य सेवा | – | ८६ |
| | ग) भेटघाट | – | ८९ |
| | घ) अनुभवको आदान–प्रदान | – | ९२ |
| | ङ) सङ्क्षेपमा | – | ९२ |
| २०) | विविध समाचार | – | ९३ |
| २१) | ‘महोत्सव सफल पार्न अहोरात्र खट्ने तमामप्रति हार्दिक आभार’ (सम्पादकको पृष्ठ) | – | १०४ |

**साथमा** :

यता–उताबाट – २१/हाम्रो स्थानीय तह – ३६/थाहा पाइराखौँ – ३६/ चीनका प्राचीन नीति कथा – ५५/ प्रेरणीय – ६२/ बसिबियाँलो – ६६/ जीवन–आचरण – ८७/ ख्वप अस्पतालको प्रगति – ८८/हाम्रा पुराना मूर्ति – ९२/ हाम्रो स्वास्थ्य – १०२/ Word Searh – १०२/ पर्यटक तथ्याङ्क – १०३/ तस्बिरमा केही गतिविधि – क–घ ।

"पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"

भक्तपुर नगरपालिका

# भक्तपुर महोत्सव २०८१

BHAKTAPUR FESTIVAL 2024



## अध्यक्ष बिजुक्छेँद्वारा पाँचदिने भक्तपुर महोत्सव उद्घाटन

भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म सञ्चाल नहुने भक्तपुर महोत्सव २०८१ आजबाट सुरु भएको छ। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् नेपालका वरिष्ठ राजनीतिज्ञ **नारायणमान बिजुक्छेँ** (रोहित) ले पाँचदिने भक्तपुर महोत्सवको मंसिर २८ गते एक भव्य समारोहबीच उद्घाटन गर्नुभयो। महोत्सव उद्घाटन कार्यक्रम विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुरको दरबार क्षेत्रमा भएको थियो। सोही कार्यक्रममा अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरपालिकाले महोत्सवको अवसरमा प्रकाशन गरेको 'स्मारिका' र सांस्कृतिक नगरी भक्तपुरको 'फोटो पुस्तक' बिमोचन गर्नुभयो।

अध्यक्ष बिजुक्छेँले पानसमा दीप प्रज्ज्वलन गरी महोत्सवको उद्घाटन गर्दै भक्तपुरको कला संस्कृतितथा सम्पदाहरू संरक्षण र प्रवर्द्धन गर्ने कामलाई नयाँ पुस्ताले आफ्नो कर्तव्यको रूपमा बोध गर्दै आएको बताउनुभयो। भक्तपुरको कला र संस्कृतिको मर्मत, सम्भार, पुन:निर्माण र प्रवर्द्धन कार्यमाभक्तपुरका जनताको श्रमदान र सहयोग समेत प्राप्तभएको बताउँदै उहाँले





देश र जनताको नि:स्वार्थ रूपले सेवा गर्ने भावनाबाट यहाँका जनता अभिप्रेरित रहेको बताउनुभयो ।




स्थानीय पालिकाहरू प्रजातन्त्रका आधार हुन् भन्दै उहाँले देश र जनताको नि:स्वार्थ रूपले सेवा गर्ने भावना नभएका गाउँ, नगर, जल्ला, प्रदेश र केन्द्रका निकाय, कार्यालय, विभाग र मन्त्रालयहरूमाथि भ्रष्टाचार, अनियमितता र अख्तियार दुरूपयोगका अनेक कानुनी र नैतिक प्रश्नहरू उठ्दै आएको बताउनुभयो ।

उहाँले शिक्षालय र शिक्षकहरू संकीर्ण स्वार्थबाट निर्लिप्त भएसम्म देश र जनताको इच्छा र आकांक्षालाई मूर्त रूप दिन सम्भव नहुने बताउनुभयो ।२०४८ सालदेखि नै संसदमा भक्तपुरलाई 'सांस्कृतिक नगर' घोषणा गर्ने र सम्भव भएका नगरहरूमा प्लानेटोरियम वानक्षत्र अध्ययन शाला बनाउनुपर्ने विषयलाई जोड दिँदै आएको उहाँले बताउनुभयो ।



नेमकिपाका सचिव एवम् संघीय सांसद **प्रेम सुवाल**ले नेमकिपाले स्थानीय तह निर्वाचन घोषणापत्र मार्फत जनतालाई वाचा गरेअनुसार भक्तपुर नपाले शिशुस्याहार केन्द्रदेखि कलेजसम्म सञ्चालन गरिरहेको बताउँदै ख्वप विश्वविद्यालय सञ्चालन गरी जनतालाई सुलभ रूपमा चिकित्सा शिक्षा अध्यापन गराउने पनि उद्देश्य लिएको बताउनुभयो ।

देशको सन्तुलित विकास गरी उपत्यकामा बढिरहेको बसाइँ सराइलाई रोक्ने विषयमा सरकारले ढिलाइ गर्न नहुने बताउँदै उहाँले भक्तपुर नपाले पर्यटकहरूबाट उठाएको पर्यटन शुल्कबाट भक्तपुरको विकास गरिरहेको बताउनुभयो ।

भक्तपुरलाई सांस्कृतिकनगर घोषणा गरी नमुनानगरको रूपमा अगाडि बढाउनेतर्फ सरकारले जोड दिनुपर्ने उहाँको धारणा थियो ।

भक्तपुरको सल्लाघारीस्थित १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालय सञ्चालनको लागि माग गरिरहेको बताउँदै उहाँले सरकारले ख्वप विश्वविद्यालय सञ्चालनको लागि छिटै स्वीकृति दिनेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

भक्तपुर महोत्सवमूल समारोह



समितिका अध्यक्षएवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले महोत्सव अवधिभर भक्तपुर पुरै महोत्सवमय देखिने बताउँदै अध्ययन अनुसन्धान गर्नेहरूको लागि भक्तपुर महोत्सव एक महत्त्वपूर्ण अवसरको रूपमा रहने बताउनुभयो । महोत्सवमा नगरपालिकाले तोकेका विभिन्न ३२ वटा स्थलहरूमा महत्त्वपूर्ण गतिविधि सञ्चालन हुने बताउँदै उहाँले भन्नुभयो, भक्तपुरका चोक र गल्लीहरूमा पनि स्थानीय बासीहरूले विभिन्न आकर्षक गतिविधिहरू सञ्चालन गरिरहने बताउनुभयो ।

विदेशी पर्यटकहरूसँगै आन्तरिक पर्यटकहरूको पनि प्रवर्द्धन गर्ने उद्देश्यले भक्तपुर महोत्सवको आयोजना भएको बताउँदै उहाँले महोत्सवमा भक्तपुरका जीवनशैली, खानपान, शैक्षिक गतिविधि, सांस्कृतिक गतिविधि, परम्परागत सीप र खेलकुदलगायत विभिन्न गतिविधिहरू प्रदर्शन गरिने जानकारी गराउनुभयो ।

महोत्सवलाई थपआकर्षण गर्न महोत्सवकै बेला भक्तपुर नपा वडा नं. १० क्वाठण्डौँमा २०८१ मंसिर २९ गते खुल्ला बाँसुरी बाजा प्रतियोगिताको पनि आयोजना गरिएको बताउँदै उहाँले महोत्सवभव्य रूपमा सफलपार्न सबैको साथ र सहयोग प्राप्तहुने अपेक्षा गर्नुभयो ।

कार्यक्रमका अर्का अतिथि ललितपुर महानगरपालिकाका उपप्रमुख



**मन्जली शाक्य**ले भक्तपुर महोत्सव उपत्यकाको लागि सिकाइको विषयभएको बताउँदै भक्तपुरलाई देशकै पर्यटकीय केन्द्रको रूपमा लिन सकिने बताउँदै यहाँका मौलिक वस्तुहरूलाई विज्ञानसँग जोडेर अन्तर्राष्ट्रिकरण गर्नु आवश्यक भएको बताउनुभयो ।

सांस्कृतिकनगर भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने भक्तपुरको उद्देश्य प्रशंसनीय भएको बताउँदै उहाँले भक्तपुरका सम्पदा जनताको अपनत्व, साथ र सहयोगमा पुन:निर्माण सिकाइ योग्य विषय भएको बताउनुभयो ।



७५३ वटा स्थानीयतहको लागि भक्तपुर नमुनाको रूपमा प्रस्तुत भइरहेको बताउँदै उहाँले उपत्यकाका सांस्कृतिक सम्पदा संरक्षणको दायित्व सबै जनता एकजुट भएर गर्नुपर्ने बताउनुभयो ।



नेमकिपा बागमती प्रदेश सभा सदस्य **सुरेन्द्रराज गोसाईले** भक्तपुर महोत्सवलाई भक्तपुरको शैक्षिक, सामाजिक, राजनीतिक प्रगतिको आयामको रूपमा व्याख्या गर्न सकिने बताउनुभयो । भक्तपुरको प्रगति र उन्नतिमा महोत्सव दरिलो पाइला सावित हुने बताउँदै उहाँले भक्तपुर विभिन्न क्षेत्रमा अग्रदुत बनिरहेको बताउनुभयो ।भक्तपुरमा अनुकरण गर्न लायक धेरै विषय भएको बताउँदै उहाँले महोत्सव सबैको लागि अविष्मरणीय हुने बताउनुभयो ।

भक्तपुर कलाकार, कलाकर्मी र सम्पदा प्रेमीहरूको सहर भएको बताउँदै उहाँले भक्तपुरमा श्रमवीरहरूको सम्मान निरन्तर चलिरहने विश्वास व्यक्त गर्नुभयो । हरेक सम्पदाको जगमा असङ्ख्य कालिगढहरूको पसिना लुकेको विषय नयाँ पुस्तालाई अध्ययन अध्यापन गराउन जरुरी रहेको बताउँदै सांसद गोसाईले जीवन्त सहर निर्माणमा अग्रजहरूको भूमिका र भक्तपुर नपाले खेलेको भूमिका महत्त्वपूर्ण रहेको स्पष्ट पार्नुभयो ।

भक्तपुरले देशकै शान बढाउन मद्दत पुऱ्याइरहेको बताउँदै उहाँले भक्तपुर प्रतिको आस्था र विश्वास विश्वसामु बढ्दै गएको यथार्थ चित्रण गर्नुभयो ।

सांस्कृतिक र पुरातात्विक आधारमा मात्र नभई राजनैतिक आधारमा पनि भक्तपुरले छुट्टै गौरव बोकेको बताउँदै उहाँले भक्तपुरले विश्व सामु इज्जत र विश्वास एकैसाथ कमाइरहेको छ भन्नुभयो ।



त्यस्तै नेमकिपा बागमती प्रदेश सभा सदस्य **सृजना सैंजुले** भक्तपुर सभ्यताको सहर, प्राचीनकला संस्कृतिको नगर, इतिहास जीवन्त बाँचेको सहर भएको बताउँदै पर्यटन अर्थतन्त्र मार्फत भक्तपुर अगाडि बढ्ने प्रयत्न गरिरहेको बताउनुभयो । उत्पादनसँग नजोडिएको पर्यटन दिगो नहुने बताउँदै उहाँले भक्तपुर एकै रातमा बनेको सहर होइन, यहाँका जनताले वैभवशाली भक्तपुरको निर्माण र पुन:निर्माण गरेको सहर भएको बताउनुभयो ।

जनताको जीवनस्तर उठाउने महत्त्वपूर्ण पाइला भक्तपुर महोत्सवले दिने बताउँदै उहाँले सम्पदापुन:निर्माण र सभ्यता पुन:जागरणाको अनुपम नमुनाको रूपमा भक्तपुर अगाडि बढिरहेको बताउनुभयो ।

'१०० वर्षपछिको भक्तपुर' लाई नजिक ल्याउने माध्यम बन्ने महोत्सवले प्रदान गर्ने बताउँदै उहाँले महोत्सव आयोजनाको लागि भक्तपुर नगरपालिकाप्रति कृतज्ञता ज्ञापन गर्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले उत्सवै उत्सवको



नगरमा भक्तपुर नपाले भक्तपुर महोत्सव आयोजना गरी यहाँको मौलिक कला, संस्कृति र सम्पदा विश्वसामु प्रदर्शन गर्ने अवसर मिलेको बताउनुभयो ।

उहाँले शिक्षामा भक्तपुर नपाले खेलेको महत्त्वपूर्ण भूमिकाले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउन मद्दत पुर्‍याएको बताउँदै ख्वप विश्वविद्यालय सञ्चालनको लागि पनि नगरपालिकाले पहल गरिरहेको बताउनुभयो ।



पुरातत्व विभागका महानिर्देशक **शौभाग्य प्रधानाङ्गले** महोत्सव पूर्ण सफलताको कामना गर्दै भक्तपुरको मूर्त अमूर्त सम्पदाहरू विश्वभर परिचित भएको बताउदै उत्सवमार्फत भक्तपुरको सांस्कृतिकसँगै शैक्षिक र सांस्कृतिकपुन:जागरणाको माध्यमपनिबन्ने विश्वास व्यक्त गर्नुभयो ।

महोत्सवले मनोरञ्जनको लागिमात्र नभई समाजको दिगो विकासको लागि बाटो खोल्ने महत्त्वपूर्ण आधार तयार गर्ने उहाँले बताउनुभयो । उहाँले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त सम्पदा पुन:निर्माणमा नेपाल सरकार, मन्त्रालय, पुरातत्व विभाग, स्थानीय तह तथा विभिन्न संघ संस्थासँग

सहकार्य गरी ८२० वटा सम्पदामौलिक शैलीमा पुन:निर्माण सम्पन्न गरिसकेको बताउनुभयो ।



भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी **गोपालप्रसाद अर्याल**ले भक्तपुरको गौरवलाई देशीविदेशी पर्यटकमाझ प्रदर्शन गर्ने राम्रो अवसर महोत्सवले दिने बताउँदै देशको पर्यटन प्रवर्द्धनमा समेत टेवापुग्ने बताउनुभयो ।





कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवाद ज्ञापन मन्तव्य राख्नुभएको थियो भने भनपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।

उद्घाटन कार्यक्रम पश्चात प्रमुख अतिथि तथा अतिथिहरूले भक्तपुर महोत्सवको अवसरमा प्रदर्शित विभिन्न प्रदर्शनी स्थलहरूको स्थलगत अवलोकन गर्नुभएको थियो ।

भक्तपुर महोत्सवकै अवसर पारेर नगरपालिकाले वडा नं. १० क्वाठण्डौंमा २०८१ मंसिर २९ गते शुक्रबार खुल्ला बाँसुरी बाजा प्रतियोगिताको आयोजना गर्दैछ ।

सांस्कृतिक कार्यक्रम, नगरा वादन, पौभा र तस्बिर प्रदर्शनी, चित्रकला, छ्वाली कला र तस्बिर प्रदर्शनी, परम्परागत पोशाक प्रदर्शनी, खाना महोत्सव, हलिमलि, परम्परागत वाद्यवादन सामग्री प्रदर्शनी, परम्परागत धागो रंगाउने, कुमारी (जीवित देवी) प्रदर्शनी, दिपंकर बुद्ध प्रदर्शनी, नवदुर्गा प्रदर्शनी, शैक्षिक प्रदर्शनी, नौका बिहार, मृत्तिका कलाको परम्परागत र नयाँ उत्पादनको जीवन्त प्रदर्शनी महोत्सवका प्रमुख आकर्षणहरू हुन् । त्यस्तै परम्परागत खेलकुद प्रदर्शनी र प्रतियोगिता, नेवार जीवन शैलीको गतिविधि प्रदर्शनी, नौ बाजा प्रदर्शनी, दही महोत्सव, दिपावली, बौद्ध प्रकाशन र तस्बिर प्रदर्शनी, सहकारीहरूको गतिविधि प्रदर्शनी, बालबालिका मैत्री गतिविधि तथा सांस्कृतिक कार्यक्रम, कृषि उत्पादनको व्यवसायिक प्रदर्शनी, घरेलु उत्पादन तथा हस्तकलाको जीवन्त प्रदर्शनी, व्यापार मेला, पुस्तक प्रदर्शनी, बुद्ध अस्तु तथा बौद्ध दर्शन सम्बन्धी प्रदर्शन, विभिन्न खेलकुद गतिविधि तथा प्रदर्शनी, परम्परागत तोरीको तेल बनाउने प्रदर्शनी, सांस्कृतिक जात्रापर्व संस्कृतिको नमुना प्रदर्शनी र परम्परागत वाद्यवादन प्रतियोगिता एवम् प्रदर्शनी पनि महोत्सवका मुख्य आकर्षणभित्र पर्दछ ।






## उद्घाटन र्‍याली

भक्तपुर नगरपालिकाकाको आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सवको र्‍याली नगर प्रमुख सुनिल प्रजापतिले टौमढीमा मंसिर २८ गते एक भव्य समारोहबीच शुभारम्भ गर्नुभएको छ ।

र्‍यालीको उद्घाटन सभामा बोल्दै प्रमुख प्रजापतिले भक्तपुरलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नेतर्फ ध्यानकेन्द्रित रहेको बताउँदै भक्तपुर महोत्सवमा स्वदेशी र विदेशी पर्यटकहरूको प्रबर्द्धन गर्ने महत्त्वपूर्ण आधार बन्ने अपेक्षा रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेँले भक्तपुरको मौलिक विशेषताहरू आन्तरिक तथा बाह्य पर्यटकहरूलाई प्रदर्शन गर्ने उद्देश्यले महोत्सवको आयोजना भएको बताउँदै पाँचदिने महोत्सवले भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थल बनाउन टेवापुग्ने बताउनुभयो ।

र्‍यालीमा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवाल, बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाइँ र सृजना सैंजु, भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, पूर्व जनप्रतिनिधि, जिल्लाका विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, नगरका गन्यमान्य व्यक्तित्वहरू, विद्यालय र सहकारी संघ संस्थाका प्रतिनिधि, विभिन्न बाजा समूह, स्वयम्सेवक टोली, नगरपालिकाका कर्मचारी तथा स्थानीय जनताहरूको उल्लेख्य सहभागिता रहेको थियो ।



# पाँचदिने भक्तपुर महोत्सव भव्यताका साथ सम्पन्न



भक्तपुरको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित पाँचदिने भक्तपुर महोत्सव पुस २ गते सम्पन्न भयो। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **का. नारायणमान बिजुक्छें** (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर महोत्सव २०८१ को समापन कार्यक्रम दरबार क्षेत्रमा एक भव्य समारोहबीच सम्पन्न भयो।



कार्यक्रममा बोल्दै अध्यक्ष बिजुक्छेँले जनप्रतिनिधिले निःस्वार्थ रूपबाट गरेको कामबाट सबै वर्गका जनताको हित हुने बताउँदै अरुको भरमा देश विकास गर्ने सोचले कहिल्यै देशलाई आत्मनिर्भर नबनाउने धारणा राख्नुभयो।

भक्तपुर महोत्सव अवधिभर सिंगो भक्तपुरबासीको मेहनत प्रदर्शन भएको बताउँदै उहाँले महोत्सवमा सबैले आ-आफ्नो ठाउँबाट आफ्नो कर्तव्य पूरा गरेको देखिन्छ भन्नुभयो।

उहाँले भक्तपुर नपाले सांस्कृतिक आदान प्रदानको सिलसिलालाई अझ व्यापकतादिँदै जानुपर्ने बताउँदै आगामी दिनहरूमा पनि जनताको साथ र सहयोगबाट आफ्ना गतिविधिहरूलाई अगाडि बढाउन प्रेरित गर्नुभयो।



कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरका सम्पदा र जीवनशैलीको अवलोकन गर्न बर्षेनी लाखौं विदेशी पर्यटकहरूले भक्तपुरको भ्रमण गर्ने गरेको बताउँदै आन्तरिक र बाह्य पर्यटकहरू प्रवर्द्धन गर्ने उद्देश्य राखेर महोत्सव आयोजना गरिएको बताउनुभयो।

पाँचदिने महोत्सवमा दिनमा ६ लाखदेखि ८ लाख अवलोकनकर्ताहरूले महोत्सव अवलोकन गरेको बताउँदै प्रमुख प्रजापतिले महोत्सवमा दैनिक करोडौं रूपैयाँ बराबरको आर्थिक कारोबार भएको जानकारी दिनुभयो।

भक्तपुर अवलोकन गर्नेहरूको लागि नयाँ नयाँ दृश्य, स्वाद र ज्ञान एकसाथ देखाउने अवसर भक्तपुर महोत्सवले प्रदान गरेको छ भन्दै उहाँले शिक्षक, प्राध्यापक, विद्यार्थी, बुद्धिजीवी सबैका लागि महोत्सव ज्ञान हासिल गर्ने अवसरको रूपमा रहेको बताउनुभयो।





बागमती प्रदेश सभा सदस्य मा. **सुरेन्द्रराज गोसाईं**ले पाँचदिने भक्तपुर महोत्सवको अन्तिम दिनसम्म पनि उत्साहपूर्वक सहभागिता रहेको बताउँदै महोत्सवले जनतामा रहेको परम्परागत सीप उजागर गर्न मद्दत पुऱ्याएको छ भन्नुभयो ।

नेपाली मौलिकता माथि हमला भइरहेको समयमा भक्तपुर नपाले संस्कृति र सभ्यता मौलिक रूपमा प्रदर्शन गरी विशिष्ट खालको प्रदर्शनी गर्न सफल भएको उहाँले बताउनुभयो ।



उपप्रमुख **रजनी जोशी**ले महोत्सवमा स-साना बालबालिकादेखि युवा, विद्यार्थी र ज्येष्ठ नागरिक सबैको सक्रिय सहभागिता रहनु आफैमा उपलब्धी मूलक भएको बताउनुभयो ।



नेपाल स्थित चिनियाँ राजदूतावासका महामहिम राजदूत **छन सोङ**ले महोत्सव सफलतापूर्वक सम्पन्न भएकोमा बधाई ज्ञापन गर्नुहुँदै भक्तपुरका जनताको न्यानो आतिथ्यता स्मरण योग्य भएको बताउनुभयो ।

नेपाल भ्रमण वर्ष २०२५ को अवसरमा भक्तपुरमा सांस्कृतिक कार्यक्रम गर्ने घोषणा गर्दै उहाँले उक्त कार्यक्रममा चीनबाट उत्कृष्ट सांस्कृतिक टोली भक्तपुर आउने, चिनियाँ संस्कृति र नेपाली संस्कृतिबीच सांस्कृतिक आदान प्रदानहुने बताउनुभयो ।




भक्तपुरका प्रमुख जिल्ला अधिकारी **गोपालप्रसाद अर्याल**ले भक्तपुर महोत्सव भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने महत्त्वपूर्ण खुड्किलाको रूपमा रहेको बताउनु भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त**



**भट्टराई**ले भक्तपुरका परम्परागत संस्कृतिनयाँ पुस्तामा प्रदर्शन र हस्तान्तरण गर्ने उद्देश्य पनि नगरपालिकाको रहेको बताउँदै महोत्सव सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभयो ।



कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो भने कार्यक्रमका प्रमुख अतिथि, विशेष अतिथिहरूलाई नगरपालिकाको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो ।

# क्वाठण्डौंमा खुल्ला बाँसुरी बाजा प्रतियोगिता




भक्तपुर नगरपालिकाको आयोजनामा भएको भक्तपुर महोत्सव २०८१ अन्तर्गत खुल्ला बाँसुरी बाजा प्रतियोगिताको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मंसिर २९ गते उद्घाटन गर्नुभयो।

प्रतियोगिताको उद्घाटन गर्नुहुँदै प्रमुख प्रजापतिले पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृतिलाई आत्मसात गर्दै भक्तपुरका गौरवपूर्ण धरोहरलाई जस्ताको तस्तै संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्य अनुसार नपाले काम गर्दै आइरहेको बताउनुभयो।

महोत्सवमा व्यापकजन सहभागिता परिचालन भएको बताउँदै उहाँले जनताको साथ र सहयोगबाट हुने कामले स्वाभाविक रूपमा सफलता प्राप्त गर्ने बताउनुभयो।

प्रतियोगितामा सहभागी सम्पूर्णमा धन्यवाद ज्ञापन गर्दै उहाँले सांस्कृतिक गतिविधिहरूमा नयाँ पुस्ताहरूको सहभागिता उल्लेखनीय रहँदै आएको बताउनुभयो। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीको नेतृत्वमा भक्तपुर नपा वडा नं. १ इनागबाट बाँसुरी बाजा प्रतियोगिताको उद्घाटन र्‍याली सुरु भएको थियो भने प्रतियोगितामा सहभागी टोलीहरूले बाँसुरी बाजा बजाएर र परिक्रममा गरी कार्यक्रम स्थलमा पुगेको थियो। आज भक्तपुर नपा वडा नं. १० क्वाठण्डौंमा खुल्ला बाँसुरी बाजा प्रतियोगिता सञ्चालन भइरहेको छ।





# खुल्लाबाँसुरी बाजाप्रतियोगिता सम्पन्न




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर महोत्सव २०८१ को अवसरमा आयोजित खुल्ला बाँसुरी बाजा प्रतियोगिता मंसिर ३० गते सम्पन्न भयो। प्रतियोगितामा भिगु नेवाबाँसुरी बाजा खलः प्रथम, रुद्रायणी बाँसुरी खलः द्वितीय र श्री नासः हेमा बाँसुरी बाजा खलः तृतीय, देवी सांस्कृतिक बाजा खलः र निक्वे दाफा खलले सान्त्वना स्थान हासिल गरेको थियो। कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें** (रोहित) ले विजयी टोलीलाई नगद पुरस्कार र वाद्यवादन सामाग्री प्रदान गर्नुभएको थियो।



कार्यक्रममा बोल्दै अध्यक्ष बिजुक्छेँले मौलिक कला, संस्कृति, भाषा, जीवनशैलीमात्र हाम्रो संस्कृति नभई बोली, व्यवहार, अतिथि सत्कार आदि पनि हाम्रो संस्कृति अन्तर्गत पर्ने बताउनुभयो। उहाँले नयाँ पुस्तालाई नेपाल भाषा बोल्न र सिक्न अभिप्रेरित गर्नुपर्नेमा जोड दिँदै भक्तपुर महोत्सव आयोजनाले भक्तपुरको मौलिकता प्रदर्शन हुनुका साथै नयाँ पुस्तालाई यसबारे सुसूचित पार्ने अवसर पनि मिल्ने बताउनुभयो।

अध्यक्ष बिजुक्छेँले हाम्रो भाषाले हाम्रो पहिचान झल्काउँछ भन्दै विभिन्न भाषा अध्ययन अध्यापनले संस्कृति आदान प्रदानमा समेत टेवा पुऱ्याउने बताउनुभयो।

भक्तपुर नगरपालिकाको नियम र मापदण्ड अनुसार नक्सा पास गरी घर बनाउन नगरपालिकालाई सुसूचित गर्नुपर्ने बताउँदै उहाँले नगरलाई सभ्य र सुसंस्कृत बनाउने नगरपालिकाको उद्देश्यले विस्तारै मूर्त रूप लिंदै गएको बताउनुभयो।



कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापतिले** नगरपालिकाले भक्तपुरको सांस्कृतिक एवम् पर्यटकीय धरोहरलाई बचाउन प्रत्येक वर्ष बाजा प्रतियोगिता आयोजना गर्दै आएको बताउनुभयो।

भक्तपुर नपाले चुनावी घोषणा पत्रअनुसार जनताको निःस्वार्थ सेवा दिने उद्देश्य अनुरूप आफ्ना कार्यक्रम र गतिविधिलाई अगाडि सार्दै आएको बताउँदै उहाँले भक्तपुर विदेशीको सहयोगमा बनेको सहर होइन, यो जनताको साथ र सहयोगमा बनेको



सहर हो भन्नुभयो।

बाँसुरी बाजा प्रतियोगिताको समापन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराईले** धन्यवाद ज्ञापन मन्तव्य राख्नुभएको थियो भने भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा,** भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रविन्द्र ज्याख्व** र निर्णायकको तर्फबाट **जीवन आलेले** पनि बोल्नुभएको थियो।







प्रतियोगिताका बिजेताहरूलाई पुरस्कार राशीमा प्रथमलाई रु. ५० हजारका साथै वाद्यवादनका सामाग्री, द्वितीयलाई रु. ४० हजारका साथै वाद्यवादनका सामाग्री, तृतीयलाई रु. ३० हजारका साथै वाद्यवादनका सामाग्री र सान्त्वना दुई वटा समूहलाई रु. २० हजारका साथै वाद्यवादनका सामाग्री प्रदान गरिएको थियो। साथै सहभागी ४६ ओटै टोलीलाई खाजा खर्च रू. ५




हजार प्रदान गरिएको थियो।

उक्तकार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिले निर्णायकहरूलाई धन्यवाद पत्र र सहभागी टोलीलाई प्रमाणपत्र र मायाको चिनो वितरण भएको थियो।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको खुल्ला बाँसुरी बाजा प्रतियोगितामा निर्णायकहरूमा **डा. पुष्परत्न शाक्य, धर्म मुनिकार, दिपेन्द्र बज्राचार्य, सीतामैया राजचल, जीवन आले, दश राम त्वाती, राजकुमार मानन्धर, इन्दिरा लाछिमस्यु, रवि कपाली, रत्नसुन्दर जताधारी, देवचन्द्र बज्राचार्य, विष्णुबहादुर मानन्धर, कृष्णसुन्दर प्रजापति, मुक्तिसुन्दर जधारी, आशाराम वैद्य, राजेन्द्र श्रेष्ठ, पञ्चलाल लाछिमस्यु, गोविन्द दुवाल र हेरा ख्याजु** रहेका थिए।









# खुल्ला बाँसुरी बाजा प्रतियोगितामा सहभागी बाजा समूहहरूको विवरण

१. न्हुज : बाँसुरी बाजाखलः, भनपा ७
२. पासापुच : सूर्यमढी, तौलाछे, भनपा ९
३. नेवाः सांस्कृतिक उत्थान मञ्च, धरान उपमहानगरपालिका
४. वाकुपति नारायण नौ दाफा भजनखलः, सूर्यमढी, भनपा ९
५. सिमल्टार बाजा खलः, सिमल्टार, सूनपा १०
६. श्वेत भैरव बाजं खलः, जेंला, भनपा ८
७. वाङख्यो दाफा भजनखलः, बनेपा नगरपालिका ८, वाङख्यो
८. श्री एकान्तकुमारी सांस्कृतिक खलः, चासुखेल, भनपा ५
९. श्री चोछें छुमा गणेश बाँसुरी बाजा खलः, चोछें, भनपा ६
१०. याता वः दाफा भजन, भ्रौखेल, चानपा २
११. झीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि., गोमारी, भनपा ७
१२. खिंछे डाफा भजन खलः, खिंछे भनपा ५
१३. ताथली सांस्कृतिक खलः, चानपा ९
१४. श्री कविलाश नृत्यनाथ बाँसुरी बाजा खल, दुमलाचा, भनपा ४
१५. श्री माहाकाली बाजा तथा भजन खल, कालिटार, चानपा ५
१६. दत्तात्रय बाँसुरी बाजा खलः, मको गल्ली, भनपा ९
१७. विश्वम्भर सांस्कृतिक खलः, ब्यासी, भनपा २
१८. निक्वे दाफा खलः, निकोसेरा, मथिनपा ९
१९. देवी साँस्कृतिक बाजा खलः, सौडोल, चानपा ९
२०. श्री नास हैःमा बाजं खलः, वंशगोपाल, भनपा ३
२१. श्री रुद्रायणी बाँसुरी खलः, खोकना, ललितपुर
२२. कमिचा गल्ली बाँसुरी बाजा समूह, कमिचा गल्ली, भनपा ९
२३. महेश्वरी बाँसुरी बाजाखलः, वाचुत्व, भनपा ७
२४. चण्डेश्वरी बाँसुरी समूह, चासुखेल, भनपा ५
२५. झीगु नेवाः बाँसुरी खलः, थानकोट, चन्द्रागिरी नगरपालिका
२६. श्री बालकुमारी बाँसुरी समूह, फर्पिङ, कोछुटोल, दक्षिणकाली नगरपालिका
२७. लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि., इताछें, भनपा २
२८. माझी भैरव सांस्कृतिक बाजा खलः, सौडोल, चनापा ९
२९. सिद्धि गणेश बाँसुरी बाजा समूह, चोर्चा, भनपा७
३०. भिन्तुना बचत तथा ऋण सहकारी संस्था लि., ब्यासी, भनपा २
३१. लिवाली बाँसुरी बाजा समूह, लिबाली, भनपा ८
३२. श्री नित्यनाथ बाँसुरी बाजा, नासचा, भनपा १०
३३. निओ फ्युजन बाँसुरी समूह, इनाचो भनपा७
३४. ख्वप्रिङ इङलिस एकेडमी, लिबाली भनपा ८
३५. लिशाई. स्कूल, लिबाली भनपा ८
३६. समृद्धि कृषि सहकारी संस्था लि, भनपा ९
३७. जालाँचा बाँसुरी बाजा समूह, जालाँचा, भनपा ४
३८. ख्वपनेवाःखलको बाँसुरी बाजा समूह, लिबाली भनपा ८
३९. श्वेत भैरव बचत तथा ऋण सहकारी सस्था लि., जेंला भनपा ८
४०. भक्तपुर बचत तथा ऋण सहकारी सस्था लि. भनपा ९
४१. लैको बाँसुरी बाजा खलः, लैको, भनपा ५
४२. नागाँचा बाँसुरी बाजा समूह, नागाँचा, भनपा १०
४३. सपनतिर्थ दाफाखल, टोखा २, यलाग टोल
४४. समय बचत तथा ऋण सहकारी संस्था लि., च्याम्हासिंह रोड, भनपा ८
४५. एभरेस्ट इङलिस स्कूल, मिवाछें, भनपा २
४६. चण्डेश्वरी ईखुलाग दाफा खलः, टोखा २

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग:द्वारा लिखित "मै एक मै अनेक" (निबन्ध संग्रह) पुस्तक विमोचन




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छें** (रोहित) ले वरिष्ठ संस्कृतिविद् तेजेश्वरबाबु ग्वंग:द्वारा लिखित 'मै एक मै अनेक' नामक निबन्ध संग्रह पुस्तक भक्तपुर महोत्सवको पुस्तक प्रदर्शनी स्थल लामगालमा पुस १ गते एक कार्यक्रमबीच विमोचन गर्नुभयो।

कार्यक्रममा बोल्दै अध्यक्ष बिजुक्छेँले व्यक्तिको अभिव्यक्ति फरक फरक शैलीमा प्रतिबिम्बित हुने बताउँदै साहित्यकारहरूले शब्द, बिम्ब र प्रतिकको रूपमा साहित्यहरू सिर्जना गर्ने गरेको बताउनुभयो।

साहित्यलाई प्रचारको माध्यमको रूपमा लिनुपर्ने कुरामा विशेष जोड दिँदै उहाँले प्रगतिशील साहित्यबाट देश र जनताको हितमा सेवा गर्नुपर्ने बताउनुभयो।

उहाँले एक प्रसंगमा साहित्यकारहरू जनताको बिचमा जानुपर्ने र साहित्यकारहरू कहिल्यै पनि राजनीतिबाट अलगहुन नसक्ने चर्चा पनि गर्नुभयो।

साहित्य देश र जनताको निम्ति लेख्नुपर्नेमा जोड दिँदै अध्यक्ष बिजुक्छेँले साहित्यकारले प्रत्यक्ष देखेको र भोगेको स्पष्ट रूपमा कथा, कविता, नाटक आदि मार्फत कलम चलाउनु पर्ने धारणा राख्नुभयो।

कार्यक्रममा विशिष्ट अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको कला, संस्कृति प्रचारप्रसारमा साहित्यकार तेजेश्वर ग्वंग:को उल्लेखनीय योगदान रहेको र ग्वंगद्वारा लिखित भक्तपुर सम्बन्धी लेख रचनाले भक्तपुरको जीवन्त चित्रण गरेको जानकारी गराउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुर कलार संस्कृतिको सहर भएकोले भक्तपुर महोत्सवमार्फत अध्ययन अनुसन्धानकर्ताहरूको लागि महोत्सव एउटा अवसरको रूपमा रहेको बताउँदै भक्तपुरमा रहेका मुर्त अमुर्त सम्पदा अन्तर्राष्ट्रिय जगतमा चिनाउन पनि महोत्सवले मद्दत पुऱ्याउने बताउनुभयो।

कार्यक्रममा साहित्यकार **तेजेश्वरबाबु ग्वंग**:ले विगतका आफ्ना साहित्य लेखनको अनुभव सुनाउँदै आफुले नेपाल भाषा, नेपाली भाषा र अंग्रेजी भाषामा सहित्य लेख्दै आएको समेत बताउनुभयो। उहाँले भक्तपुर नगरपालिकाले गरेको उदाहरणीय काम देशैभरका स्थानीय निकायहरूले पनि सिको गर्नुपर्ने र प्रत्येक स्थानीयतहले जनताको हकहितको लागि काम गर्नुपर्ने समेत बताउनुभयो।

वरिष्ठ निबन्धकार एवं पुस्तकका सम्पादक श्री **ओम श्रेष्ठ** 'रोदन' को सभापतित्वमा सम्पन्न भएको पुस्तक विमोचन कार्यक्रममा सुन्दर स्वदेश प्रकाशनका अध्यक्ष **ऋषिराम पाण्डे** र **प्रदिप सापकोटा**ले पनि बोल्नुभएको थियो।



# विदेशमा पढेर पनि फर्केर स्वदेशमा काम गर्ने भावना राख्नुपर्ने




निस्वार्थ रूपले देश र जनताको सेवा गर्ने उद्देश्यले काम गर्दै जादा भक्तपुर आजको अवस्थामा पुगेको हो। उपरोक्त कुरा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ**ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ्ग कलेजको २३ औँ र ख्वप कलेज अफ इन्जिनियरिङ्गको १६ औँ बार्षिकोत्सवको उपलक्ष्यमा आयोजित समारोहमा व्यक्त गर्नुभएको हो।

समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि बिजुक्छेँले भन्नुभयो "हरेक विषयमा आत्मनिर्भरतालाई ध्यान नदिएै कारण मंसिर ३० गते विश्व सामु मागेर खानु परेको छ।" विद्यार्थीले स्वदेश र विदेशका जुनसुकै ठाउँमा गएर पढे पनि देश र जनताको सेवा गर्ने भावनाअनुसार काम गर्नुपर्ने बताउनुभयो। जुनसुकै पदमा रहेर काम गरेपनि देश र जनताको सेवा गर्नुपर्ने उहाँले बताउनुभयो। हाल ८० लाख नेपाली विदेशमा रहेको चर्चा गर्दै विदेशमा रहेका नेपालीले पनि देशको निम्ति जनताको निम्ति काम गर्ने भावना हुनुपर्ने औंल्याउनुभयो।

कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले वार्षिकोत्सव समारोहको सभापतित्व ग्रहण गर्दै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको स्थापनाले समाजलाई बुद्धिजिवीकरण गर्ने कार्यमा अगाडि बढेको चर्चा गर्दै भक्तपुर महोत्सवले भक्तपुरको मात्र नभई देशकै कला र संस्कृतिलाई आत्मसात गर्दै गौरवपूर्ण धरोहरहरूलाई जस्ताको तस्तै संरक्षण र संवर्द्धन गर्ने बताउनुभयो।

समारोहमा कलेज सञ्चालक समितिका उपाध्यक्ष एवं भक्तपुर नगरपालिकाका उपप्रमुख आ.**रजनी जोशी**ले भक्तपुर नगरपालिका भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास गर्न लागि परेको चर्चा गनुभयो। हाम्रा पूर्खाहरूले हस्तान्तरण गरेका विविध अमूर्त सम्पदाहरूले भक्तपुर जीवन्त रहेको चर्चा गर्दै आगामी पुस्ताका लागि यसको संरक्षण गर्दै जानुपर्ने बताउनुभयो।

कार्यक्रममा पूर्वाञ्चल विश्वविद्यालय, इन्जिनियरिङ्ग सङ्कायका डीन प्रा. **देवीप्रसाद भट्टराई**ले भक्तपुर प्राचीन सम्पदा तथा समृद्ध संस्कृतिको सहर भएको चर्चा गर्दै भक्तपुर नगरपालिकाले कला, संस्कृति, परम्परागत खाना, दाफा भजन, परम्परागत सांगीतिक प्रणाली, प्राचीन नृत्य, पहिरन र शैक्षिक प्रदर्शनीलगायतले आयोजित भक्तपुर महोत्सव २०८१ ले समाज र देशलाई प्रत्यक्ष लाभ पुऱ्याउने यस प्राचीन सहरको नाम र कीर्ति पनि बढाउने बताउनुभयो।

उक्त बार्षिकोत्सव समारोहमा ख्वपइन्जिनियरिङ्ग कलेजका प्राचार्य ई. सुजन माकले कलेजको २३ औँ बार्षिकोत्सवको उपलक्ष्यमा कलेजको वार्षिक प्रतिवेदन तथा ख्वप कलेज अफइन्जिनियरिङ्गका प्राचार्य ई. **सुनिल दुवाल**ले कलेजको १६ औँ बार्षिकोत्सवको उपलक्ष्यमा वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो।

कार्यक्रममा उत्कृष्ट विद्यार्थीहरू ई. **मेधाश्मी खतिवडा**, ई. **गौरव भुसाल** र ई. **योजना सापकोटा** र



कलेजका प्रशासकिय अधिकृत **सन्जय मानन्धर**ले पनि बोल्नुभएको थियो ।

भक्तपुर महोत्सव, २०८१ को अवसरमा २८ मंसिरदेखि कलेजमा शैक्षिक प्रदर्शनीलगायत विविध प्रतियोगिताहरू सञ्चालन भैरहेको र पुस १ गते Last BulidingQmanding on shaketable Competition, "Heritage Conservation Past and Future" र "विपद् व्यवस्थापन – चुनौती र समाधानका उपायहरू" विषयक Talk program हुनेछ ।



# ख्वप विश्वविद्यालय विधेयक पारित गर्न माग

"विदेशी विश्वविद्यालय र कलेजहरूले नेपालका कलेजहरूलाई विद्यार्थी विहीन बनाउँदै आएको समयमा विश्वविद्यालयहरूमा विभिन्न पदहरूमा हुने नियुक्ति योग्यताको आधारमान भई दलगत भाग बण्डाको आधारमा हुनुले शैक्षिकक्षेत्रलाई अझ ध्वस्त बनाउने छ ।"

उक्त विचार भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफइन्जिनियरिङ्गको भक्तपुर महोत्सव, २०८१ को अवसरमा २८ मङ्सिरदेखि २ पुससम्म आयोजित शैक्षिक पद्रर्शनी एवं कलेजको वार्षिकोत्सव समारोहको समापन कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले पुस २ गते व्यक्त गर्नुभयो ।

प्रमुख अतिथि सुवालले भ्रष्टाचारीको सम्पत्ति जफत गर्ने कानूनी प्रावधान भएपनि वर्षैदेखि भ्रष्टाचारीको सम्पत्ति जफतन भएको बताउँदै प्रधानमन्त्री लगायत २५ जना विशिष्ट व्यक्तित्वहरूको सम्पत्ति विवरण गोप्य राख्नुको कारण के हो भनि प्रश्न गर्नुभयो । वैदेशिक रोजगारको नाममा नेपालीलाई विदेशीको दास बनाउने, भारतको भाडाको सिपाही बनाउने तथा चेलीबेटी बेचबिखन भइरहेको तर्फ सङ्केत गर्दै दैनिक ७००० पासपोर्ट छाप्ने काम गाऱ्हो भएको पराराष्ट्रमन्त्रीले बताउनु दुःखद भएको बताउनुभयो । नेपालीलाई स्वदेशमै रोजगारी गर्ने वातावरण बनाउन पनि उहाँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "पटक पटक सरकारमा गएका संसद्वादीदलहरूले नेपालको हरियो वनलाई तस्करको धन बनाए । नेपालबाट भारतमा भइरहेको काठ तस्करी रोकेर नेपालमै उपभोग गराइनु पर्दछ ।" उपत्यकाको माटो मलिलो छ । यहाँ गऱ्हुँगो कङ्क्रिटको जङ्गल उपयुक्त छैन । कुनै दिन उपत्यका भासिने सम्भावनारहेको बताउँदै उपत्यकामा बढिरहेको बसाईंसराइँलाई रोक्न देशको सन्तुलित विकास गर्नुपर्ने आवश्यकता औँल्याउनु भयो ।

"बहुदल आएको ३५ वर्ष भएपनि देशलाई आत्मनिर्भर बनाउने विषयमा शासकदलहरू अघि बढ्न नसकेको चर्चा गर्दै शासक पार्टीहरूमा पालैपालो सरकारमा जाने, प्रम हुने र देशलाई परनिर्भर बनाउने काममा एक रूपता कायम गरेको




बताउनुभयो। काङ्ग्रेसका गुरु विपि कोइराला तथा एमालेका गुरु पुष्पलालले भारतीय पुँजीको सेवा गरेकोले राणा शासनको विरुद्ध आन्दोलन गरेको चर्चा गर्दै अहिले काङ्ग्रेस एमालेले भारतीय एकाधिकार पुँजीलाई देशको नदी नाला बेचेको, भारतीय पुँजीको सेवा गरेको, प्रधानमन्त्री मन्त्री हुन भारतीय नेताको शरणमा गएको बताउनुभयो। देशको मानवीय तथा प्राकृतिक स्रोत भारतलाई दिने होइन, नेपालमै उपभोग गर्नुपर्दछ", सुवालले जोड दिनुभयो।

भक्तपुरको सल्लाघारीस्थित १०८ रोपनी जग्गा ख्वप विश्वविद्यालय सञ्चालनको लागि माग गरिरहेको उल्लेख गर्दै उहाँले सरकारले ख्वप विश्वविद्यालय विधेयक पनि पारित गर्न माग गर्नुभयो।

कलेज सञ्चालक समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले समापन समारोहको सभापतित्व ग्रहण गर्दै भक्तपुर नगरपालिकाद्वारा आयोजित पाँच दिने भक्तपुर महोत्सवएवं कलेजहरूको शैक्षिक प्रर्दशनी सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नुभएकोमा सबैलाई धन्यवाद दिँदै महोत्सवको पाँचै दिन फरक फरक किसिमका कार्यक्रमहरू सम्पन्न भएको चर्चा गर्नुभयो। महोत्सवमा विभिन्न स्थानीयतहका प्रमुख, उपप्रमुखहरूको उल्लेख्य उपस्थिति रहेको चर्चा गर्दै कला संस्कृति, भाषा, साहित्यलगायतका विषयमा सिक्न चाहनेको लागि यो महोत्सव विश्व विद्यालयसरह भएको बताउनुभयो।

कार्यक्रममा वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले भन्नुभयो, "प्यालिस्टिनी जनता आफ्नो मातृभूमिको रक्षाको लागि लड्दै छन् र आत्मसमर्पण गर्न अस्वीकार गर्दैछन्। अमेरिकी र इजरायली फासीवादी तथा नवनाजीवादी हमला विरुद्ध प्रतिरोध गर्दैछन्। संसारका न्यायप्रेमी जनता ऐक्यबद्धता जनाउँदै छन्।"

छिमेकी देश चीनले छोटो अवधिमै एब अर्ब चालीस करोड जनतालाई गरिवीबाट मुक्त गरेर अभूतपूर्व कार्य गरेको चर्चा गर्दै हाल चीनले बीआरआईको माध्यमबाट विश्वका सयौँ देशलाई भोकमाथि पूर्ण विजय हासिल गर्ने लडाइँमा सहयोग गर्दै आधुनिक विज्ञान र प्रविधिको आविष्कार तथा उपलब्धिको पर्याप्त प्रयोग गरिरहेको चर्चा गर्नुभयो।

समारोहमा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माक, ख्वप कलेज अफइन्जिनियरिङ्गका प्राचार्य ई. सुनिल दुवाल, ख्वप इन्जिनियरिङ कलेजको उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँ, ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य ई. रत्नशोभा प्रजापति र प्रशासकीय अधिकृत सिद्धिराम सुवालले पनि बोल्नुभएको थियो।

समापनकार्यक्रममा पाँच दिने शैक्षिक प्रदर्शनीमा भएका आर्किटेक्ट सम्बन्धी थ्री–डी मोडल प्रतियोगिता, सिभिल इन्जिनियरिङ सम्बन्धीथ्री–डी मोडल प्रतियोगिता, रोबोट प्रतियोगिता, सफ्वेयर प्रतियोगिता, Last Building Standing on shake table Competition, का विजयी टोलीहरूलाई प्रमुख अतिथिले ट्रफी, मेडल, प्रमाण पत्र तथा नगद पुरस्कार वितरण गर्नुभयो।

# सहकारी संस्था नयाँ पुस्तालाई सुसंस्कृत बनाउने तर्फ लाग्नु जरुरी




स्थानीय जनतालाई सदस्य बनाउने, कृषि र साना तथा घरेलु उद्योगलाई जोड दिने सहकारी संस्थाको प्रमुख सिद्धान्त २०८१ पुस १, सोमबार नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालले भक्तपुर महोत्सव २०८१ को अवसरमा भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'सहकारी आवाज' बुलेटिन आज एक कार्यक्रमबीच विमोचन गर्नुभएको छ। सहकारी गतिविधि सम्बन्धी प्रदर्शनी स्थल गोल्मढीमा आयोजित उक्त कार्यक्रममा बुलेटिन बिमोचन गर्दै सांसद सुवालले स्थानीय जनतालाई सदस्य बनाउने, कृषि र साना तथा घरेलु उद्योगलाई जोड दिने सहकारी संस्थाको प्रमुख सिद्धान्त भएको बताउनुभयो।

सहकारी संस्था नयाँ पुस्तालाई सभ्य र सुसंस्कृत बनाउने तर्फ लाग्नुपर्ने भन्दै उहाँले सहकारी संस्थाहरू आर्थिक कारोबारमा मात्र सीमित नभई सदस्यहरूको सांस्कृतिक स्तर उठाउने तर्फ पनि ध्यान दिनुपर्ने बताउनुभयो। छिमेकी देश भारतले नेपालको सीमाना, नदीनाला र जलस्रोत र देशको राजनीतिमा हस्तक्षेप गरिरहेको बताउँदै उहाँले देशको अर्थतन्त्र कमजोर भएपछि सरकार पनि कमजोर हुने हुँदा सहकारी संस्थाहरू मार्फत देशको आर्थिक गतिविधिलाई चलायमान र सुदृढ पार्नेतर्फ सहकारी संस्थाहरू क्रियाशील हुनु जरुरी रहेको बताउनुभयो। सहकारी संस्थाहरूले सामाजिक सेवामा पनि बजेट विनियोजन गर्दै सदस्यका छोराछोरीहरूलाई सीप युक्त तालिम, भाषाका तालिमहरू दिएर सुसंस्कृत बनाउनु उपयुक्त हुने धारणा सांसद सुवालले व्यक्त गर्नुभयो।

कार्यक्रमका सभापतिएवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाद्वारा प्रकाशित सहकारी सम्बन्धी बुलेटिनमा संग्रहित लेखहरूको अध्ययनबाट सहकारी संस्थामा काम गर्ने सञ्चालक र कर्मचारीहरूलाई सहकारीको सिद्धान्त र नीतिबारे स्पष्ट हुने र सहकारी सही दिशामा अघि बढ्न मार्गनिर्देश गर्ने बताउनुभयो। भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका सदस्य हरिप्रसाद बासुकलाले पाँचदिने महोत्सवभव्य र सफल रूपमा सञ्चालन भइरहेको बताउँदै महोत्सवकै अवसरमा भक्तपुर नपाले सहकारी गतिविधिहरू प्रदर्शनमाराखिएको बताउनुभयो। उक्तकार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले सहकारी गतिविधिलाई उजागर गर्न भक्तपुर महोत्सवको अंगको रूपमा सहकारी गतिविधि प्रदर्शनी स्थलको व्यवस्था गरेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवाद ज्ञापन मन्तव्य राख्नु भएको थियो भने भक्तपुर जिल्ला बचत संघका अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारी मूल्य र सिद्धान्तबारे सहकारीकर्मी र सदस्यहरू सुसूचित हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा सहकारी समितिका सदस्यद्वय जितेन्द्र मुनंकर्मी र कार्यपालिका सदस्य रञ्जना त्वातीले पनि बोल्नुभएको थियो भने विभिन्न विद्यालयका विद्यार्थीहरूले सांस्कृतिक नाचहरू प्रस्तुत गरेका थिए।





मन्तव्य

# 'कला-संस्कृति तथा सम्पदाहरू संरक्षण र प्रवर्द्धन गर्ने कामलाई नयाँ पुस्ताले आफ्नो कर्तव्य ठान्दै छ'

– नारायणमान बिजुक्छेँ (रोहित)




नेपाल पूर्वको एक प्राचीन देश हो। आजसम्म नेपाल र नेपाली जनताले देशका विभिन्न भाषा, कला, संस्कृति, साहित्य तथा आफ्नोपनलाई जोगाएका छन् र संवर्द्धन गर्ने काममा निरन्तरता दिँदै छन्। यस पुनित कार्यमा भक्तपुर नगर र जिल्लाका जनता निरन्तर सहभागी भइरहेका छन्। भक्तपुरका जनताले आफ्नो मूर्त तथा अमूर्त कला-संस्कृति, भाषा र साहित्यलाई पनि जीवन्तता प्रदान गर्दै छन्।

हरेक भाषा, संस्कृति, भेषभूषा एवं खानपान तथा वास्तुकलामा समेत तत् ठाउँको भूगोल र सभ्यताको छाप पाइन्छ। भक्तपुरको वर्तमान कला-संस्कृति तथा सम्पदाहरू संरक्षण र प्रवर्द्धन गर्ने कामलाई नयाँ पुस्ताले आफ्नो कर्तव्य ठान्दै छ। यसकारण, कला र संस्कृतिको मर्मत, सम्भार, पुनःनिर्माण र प्रवर्द्धन कार्यमा भक्तपुर नगरका जनता श्रमदान र आ–आफ्नो गच्छेअनुसार चन्दासमेत प्रदान गरी दिनरात सक्रिय छन्। यी कार्य गर्ने प्रेरणाको स्रोत ऐन–कानुन, नाफा र लोभलालच होइन बरु 'देश र जनताको निःस्वार्थरूपले सेवा गर्ने' कर्तव्यबाट घच्घच्याइएको मानवीय भावना हो।

सिद्धान्ततः स्थानीय पालिकाहरू प्रजातन्त्रका आधार हुन्। स्थानीय पालिकाका जनता र जनप्रतिनिधिहरू 'देश र जनताको निःस्वार्थरूपले सेवा गर्ने' भावनाबाट प्रेरित नभएका गाउँ, नगर, जिल्ला, प्रदेश र केन्द्रका अनेक निकाय, कार्यालय, विभाग र मन्त्रालयहरूमा भ्रष्टाचार, अनियमितता र अख्तियार दुरूपयोगका अनेक कानुनी र नैतिक प्रश्नहरू उठ्दै छन्। नेपाली जनताका आफ्ना अनुभवहरूले नै बताउँछन्– राजनैतिक दल र नेताहरूजस्तै शिक्षालय र शिक्षकहरू जहिलेसम्म सङ्कीर्ण स्वार्थहरूबाट निर्लिप्त हुँदैनन्, तबसम्म देश र जनताको इच्छा र आकाङ्क्षालाई मूर्तरूप दिन सक्ने छैनन्।

देशका केही अर्थशास्त्रीहरूले अरुसँग मागेर देश विकास गर्ने कल्पना गर्छन् तर सो नीति २०–२५ वर्ष पहिले नै नेपालमा असफल भइसकेको हो। मित्र राष्ट्रहरूले नेपाल र नेपाली जनतालाई प्रदान गरेका दर्जनौँ आधुनिक कल–कारखाना, उद्योग र सेवाका साधन एक एक गरेर बेच्दै र दुरूपयोग गर्दै निजीकरण गर्दा नेपाली जनतालाई पछुताउनुपर्ने स्थितिमा पुऱ्याएको ताजा उदाहरण हामीसँगै छ।
गाउँ, नगर, जिल्ला, प्रदेश र केन्द्रले समेत नेपाल र नेपाली जनतालाई आफ्नो देशलाई आत्मनिर्भर बनाउने भावनाबाट प्रेरित नगरी विदेशीको भर र भनाइमा काम गऱ्यौँ भने ८० लाख युवाहरू मात्रै विदेसिनुपर्ने होइन बरु योभन्दा अझ बढी दुर्दशा भोग्नुपर्ने अवस्था आउने सम्भावना छ।

नगरपालिकालाई विकास भई नसकेको राणाकालको सेरोफेरोको पालिकाहरूसँग दाज्नु अत्यन्त अनुदारवादी विचार देखिने छ। साथै 'नगर राज्य' बारे विश्वविद्यालय र महाविद्यालयहरूको विकास स्वयं खुला पुस्तककै विषय हो। यसकारण, भक्तपुरका जनता ख्वप विश्वविद्यालयको माग गर्दै आएको लामो समय भयो। यसबारे बुद्धिजीवीहरूबिच छलफल चलाउनु जरुरी छ।

मानव सभ्यताको अध्ययनको निम्ति विश्वविद्यालयका प्राध्यापकहरू म्युजियम वा सङ्ग्रहालयमा कक्षा सञ्चालन गर्छन्। जीवशास्त्रको अध्ययनको निम्ति चिडियाघर वा जू पुग्छन्। चित्रकला, वास्तुकला र संस्कृतिको अध्ययनको निम्ति 'सांस्कृतिक नगर' मा अध्ययन भ्रमण गर्ने गर्दछन्। तारा मण्डल, ग्रह र आकाशगङ्गाको अध्ययनको निम्ति हरेक नगरमा प्लानेटोरियम वा नक्षत्र अध्ययनशालाको निर्माण आवश्यक हुन्छ।

२०४८ सालदेखि नै संसद्मा भक्तपुरलाई 'सांस्कृतिक नगर' घोषणा गर्ने र सम्भव भएका नगरहरूमा प्लानेटोरियम वा नक्षत्र अध्ययनशाला बनाउनु पर्नेबारे चर्चा चलेको थियो। 'सांस्कृतिक नगर' घोषणा नगरेसम्म भवन निर्माणमा सबै नगरमा लागु हुने ऐन–कानुनबाहेक निश्चित शैली र मापदण्ड

लागु गर्न जनतालाई शिक्षित गर्नुपर्ने हुन्छ । छलफल र अनुभवको कमीको कारण यसबारे देशले आवश्यक ऐन कानुनको तर्जुमा गर्न पछि परेको अनुमान हुन्छ ।

स्थानीय तहका विकास निर्माण कार्यहरूमा ठेक्का दिँदा ठेकेदारहरू स्थानीय कला-संस्कृति एवं प्राचीन (ऐतिहासिक) सम्पदाबारे ज्ञान नहुने र नाफालाई नै केन्द्र बनाई ठेक्का दिँदा भक्तपुर, अन्य नगर र जिल्लाका कला र सम्पदाहरू अङ्गभङ्ग हुने र म्हासिने सम्भावना धेरै छन् । त्यसका उदाहरणहरूमध्ये एक यहीँ पशुपति महादेव मन्दिर पनि हो । यसकारण, यसबारे सरकारका सम्बन्धित निकायको ध्यान जानु आवश्यक छ ।

अन्तमा, भक्तपुर नगरपालिकाका मेयर, जनप्रतिनिधि साथीहरू, कर्मचारी र सहयोगी सम्पूर्ण साथीहरूलाई पाँचदिने भक्तपुर महोत्सवको आयोजना गरी विदेशी मित्र, देशका विभिन्न सङ्घ संस्थाका साथीहरूलाई समेत भक्तपुर नगरको कला, संस्कृति र सम्पदाहरूको संरक्षण र संवर्द्धन गर्दै गरेका धरोहरहरूको अध्ययन भ्रमणको अवसर दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । आशा एवं विश्वास छ- भक्तपुर नगरपालिकाले जनतासँग एकाकार भई अझ आफ्नो सेवा, कर्तव्य एवं विकास निर्माण कार्यमा नयाँ नयाँ उपलब्धिहरू प्राप्त गर्ने कार्यमा सफलता प्राप्त गर्नेछ ।

भक्तपुर नगरपालिकाको 'सांस्कृतिक महोत्सव' को सिलसिलामा देश र विदेशका धेरै मित्र र साथीहरूसँग भेटघाट गर्ने अवसर दिनुभएकोमा भक्तपुर नगरका मेयर, जनप्रतिनिधि साथीहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा भएको भक्तपुर महोत्सवको उद्घाटन समारोहमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले मङ्सिर २८ गते व्यक्त गर्नुभएको मन्तव्यको सार-सं.)*

## यता-उताबाट

**Family Relations**

Mother + Father - Parents
Husband + Wife -Spouse
Daughter + Son - Children
Brother + Sister- Siblings
Nephew + Niece - Niblings
Aunt + Uncle - Piblings
Grandmother + Grandfather - Grandparents

# 'भक्तपुर महोत्सव एक खुला विश्वविद्यालयको रूपमा रहनेछ'

– प्रमुख सुनिल प्रजापति




सांस्कृतिक नगर, नाचगानको राजधानी, जीवित सङ्ग्रहालयको रूपमा परिचित भक्तपुरमा आजबाट पुस २ गते (पाँच दिन) सम्म भक्तपुर महोत्सव हुँदै छ । महोत्सवलाई भव्यरूपमा सफल पार्न कार्यक्रममा सहभागी हुनुभएका सम्पूर्ण भक्तपुरवासी तथा स्वदेशी र विदेशी मित्रहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछौँ ।

भक्तपुर कला र संस्कृतिको केन्द्रको रूपमा विकास हुँदै छ । यहाँ लिच्छविकालीन र मल्लकालीन असङ्ख्य मूर्त तथा अमूर्त सम्पदाहरू जीवन्त देख्न पाइन्छ । दरबार क्षेत्रमा अवस्थित ५५ झ्याल दरबार र सुनढोका, टौमढीस्थित ३२० वर्षभन्दा पहिले निर्मित ङातापोल्हँ (पाँचतले मन्दिर) र भैरवनाथको मन्दिर तथा दतात्रयमा रहेको दत्तात्रय मन्दिर काष्ठकला, धातु कला र प्रस्तर कलाका अनुपम उदाहरणहरू हुन् । टोल-टोलमा रहेका दाफा भजन, परम्परागत नाचगानहरूले भक्तपुरलाई सांस्कृतिकरूपमा अति सम्पन्न बनाएका छन् । भक्तपुरमा रहेका यी नै सम्पदाहरूको उच्च मूल्याङ्कन गरी सन् १९७९ मा युनेस्कोले दरबार क्षेत्र र टौमढी क्षेत्रलाई विश्व सम्पदामा सूचिकृत गरेको थियो भने बजार क्षेत्रलाई सम्पदामा राखिएको थियो ।

भक्तपुरको मौलिकतालाई जोगाइराख्न भक्तपुर नगरपालिकाले प्राचीन सहरभित्र परम्परागत शैलीमा घर बनाउनेहरूलाई अनुदानको व्यवस्था, परम्परागत घर निर्माण गर्ने डकर्मी र सिकर्मीहरूको तालिम तथा सम्पदाको महत्त्वबारे नयाँ पुस्तालाई प्रशिक्षित गर्न स्थानीय पाठ्क्रमको व्यवस्था गर्दै आएको छ । हाम्रो भाषा र संस्कृति नै हाम्रो पहिचान हो । भाषा र संस्कृति नरहे हाम्रो पहिचान गुम्न सक्छ ।

यसबारे नगरपालिका अत्यन्त सचेत छ। सम्पदाहरूको मौलिकतालाई बचाइराख्नु हामी भक्तपुरवासीहरू सबैको साझा कर्तव्य र जिम्मेवारी हो।

२०७२ को भूकम्पले भक्तपुरका हजारौँ घरका साथै सयौँ सम्पदाहरूमा क्षति पुऱ्यायो। हाम्रा पुर्खाहरूले निर्माण गर्नुभएका ती क्षतिग्रस्त अधिकांश सम्पदाहरू विदेशीको कुनै सहयोग नलिई पुरानै शैलीमा पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गरिसकेका छौँ। अझै थंथु दरबार, इखालाछी मठजस्ता केही महत्त्वपूर्ण सम्पदाहरू निर्माणाधीन अवस्थामा छन्। सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार कार्यमा स्थानीय स्रोत, साधन र प्रविधिको अधिकतम प्रयोग गरेका छौँ।

आर्थिक अनुशासन, पारदर्शिता र इमानदारीपूर्वक जनताको सेवा गर्ने भावनाले भक्तपुर नगरपालिकाका हामी जनप्रतिनिधिहरू क्रियाशील छौँ। शिक्षा, स्वास्थ्य उपचार, सरसफाइ, सम्पदा पुनःनिर्माण र जीर्णोद्धार तथा विकास निर्माणका कार्यहरूसमेत जनतामा केन्द्रित गरेर गर्दै आएका छौँ। इमानदार राजनैतिक नेतृत्व, जनप्रतिनिधि, स्थानीय जनता र कर्मचारीहरूको मजबुत एकता भए भन्ने छिटो परिवर्तन सम्भव छ भन्ने भक्तपुर एक उदाहरण हुनसक्छ।

भक्तपुरलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नेतर्फ हाम्रो ध्यानकेन्द्रित छ। अहिले बर्सेनि लाखौँको सङ्ख्यामा विदेशी पर्यटकहरू भक्तपुर आउने गरेका छन् भने आन्तरिक पर्यटकहरू पनि दिनानुदिन वृद्धि भइरहेका छन्। नेपाल आउने विदेशी पर्यटकहरूमध्ये करिब २५ प्रतिशतले भक्तपुर भ्रमण गर्ने गरेको तथ्याङ्क छ। भक्तपुर महोत्सव स्वदेशी र विदेशी पर्यटकहरूको प्रवर्द्धन गर्ने महत्त्वपूर्ण आधार बन्ने हाम्रो अपेक्षा हो।

भक्तपुर महोत्सवकै क्रममा खुला बाँसुरी बाजा प्रतियोगिता पनि हुनेछ। देशका विभिन्न जिल्लाका ४७ वटा बाँसुरी बाजा समूहले भाग लिएको उक्त प्रतियोगिता महोत्सवको एक महत्त्वपूर्ण आकर्षण हुनेछ।

भक्तपुर नगरपालिकाले यस महोत्सवमा नगरका १० वटै वडा समेटिने गरी ३२ ठाउँमा महत्त्वपूर्ण गतिविधिहरू गर्ने स्थल तोकेको छ। टोल टोलमा भजन गायन, हलिमली प्रदर्शनी, परम्परागत जात्रा, भेषभूषा र खेलकुद प्रदर्शनी हुनेछ भने भक्तपुरका मौलिक उत्पादन जुजु धौ, ताइचिन चिउरा, भादगाउँले टोपी, हाकुपटासी, परम्परागत खाना, पुस्तक प्रदर्शनी, बालमैत्री प्रदर्शनीजस्ता गतिविधिहरू पनि हुनेछन्। नेवार समुदायको संस्कार र चाल चलन, कला प्रदर्शनी, चित्रकला प्रदर्शनी पनि हुनेछन् भने ठाउँ ठाउँमा दीपत्तर प्रदर्शनी, परम्परागत चिउरा कुट्ने, कपडा बुन्ने प्रदर्शन, माटाका भाँडा बनाउने प्रदर्शनी, पुस्तक प्रदर्शनी, सहकारी उत्पादनका प्रदर्शनीका साथै ठाउँ ठाउँमा नाचगान भइरहने छन्। भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ र ख्वप कलेजहरूलगायतका शैक्षिक संस्थाहरूमा शैक्षिक प्रदर्शनी हुनेछ। यस अवधिमा पूरै नगर महोत्सवमय हुनेछ। महोत्सव अवलोकन गर्नेहरूले भक्तपुरको मौलिकता प्रस्टैसँग देख्न पाउने छन्।

विद्यार्थी, शिक्षक, प्राध्यापक तथा सर्वसाधारण जनताको लागि समेत भक्तपुर महोत्सव सिक्ने ठाउँ हुनेछ। साँचो अर्थमा भक्तपुर महोत्सव अवधिभर भक्तपुर एक खुला विश्वविद्यालयको रूपमा रहने हाम्रो विश्वास छ।

भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको भक्तपुर महोत्सव भक्तपुरका जनताको साझा महोत्सव हो। यसलाई सफल पार्नु पनि हामी सबैको साझा कर्तव्य र जिम्मेवारी हो। आत्मनिर्भरतालाई जोड दिँदै काम गरिरहेको भक्तपुर नगरपालिकालाई अगाडि बढ्न निरन्तर साथ र सहयोग गर्ने यहाँका हजारौँ सहयोगी हातहरू नै हाम्रो काम गर्ने ऊर्जाका स्रोतहरू हुन्।

एक घर एक स्नातक घोषणा गरेर भक्तपुरको शैक्षिक परिवर्तनमा महत्त्वपूर्ण योगदान गर्नुहुने र सय वर्षपछिको पुस्तक लेखेर भक्तपुरको भविष्यको रूपरेखा कोर्नुहुने तथा निरन्तर भक्तपुरको विकासको निम्ति सल्लाह र सुझावहरू दिएर हामीलाई सधैँ निःस्वार्थरूपले जनताको सेवा गर्न उत्साह दिइरहनुहुने नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) प्रति भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ।

भक्तपुरको गौरव बढाउने कार्यमा सधैँ साथ र सहयोग गर्ने भक्तपुरका इमानदार श्रमजीवी जनताप्रति हार्दिक आभार व्यक्त गर्दछौँ। भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, सफा नगर, सम्पदा संरक्षित नगर बनाउन निरन्तर प्रयास गर्ने यहाँका अग्रजहरूप्रति पनि उच्च सम्मान व्यक्त गर्दछौँ। पाँच दिनसम्म चल्ने भक्तपुर महोत्सव अवलोकन गरेर हाम्रा कमी कमजोरीलाई रचनात्मक आलोचना गरी सहयोग गर्नुहुन पनि सम्पूर्णमा हार्दिक आग्रह पनि गर्दछौँ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा भएको पाँचदिने भक्तपुर महोत्सवको उद्घाटन समारोहमा नगर प्रमुख सुनिल प्रजापतिद्वारा शुक्रबार व्यक्त मन्तव्य)*

# कला-संस्कृति भक्तपुरको परिचयमात्र होइन प्राण नै हो

– प्रदेशसभा सदस्य, सुरेन्द्रराज गोसाईं



भक्तपुर महोत्सवको सबैमा हार्दिक शुभकामना ! भक्तपुर नगरपालिकाप्रति हार्दिक आभार । यस महोत्सवको भव्य सफलताको कामना गर्दछु । पाँच दिनसम्म चल्ने यो महोत्सव सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिकलगायतका क्षेत्रको थप प्रगतिका निम्ति राम्रो सुरुआत साबित होस् । राम्रो सुरुआत राम्रो यात्रा आरम्भका निम्ति र गन्तव्य चुम्नका निम्ति अत्यन्त महत्त्वपूर्ण हुने गर्दछ । राम्रो सुरुआत सम्भावनाका नयाँनयाँ ढोका खोल्नका निम्ति अपरिहार्य हुन्छ । जीवनका विविध क्षेत्रमा सकारात्मक परिवर्तनका निम्ति निरन्तर चालिएका पाइलाहरूमध्ये यो महोत्सव एउटा दरिलो पाइला साबित होस्, शुभकामना !

भक्तपुर विभिन्न क्षेत्रमा पायोनियर अर्थात् अग्रदूत बनेको चर्चा धेरैबाट सुनिन्छ । मौलिक शैलीको महोत्सव आयोजनामा पनि भक्तपुरको अगुवाइको सराहना सुनिने र अनुकरण गर्न लायक बन्ने विश्वास व्यक्त गर्दछु । भक्तपुरले देशका निम्ति अनेक सुन्दर उदाहरण तथा उपहारहरू दियो । यो महोत्सव अर्को एउटा मोडल या उल्लेख्य उदाहरण बनोस् ।

भक्तपुर चाडपर्व नै चाडपर्वको सहर हो । कला–संस्कृति भक्तपुरको परिचयमात्र होइन प्राण हो । भक्तपुरका जनताका निम्ति यो महोत्सव एउटा अर्को रचनात्मक एवम् उदाहरणीय चाड सिद्ध होस् । प्राचीनताको सौन्दर्यसहितको आधुनिक जीवनको पर्व बनोस् । यो महोत्सव हरेक पाहुनाका निम्ति र सबैका निम्ति अविस्मरणीय बनोस् । पुरानो युगले नयाँ युगको सेवा गर्ने उद्देश्य हासिल गर्न व्यावहारिक पाइला निरन्तर चाल्दै जान सकौँ, शुभकामना छ ।

भक्तपुर कलाकार, कलाप्रेमी तथा सम्पदाप्रेमीहरूको सहर हो । यहाँका कृषक, सिंकःमी, ल्वहँकःमी, डकर्मी, चित्रकार, प्रजापतिलगायत सम्पूर्ण श्रमशीलहरूको अभिनन्दन समारोह सिद्ध होस्, यो महोत्सव । श्रमवीरहरूको सम्मान निरन्तर चलिरहोस् । नयाँनयाँ श्रमवीरहरू समाजमा जन्माउने अभियान चालु होस् । श्रम–पसिनाले नै नयाँ समाज निर्माण सम्भव हुने भावना जगाउँदै जान सकियोस् । हरेक सम्पदाको जगमा असङ्ख्य ज्यामी, कालिगडहरूको हाडखोर, रक्तपसिना लुकेको हुने वास्तविक इतिहास नयाँ पुस्तालाई पढाउँदै जान सकियोस् । शुभकामना छ ।

भक्तपुर संसारकै एउटा जीवन्त सहरको रूपमा सुपरिचत भइसकेको छ । यो जीवन्त सहरमा जीवन र जीवन्तता थप्न हाम्रा पूर्खाले अनेक प्रयास तथा सङ्घर्ष गरे । हाम्रा अग्रजहरूले त्याग–तपस्या गर्नुभयो । भक्तपुरलाई भक्तपुर नै कायम राख्न र यो भक्तपुरलाई भक्तपुरकै रूपमा सदियौँसम्मका पुस्तालाई हस्तान्तरण गर्न आज पनि सत्प्रयास जारी छ । भक्तपुरले देशकै शान बढाउन योगदान गर्दै छ । भक्तपुरले विश्वकै सम्पत्ति जोगाएर, चम्काएर ठूलो गुण लगाउँदै छ । फलस्वरूप, आज भक्तपुरको गरिमा निकै टाढा टाढासम्म फैलिँदै छ । भक्तपुरप्रतिको आस्था र विश्वास बढ्दो छ । धेरै–धेरैले यसको बढ्दो ओज–तेज अनुभव गर्दै छन् । यो आत्मश्लाघा होइन, यो आत्मगौरव भने जरुर हो ।

सांस्कृतिक–पुरातात्विक आँखाले हेर्दा मात्र होइन राजनीतिक कोणबाट नियाल्दासमेत आज भक्तपुरले बेग्लै प्रतिष्ठा प्राप्त गरेको धेरैले अनुभव गर्दै छन् । अत्यन्त कठिन एवम् असम्भव ठानिएका कतिपय कार्य यहाँ इमानदार नेतृत्व, जनपरिचालन तथा जनसमर्थनमार्फत सम्पन्न भइरहेको देख्दा आश्चर्य मान्नेहरू पनि नभएका होइनन् । भक्तपुरले इज्जत र विश्वास एकसाथ कमाएकोमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विशिष्ट पाहुनाहरू, संवेदनशील पर्यवेक्षकहरू गौरबीवोध गर्दै छन् ।

जन्मदेखि मृत्युसम्म मानिसका अनिवार्य आवश्यकता क्रमशः परिपूर्ति गर्ने उद्देश्यका साथ जनतासँगै कदममा कदम मिलाउँदै भक्तपुर अगाडि बढिरहेको देख्दा एक प्रसिद्ध भारतीय विद्वान् लेखकले हर्षआँसु बगाउनुभयो र आफू सारा उपलब्धि हासिल गरेर पनि ती सबै गुमाउनु पर्दाको पीडा सँगालेको एक राजनीतिक व्यक्तित्वसमेत भएको नाताले निःस्वार्थ सेवाभाव, इमानदारी र प्रतिबद्धताको अपरिहार्यताबारे सदा स्पष्ट रहन आत्मीय सुझाव दिनुभयो ।

हालै एक चिनियाँ विशिष्ट अतिथिले भक्तपुर घुमिसकेपछि मनको कुरा खोल्नुभयो, असल नेतृत्वले असल

समाज र सुन्दर सम्पदा निर्माण एवम् संरक्षण गर्छ जुन भक्तपुरमा आफ्नै आँखाले प्रत्यक्ष अनुभव गर्न पाएँ। जनताको मुहारमा मुस्कान ल्याउनु सजिलो कार्य होइन भन्ने आफूले अनुभव गरेरै बुझेको हुँ। भक्तपुर र यहाँका जनताले मनमा गहिरो छाप छोडेकोमा खुसी छु।

एक क्युवाली कूटनीतिज्ञले यी सबै धरोहरहरू जोगाउन आजको विषम् परिस्थितिमा कति लामो सङ्घर्ष आवश्यक भयो होला भनी एक आर्थिक युद्ध सामना गर्दै गरेको देशको प्रतिनिधिको नाताले अनुभूत गर्न सकिने बताउनुभयो।

पान्डोराको बाकस खोल्दा अन्तिममा बाँकी भएको विश्वास आजको नेपालको सन्दर्भमा भक्तपुर हो र यसले चारैतिर आशाको आभा फैलाइरहेको छ भन्दै एक नेपाली कवि एवम् प्राज्ञले मुक्तकण्ठले प्रशन्नता अभिव्यक्त गरे। यी भर्खर भर्खरैका अभिव्यक्तिबाट आत्मवञ्चना होइन हामी सबैलाई अभिप्रेरणा मिल्नेछ।

नेपालभाषामा एउटा ऐतिहासिक, मार्मिक तथा विरहले भरिएको गीत छ, अन्तिम मल्ल राजा रणजीत मल्लले लेखेको– "थ्व थें जगु रस गबलेसं दइमखु, जि गना वाने। गना वाने गना च्वने। सुया भरे च्वने।''..।" यस्तो ठाउँ छोडेर कहाँ जाऊँ, कता जाऊँ र कसको भरमा बाचूँ बोलको यो गीत दाफा भजनमा अद्यापि अत्यन्त प्रचलित छ। गीतमा भनिएझैँ अहिलेको तःपुखु, नःपुखु हेर्न माछा जन्म लिए कति चञ्चल चञ्चल हुँदो हो त्यो माछा ! गीतमा झैँ अहिलेको ङातापोल्हँ हेर्न परेवा जन्म लिए, त्यो परेवाले कति स्वच्छन्दपूर्वक आकाशमा कावा खाँदो हो ! अहिलेको भैरवनाथको दर्शन पाउँदो हो त कति मन खुसी हुँदो हो ! अनि, जन्म हुँदो हो एउटा अर्को नयाँ उमङ्ग र उत्सवको गीत !

नवजीवन पाएका हाम्रा यी सम्पदा, देगः, हिटी, फल्चाले बोल्न सक्दा हुन् त सबैसबैले भन्ने थिए संसारले सुन्ने गरी, "जनता नै संस्कृतिका निर्माता हुन्। जनता नै सम्पदाका संरक्षक हुन्। जनता नै सुन्दर समाजका रचनाकार हुन्। हाम्रो अभिवादन मेहनती, इमानदार, सङ्घर्षशील जनतालाई !"

अन्त्यमा, पुनः यो भक्तपुर महोत्सव भव्यरूपमा सफल पार्न सबैमा आह्वान गर्छु।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा वागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले मङ्सिर २८ गते भक्तपुर महोत्सवको उद्घाटन समारोहमा व्यक्त गर्नुभएको विचार)*

# सम्पदा पुनर्निर्माण र सभ्यता पुनर्जागरणको अनुपम उदाहरण

*– प्रदेशसभा सदस्य, सृजना सैंजू*



भक्तपुर महोत्सव २०८१ भव्य सफलताको शुभकामना ! भक्तपुर सभ्यताको सहर, प्राचीन कला, संस्कृतिको धरोहर !

परम्परागत शिल्प र शिल्पकर्मीहरूको नगर, इतिहास जीवन्त बाँचेको सहर।

यो सहर आज देशविदेशका पाहुना आमन्त्रण गर्दै उत्सव मनाउँदै छ। सहरको प्राचीनतालाई आधुनिक जीवनसँग जोड्ने आधार निर्माण गर्दै छ। मूर्त एवम् अमूर्त सम्पदालाई पर्यटन अर्थसँग जोड्ने बलियो आधारको तयारी गर्दै छ। यो क्रमशः उज्यालोतर्फ लम्कँदै छ।

पर्यटन अर्थतन्त्रको एउटा हिस्सा हो। भक्तपुरको हकमा पुरानो र नयाँबिच सन्तुलनको बाटो पर्यटन उद्योग हुनसक्दछ, स्थानीय एवम् मौलिक उत्पादनको उद्योग। हामीलाई थाहा छ, उत्पादनसँग नजोडिएको पर्यटन दिगो हुनसक्दैन। यो महोत्सवले विशिष्ट स्थानीय उत्पादन, स–साना उद्योगको आधार तयार गरोस्। शुभेच्छा छ।

कला, संस्कृति सम्पदासँगै यहाँ पर्यटनका थुप्रै आयाम छन्। भक्तपुरको राजनीतिक इतिहास, किसान आन्दोलन, सरसफाइ अभियान, भ्रष्टाचारविरोधी आन्दोलन, शैक्षिक आन्दोलन लगायतका पक्ष अध्ययन भ्रमणको सम्भावना विराट छ। भक्तपुर एकै रातमा बनेको सहर होइन। यहाँका दक्ष शिल्पकर्मी, मेहनती कालिगड, किसान–मजदुर एवम् कामगरी खाने जनताले नै वैभवशाली भक्तपुरको निर्माण गरेका हुन्, पुनर्निर्माण गरेका हुन्। महोत्सव तिनै शिल्पकर्मी र किसान मजदुरको जीवनसँग जोड्ने व्यावहारिक पाइला साबित हुने विश्वास छ। जनताको जीवनस्तर उठाउने एउटा अर्को पाइला बनोस् भक्तपुर महोत्सव। शुभकामना छ।

यतिबेला विश्वमा सभ्यता पुनर्जागरणको आवाज सशक्त सुनिन्छ। मानव समाज विकासको इतिहास उत्खनन तीव्र अघि बढ्दैछ। छिमेकी देश चीनले ५ हजारदेखि ८ हजार ५ सयभन्दा पुराना सहर र सभ्यताका आधार फेला पारेको खबर छ। हामीजस्ता सम्पदाप्रेमीहरूका निम्ति त्यो सुखद् खबर हो।

सम्पदा पुनर्निर्माण र सभ्यता पुनर्जागरणको एउटा अनुपम उदाहरण बनेको छ भक्तपुर। यद्यपि, थुप्रै चोक, गल्ली, पोखरी, मन्दिर, चैत्यलगायतका ऐतिहासिक वैभवहरू अझै उत्खनन र निर्माणको पर्खाइमा छन्। वरिष्ठ राजनीतिज्ञ एवम् नेमकिपाका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँले परिकल्पना गर्नुभएको 'सय वर्षपछिको भक्तपुर' यो सहर निर्माणको मार्गदर्शन हो। यहाँको मौलिक जीवनशैली, अनुपम सङ्गीत, सम्पदा र सुन्दरता जोगाउने दूरदर्शीता उहाँकै हो। विकास र निर्माणमा जनसहभागिता एवम् निःस्वार्थ सेवाको संस्कृतिको विकास उहाँको उद्देश्य हो। उहाँले पुरानो पुस्ता अर्थात् कलाकार, शिल्पकारहरूलाई अभिनन्दन गर्ने सभ्य–सुसंस्कृत सहर निर्माणसँगै नयाँ पुस्ताले खोजेको आधुनिक र गुणस्तरीय जीवनशैलीको पनि परिकल्पना गर्नुभएको छ। भक्तपुर महोत्सव 'सय वर्षपछिको भक्तपुर' निर्माणलाई नजिक ल्याउने एउटा माध्यम बनोस्।

भक्तपुर महोत्सवको यो ५ दिन संसारले साँचैको जीवन्त सङ्ग्रहालय भक्तपुरमा देख्न पाउनेछ। महोत्सवले नयाँ पुस्तालाई यो सहरको गरिमाबोध गराउने तथा नयाँ अवसरको ढोका खोल्ने विश्वास छ।

*(नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभा सदस्य सृजना सैँजूले मङ्सिर २८ गते भक्तपुर महोत्सवको उद्घाटन समारोहमा व्यक्त गर्नुभएको विचार)*

BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ।

# "भक्तपुर महोत्सवमा भक्तपुरका सारा जनताले मौलिकता प्रदर्शन गरेर भक्तपुरको हिजो र आजको स्वरूप प्रदर्शनी गरे"

सुनिल प्रजापति, भक्तपुर नगरपालिका



'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' नारालाई सार्थक बनाउने उद्देश्यले भक्तपुर नगरपालिकाले २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर महोत्सवको आयोजना गरेको हो। आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्ने हाम्रो अर्को उद्देश्य हो। बाह्य पर्यटनमा मात्र भर पर्न नहुने हाम्रो अनुभव छ।

२०७२ सालको भूकम्प, भारतले गरेको नाकाबन्दी, २०७६ र २०७७ सालमा विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोनाबाट हामीले पाठ सिक्यौं। २ वर्षसम्म विदेशी पर्यटकहरू नेपाल नआउँदा देशको अर्थतन्त्रमा प्रत्यक्ष असर परेको थियो भने भक्तपुर नगरपालिकाको आन्तरिक स्रोत नराम्ररी प्रभावित भयो। जनताको जीवन बचाउन जनतासँग आर्थिक सहयोग माग्नुपर्ने अवस्थासम्म सिर्जना भयो।

भक्तपुर नगरपालिकाले जनतासँग अक्सिजन प्लान्ट राख्न सहयोगको हात बढायो। सम्पूर्ण नगरबासीहरूले आ–आफ्नो गच्छेअनुसार आर्थिक सहयोग गर्नुभयो। एक डेढ महिनाभित्र साढे ६ करोड रूपैयाँ सङ्कलन भयो। आजसम्म कुनै नगरबासीले अक्सिजन र रगतको निम्ति पैसा तिर्नुपरेन। भनपाले निःशुल्क उपलब्ध गराइरहेको छ। भक्तपुरबासीहरू एकजुट छन् भन्ने त्यो एक उदाहरण थियो।

महोत्सवको अवधिमा ५ दिनसम्म हरेक दिन महत्त्वपूर्ण गतिविधिहरू गर्ने व्यवस्था मिलाएका थियौं। सोहीअनुसार पहिलो दिन मंसिर २८ गते विश्व सम्पदा सूचिमा सूचिकृत दरबार क्षेत्रमा महोत्सवको उद्घाटन, २९ गते खुल्ला बाँसुरी बाजा प्रतियोगिता उद्घाटन, मंसिर ३० गते बाँसुरी बाजाको

पुरस्कार वितरण, पुस १ गते ख्वप इन्जिनियरिङ कलेजको १६ औं वार्षिक जयन्ती, भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'सहकारी आवाज' बुलेटिन र लेखक तेजेश्वरबाबु ग्वंगद्वारा लिखित 'मै एक मै अनेक' पुस्तक विमोचन कार्यक्रम सम्पन्न गऱ्यौ भने आज अन्तिम दिन 'विगतमा भक्तपुर' विषयक अन्तरसंवाद कार्यक्रम, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको वार्षिक जयन्तीको अवसरमा पुरस्कार वितरण कार्यक्रम तथा भक्तपुर महोत्सवकै समापन कार्यक्रम गर्दैछौँ ।

भक्तपुर नपाले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि समय समयमा घरेलु उत्पादन प्रदर्शनी, योमारी उत्सव, 'बहाबही चिनौं', 'पोखरी पदयात्रा' जस्ता कार्यक्रमहरू गर्दै आएको छ। ती सबै आन्तरिक पर्यटन केन्द्रित गतिविधिहरू हुन्। भक्तपुर महोत्सव त्यसैको सिलसिला हो।

भक्तपुर महोत्सवलाई हामीले भक्तपुरबासीहरूको साझा महोत्सवको रूपमा विकास गर्न प्रयास गऱ्यौं। सारा भक्तपुरबासीहरूलाई आ–आफ्ना सीप, मौलिक विषयहरू प्रदर्शनी गर्न आह्वान गऱ्यौं। त्यहीअनुसार महोत्सव अवधिभर मंसिर २८ देखि आज पुस २ गतेसम्म नै यहाँका जनताले स्वयम्स्फूर्त रूपमा सहयोग गर्नुभयो। त्यसको निम्ति भक्तपुर नगरपालिकाको तर्फबाट सम्पूर्ण नगरबासीहरूलाई धन्यवाद ज्ञापन गर्दछौँ ।

हामीले ३२ वटा ठाउँ तोकेर प्रदर्शनीको व्यवस्था मिलाएका थियौं। अन्य ठाउँहरूमा स्वयम्स्फूर्त गतिविधि गर्न आह्वान गऱ्यौं। अहिलेसम्म प्राप्त जानकारी अनुसार १७६ ठाउँमा विभिन्न गतिविधिहरू नगरबासीहरूले प्रदर्शन गर्नुभयो। त्यसको लागि पनि धन्यवाद व्यक्त गर्दछौं। भक्तपुर महोत्सवमा नेपालमा पहिलोपटक सिटिङ भलिबल खेल्ने रेकर्ड राख्न पनि सफल भयौँ ।

महोत्सव भक्तपुर के हो भन्ने देखाउने अवधि रहनेछ भनेर हामीले भनेका थियौं। साँच्चै भक्तपुरका सारा जनताले मौलिकता प्रदर्शन गरेर भक्तपुरको हिजो र आजको स्वरूप देखाउनुभयो। महोत्सव अवलोकन गर्नेहरुले भक्तपुरको वास्तविकता देख्ने र बुझ्ने अवसर पाएका छन्।

महोत्सवमा चीन, रुस, श्रीलंका, पाकिस्तानलगायतका मित्रराष्ट्रहरूका कुटनीतिज्ञहरूले पनि अवलोकन गर्नुभयो भने नेपालका विभिन्न नगरपालिकाका प्रमुखहरू काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह, ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन, मध्यपुर नपाका प्रमुख सुरेन्द्र श्रेष्ठ, चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटा, किर्तिपुर नपाका प्रमुख कृष्णमान डंगोल, शंखरापुर नपाका पूर्व प्रमुख सुवर्ण श्रेष्ठ, किर्तिपुर नपाका पूर्व प्रमुख रमेश महर्जन, काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोल, ललितपुर महानगरपालिकाका उपप्रमुख मन्जली शाक्य, किर्तिपुर नपाका उपप्रमुख शुभलक्ष्मी शाक्य, नागार्जुन नपाका उपप्रमुख सुशिला अधिकारी, चन्द्रागिरी नपाका उपप्रमुख वसन्ती श्रेष्ठ, गोदावरी नपाका उपप्रमुख सुनिता महर्जन, शंखरापुर नपाका उपप्रमुख समिता श्रेष्ठ, दक्षिणकाली नपाका उपप्रमुख वसन्ती डंगोल, महांकाल गाउँपालिकाका उपाध्यक्ष डोमामाया गोले लगायत विभिन्न पालिकाका जनप्रतिनिधिहरूले अवलोकन गर्नुभयो। यहाँका जनताले गर्नुभएको मिहिनेत, परिश्रम र सृजना सारा जनताले देख्न पाएका छन्।

भक्तपुर महोत्सव – २०८१ को अवसरमा आयोजना गरेको खुल्ला बाँसुरी बाजा प्रतियोगितामा भाग लिनुभएका सम्पूर्ण बाँसुरी बाजा समूहहरूलाई धन्यवाद तथा विजयी बाँसुरी बाजा समूहहरूलाई बधाईज्ञापन गर्न चाहन्छौं। हाम्रो आग्रहअनुसार ६० वटा भजन टोलीहरूले प्रगतिशील र आधुनिक भजन गाएर महोत्सवको आकर्षण बढाइदिनुभएको छ। पाटी पाटीमा भजन गायनले हाम्रा पाटीहरूको महत्त्व बढाइदिएका छन्। महोत्सव अवधिभर पाँचै दिन लायकु, टौमढी, दत्तात्रय, क्वाठण्डौंमा सांस्कृतिक प्रदर्शन गर्ने सांस्कृतिक समूहहरू, बाजा बजाइ नगर परिक्रमा गर्ने बाजा समूहहरू, नौदाफा भजन समूहहरूलगायत महोत्सवको सांस्कृतिक कार्यक्रमहरूमा प्रत्यक्ष र परोक्ष सहयोग गर्ने सम्पूर्ण सहयोगी हातहरूलाई धन्यवादज्ञापन गर्दछौं। खः प्याखंको परम्परागत पोशाक, स्थानीय नेवार समुदायको पोशाक प्रदशनीको लागि सहयोग पुऱ्याउने सहयोगी संघ संस्थाहरूलाई र पुस्तक प्रदर्शनीमा सहयोग गर्ने प्रकाशन गृहहरूलाई धन्यवाद दिन चाहन्छौं। महोत्सवका गतिविधि सञ्चालनको लागि स्थान उपलब्ध गराउने विद्यालयहरू, स्वागतद्वार निर्माण गर्ने संघ संस्थाहरू, फोटो प्रदर्शनीमा सहयोग गर्ने संघ संस्था र फोटोग्राफरहरू, चित्रकला र पौभा कला प्रदर्शनीका सहयोगीहरू, छ्वालीकलाका कलाकारहरू, जुजु धौ महोत्सवका सहयोगी संस्था, मृत्तिकाकला प्रदर्शनीमा सहयोग पुऱ्याउने सिर्जनशील हातहरूप्रति पनि भक्तपुर नगरपालिका कृतज्ञता व्यक्त गर्न चाहन्छु।

हरेक दिन साँझ पोखरीहरूमा दिपावलीले साँझको समय पनि उत्तिकै आकर्षक बनेको छ। दिपावली व्यवस्थापनमा सहयोग गर्ने संघ संस्थाहरू, परम्परागत तोरीको तेल बनाउने प्रदर्शनीको लागि सहयोग पुऱ्याउने सहयोगीहरू, सांस्कृतिक कार्यक्रम देखाइ महोत्सवलाई भव्यता प्रदान गर्न सहयोग गर्ने विद्यालयहरू, सांस्कृतिक समूहहरू, परम्परागत धागो रंगाउने रञ्जितकार समाज, विभिन्न किसिमका इट्टा प्रदर्शनी व्यवस्था मिलाउने तुछिमला परिवारप्रति पनि हामी कृतज्ञता व्यक्त गर्न चाहन्छौँ।

विभिन्न टोलमा स्थानीय जनता र विद्यालय परिवारहरूले नेवार समुदायको जन्मदेखि मृत्युसम्मको सामाजिक संस्कार प्रस्तुत गरेर नेवारी जनजीवन बुझ्न चाहनेहरू सबैको लागि अवसर प्रदान गर्नुभएको छ। भक्तपुरको जीवित देवी कुमारी दर्शन र पञ्च दिपंकर बुद्ध दर्शन, बुद्ध अस्तु धातु दर्शन तथा बौद्ध दर्शनसँग सम्बन्धित प्रदर्शनीको व्यवस्था मिलाइदिनुभएकोमा सम्पूर्ण बहाबही, बिहार परिवार र सम्बन्धित पक्षहरूलाई धन्यवाद ज्ञापन गर्दछौं। नवदुर्गा द्यो ब्वय्केगु

व्यवस्था गरी नवदुर्गा दर्शनको व्यवस्थापन गर्ने भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समिति र नवदुर्गा गणप्रति पनि आभार व्यक्त गर्दछौं । ठाउँ–ठाउँमा मौलिक शैलीका ढोकाहरू बनाएर नगरका हरेक ठाउँ चोक चोकलाई सुन्दर बनाउनुभएको छ । विभिन्न ठाउँमा परम्परागत ढोकाहरूबाहेक महोत्सवकै लागि २० वटा ढोकाहरू बनाएर सहयोग गर्नुभएको छ ।

सहकारीका साथीहरूले ठाउँ ठाउँमा खानेपानीको व्यवस्था, स्टलहरू राखेर सहयोग गर्नुभएको छ भने भक्तपुर नगरका व्यापारी, व्यवसायी, होटल, रेष्टुरेन्टका साथीहरूले आ–आफ्ना घरका शौचालयहरू खोलेर अवलोकनकर्तालाई सेवा प्रदान गर्नुभएको छ । उहाँहरू सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

ख्वप अस्पतालको संयोजनमा ठाउँ ठाउँमा प्राथमिक उपचार केन्द्रहरू राखेर उपचारको व्यवस्था गर्नुभएको छ भने २५ वर्षपछि खः प्याखं अन्तर्गतका धुँ प्याखँ, गरुड र सिंहको प्याखं पनि प्रदर्शन गरेर सहयोग गर्नुभएको छ । ख्वप अस्पतालको संयोजनमा काम गर्ने सबै अस्पताल तथा स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरू तथा खः प्याखं परिवारलाई धन्यवाद दिन चाहन्छौं ।

नगरबासीहरूले हाम्रो आग्रहअनुसार ५ दिनसम्म प्रदर्शनीको समयमा मोटर, मोटरसाइकल प्रवेश नगरी अवलोकनकर्ताहरूलाई सहयोग गर्नुभयो । स्काउट, खेलाडी, विद्यालय, कलेज, व्यवसायी, स्वयम्सेवक टिमका सबैलाई पनि धन्यवाद ज्ञापन गर्दछौं ।

भक्तपुर महोत्सव – २०८१ को स्मारिका, प्रकाशनको लागि लेख रचना उपलब्ध गराउने लेखकहरू, विज्ञापनदाताहरू र सम्पूर्ण प्रकाशन सहयोगी व्यक्तिहरूप्रति धन्यवाद ज्ञापन गर्दछु । त्यस्तै पिक्टोरियल बुकको लागि तस्बिर उपलब्ध गराउने फोटोग्राफरहरू, वाकिङ टुर, प्रकाशनमा सहयोग गर्ने सहयोगीहरू, सहकारी आवाज बुलेटिन प्रकाशनमा सहयोग गर्ने सम्पूर्ण सहयोगीहरू, महोत्सवको दैनिक बुलेटिन प्रकाशनमा सहयोग गर्ने सहयोगीहरूलगायत प्रकाशनसँग सम्बन्धित सबै पक्षहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

भक्तपुर महोत्सवको आवश्यक प्रचारप्रसारको लागि सहकार्य गर्ने मिडिया सहयोगीहरू मजदुर दैनिक, भादगाउँ टेलिभिजन, ख्वप टेलिभिजन, ख्वप सः, भक्तपुर एफएम, जनसञ्चार टिभी, एफ.एम. वेभसाइट, एबीसीडी खबर मिडिया, ङातापोल्हँ एक्सप्रेस र नागरिक दैनिक पत्रिकालाई पनि धन्यवाद ज्ञापन गर्दछु । सञ्चारकर्मी साथीहरूले व्यापक प्रचारप्रसार गरेर सांस्कृतिक टोलीहरूले सांस्कृतिक प्रदर्शन गरेर, ख्वप कलेजले पाँचै दिन नाटक प्रदर्शन गरेर, उद्योग मेला तथा घरेलु मेलामा सबैले आफ्नो उत्पादन प्रदर्शन तथा बिक्री गरेर सहयोग गर्नुभयो । प्रचार सहयोगीको रूपमा सहयोग पुऱ्याउनुहुने छिकोङ समूह, साइकल कनेक्ट, पाटन म्युजियम, गंगालाल स्मृति प्रतिष्ठान, ख्वप भक्तपुर मिनिबस यातायात प्रा.लि., क्षेत्रीय मध्य उपत्यका बस व्यवसायी प्रा.लि., भक्तपुर ट्रक व्यवसायी संघ, प्रचार ऱ्याली गर्ने विद्यालयहरू, मिडिया प्लस, सिस्को फ्लेक्स प्रिन्ट र मयुर प्रिन्टप्रति पनि आभार व्यक्त गर्दछौं ।

भक्तपुर महोत्सवको मुख्य केन्द्रहरूमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउन सहकार्य गर्ने इन्टरनेट सेवा प्रदायक वर्ल्ड लिंक कम्पनी, महोत्सवको आधिकारिक वेभसाइट डेभलपर एफ.एन.क्लिक, गल्ली म्याप, महोत्सवको मोबाइल एप्स निर्माणमा प्राविधिक सहयोग गर्ने ख्वप कलेज अफ इन्जिनियरिङप्रति पनि आभार व्यक्त गर्दछौं । घरेलु औद्योगिक मेला सफल पार्न सहकार्य गर्ने भक्तपुर घरेलु तथा साना उद्योग संघ, व्यापार मेलाका सहयोगी संघ संस्थाहरू, स्टल, साउण्ड सिस्टम, मञ्च व्यवस्थाको लागि सहयोग गर्ने संघ, संस्थालगायत अन्य सहयोगीहरूलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

हामीलाई प्राप्त जानकारीअनुसार ५ दिनमा ६ लाखदेखि ८ लाख अवलोकनकर्ताहरूले महोत्सव अवलोकन गरे भने दैनिक करोडौं रूपैयाँ बराबरको आर्थिक कारोबार भएको छ ।

औद्योगिक मेलामा दैनिक सांगीतिक प्रदर्शनी भएको छ भने सुरक्षा निकायहरू जिल्ला प्रशासन कार्यालय, ट्राफिक कार्यालय, पर्यटक प्रहरी, जिल्ला प्रहरी कार्यालय भक्तपुरलगायतलाई अति राम्रो सुरक्षा व्यवस्था मिलाइ दिएकोमा धन्यवाद ज्ञापन गर्दछौं । सम्पूर्ण सरकारी कार्यालय प्रमुखहरूलाई पनि धन्यवाद छ ।

नगरपालिकाको आयोजनामा भएको महोत्सव सफल पार्न महोत्सव मूल समारोह समिति तथा विभिन्न उपसमितिहरूमा रहनुहुने जनप्रतिनिधि तथा सरोकारवाला व्यक्तित्वहरू र महोत्सव सचिवालयका कर्मचारीहरू, नपाका कर्मचारीहरू, नगर प्रहरीहरू, नगरपालिकाअन्तर्गत सञ्चालित कलेज र अस्पतालका कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दछौं । भक्तपुर महोत्सव सफल बनाउन सहयोग पुऱ्याउने अन्य विभिन्न दाफा भजन खलहरू, सांस्कृतिक नाच समूहहरू, स्थानीय अग्रजहरू, संघ संस्थाहरू, नेपाल टुरिजम बोर्ड तथा महोत्सवलाई भव्य रूपमा सफल पार्न प्रत्यक्ष र अप्रत्यक्ष योगदान गर्नुहुने सबैमा धन्यवाद व्यक्त गर्न चाहन्छौं ।

भक्तपुर महोत्सव २०८१ को उद्घाटन समारोहलाई सफल पार्न प्रमुख अतिथि, विशेष अतिथि र अतिथिको रूपमा पाल्नुभएका नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छें (रोहित), नेमकिपाका सचिव एवम् संघीय सांसद प्रेम सुवाल, बागमती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाई, बागमती प्रदेश सभा सदस्य सृजना सैंजु, ललितपुर महानगरपालिकाका उपप्रमुख मन्जली शाक्य, पुरातत्व विभागका महानिर्देशक शौभाग्य प्रधानाङ्ग, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालगायत सम्पूर्ण उपस्थित महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दछौं ।

*(भक्तपुर महोत्सव २०८१ को समापन कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)*

अवलोकन

# भक्तपुर महोत्सवको दोस्रो दिन अध्यक्ष बिजुक्छेंबाट प्रदर्शनी स्थल अवलोकन

भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको ५ दिने भक्तपुर महोत्सवको दोस्रो दिन नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँबाट नगरका विभिन्न प्रदर्शनीहरूको मंसिर २९ गते अवलोकन गर्नुभयो । अवलोकनको क्रममा अध्यक्ष बिजुक्छेँले थथुबहीमा तस्वीर प्रदर्शनी अवलोकन गर्नुहुँदै भक्तपुर नगरका विभिन्न ठाउँमा रहेका बहाबहीहरूको बारेमा जानकारी लिनुभयो भने भक्तपुरमा पुन:निर्माण हुन बाँकी बहाबहीहरूको अवस्थाका बारेमा पनि चासो व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो – “विहार एक किसिमको विद्यालयहो ।“




उहाँले भक्तपुर वडा नं २ न:पुखु स्थित घरेलु उत्पादन प्रदर्शनी स्थल अवलोकनमा अपाङ्गता भएका बालबालिकाले तयार पारेका सामग्री, लेजर प्रविधिबाट निर्माण गर्न सकिने मेडल निर्माण, अन्य स्थानिय उत्पादन अवलोकन गर्नुहुँदै नेपालले चिनलाई उपहारको रूपमा लप्सी पठाउने गरेको समेत बताउनुभयो ।

त्यस लगत्तै वडा नं. १ मा सिद्धपोखरी र भाज्यापोखरीमा सञ्चालन भइरहेको नौका विहार पनि अवलोकन गर्नुभयो । भ्रमणको क्रममा वडा नं ३ स्थित घरेलु उत्पादन तथा हस्तकलाको जिवन्त प्रदर्शनी अन्तर्गत काष्ठकला, परम्परागत झ्याल, ढोका तथा फर्निचरका सामानहरू अवलोकन गर्नुहुँदै विदेशी नागरिकहरूलाई नेपालमा उत्पादन हुने गरेका हस्तकलाका सामग्रीहरू मायाको चिनोको रूपमा दिंदा ऐना भित्र राखी त्यसको सौन्दर्यता कायम गर्नुपर्ने बताउनुभयो भने वंशगोपालमा मानन्धर समुदायको क्वनेया गुँला ङक धल पनि अवलोकन गर्नुभयो । त्यस्तै तपालछीमा महेन्द्र विद्याआश्रमले तयार गरेको नेवार जीवन शैली पनि अवलोकन गर्नुभयो ।



एक फरक प्रसङ्गमा अध्यक्ष बिजुक्छेँले भन्नुभयो – “स्थानीय सरकार मार्फत स्थानीय पर्यटन विकासमा जोड दिनुपर्ने र स्थानीय उत्पादनको बजारीकरण र प्रवर्द्धन गर्नुपर्ने आजको आवश्यकता हो ।” अवलोकन कै क्रममा वडा नं ४ स्थित लक्ष्मी नरसिंह मन्दिर, लैको पोखरी, वडा नं ५ योसिङ खेलमा बालमैत्री मेला अन्तर्गत विभिन्न विद्यालयले तयार गरेका शैक्षिक प्रदर्शनीहरू पनि अवलोकन गर्नुभयो ।



अवलोकनको क्रममा नेपकिपाका केन्द्रीय सचिव एंवम संघीय सांसद प्रेम सुवाल, भक्तपुर नगरपालिकाका वडाध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू, वडा सदस्यहरू, कर्मचारी लगायत अन्य महानुभावहरूको समेत उपस्थिति रहेको थियो ।

# भक्तपुर महोत्सवको तेस्रो दिन संघीय सांसद प्रेम सुवालबाट प्रदर्शनी स्थल अवलोकन

भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको ५ दिने भक्तपुर महोत्सवको तेस्रो दिन नेपाल मजदुर किसान पार्टीका सचिव एवं संघीय सांसद प्रेम सुवालबाट भक्तपुर नगरका विभिन्न प्रदर्शनीहरूको मंसिर ३० गते अवलोकन गर्नुभयो ।



अवलोकनको क्रममा सचिव सुवालले चोछैँमा योमरी स्टल, परम्परागत तरिकाले चिउरा कुट्ने र घरेलु सामग्रीहरूको अवलोकन गर्नुभयो भने भोलाछैँमा स्थानीय परम्परागत खेल कसिमला पायँ पनि अवलोकन गर्नुभयो ।

सचिव सुवालले स्टलमा सामान विक्री वितरण गर्ने सञ्चालकहरूसँग स्टलमा आन्तरिक पर्यटकको चापबारे जानकारी लिनुहुँदै नागपोखरीमा प्रभात इङ्लिस सेकेन्डरी स्कुलमा कक्षा ३ मा अध्ययनरत बाबुनानीहरूले प्रस्तुत गरेको कक्षागत सामुहिक संस्कृतिक प्रदर्शनी पनि अवलोकन गर्नुभयो । साथै उहाँले फोटो प्रदर्शनी अवलोकन गर्नुहुँदै फोटोमा तिथि मिति पनि उल्लेख गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

यसै क्रममा उहाँले भनपा ६ याछैँमा याछैँ गणेश नौ बाजा दाफा भजन, लालाछैँमा दही महोत्सव पनि अवलोकन गर्नुभयो । उहाँले वडा न ७ मा गोलमढी शिवरात्री गुठीको



गुँलाधल नौ बाजाको १५० वर्ष पुरानो ङक बाजाबारे पनि जानकारी लिनुभयो ।

झौरवहीमा बौद्ध प्रकाशन अवलोकन गर्नुहुँदै पुराना पुराना वस्तु जगेर्ना गर्नुपर्ने कुरामा विशेष जोड दिनुहुँदै उहाँले यातामा प्रगतिशील भजन र सहकारीका गतिविधिहरूबारे चासो व्यक्त गर्नुभयो ।

यसै क्रममा स्थानीय उत्पादन चाकुवास, परालबाट बनेका सामग्रीहरू, गलसी पुखुमा नेवार जीवन शैली पनि अवलोकन गर्नुभयो । योसिङ खेलमा बालमैत्री मेलामा तान्त्रिक देवीको चर्या नृत्य पनि अवलोकन गर्नुभएको थियो । एक प्रसङ्गमा सचिव सुवालले संस्कृतिको अध्ययन तथा अनुसन्धान गर्ने अवसरको रूपमा भक्तपुर महोत्सवलाई लिनुपर्ने र यस किसिमको महोत्सवले नयाँ पुस्तालाई संस्कृति संरक्षण गर्न सन्देश दिने पनि बताउनुभयो । संस्कृति मानव सभ्यताको विकास सँगै आएको चर्चा पनि उहाँले गर्नुभयो । अवलोकनको क्रममा भक्तपुर नगरपालिकाका वडाध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू, वडा सदस्यहरू, कर्मचारीलगायत अन्य महानुभावहरूको समेत उपस्थिति रहेको थियो भने सचिव सुवालले नगरवासीहरूसँग पनि भेटघाट गर्नुभएको थियो ।



# विभिन्न नपाका प्रमुख र उपप्रमुखहरुद्वारा भक्तपुर महोत्सवको अवलोकन



काठमाण्डौं महानगरपालिकाका बालेन्द्र साह, ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जन, चौतारा साँगाचोकगढी नगरपालिकाका प्रमुख कृष्णप्रसाद सापकोटा, किर्तिपुर नगरपालिकाका प्रमुख कृष्णमान डंगोल र मध्यपुर थिमी नपाका प्रमुख सुरेन्द्र श्रेष्ठ, काठमाण्डौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोल, ललितपुर महानगरपालिकाका उपप्रमुख मञ्जरी शाक्य, किर्तिपुर नपाका उपप्रमुख शुभलक्ष्मी शाक्य, नागार्जुन नपाका उपप्रमुख सुशिला अधिकारी, चन्द्रागिरी नपाका उपप्रमुख बसन्ती श्रेष्ठ, गोदावरी नपाका उपप्रमुख सुनिता महर्जन, शंखरापुर नपाका उपप्रमुख समिता श्रेष्ठ, किर्तिपुर नपाका पूर्व मेयर रमेश मर्हजन र महाँकाल गाउँपालिकाका उपाध्यक्ष डोमा माया गोलेले भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको भक्तपुर महोत्सवको अवलोकन गर्नुभयो ।

अवलोकनको क्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाको आयोजनामा भइरहेको बाँसुरी बाजा प्रतियोगितालगायत विभिन्न स्थानहरूमा भइरहेको साँस्कृतिक र परम्परागत जीवनशैलीको बारेमा बताउँदै यो महोत्सवले देश विदेशका पाहुनाहरूले भक्तपुरलाई नजिकबाट नियाल्ने अवसर प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले भक्तपुर साँस्कृतिक सम्पदाले भरिपूर्ण जीवन्तनगरी भएको हुँदाकला र संस्कृतिको जगेर्ना गर्ने महोत्सवको मुख्य उद्देश्य रहेको बताउनुभयो ।

उपप्रमुख डंगोलले भक्तपुर नगरलाई यस महोत्सवले आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्दै यहाँको कला र संस्कृतिले जो सुकैलाई पनि लोभ्याउन सफल भएको उल्लेख गर्नुभयो ।

उपप्रमुखहरूको टोलीले भक्तपुरको प्रशन्नशिल महाविहारस्थित कुमारी (जीवित देवी) प्रदर्शनी, नवदुर्गा प्रदर्शनी, ख्वप इन्जिनियरिङ कलेज, लिवालीस्थित शैक्षिक प्रदर्शनी र भक्तपुर दरबार क्षेत्र लायकुस्थित परम्परागत पोशाक प्रदर्शनी, नेवार जीवन शैलीको गतिविधि प्रदर्शनी तथा लायकुको साँस्कृतिक कार्यक्रमलगायत विभिन्न स्थानमा भएको घरेलु उत्पादन तथा हस्तकलाको जीवन्त प्रदर्शनीको अवलोकन गर्नुभएको थियो ।

अवलोकनको अन्तमा भक्तपुर नपाका उपप्रमुख जोशीले अतिथि प्रमुख र उपप्रमुखहरूलाई भक्तपुर नपाका विभिन्न प्रकाशनहरू र मायाको चिनो हस्तान्तरण गर्नु भएको थियो ।







'पुर्खाले सिर्जेको सम्पति हाम्रो कला र संस्कृति'

# भक्तपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, ब्यासी-२

## हार्दिक धन्यवाद

भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म भएको भक्तपुर महोत्सव २०८१ भव्य र सभ्य रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउनुहुने प्रमुख अतिथि, विशेष अतिथि, अतिथि गण, मित्र राष्ट्र श्रीलङ्का, पाकिस्तान, रुस र चीनका कुटनीतिज्ञहरू, सम्पूर्ण सांस्कृतिक समूह र कलाकारहरू, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ, भक्तपुर पर्यटन विकास समिति, भक्तपुर पर्यटन सद्भाव सङ्घ, भक्तपुर स्थानीय पथप्रदर्शक परिचालन समिति, सम्पूर्ण घरेलु हस्तकला र साना उद्यमीहरू, चित्रकला, पौभाकला, छ्वालीकलाका कलाकर्मीहरू, फोटोग्राफरहरू, दाफाभजन समूहहरू, नगरावादकहरू, बाद्यवादन सामग्री निर्माताहरू, रंजितकार समाज, बहाबही र जीवित देवीकुमारी व्यवस्थापकहरू, नवदुर्गा गण, प्रकाशन गृहहरू, मृत्तिका कलाका कलाकर्मीहरू, नौबाजा दाफाभजन समूहहरू, प्रकाशन गृहहरू, परम्परागत तोरीको तेल उत्पादन गर्ने उत्पादकहरू, बाद्यवादकहरू, बाँसुरी बाजाका समूहहरू, कलेज, विद्यालय र विद्यार्थीहरू, खाना महोत्सवका सहभागी सङ्घ संस्था र टोल समुदायका समूहहरू, बाल मैत्री गतिविधि प्रदर्शन गर्ने विद्यालय र सहयोगीहरू, भक्तपुर जुजु धौ व्यवसायी सङ्घ, सहकारी सङ्घ संस्थाहरू, कृषि उत्पादनका व्यवसायीहरू, व्यापार मेलामा सहभागी व्यापारी र व्यवसायीहरू, विभिन्न खेलकुद सङ्घ समितिका पदाधिकारी र खेलाडीहरू, जिल्ला प्रशासन कार्यालय, भक्तपुर लगायत जिल्लास्थित सम्पूर्ण सरकारी कार्यालयहरू, सुरक्षाकर्मीहरू, ट्राफिक प्रहरीहरू, नेपाल प्रहरीहरू, पर्यटक प्रहरीहरू, स्वयम्सेवकहरू, स्थानीय स्काउटहरू, नि:शुल्क इन्टरनेट सेवा प्रदायक संस्था वर्ल्ड लिंक प्रा.लि., नेपाल पर्यटन बोर्ड, मिडिया पार्टनरहरू, ख्वप भक्तपुर मिनिबस यातायात प्रा.लि., क्षेत्रीय मध्य उपत्यका बस व्यवसायी प्रा. लि., साइकल कनेक्ट भक्तपुर, पत्रकारहरू, लेख रचनाका लेखकहरू, विज्ञापनदाताहरू, स्थानीय महिला समूहहरू, जनप्रतिनीधिहरू, कर्मचारीहरू, नगरप्रहरीहरू, ख्वप अस्पताल र प्राथमिक उपचार केन्द्रका स्वास्थ्यकर्मीहरूलगायत सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबिहिनीहरूसहित प्रत्यक्ष र परोक्ष सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरू एवम् महोत्सवमा सहभागी हुनुभएका सम्पूर्णमा भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।
















**धन्यवाद ज्ञापन**

## भक्तपुर महोत्सव : भक्तपुरबासीहरूको साझा महोत्सव




भक्तपुर नगरपालिका वडा नं. ४ को आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गते सम्पन्न भक्तपुर महोत्सव भव्य र सभ्य रूपमा सम्पन्न गर्न योगदान गर्नुहुने संस्कृतिकर्मी, दाफा भजन, स्थानीय महिला समुदाय, टीम क्लब, स्वयम्सेवकलगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने सम्पूर्णमा धन्यवाद ज्ञापन कार्यक्रम पुस ११ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर महोत्सव भक्तपुरबासीहरूको साझा महोत्सवको रूपमा विकास गर्न सफल भएको बताउँदै महोत्सवमा भक्तपुरबासीहरूले आ-आफ्ना परम्परागत सीप, मौलिक विषयहरू प्रदर्शनी गर्नुका साथै जनताहरू स्वयमस्फूर्त रूपमा परिचालित भएकोमा सम्पूर्णमा धन्यवाद ज्ञापन गर्नुभयो ।

महोत्सवमा २०० ठाउँमा विभिन्न गतिविधि र प्रदर्शनीहरू हुनु आफैमा गौरवको विषय भएको बताउँदै उहाँले आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भक्तपुर महोत्सवको आयोजना गरिएको बताउनुभयो ।

पर्यटन प्रवर्द्धनमा बाह्य पर्यटनमा मात्र भर पर्न नहुने बताउँदै उहाँले कोभिडको समयमा विदेशी पर्यटकहरू नेपाल नआउँदा देशको अर्थतन्त्रमा प्रत्यक्ष असर पुऱ्याएको अनुभव सुनाउनु भयो ।



भक्तपुर महोत्सव २०८१ मा करिब ७ लाख २० हजार पर्यटकहरूले भक्तपुर भ्रमण गरेको अनुमान रहेको बताउँदै उहाँले महोत्सवले भक्तपुर के हो र यहाँका विशेषताहरू प्रदर्शन गर्ने महत्त्वपूर्ण अवसरको रूपमा रहेको बताउनुभयो ।

महोत्सव अवधिभर पार्किङ व्यवस्थापन, नगरको सरसफाइ सन्तोषजनक रहेको बताउँदै भक्तपुर महोत्सव जनताको अपार सहयोगले सफल भएको हो भन्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले महोत्सव अवधिभर जिम्मेवारी लिएर प्रदर्शनी गर्ने सम्पूर्ण संस्कृतिकर्मी, दाफा भजन, स्थानीय महिला समुदाय, टीम क्लब, स्वयम्सेवकलगायतमा धन्यवाद ज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ४ का वडा सदस्य विष्णुकेशरी दुवाल, कृष्णसुन्दर प्रजापति, पूर्व जनप्रतिनिधि पशुपति प्रजापति र कृष्णलक्ष्मी दुवालले पनि बोल्नु भएको थियो ।

## आन्तरिक स्रोत बढाउन र छिमेकी देशका पर्यटकहरूको आकर्षण बढाउन सके भक्तपुरको आयस्रोत बढाउन सकिने




भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयले भक्तपुर महोत्सवको अवसरमा साथ र सहयोग दिने सबैको उच्च मूल्याङ्कन गर्दै भक्तपुर नगरको मौलिक संरक्षण र पर्यटक प्रवर्द्धनको लागि कला संस्कृतिमार्फत देश र समाजको सकारात्मक परिवर्तनमा निरन्तर योगदान रहने विश्वासका साथ सम्बन्धित सबैलाई धन्यवाद कार्यक्रमको आयोजना पुस १३ गते गरेको छ ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरलाई स्वदेशी तथा विदेशी

पर्यटकहरूको गन्तव्यस्थल बनाउने उद्देश्यले भक्तपुर महोत्सव आयोजना गरेको विचार व्यक्त गर्नुभयो ।

आन्तरिक स्रोत बढाउन र छिमेकी देशका पर्यटकहरूको आकर्षण बढाउन सके भक्तपुरको आयस्रोत बढाउन सकिने विचार व्यक्त गर्दै उहाँले पूरै नगरलाई जीवित सङ्ग्रहालयको रूपमा राख्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पूरै नगर महोत्सवमय बनाउने महोत्सवको अर्को उद्देश्य रहेको स्पष्ट पार्दै उहाँले महोत्सवमा जनताले गरेको सहयोग अनुकरणीय भएको बताउनुभयो ।



समाजवादी मुलुकबाट पाठ सिकेर भनपाले काम गरिरहेको चर्चा गर्दै उहाँले पैसा नै सबथोक होइन जनताको सहयोग महत्त्वपूर्ण हो भन्नुभयो ।

जनता, जनप्रतिनिधि र कर्मचारी मिले हरेक काम सफलतापूर्वक सम्पन्न गर्न सकिने एक उदाहरण भक्तपुर महोत्सव रहेको स्पष्ट पार्दै नगर प्रमुख प्रजापतिले शिशु स्याहारदेखि कलेज सञ्चालन जनताकै सहयोगको निम्ति भएको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी भनपा वडा नं. ३ समितिका अध्यक्ष **कृष्णभक्त लवजु**ले निर्वाचनमा व्यक्त प्रतिबद्धताअनुसार भनपाले काम गरिरहेको उल्लेख गर्दै भक्तपुर महोत्सवमा जनताले मनैदेखि सहयोग गरेको बताउनुभयो ।

ख्वप विश्वविद्याल स्थापना गर्न स्वीकृति नदिने सर कार शिक्षा विरोधी भएको प्रस्ट पार्दै उहाँले भक्तपुर महोत्सवले जनता उत्साहित भएको बताउनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष **रवीन्द्र ज्याख्व**ले भक्तपुर नपाले गरिरहेको काममा स्वदेशी र विदेशी पर्यटकमात्र होइन विभिन्न दलका जनप्रतिनिधिले पनि प्रशंसा गरिरहेको उल्लेख गर्दै महोत्सव सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

भक्तपुर महोत्सव भक्तपुरलाई चिनाउने उत्सव र हेको विचार व्यक्त गर्दै उहाँले महोत्सव अध्ययन अनुसन्धान गर्ने, यहाँको सीप, कला र उत्पादन देखाउने, अभिलेख तयार गर्न सघाउने महोत्सव पनि हो भन्नुभयो ।

महोत्सव समारोह समिति सचिवालयका सचिव **गौतमप्रसाद लासिवा**ले जनताको भावनाअनुसार जनताबिच भिजेको भक्तपुर महोत्सव जनताको महोत्सव सिद्ध भएको विचार व्यक्त गर्नुभयो ।

भक्तपुर महोत्सव पुरानो पुस्ताले नयाँ पुस्तालाई प्रशिक्षित गर्ने शिक्षालय भएको उल्लेख गर्दै उहाँले भक्तपुर महोत्सवको समग्र मूल्याङ्कन गरी एउटा महत्त्वपूर्ण दस्तावेज तयार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा वडा सदस्य **इन्द्रबहादुर प्याथ**ले वडामा रहेको स्टलबारे जानकारी दिनुभयो भने **रवीन्द्र कुसी**ले कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभयो ।

कार्यक्रममा महोत्सवमा सहयोग गर्ने सम्बन्धित सबै सङ्घ संस्था र सहयोगीलाई धन्यवाद पत्र प्रदान गरिएको थियो ।

## "भक्तपुर नगरपालिकाले नाचगानको राजधानीलाई जीवन्तता दिइरहेको छ"




भक्तपुर नगरपालिका ६ नं. वडा कार्यालयको आयोजनामा भक्तपुर महोत्सव सफल पार्न सहयोग गर्ने स्थानीय दाफा, भजन, विद्यालय, समूह, सहकारी तथा बाजागाजा समूहसमेतलाई धन्यवादज्ञापन तथा प्रमाणपत्र वितरण कार्यक्रम पुस १३ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर महोत्सवमा नगरका दाफा, भजन, विद्यालय, सहकारी, बाजागाजा तथा नगरवासीहरूको उल्लेख्य सहयोग रहेको बताउनुभयो । "भक्तपुर महोत्सव २०८१ अवलोकन गर्न नपाएकोलाई पछुटो लागिरहेको चर्चा छ । पाँचदिने महोत्सव भक्तपुरको रहन सहन, जीवनशैली, कला संस्कृति, शिक्षा, स्वास्थ्य, सफाइ विषयमा खुला विश्वविद्यालय सरह घामजतिकै प्रस्टिएको छ," उहाँले भन्नुभयो ।

भक्तपुर नगरलाई हालको अवस्थामा पुऱ्याउन अग्रजहरूको अहम् भूमिका रहेको चर्चा गर्दै उहाँले सङ्गठित शक्तिले मात्र सही दिशा निदर्शे गर्ने क्षमता राख्दछ भन्नुभयो ।

उहाँले नगरवासीहरूकै सल्लाह, सुझाव मनन गरी गाईजात्रा पर्वमा नगरपालिकाले प्रोत्साहनसहित पुरस्कारको व्यवस्था गरेको स्पष्ट पार्दै नाचगानको सहरलाई जीवन्तता दिइरहेको बताउनुभयो । प्रमुख प्रजापतिले 'सय वर्षपछिको भक्तपुरलाई' साकार पार्न भक्तपुर नपाका जनप्रतिनिधि र नगरवासीहरूकै साथ र सहयोगमा विभिन्न बाधा अड्चनहरूसित सामना गर्दै अघि बढिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिकाले विभिन्न ७ वटा कलेजहरू सञ्चालन गरी देशका सर्वसाधारण जनताका छोराछोरीहरूलाई न्यून शुल्कमा शिक्षा दिइरहेको छ । भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय स्वीकृति दिन कम्युनिस्ट सरकारको मुटु कामिरहेको छ ।"

नेपाल क्रान्तिकारी किसान सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष **गोविन्द दुवाल**ले नगरवासीहरूको एकता र सहयोगी भावनालाई निरन्तरता दिइराख्नुपर्ने विचार राख्दै भक्तपुर महोत्सवले सांस्कृतिक परिवर्तनमा सहयोग गर्ने विश्वास दिलाउनुभयो ।

कार्यक्रमका सभापति एवं भ.न.पा. ६ का वडा अध्यक्ष **हरिराम सुवाल**ले भक्तपुर महोत्सव सफल पार्न दिन रात नभनी सहयागे गर्ने स्थानीय दाफा, भजन, बाजागाजा, विद्यालय, समूहलगायत वडावासीहरूको योगदानप्रति धन्यवाद ज्ञापन गर्नुभयो ।

स्थानीय **गोपिकृष्ण चाँगुभारी**ले स्थानीय श्रम, सीप, घरेलु उत्पादन, कृषि उत्पादनलाई स्थानीय सरकारले प्रोत्साहित गर्न सकेमा थोरै भए पनि राहत मिल्ने उल्लेख गर्नुभयो ।

भक्तपुर महोत्सवको उपलक्ष्यमा आयोजित वडाव्यापी विद्यालयस्तरीय तथा खुला कसिमला पाँय् र बाघचाल प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र उदयमान खेलाडीलाई मेडल तथा प्रमाणपत्र वितरण र भक्तपुर महोत्सव सफल पार्न योगदान गर्ने वडावासीहरूलाई प्रमुख सुनिल प्रजापतिले धन्यवाद पत्र वितरण गर्नुभयो ।

कार्यक्रममा शिक्षक **गणेशराम थुसा**, कार्यपालिका सदस्य **रोशनमैँया सुवाल**, ६ वडा खेलकुद समितिका अध्यक्ष **राजुसिं बजिकों**, पूवर्श्वेर महादवे भजन मण्डलका **मसिनु सुवाल**, वामेश्वर भजन मण्डलका **लक्ष्मीकेशरी सुवाल**, भोलाछेँ युवा समूहका **राजु लौव**ले आ–आफ्नो धारणा राख्नुभयो ।

# महोत्सवमा जनताको सक्रिय सहभागिता रहनु नै महोत्सव सफल हुनु हो : प्रमुख प्रजापति



भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गते सम्पन्न भक्तपुर महोत्सव सफल रूपमा सम्पन्न गर्न योगदान गर्नुहुने वडाका संस्कृतिकर्मी, दाफा भजन, स्थानीय महिला समुदाय, टीम क्लब, स्वयम्सेवकलगायत सहयोग गर्ने सम्पूर्णमा धन्यवादज्ञापन कार्यक्रम पुस १५ गते वाचुत्वमा सम्पन्न भयो ।

कार्यक्रममा बोल्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले "पूर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति" नारालाई सार्थक पार्दै विगत ४ दशकदेखि यहाँका मूर्त र अमूर्त सम्पदाहरू संरक्षण गर्दै यसमा आधारित पर्यटन उद्योगको विकास गरी नगरको आर्थिक विकास गर्न विभिन्न गतिविधि अगाडि बढाइरहेको बताउनुभयो ।

महोत्सव सफल पार्न प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने सम्पूर्णमा धन्यवादज्ञापन गर्दै उहाँले महोत्सवमा जनताको सक्रिय सहभागिता रहनु नै महोत्सव सफल हुनु हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाले जनताको आर्थिक सहयोग, श्रमदान र जिन्सी समेत सहयोग प्राप्त गरी भक्तपुरका सम्पदाहरूको पुनःनिर्माणको कामलाई निरन्तरता दिइरहेको बताउँदै उहाँले विदेशीको सहयोगविना भक्तपुरका सम्पदाहरू पुनःनिर्माण र जीर्णोद्धार गर्न सम्भव हुनु नै भक्तपुरबासीको निम्ति गर्वको हुनुपर्छ भन्नुभयो ।

हातमा सीप भएका युवाहरू आत्मनिर्भर हुन्छन् र आत्मनिर्भर युवाहरू नै स्वाभिमानीपूर्वक बाँच्न सक्ने धारणा व्यक्त गर्दै उहाँले भक्तपुर नपाले यसै मान्यताअनुरूप युवा लक्षित गतिविधिहरूमा जोड दिँदै आएको पनि बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले महोत्सवको आय-व्यय प्रस्तुत गर्दै भक्तपुर नपाले नाफा कमाउनको लागि नभई यहाँको मौलिक कला, संस्कृति विश्वसामु प्रदर्शन गर्ने अवसरको रुपमा महोत्सव आयोजना भएको बताउनुभयो ।

भक्तपुर महोत्सव सचिवालयका अध्यक्ष गौतमप्रसाद लासिवाले महोत्सवलाई जनताले अपनत्व ग्रहण गरी सफल हुनु खुशीको विषय भएको बताउँदै महोत्सवबाट धेरै कुराहरू सिक्ने अवसर पनि प्राप्त भएको बताउनुभयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. ७ का वडा सदस्य एवम् कार्यपालिका सदस्य रञ्जना त्वाती, वडा सदस्य हेरा ख्याजु, नेमकिपा भनपा ७ का इन्चार्ज कृष्णगोविन्द खाइजु, समाजसेवी बद्रीराम छ्स्याबागलगायतले महोत्सव अवधिभर निःस्वार्थ रूपमा खटिनुभएका सम्पूर्णमा धन्यवादज्ञापन गर्नुभएको थियो ।

## भक्तपुर महोत्सव जनताको एकता प्रदर्शन गर्ने अवसर




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिका वडा नं. १० को आयोजनामा मंसिर २८ गतेदेखि पुस २ गतेसम्म भएको भक्तपुर महोत्सव सफलतापूर्वक सम्पन्न गर्न वडाभरीका सहयोगी संघसंस्था, विद्यालय, सरकारी कार्यालय, दाफा, भजन, बाजागाजा समूह, स्वयम्सेवकलगायतलाई धन्यवाद कार्यक्रम पुस १५ गते सम्पन्न भयो ।

कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले भक्तपुर महोत्सव जनताको एकता प्रदर्शन गर्ने अवसर भएको बताउँदै भक्तपुरको इतिहास, वास्तविक अवस्थाबारे जानकारी दिन महोत्सवले महत्त्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

उहाँले महोत्सवमा भक्तपुरको लायकु, टौमढी र दत्तात्रय स्क्वायरमा मात्र नभई गल्ली गल्ली चिनाउने उद्देश्य अनुरूप विविध प्रदर्शनी राखिएको बताउनुभयो ।

पर्यटकहरू भक्तपुरका मूर्त र अमूर्त सम्पदाहरू अवलोकन गर्न आउने भएकोले सरकारले अन्तर्राष्ट्रिय रूपमा यहाँका सम्पदाहरूको प्रचारप्रसार गर्न आवश्यक भएको बताउनुभयो ।

महोत्सवमा सरसफाइ, शौचालय, पार्किङ व्यवस्थापनलगायत सानोसानो कुराले नकारात्मक संन्देश नजाओस् भने चिन्तन मनन् गर्दै सम्पूर्ण नगरबासीहरूले पुऱ्याएको सहयोगप्रति पनि आभार प्रकट गर्नुभयो ।

उहाँले भक्तपुर बनाउन पैसा भन्दा चरित्र मुख्य विषय भएको बताउँदै जनताको सहयोगी भावनाले पाँचतल्ले मन्दिर, भैरब मन्दिर बन्ने जस्तै महोत्सवमा सीप कौशल प्रदर्शन भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका पूर्व उपप्रमुख चैत्यराज शाक्यले महोत्सवमा सबैले आफ्नो क्षमता अनुसार सहयोग गरेको बताउँदै महोत्सवले पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा बुद्धिजीवि पुष्परत्न शाक्यले नेपालमा भक्तपुरको जीवन पद्धती उन्नत भएको बताउँदै आनान्द, शान्तिपूर्वक जीवन यापन गर्न भक्तपुरमा मात्र सम्भव भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सचिवालयका अध्यक्ष गौतमप्रसाद लासिवा, वडा इन्चार्ज लक्ष्मीप्रसाद चवाल, वडा सदस्य जितेन्द्र मुनाकर्मीले पनि बोल्नुभएको थियो भने प्रमुख अतिथि प्रजापतिले विभिन्न संघसंस्थालाई धन्यवाद पत्र वितरण गर्नुभयो ।



भक्तपुर नपा वडा नं. १ को आयोजनामा भएको धन्यवादज्ञापन कार्यक्रम।
(२०८१ पुस १६)

## स्थानीय स्काउटलाई धन्यवाद




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको आयोजनामा मंसिर २८ गतेदेखि पुस २ गतेसम्म भएको भक्तपुर महोत्सव सफलतापूर्वक सम्पन्न गर्न सहयोगी विभिन्न विद्यालयका स्काउटहरु तथा स्काउट माष्टरहरुलाई धन्यवाद कार्यक्रम पुस १६ गते सम्पन्न भयो ।


## ख्वप अस्पतालमा धन्यवाद




ख्वप अस्पतालको आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गते सम्पन्न भक्तपुर महोत्सव सफल पार्न सहयोग गर्ने सहयोगीहरुलाई धन्यवाद ज्ञापन कार्यक्रम पुस १९ गते सम्पन्न भयो ।

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौँ ।**

## हाम्रो स्थानीय तह




### कागेश्वरी मनोहरा नपा, काठमाडौँ

| जनगणना वर्ष (विसं) | २०६८ | २०७८ |
|---|---|---|
| परिवार सङ्ख्या | १४३२९ | ३३७६४ |
| जनसङ्ख्या | ६०२३७ | १३०४३३ |
| परिवार आकार | | ३.८६ |
| लैङ्गिक अनुपात | | ९९.४३ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर प्रतिशत | | ७.४१ |
| जनघनत्व | | ४७६४ |
| साक्षरता दर प्रतिशत | | ८८.४१ |

स्रोतःनक्सा (नेपाल अर्काइभ्स), जनसङ्ख्या (राष्ट्रिय तथ्याङ्क कार्यालय)

## थाहा पाइराखौँ

- नेपालले सन् १९६४ देखि ओलम्पिक खेलमा भाग लिएको हो ।
- विश्वको सबैभन्दा बढी सता परिवर्तन भएको देशबोलिभिया हो ।
- अखिल नेपाल कपर्दी सङ्घको स्थापना वि.सं. २०३५ मा भएको थियो ।
- सातो मछिन्द्रनाथको भोटो देखाउने प्रचलन वि.सं.८५० देखिभएको हो ।
- मदन पुरस्कारको स्थापना वि.सं. २०१२ असोज १० गते भएको हो ।
- आफ्नो शरीरको अनुपातमा ५० गुणा बढी तौल बोकन सक्ने जीव कमिला हो ।
- गोरखा दक्षिण बाहु उपाधि वीर शमशेरको पालामा स्थापनाभएको हो ।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

## भक्तपुर महोत्सव सफल बनाउन शिक्षक र कर्मचारीको सक्रिय सहभागिता आवश्यक



भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा भक्तपुर महोत्सव तयारीस्वरुप मंसिर २० गते शिक्षक कर्मचारी भेला भयो ।

भेलामा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले नेपाल मजदुर किसान पार्टीले घोषणापत्रमा उल्लेख भएअनुसार नै शिक्षा, स्वास्थ्य, रोजगारी, पर्यटनलगायत काम गर्दै आएको बताउनुभयो ।

उहाँले पुर्खाले सिर्जेको कला र सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न नगरपालिकाले विभिन्न गतिविधि गरिरहेको बताउँदै भक्तपुर महोत्सव सफल बनाउन शिक्षक, कर्मचारीको सक्रिय सहभागिता आवश्यक छ भन्नुभयो ।

कार्यक्रममा भनपा ९ नं वडाका वडाध्यक्ष रवीन्द्र ज्याख्वले बाह्य पर्यटकसँग आन्तरिक पर्यटकलाई जोड दिनुपर्ने आवश्यकता औंल्याउँदै शिक्षक, कर्मचारीहरूले भक्तपुरको विषयमा जानकारी राख्नुपर्ने बताउनुभयो ।

उहाँले भक्तपुर महोत्सव सिक्ने र सिकाउने थलोको रूपमा लिने भएकोले अनुसन्धान गर्न आउने व्यक्तिहरूको लागि सहज वातावरण बनाउन शिक्षकहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुभयो । उहाँले भक्तपुर महोत्सवमा धेरै ठाउँमा प्रदर्शनी हुने भएकोले आवश्यकताअनुसार शिक्षक, कर्मचारीहरूले स्वयम्सेवक रूपमा परिचालन हुन पनि आग्रह गर्नुभयो ।

भक्तपुर महोत्सवका सचिवालय संयोजक गौतमप्रसाद लासिवाले महोत्सवको तयारीको जानकारी गराउँदै आ–आफ्नो क्षेत्रमा प्रचारप्रसार गरी सहयोग गर्न अनुरोध गर्नुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याख्वको सभापतित्वमा भएको कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापक तथा वडा सदस्य छोरीमैयाँ सुजखुले पनि बोल्नुभएको थियो ।

## ख्वप माविमा महोत्सवको सूचना केन्द्र

ख्वप मा.विको आयोजनामा भक्तपुर महोत्सवको प्रचारार्थ तथा महोत्सवको सूचना केन्द्रमा सहयोग गर्न परिचालन हुने विद्यार्थीहरूबिच महोत्सवबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रम भनपा ६ नं. वडाका वडाध्यक्ष डा. हरिराम सुवालले भक्तपुर महोत्सवको उद्देश्य र महोत्सवमा विद्यार्थीको भूमिकाबारे प्रस्ट पार्नुभएको थियो । कार्यक्रममा ख्वप अस्पतालका निमित्त डाइरेक्टर मजेशप्रताप मल्लले महोत्सवको दौरानमा अवलोकनकर्ताहरूको सङ्ख्या धेरै हुनसक्ने भएकोले नगरका विभिन्न ठाउँमा प्राथमिक स्वास्थ्य उपचार सेवा हुने बताउनुभयो ।

गौतमप्रसाद लासिवाले महोत्सवमा अवलोकन गर्न आउने पर्यटकहरूले विभिन्न प्रश्न सोध्न सकिने भएकाले विद्यार्थीहरूले महोत्सवको विषयमा जानकारी राख्नुपर्ने बताउनुभयो ।

## भक्तपुर महोत्सव प्रचारार्थ साइकल ऱ्याली



भक्तपुर नगरपालिकाको आयोजनामा मङ्सिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सवको प्रचारार्थ मंसिर २२ गते नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईको प्रमुख आतिथ्यमा साइकल ऱ्याली भयो ।

साइकल ऱ्यालीको उद्घाटन सभामा अतिथि गोसाईले नयाँ पुस्ताका साथीहरूले साइकल ऱ्यालीमार्फत जनतालाई सचेत पार्नुका साथै नयाँ संस्कृतिको विकास भएको बताउँदै निरन्तरताको निम्ति हौसला प्रदान गर्नुभयो ।

उहाँले भक्तपुर महोत्सव नेपालकै महोत्सव भएको उल्लेख गर्दै महोत्सवलाई सफल बनाउन उपत्यकावासीलगायत

सम्पूर्णले आ–आफ्नो ठाउँमा प्रचारप्रसार गरी योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले पुर्खाले सिर्जेको कला, संस्कृति र सम्पदालाई संरक्षण र पुनजागृत गर्न महोत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।



उहाँले पुर्खाले छोडेर गएको कला, संस्कृति र सीपको उजागर गर्दै बाहृय पर्यटकलाई आकर्षित गर्न यस्ता महोत्सवको आवश्यकता रहेको बताउनुभयो ।

भनपा ९ वडाका वडाध्यक्ष रवीन्द्र ज्याख्वले पर्यटकीय हिसाबले भक्तपुर सुरक्षित र सफा भएको सन्देश दिनुका साथै उहाँले महोत्सवमा भक्तपुरका जनताका जीवनशैली प्रदर्शन हुनुका साथै नयाँ पुस्तालाई मौलिक सीप पुस्तान्तरण हुनेमा जोड दिनुभयो । कार्यक्रममा भक्तपुर महोत्सवका सचिवालयका संयोजक गौतमप्रसाद लासिवाले स्वागत गर्नुभयो भने न्हुज किजु र सुमित बालाले पनि बोल्नुभएको थियो ।

साइकल ¥याली भक्तपुरको दत्तात्रयबाट सुरु भई थिमि, बोडे, पेप्सीकोला, हाडीगाउँ, वसन्तपुर दरबार, टेकु, त्रिपुरेश्वर, पाटनदरबार स्क्वायर, ग्वार्को, कोटेश्वर, सूर्यविनायक हुँदै लिबालीमा पुगी समापन भएको थियो ।

## भक्तपुर महोत्सव अतिथि देव भवः वाक्यलाई साक्षात्कार बनाउने अभियान



नेपाल स्काउट स्थानीय स्काउट कार्यालय भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरपालिकाको आयोजनामा यही २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सव, २०८१ को तयारीस्वरूप स्काउट मास्टरहरू र अग्रज स्काउटहरूको भेला भक्तपुर नगरपालिकाको सभाहलमा मंसिर २३ गते सम्पन्न भयो ।



भेलामा भक्तपुर नगरपालिकाका उपप्रमुख तथा नेपाल स्काउट स्थानीय कार्यालय भक्तपुर नगरपालिकाका प्रमुख रजनी जोशीले भक्तपुर महोत्सवलाई अतिथि देव भवः भन्ने वाक्यलाई साक्षात्कार गर्ने अभियानको रुपमा लिनुपर्ने विचार व्यक्त गर्नुहुँदै महोत्सव सभ्य र भव्य रुपमा सफल पार्नु हामी सबैको साझा दायित्व हुने बताउनुभयो ।

उहाँले कला, संस्कृति र सम्पदालाई संरक्षण र जगेर्ना गर्ने काम मात्र गरिरहेको नभई शिक्षा र स्वास्थ्यलाई पनि उत्तिकै राम्रोसँग अगाडि बढाइरहेको र नगरपालिकाको सोही गतिविधिलाई पनि भक्तपुर महोत्सवमा प्रदर्शन गर्ने प्रष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिका ९ नं. वडाका वडा अध्यक्ष रविन्द्र ज्याख्वले स्काउटको परिचय भन्नु नै अनुशासन भएकोले महोत्सवमा प्रवेश गर्ने र अवलोकनको लागि आउने आन्तरिक तथा बाहृय पर्यटकहरूलाई अवलोकन कार्य सहज र सरल बनाउनुहुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भक्तपुर महोत्सवमा सामाजिक सांस्कृतिकलगायत विविध क्षेत्रमा स्काउटको व्यवस्थापन महत्वपूर्ण हुने पनि बताउनुभयो ।

भेलामा नेपाल स्काउट स्थानीय स्काउट भक्तपुर नगरपालिकाका सल्लाहकार भक्त राजभण्डारी, स्थानीय स्काउट भक्तपुर नगरपालिकाका आयुक्त बालकृष्ण वनमाला, मध्यपुर थिमी नगरपालिकाका आयुक्त तुल्सीहरी प्रजापति, नेपाल स्काउट, स्थानीय स्काउट भक्तपुर नगरपालिकाका परीषद सदस्य कृष्णप्रसाद धन्छा, कृष्णराम त्वानावासु र राजेश गाईजुले पनि आ–आफ्नो विचार राख्नुभएको थियो ।

# भक्तपुर महोत्सवमा स्वच्छ, सफा सहरको परिचय दिनुपर्ने



भक्तपुर महोत्सवको प्रचारको क्रममा भक्तपुर नगरपालिकाको आयोजनामा मंसिर २४ गते छिकोङ खेल प्रदर्शनी भक्तपुर दरबार क्षेत्रमा सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवं सङ्घीय सांसद प्रेम सुवालले छिकोङ अभ्यासले शरिरको बाहिरी र भित्री अङ्गलाई बलियो बनाउने धारणा राख्दै शरिरलाई सन्तुलित आहारसँगै शारीरिक अभ्यास पनि जरूरी रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "छिकोङ श्वासप्रश्वाससँग सम्बन्धित भएको हुँदा भक्तपुर महोत्सवमा स्वच्छ, सफा सहरको परिचय दिनुपर्ने यसले शरिरको भित्री अङ्ग फोक्सो, मुटु, किड्नीको आयु लम्ब्याउँछ। छिकोङ अभ्यासले घाँटीको टन्सिलसमेत निको भएको भुक्तभोगीहरूको प्रतिक्रिया छ।"

सन्तुलित आहारमा विषादी नभएको खाद्यान्न र तरकारी जरूरी रहेको उल्लेख गर्दै सांसद सुवालले विषादी नभएको खाद्यान्न र तकारीको लागि बस्ती वरिपरिको खेतीपातीको व्यवस्था भएको सन्तु लित विकास जरूरी भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "सन् १९५० को सन्धिमा तत्कालीन सरकारका प्रधानमन्त्रीले भारतसँग गरेको सम्झौतामा नेपाललाई आवश्यक सामान भारतसँगै किन्नुपर्ने प्रावधान राखेका थिए। भारतीय एकाधिकार पुँजीले नेपाललाई रासायनिक मलगायत समयमा नदिने दाउ लिँदै छ। यसले नेपालको अर्थतन्त्र भारतको कब्जामा रहने पुष्टि गर्छ।"

भक्तपुर महोत्सवमा यहाँको भेषभूषा, नाचगानको सँगसँगै सफा र स्वच्छ वातावरण र सन्तुलित र स्वस्थकर खाद्यान्नको व्यवस्था गर्नु अति आवश्यक भएको सांसद सुवालले बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर महोत्सव सफल पार्न सबैमा अनुरोध गर्दै नगरको सरसफाइमा सबैले ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

भक्तपुरको पहिचानलाई झल्काउने प्रदर्शनी गर्नुपर्ने र महोत्सव अविष्मरणीय बनाउन आ–आफ्नो क्षेत्रबाट सहयोग गर्न प्रमुख प्रजापतिले आग्रह गर्नुभयो।

उपप्रमुख रजनी जोशी, वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री र वडा सदस्य रामसुन्दर बासीले पनि बोल्नुभएको उक्त कार्यक्रममा भक्तपुर महोत्सव सचिवालय संयोजक गौतमप्रसाद लासिवाले भक्तपुर महोत्सवबारे जानकारी गराउनुभएको थियो।







## श्रमिकहरूको भेला




भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर महोत्सव २०८१ को प्रचारार्थ आयोजित प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत विभिन्न वडामा कार्यरत श्रमिकहरूको भेला कार्यक्रम मंसिर २४ गते भयो ।

## खाना महोत्सवमा मौलिक परिकारलाई प्राथमिकता दिनुपर्ने




भक्तपुर नगरपालिकाको आयोजनामा हुने भक्तपुर महोत्सव २०८१ मा खाना महोत्सवमा सहभागी हुनेहरूको भेला कार्यक्रम मंसिर २५ गते सम्पन्न भयो ।

भेलामा सम्बोधन गर्दै प्रमुख प्रजापतिले खाना महोत्सवमा बाह्य भन्दा पनि आन्तरिक पर्यटकहरूको घुइँचो लाग्ने बताउँदै खाना महोत्सवमा स्वाद, पर्यटकसँगको व्यवहार र सरसफाइमा विशेष ध्यान दिन आग्रह गर्नुभयो ।

महोत्सवमा भक्तपुरका मौलिक खानाका परिकारलाई प्राथमिकता दिनुपर्ने भन्दै उहाँले महोत्सवबाट स्थानीय स्वादसँगै स्थानीय उत्पादनहरूको पनि बजारीकरणमा टेवा पुऱ्याउने बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले महोत्सवमा राखिने खानेकुराहरू ताजा र स्वस्थर हुनुपर्ने भन्दै महोत्सवमा उपभोक्ता हितबारे पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

त्यस्तै भनपा वडा नं. २ का वडाध्यक्ष एवम् खाना महोत्सव व्यवस्थापन समितिका संयोजक हरिप्रसाद बासुकलाले पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नपाले महोत्सवको आयोजना गरेको बताउँदै महोत्सवमा विविधतायुक्त मौलिक खानाका परिकारहरूलाई समावेश गर्न पाउ उपयुक्त हुने बताउनुभयो ।



कार्यक्रममा भक्तपुर महोत्सव सचिवालय संयोजक गौतमप्रसाद लासिवा र समितिका सदस्य जितेन्द्र मुनंकर्मीले पनि बोल्नुभएको थियो ।

## क्वाठण्डौंमा हुने खुल्ला बासुरी बाजा प्रतियोगिताबारे भेला




भक्तपुरको सांस्कृतिक विधाहरूको संरक्षण सम्बर्द्धन गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सवको अवसरमा भनपा वडा नं. १० क्वाठण्डौंमा हुने खुल्ला बाँसुरी बाजा प्रतियोगितामा सहभागी प्रतिनिधिहरूको भेला मंसिर २५ गते भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

बाँसुरी बाजा प्रतियोगिता व्यवस्थित रूपमा सम्पन्न

गर्न आयोजित उक्त भेलामा सम्बोधन गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले प्रत्येक वर्ष सांस्कृतिक बाजाहरूको प्रतियोगिता आयोजना गर्दै आएको बताउनुभयो ।

उहाँले विभिन्न जिल्लाहरूबाट पनि सहभागिता रहने गरी खुल्ला प्रतियोगिताको आयोजना गरेको बताउँदै प्रतियोगितामा भक्तपुरको मौलिकता प्रदर्शन गर्ने विषयमा ध्यान दिनुपर्ने बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले धन्यवादज्ञापन गर्नुभएको थियो भने भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले प्रतियोगिताको नियम, मूल्याङ्कनको अङ्कभार र पुरस्कार राशीबारे प्रष्ट पार्नुभएको थियो ।

बाँसुरी प्रतियोगिताको क्रममा २०८१ मंसिर २९ गते बिहान १०:३० बजे भनपा १ दुधपाटी इनागबाट बाँसुरी बाजा बजाएर भक्तपर नगर परिक्रमा गरी भनपा १० क्वाठण्डौंमा पुगी प्रतियोगिताको प्रारम्भ हुनेछ । बाँसुरी बाजा प्रतियोगितामा ४८ टोलीले सहभागिताको लागि नाम दर्ता गराएका छन् ।

## महोत्सव प्रचारार्थ वडा नं. ९ मा शुभकामना र्‍याली सम्पन्न

भक्तपुर नगरपालिका वडा नं. ९ को आयोजनामा







भक्तपुर महोत्सव २०८१ भव्य र सभ्य रूपले सम्पन्न गर्न मंसिर २५ गते शुभकामना र्‍यालीको आयोजना भयो ।

र्‍यालीमा सम्बोधन गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुर महोत्सव सबैको साझा महोत्सव भएको हुँदा यसलाई उल्लासमय ढङ्गले सम्पन्न गर्न सबै एकजुट भएर लाग्नुपर्ने बताउनुभयो । उहाँले महोत्सवले आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउँदै भक्तपुरको नाचगान, बाजागाजा, हस्तकला, घरेलु उद्योग, सीप, कला, संस्कृतिको प्रर्वद्धन गरि यसलाई आर्थिक गतिविधिसँग जोड्न आवश्यक वातावरण तयार गर्ने उद्देश्य महोत्सवको रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले महोत्सवको आकर्षणबारे प्रष्ट पार्दै पाँचदिने भक्तपुर महोत्सवमा सबैले सक्रियतापूर्वक सहभागी हुन अनुरोध गर्नुभयो ।

## वडा नं. ८ मा शुभकामना र्‍याली






२०८१ मंसिर २८ देखि पुस २ गते सम्म हुने भक्तपुर महोत्सव भव्यरुपमा सम्पन्न गर्न भक्तपुर नपा वडा नं. ८ को आयोजनामा भएको शुभकामना र्‍याली मंसिर २६ गते सम्पन्न भयो ।

# भक्तपुर महोत्सवबारे पत्रकार भेटघाट सम्पन्न



भक्तपुर नगरपालिकाको आयोजनामा मंसिर २६ गते भक्तपुर महोत्सव २०८१ बारे पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा भक्तपुर महोत्सव मूल समारोह समितिका संयोजक एवम् नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर महोत्सवको हालसम्मको तयारीबारे प्रष्ट पार्नुभयो।

प्रमुख प्रजापतिले भक्तपुरको मौलिकता, यहाँका कला, संस्कृति, सम्पदा, हस्तकला र घरेलु उद्योगमा आधारित मौलिक उत्पादन र मौलिक जीवनशैलीको विकास र प्रवर्द्धन गरी आन्तरिक र बाह्य पर्यटनमा आधारित पर्यटन उद्योगमार्फत नगर र नगरवासीहरूको आर्थिक गतिविधि बढाउने उद्देश्यका साथ भक्तपुर महोत्सव २०८१ आयोजना गरेको बताउनुभयो।

प्रमुख प्रजापतिले मंसिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सवसम्बन्धी सम्पुर्ण तयारीहरू भइसकेको बताउँदै साँस्कृतिक कार्यक्रम अन्तर्गत २३ विभिन्न विधाका नाचहरूमा ६३ समूहले भाग लिने र ३२ वटा विधा ८० स्थानमा महोत्सव सञ्चालन हुने जानकारी गराउनुभयो।

सोही क्रममा उहाँले नगरका विभिन्न १८ स्थानमा सूचना केन्द्र, १४ स्थानमा प्राथमिक उपचार केन्द्र, ३० भन्दा बढी स्थानमा खानेपानी, ३० भन्दा बढी स्थानमा शौचालय सुविधा, २२ वटा पार्किङ स्थलको व्यवस्था मिलाएको बताउँदै महोत्सव सञ्चालन हुने नगरको पुरानो क्षेत्रमा विहान ९ बजेदेखि साँझ ६ बजेसम्म आकस्मिक सेवा बाहेकका सवारी साधन प्रवेश निषेध गर्न नगरका विभिन्न १९ स्थानमा प्रवेश निषेधको व्यवस्था मिलाएको बताउनुभयो।



महोत्सव अवधिभर शान्ति सुरक्षा र ट्राफिक व्यवस्थापनको लागि जिल्ला प्रशासन कार्यालय भक्तपुर, जिल्ला प्रहरी परिसर भक्तपुर, जिल्ला ट्राफिक प्रहरी परिसर भक्तपुर, शसस्त्र प्रहरी बल भक्तपुरलगायतका सुरक्षा निकायहरूसँग समन्वय र सहकार्य भइरहेको जानकारी गराउँदै प्रमुख प्रजापतिले महोत्सवलाई भव्य र सभ्य रूपमा सञ्चालन गर्न स्थानीय स्काउटका ५०० र स्काउट मास्टर ७५ गरी कूल ५७५ जना स्काउटरहरू परिचालन हुने बताउनुभयो।

कार्यक्रममा उपस्थित विभिन्न सञ्चारमाध्यमका पत्रकारहरूले महोत्सव सञ्चालन र व्यवस्थापनबारे आ–आफ्नो राय सुझाव दिएका थिए।

## महोत्सवबारे प्रेस विज्ञप्ति



कला, संस्कृति र सम्पदा मानव सभ्यताको सिलसिला हो। ऐतिहासिक र साँस्कृतिक सम्पदाहरूको महत्त्व र यसको सदुपयोगबारे जनचेतना अभिवृद्धि गर्दै यसको संरक्षण र संवर्द्धन गरी भक्तपुरलाई पर्यटकीय गन्तव्य स्थल बनाउने हाम्रो प्रयास जारी छ। भक्तपुर नगरपालिकाले "पूर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति" नारालाई सार्थक पार्दै विगत ४ दशकदेखि यहाँका मूर्त र अमूर्त सम्पदाहरू संरक्षण गर्दै यसमा आधारित पर्यटन उद्योगको विकास गरी नगरको आर्थिक विकास गर्न विभिन्न गतिविधिका साथ अगाडि बढिरहेको यहाँहरू सबैमा विदितै छ।

भक्तपुरको मौलिकता, यहाँका कला, संस्कृति, सम्पदा, हस्तकला र घरेलु उद्योगमा आधारित मौलिक उत्पादन र

मौलिक जीवनशैलीको विकास र प्रवर्द्धन गरी आन्तरिक र बाह्य पर्यटनमा आधारित पर्यटन उद्योगमार्फत नगर र नगरवासीहरूको आर्थिक गतिविधि बढाउँदै आय आर्जनमा समेत टेवा पुऱ्याउने उद्देश्यका साथ भक्तपुर महोत्सव २०८१ आयोजना गरेको यहँहरूमा विदितै छ। भक्तपुर महोत्सव २०८१ सम्बन्धि पहिलो पत्रकार सम्मेलन मिति २०८१ कार्तिक २८ गते गरी यहाँहरूलाई भक्तपुर महोत्सवको उद्देश्य र प्रारम्भिक तयारीबारे जानकारी गराई सकेको थियौं। यसै सन्दर्भमा आज हामी पुनः भक्तपुर महोत्सवकै सम्बन्धमा भेटघाट गर्दैछौं। आज हामी भक्तपुर महोत्सवको हालसम्म भएका तयारीबारे जानकारी दिंदैछौं।

यहि मंसिर २८ गतेदेखि पुस २ गतेसम्म हुने भक्तपुर महोत्सवसम्बन्धी सम्पूर्ण गतिविधिहरू लगभग तयार भइसकेको छ। जसअनुसार साँस्कृतिक कार्यक्रम अन्तर्गत २३ विभिन्न विधाका नाचहरूमा ६३ समूहले भाग लिनेछन्। त्यसका लागि भक्तपुर दरबार क्षेत्र, टौमढी क्षेत्र, दत्तात्रय क्षेत्र र क्वाठण्डौमा प्रस्तुतिको विशेष व्यवस्था मिलाएका छौँ। ६ वटा बाजा विधाका १०१ वटा सांस्कृतिक समूहले नगरको प्रदक्षिणा मार्ग परिक्रमा गरी प्रस्तुत गर्नेछन्। त्यस्तै भक्तपुर नगरक्षेत्रका ३४ समूह, भक्तपुर जिल्लाका अन्य नगरपालिकाबाट ५ समूह र भक्तपुर जिल्ला बाहिरका अन्य जिल्लाबाट ८ समूह गरी जम्मा ४७ वटा बाँसुरी बाजा समूहबीच प्रतियोगिता हुनेछ। ती बाजा टोलीहरूमध्ये मिति २०८१ मंसिर २९ गते ३३ वटा समूहको प्रस्तुति र मंसिर ३० गते बाँकी १३ वटा समूहको प्रस्तुतिको व्यवस्था मिलाएका छौँ। प्रतियोगिताको पुरस्कार वितरण मंसिर ३० गते क्वाठण्डौंमा गरिनेछ। भक्तपुरको मुलाछँ र वाकुपति नारायण परिसरमा परम्परागत बाजाहरूको (विभिन्न किसिमका खिंहरू, लाला खिं, धाँ, नाय खिं, को खिं, ढोलक, तबला, धिमाय, पछिमा, मादल आदि) प्रदर्शनी हुनेछ। त्यस्तै नगरका ५ स्थानमा नौबाजा प्रस्तुतिको व्यवस्था गरेका छौँ भने भक्तपुर दरबार क्षेत्रमा परम्परागत नगरावादन प्रस्तुति हुने र नगरका टोल टोलमा ४६ वटा भन्दा बढी भजन समूहहरूले भजन प्रस्तुति गर्ने व्यवस्था भएको पनि यहाँहरू सबैमा जानकारी गराउन चाहन्छौँ। त्यस्तै नगरका ६ स्थानहरूमा भुटेको अन्न र गेडागुडिबाट बनाइने हलिमलि प्रदर्शनी हुनेछ। भक्तपुरमा मनाइने विभिन्न किसिमका जात्रा पर्वहरूको नमूना प्रदर्शनीको व्यवस्था ग:हितिमा मिलाएका छौँ। जसमा पुलुकिसी, सुयाम्हा (परालको) भैलद्यो, ताहामचा, भैल खः, गाठामग र योसिंद्योको नमूना प्रदर्शनी हुनेछन्।

प्रशन्नशील महाविहारमा कुमारी दर्शनको व्यवस्था मिलाइएको छ। प्रशन्नशील महाबिहारका साथै भक्तपुरका ५ वटा महाविहारहरूमा दिपंकर बुद्धको प्रदर्शनी हुनेछ। भक्तपुर इनाचो स्थित मुनिबिहारमा बुद्ध अस्तु र बौद्ध दर्शनको प्रदर्शनीको व्यवस्था मिलाएका छौँ। त्यस्तै भक्तपुरको प्रसिद्ध नवदुर्गाको द्यो ब्वेकेगु र दर्शनको व्यवस्था नवदुर्गा द्योछेँ अगाडि ग:छेँमा हुनेछ।

प्रसिद्ध ५५ झ्याले दरबारमा नेवार समुदायको परम्परागत पौभा चित्र प्रदर्शनी हुनेछ भने नगरका ७ स्थानमा तस्वीर (फोटो) प्रदर्शनी, २ स्थानमा चित्रकला प्रदर्शनी र लायकुमा छ्वालीकला प्रदर्शनी हुनेछ। नगरका ७ स्थानमा नेवार समुदायको परम्परागत पोशाक प्रदर्शनी र बिक्रि वितरण तथा दत्तात्रय, लायकु र टौमढीमा नेवारी पोशाक बहालमा लिई फोटो खिच्ने व्यवस्था मिलाएका छौँ।

नगरका ४ स्थान व्यासी, भोलाछेँ, वातिकुथि र लाकोलाछेँमा नेवार समुदायका परम्परागत खेलहरूको (कसिमला पाय्, घचा, अमुकासा, हेकंडला, धुँ चोलेचा, काना काना पिचा, घ्वाईं कासा, खिप कासा, लोहँ दायां खौदायां, वंवा थ्वों वा, कैंची, चि मुसि चि, ह्वांग्रा (खोपि), छुँ भौ कासा, हपालु, ताता मगचा, चिकासा, मण्डली क्येंकेगु, पायँ म्हेतेगु, रुमाल कासा, च्याम्पति चाहिकेगु, बाँसको खोस्ताको फिरफिरे (कागजको), भुतिमा ब्वेकेगु लगायतको जीवन्त प्रदर्शनी हुनेछ। साथै आधुनिक खेलतर्फ खो-खो, कबड्डी, किक बक्सिङ्ग, तेक्वाण्डो, कराँते, उसु, भलिबल, जिम्नास्टिक लगायतका खेलहरूको प्रदर्शनी शहिद स्मृति खेल मैदानमा हुने जानकारी गराउन चाहन्छौँ।

भक्तपुरको मौलिक उत्पादन जुजु धौको महोत्सव लालाछेँ,स्वंग लोहँ (इनाचो) र जेलाँमा व्यवस्था मिलाएका छौं। उक्त स्थानमा विभिन्न किसिमका दहीहरूको प्रदर्शनी र बिक्री वितरण समेत हुनेछ।

भक्तपुरको प्रसिद्ध भाज्या पुखु र कमल विनायक पोखरीमा खाना महोत्सव हुनेछ। उक्त स्थानहरूमा ४३ वटा स्टलहरूमा विभिन्न परम्परागत नेवारी तथा आधुनिक खाद्य परिकारहरूको बिक्री वितरण व्यवस्था मिलाएका छौँ। नगरभरि टोल-टोलमा स्थानीय समुदाय, महिला समूह, टिम क्लब, विद्यालय र सहकारी संघ संस्थाहरूबाट २९ वटा खाद्य स्टलहरूको व्यवस्था गरी भक्तपुर महोत्सवको अवलोकनको लागि आउनु हुने आन्तरिक र बाह्य पाहुनाहरूलाई विभिन्न खाद्य सामग्रीबाट सत्कार गर्ने पनि व्यवस्था मिलाएका छौँ।

मानव समाजकै प्राचीन पेशामध्ये एक मृत्तिका कला भक्तपुरको तालाक्व र सूर्यमढीमा जीवन्त प्रदर्शनीको व्यवस्था मिलाएका छौँ। तालाक्व क्षेत्रमा नेवार समुदायमा

जन्मदेखि मृत्यु संस्कारसम्म प्रयोग हुने माटाका भाँडाकुँडाको प्रदर्शनी हुने जानकारी गराउन चाहन्छौं।

नगरका विभिन्न ११ स्थानमा स्थानीय नेवारहरूको जन्मदेखि मृत्युसम्म गरिने विभिन्न संस्कारहरू मध्ये मचाबु ब्यंकेगु, मचा चिपं थिकेगु, न्यदा बुदीं, प्यदा बुदीं, ईहि, कयता पुजा, बाह्रा, बिहा, जंको, लगायतका संस्कारको नमूना प्रदर्शनीको व्यवस्था मिलाएका छौं। साथै नगरका विभिन्न स्थानमा परम्परागत सीप र कलासँग सम्बन्धित चिउरा कुट्ने, जाँड बनाउने, रक्सी बनाउने, धान कुट्ने, कपडा बुन्ने, थाज्या यनेगुलगायतका परम्परागत विधिहरूको जीवन्त प्रदर्शनीको व्यवस्था मिलाएका छौं। भक्तपुरको साकोलान र इचाडोल दुई स्थानमा परम्परागत तरिकाबाट तोरीको तेल उत्पादन गर्ने चिकं सः प्रयोगको जीवन्त प्रदर्शनीको व्यवस्था मिलाएका छौं।

भक्तपुरको लामु गःमा विभिन्न १८ वटा प्रकाशन गृहहरूबाट २५ वटा स्टलहरूमा विभिन्न किसिमका पुस्तकहरूको प्रदर्शनी हुने भएको छ। साथै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज देकोचा तथा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ लिवालीमा शैक्षिक प्रदर्शनीको व्यवस्था मिलाइएका छौं। ख्वप कलेज देकोचामा २६ वटा विद्यालयहरूबाट र ख्वप इन्जिनियरिङ कलेजमा वास्तु सम्बन्धि ९ वटा, सिभिल इन्जिनियरिङसम्बन्धी १० वटा प्रदर्शनी गर्नेछन्। ख्वप कलेजमा साहित्यकार हृदयचन्द्र सिंह प्रधानका उत्कृष्ट नाटकहरू प्रत्येक दिन प्रस्तुत गरिनेछ।

भक्तपुर नगरपालिका वडा नं. ५ पसिखेल तरकारी बजारमा हुने कृषि उत्पादनको व्यवसायिक प्रदर्शनी हुनेछ। तरकारी बजारमा स्थानीय व्यापारीहरूबाट तरकारी पसल सञ्चालन गर्न आवश्यक तयारी भइरहेको छ।

भक्तपुर नगरपालिका वडा नं ५ भेलुखेलस्थित योसिंखेलमा १२ वटा विद्यालयहरूबाट बालमैत्री प्रदर्शनी हुनेछ। उक्त स्थानमा बालबालिकाको मनोरञ्जनको लागि फेस् पेन्टिङ, किड्स प्ले स्टेशन, साँस्कृतिक कार्यक्रम, बाल खेल प्रतियोगिता, फ्री आर्ट्स कर्नर, बाल स्काउट्स गतिविधि, शैक्षिक सामग्री प्रैदर्शनी, फोटो कर्नर, स्थानीय पिङ आदिको व्यवस्था मिलाएका छौं।

नगरका ३ स्थानहरू नः पुखु परिसर, नासमना र तेखापुखुमा घरेलु तथा साना उद्योगसँग सम्बन्धित परम्परागत सीप र कलाको जीवन्त प्रदर्शनी र सोसँग सम्बन्धित उत्पादनहरूको प्रदर्शनी एवम बिक्री वितरणको व्यवस्था मिलाएका छौं। भक्तपुरको थालाछेँ र गोल्मढीमा परम्परागत रूपमा धागो रंग्याउने प्रदर्शनी हुनेछ।

भक्तपुर नगरपालिका वडा नं ७ स्थित यातामा ९ वटा सहकारी संस्थाहरूबाट १४ वटा स्टलहरूमा सहकारीहरू गतिविधि प्रदर्शनी गरिनेछ। साथै उक्त स्थानमा दैनिक साँस्कृतिक कार्यक्रम हुने र अवलोकनकर्ताहरूको लागि खाद्य स्टलको समेत व्यवस्था रहेको जानकारी गराउन चाहन्छौं।

भक्तपुरको ४ वटा पोखरीहरूमा पाहुनाहरूको मनोरञ्जनको लागि नौका बिहारको लागि २३ वटा डुङ्गा व्यवस्था छ भने नः पुखुमा वाटर साइक्लिङ्को व्यवस्था गरेका छौं।

नगरका दुई स्थानहरू सानो व्यासी र महेश्वरी खेल मैदानमा व्यापार मेलाको व्यवस्था मिलाएका छौं। सानो ब्यासीमा आधुनिक डोम स्टलको व्यवस्था मिलाइएकोमा ४० भन्दा बढी स्टलहरूको बुकिङ्ग भइसकेको छ भने महेश्वरी खेल मैदानको व्यापार मेला ९० भन्दा स्टल बुकिङ्ग भइसकेको पनि जानकारी गराउन चाहन्छौं।

त पुखु र यातु बाऱ्हे पुखुमा दिपावलीको व्यवस्था मिलाएका छौं भने भाज्या पुखुको जलेश्वर मन्दिरमा दिपावली हुने जानकारी गराउन चाहन्छौं। यसका साथै भक्तपुर दरबार क्षेत्रमा मूर्तिकलाका कलाकारहरूबाट विभिन्न मूर्तिहरूको प्रदर्शनीको व्यवस्था मिलाएका छौं। भक्तपुर महोत्सव अवलोकनको लागि आउने सम्पूर्ण पाहुनाहरूको लागि नगरका विभिन्न ७ स्थानहरूमा (क्वाठण्डौ, दत्तात्रय, टौमढी, तालाक्व, खलाँ, रानी पोखरी, कमलपोखरी) महोत्सवलाई लक्षित गरी इन्टरनेट सेवा प्रदायक वर्ल्डलिंकसँग सम्झौता गरी निःशुल्क वाईफाईको व्यवस्था मिलाएका छौं।

महोत्सवमा आउनुहुने सम्पूर्ण पाहुनाहरूलाई आवश्यक सेवा सुविधा प्रदान गर्न नगरका विभिन्न १८ स्थानमा सूचना केन्द्र, १४ स्थानमा प्राथमिक उपचार केन्द्र, ३० भन्दा बढी स्थानमा खानेपानी , ३० भन्दा बढी स्थानमा शौचालय सुविधा, २२ वटा पार्किङ्ग स्थलको व्यवस्था मिलाएका छौं। साथै महोत्सवलाई मध्यनजर गरी महोत्सव सञ्चालन हुने नगरको पुरानो क्षेत्रमा विहान ९ बजेदेखि साँझ ६ बजेसम्म आकस्मिक सेवा बाहेकका सवारी साधन प्रवेश निषेध गर्न नगरका विभिन्न १९ स्थानमा प्रवेश निषेधको व्यवस्था मिलाएका छौं।

महोत्सव अवधिभर शान्ति सुरक्षा र ट्राफिक व्यवस्थापनको लागि जिल्ला प्रशासन कार्यालय भक्तपुर, जिल्ला प्रहरी परिसर भक्तपुर, जिल्ला ट्राफिक प्रहरी परिसर भक्तपुर, शसस्त्र प्रहरी बल भक्तपुरलगायतका सुरक्षा निकायहरूसँग समन्वय र सहकार्य भइरहेको जानकारी गराउन चाहन्छौं। महोत्सवलाई भव्य र सभ्य रूपमा सञ्चालन गर्न स्थानीय स्काउटका ५०० र स्काउट मास्टर ७५ गरी कूल ५७५ जना स्काउटरहरू परिचालन हुने छ। प्रति दिन २५०

जनाका दरले मुख्य गतिविधिहरू हुने स्थानमा स्वयम्सेवा गर्नेछन् । साथै विद्यालय र कलेजका विद्यार्थीहरू र आवश्यकताअनुसार स्वयम्सेवकहरू परिचालनको तयारी भईरहेको जानकारी गराउन चाहन्छौँ ।

विगतमा जस्तै उपस्थित सम्पूर्ण पत्रकार साथीहरूले महोत्सवको तयारीको विषयमा र महोत्सवको अवधिमा सम्बन्धित सञ्चार माध्यमहरूबाट पर्याप्त प्रचारप्रसार हुने आशासहित सम्पूर्णमा धन्यबाद ज्ञापन गर्न चाहन्छौं । धन्यबाद !

सुनिल प्रजापति
नगर प्रमुख एवम् संयोजक
भक्तपुर महोत्सव मूल समारोह समिति
मिति : २०८१ मंसिर २६ गते बुधबार

## स्थलगत निरीक्षण

भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ मंसिर २८ देखि पुस २ गते सम्म सञ्चालन हुने भक्तपुर महोत्सव २०८१ को पूर्वसन्ध्यामा नगर प्रमुख सुनिल प्रजापति, उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईलगायतले महोत्सव स्थलहरूमा आज निरीक्षण गर्नुभयो । उहाँले भक्तपुर नपा वडा नं. १ स्थित रानी पुखु, सिद्ध पुखु, भाजु पुखु, नःपुखु, दरबार क्षेत्र, टौमढी, लक्ष्मीनरसिंह मन्दिर, ल्योसिंख्यो लगायतका क्षेत्रहरूमा महोत्सवको व्यवस्थापन र तयारीबारे मंसिर २७ गते जानकारी लिनुभयो ।













# पर्यटन भ्रमण दशकको उपलब्धिहीन दुई वर्ष

**विवेक**

नेपाल सरकारले सन् २०२३ देखि २०३२ सम्मलाई पर्यटन भ्रमण दशक घोषणा गऱ्यो। २ वर्षअघि घोषणा गरिएको भ्रमण दशकलाई सफल पार्न देशभरका पालिकाहरूले आ-आफ्नो क्षमताअनुसार पर्यटन प्रवर्द्धनकालागि कार्यलाई अगाडि बढाउँदैछन्। गतवर्ष सन् २०२३ मा नेपाल भ्रमण गर्ने पर्यटकहरूको सङ्ख्या १० लाख १४ हजार थियो भने चालू वर्ष २०२४ मा १६ लाख पुऱ्याउने लक्ष्य थियो। सबैले इमानदारीपूर्वक काम गरेको भए त्यो लक्ष्य पूरा गर्न कुनै गाह्रो पनि होइन। तर बितेको ११ महिनामा १० लाख ५५ हजार मात्र पर्यटक नेपाल भित्रिएको तथ्याङ्कले यो वर्ष पर्यटन क्षेत्रमा खासै प्रगति हुन नसकेको सङ्केत गर्दछ।

नेपालमा पर्यटकहरूलाई आकर्षित गर्ने थुप्रै क्षेत्रहरू छन्। नेपाल प्राकृतिक रूपले अत्यन्त सुन्दर छ, कला संस्कृति र सम्पदाहरूले अनुपम छ र बुद्ध जन्मभूमि लुम्बिनी छ। विश्वमा शिखर सगरमाथाको सँगै विश्वका अग्ला दर्जनौँ हिमाल पनि नेपालमै छन् भन्ने फरक फरक हावापानी र त्यहीअनुसारको प्राकृतिक सुन्दरता, जडिबुटी र अन्य विभिन्न क्षेत्रमा पनि नेपाल विश्वकै राम्रो मध्येको मानिन्छ। तर पनि नेपालमा लक्ष्यअनुसार पर्यटकहरूको आगमन हुन सकेको छैन।

पर्यटन क्षेत्र देशको अर्थतन्त्रको एउटा आधार भएपनि सरकारले त्यसलाई प्राथमिकतामा नराखेको कारण अगाडि बढ्न नसकेको प्रष्टै छ। भ्रमण दशक सफल पार्न देशका विभिन्न पालिकाहरूले आ-आफ्नो कार्यक्रमहरू अगाडि बढाउने क्रममा २०८१ मंसिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर नगरपालिकाले ५ दिने भक्तपुर महोत्सवको सम्पन्न गऱ्यो। स्वदेशी र विदेशी पर्यटकहरू भित्र्याउने उद्देश्यले आयोजना गरिएको त्यो महोत्सव सफल पार्न अन्तराष्ट्रिय क्षेत्रमा प्रचारप्रसारको लागि नेपाल पर्यटन बोर्डलाई आग्रह गरियो र उद्घाटन कार्यक्रममा अतिथि पनि बोलाइयो। तर दरबार क्षेत्रमा भएको उद्घाटन कार्यक्रममा पर्यटन बोर्डको तर्फबाट कोही प्रतिनिधिसम्म पनि उपस्थित भएन भने पर्यटन तथा संस्कृति मन्त्रालयबाट उपसचिव स्तरको एक कर्मचारीलाई पठाएर झारा तार्ने काम गऱ्यो।

नेपालमा आएका विदेशी पर्यटकहरू बढी भ्रमण गर्ने ठाउँ मध्ये भक्तपुर पनि एक हो। भक्तपुरमा विश्व सम्पदा सूचिमा सूचिकृत दरबार क्षेत्र, टौमढी र दत्तात्रय क्षेत्र जस्ता बास्तुकलाको दृष्टिले अनुपम ठाउँ छन्। पुरै प्राचीन नगरलाई सम्पदा बस्तीको रूपमा विकास गर्न नगरपालिका लाग्दैछ। त्यसमा पनि भक्तपुरको 'हिजो र आजको वास्तविक रूप' देखाउन भनी नगरपालिकाले स्थानीय जनतालाई आह्वान गरेको थियो। महोत्सवको अवधिमा स्थानीय बासीहरूले करिब करिब लोप भइसकेका परम्परागत खेल, भेषभुषा, खाना, संस्कृति, नाचगान, जात्राहरू र जन्मदेखि मृत्यु संस्कारसम्म देखाइएको थियो। त्यस्ता विषयहरूमा के देशको पर्यटनको जिम्मेवारी लिएर बसेका संस्कृति तथा पर्यटन मन्त्रालय र नेपाल पर्यटन बोर्डले ध्यानदिनु पर्ने होइन ?

सरकारले पर्यटन क्षेत्रको विकासको लागि उचित काम गर्न नसके पनि काम गरिरहेका पालिकाहरूलाई उत्साह दिने काम त गर्न सक्थ्यो होला नि ! त्यो पनि भएन। देशका विभिन्न ठाउँहरूमा पर्यटन केन्द्रित विभिन्न गतिविधिहरू भइरहेका छन् तर मन्त्रालय र पर्यटन बोर्ड बेखबर जस्तै बसिरहेका छन्। मन्त्रालय र पर्यटन बोर्ड आफै सक्रिय भएर पर्यटन क्षेत्रको विकासका सम्भावना भएका क्षेत्रहरूलाई कार्यक्रमहरू गर्न सहयोग गर्नुपर्ने होइन र ? नत्र पर्यटन मन्त्रालय र पर्यटन बोर्ड रहनु र नरहनुको कुनै अर्थ हुँदैन।

कम्बोडियामा सन् २०२३ मा ५४ लाख ५३ हजार विदेशी पर्यटकहरूले भ्रमण गरे। त्यहाँका एउटा मन्दिर एन्कोरबाट (Angkor Wat) मा मात्र वार्षिक २५ लाखभन्दा बढी पर्यटकहरूले भ्रमण गर्ने गर्छन्। त्यसरी नै क्युबामा वार्षिक ५० लाखभन्दा बढी पर्यटकहरूले भ्रमण गर्ने गर्छन्। ती देशहरूको तुलनामा नेपालमा पर्यटकहरू आकर्षित गर्ने स्थल कति छन् कति ? तर पनि किन पर्यटकहरू नेपालमा कम मात्र आउँछन् ? पर्यटन तथा संस्कृति मन्त्रालयका जिम्मेवार पदाधिकारीहरूले जवाफ दिनु पर्छ।

नेपालले छिमेकी देशहरूचीन र भारतका पर्यटकहरूलाई मात्रै आकर्षित गर्न सकेमा पनि त्यसले नेपालको अर्थतन्त्रमा ठूलो योगदन पुऱ्याउन सक्ने छ। चीनका ११ करोड नागरिक वार्षिक विदेश भ्रमण गर्ने प्रक्षेपण गरिएको छ भने भारतका करिब १ करोडको हाराहारीमा छन्। चीनका पर्यटकहरूमध्ये नेपालमा ५ प्रतिशत मात्रै भित्र्याउन सके पनि ५० लाखभन्दा बढी चिनियाँ पर्यटकहरूले भ्रमण गर्ने

छन् भने भारतका ४/५ लाख पर्यटकहरू आउनेछन् । त्यसको लागि सरकारले व्यवस्थित कार्ययोजना बनाइ लागु गर्नु आवश्यक छ ।

चीनले सन् २०२५ लाई नेपाल भ्रमण वर्ष मनाउँदै छ । नेपाल स्थित चिनियाँ राजदूत छन सोङले भक्तपुर महोत्सवको समापन कार्यक्रममा बोल्दै नेपाल भ्रमण वर्षको उद्घाटन भक्तपुरको दरबार क्षेत्रमा गर्ने घोषणा गरे । राजदूत छङको घोषणालाई उपस्थित हजारौं जनताले ताली बजाएर अनुमोदन गरे । पर्यटन क्षेत्रको विकासको लागि यो सकारात्मक पाटो हो । त्यसबाट नेपालले फाइदा लिन सक्नु पर्छ ।

सरकारले विदेशी पर्यटन भित्र्याउनकालागि वातावरणअनुकूल बनाउँदै लानु पर्नेमा झन् झन् जटिलताहरू देखा पर्दै छन् । केही समय अघिदेखि भैरहवा विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुरु गर्ने कतार एयर वेज, फ्लाइ दुबइ, थाइ एयर, एयर एसिया, जजिरा एयरवेजलगायतले हालै बन्द गरेका छन् । अब नेपाल वायु सेवा निगमले मात्रै त्यहाँबाट सेवा दिइरहेको छ । पोखरा विमानस्थलबाट अहिलेसम्म नियमित उडान हुन सकेको छैन । पोखरा र भैरहवा विमान स्थल नियमित रूपमा सञ्चालन गर्न भारतसँग छलफल गर्न आवश्यक भए त्यो गर्न पनि सरकारले पहल गर्नुपर्छ ।

विमानस्थल बनाउन विदेशीसँग अरबौंको ऋण लिने तर त्यसलाई सञ्चालन गर्न ध्यान नदिने जस्ता कारणहरूले पर्यटन क्षेत्रबाट राज्यले उचित फाइदा लिन सकेको छैन । यसले पर्यटनको जिम्मेवारी लिएर बसेका पदाधिकारीहरूले नै देशलाई विदेशी ऋणमा डुबाएर समाप्त पार्न खोजेका त होइनन् भन्ने प्रश्न पनि उठ्ने गरेको छ । पोखरा विमानस्थल निर्माणका लागि चीनसँग २५ अर्ब ऋण लियो तर न विमानस्थल सञ्चालनतर्फ सरकारले ध्यान दियो न ऋण तिर्न नै । बरु त्यो ऋण अनुदानमा परिणत गर्न माग गर्ने तथा चीनसित ऋण नलिने अनुदानमात्र माग गर्ने भन्ने सरकारले नीति लियो । त्यसको जवाफमा एक चिनियाँ विद्वानले 'हाम्रो पैसा हावाबाट होइन, चिनियाँ जनताको कडा परिश्रमबाट आएको हो, हामी कसरी विना लगानी दिन सक्छौं ?' (नयाँ पत्रिका २५ मंसिर) भनी अनुदान दिन नसकिने प्रष्ट पारे ।

विदेशीसँग भिख मागेर संधै देश चलाउन सम्भव छैन । शासकदलहरू त्यो देश सिध्याउने सोच हो । चालू वर्ष १८ खर्बको बजेट पारित गर्ने सरकारले १४ खर्ब राजश्व उठाउने अनुमान गरेकोमा ५ महिनामा बल्ल ५ खर्बमात्र राजश्व सङ्कलन भएको देखिन्छ । यसले सरकारले कर्मचारीलाई तलब खुवाउन समेत नसक्ने अवस्थामा पुगेको स्पष्ट हुँदैछ । देश २५ खर्बभन्दा बढी सार्वजनिक ऋणमा छ । देश ऋण तिर्न पनि ऋण लिनु पर्ने अवस्था पुग्दै छ । देशको अर्थतन्त्र धरासायी तर्फ गएको यो भन्दा अरु प्रमाण के चाहियो ?

पर्यटनको सिजनमै १० घण्टासम्म त्रिभुवन विमान स्थल बन्द गर्नु, पोखरा र भैरहवा विमान स्थल राम्रोसँग सञ्चालन गर्ने तर्फ सरकारले ध्यान नदिनु, पटक पटक हवाइ दुर्घटना र सडक दुर्घटनाहरू हुनु तथा देशको मूल राजमार्ग नारायणगढ–बुटवल खण्डको सडकको दुर्दशा समेतले हवाइ मार्ग र सडक मार्गबाट आउने पर्यटकहरूमा उल्यख्य बृद्धि हुन नसकेको हो ।

पर्यटन विकासको लागि सुन्दर देश भएर मात्र पुग्दैन शान्ति सुरक्षाको सुनिश्चितता पहिलो शर्त हो । यसबारे पर्यटन क्षेत्रको जिम्मेवारी लिएर बसेका पदाधिकारीहरूले ध्यान दिनु जरुरी छ । पर्यटकहरू ट्रेकिङ जाने पहाडहरूमा गाडी गुड्ने सडकहरू निर्माण र केबुलकारको विकासले पर्यटकहरूको भ्रमण समय छोटिनेछ । त्यसका लागि ट्रेकिङ रुट सुरक्षित गर्दै सडकहरू अर्कै ठाउँबाट बनाउने तर्फ पनि राज्यले ध्यान दिनुपर्ने देखिन्छ ।

विदेशी पर्यटकहरू भरपर्दो आधार होइन । २०७२ सालमा भएको विनाशकारी भूकम्प, भारतले गरेको अमानवीय नाकाबन्दी र २०७६।७७ सालमा विश्वव्यापी महामारीमा फैलिएको कोभिड–१९ र रुस युक्रेन युद्धलगायत विभिन्न कारण युद्धहरूले पर्यटन क्षेत्र नराम्ररी प्रभावित भयो । त्यसले देशको अर्थतन्त्रमा नराम्ररी असर पार्यो । त्यसबाट पाठ सिकेर भक्तपुर नगरपालिकाले आन्तरिक पर्यटनलाई जोड दिंदै छ । भक्तपुर महोत्सव आन्तरिक पर्यटनमा केन्द्रित महोत्सव थियो । ५ दिनमा आन्तरिक र बाह्य गरी करिब ७८ लाख पर्यटकहरूले भ्रमण गरेको महोत्सव साँचो अर्थमा भक्तपुर बासी जनताको महोत्सव बन्यो । महोत्सव स–साना बालबालिकादेखि ज्येष्ठ नागरिकसम्मले आ–आफ्नो कला प्रस्तुत गरेर पर्यटकहरूलाई आकर्षित गरेका थिए ।

वास्तवमा पर्यटनको प्रबल सम्भावना हुँदाहुँदै पनि उचित व्यवस्थापनको अभावमा सन् २०२४ मा १६ लाख पर्यटक भित्र्याउने लक्ष्य लिए पनि ११ लाखमा चित बुझाउनु पर्ने अवस्था आयो । अब सरकारको भर पर्यो भने यो देशमा केही पनि होला जस्तो देखिँदैन । सरकारले घोषणा गरेका पर्यटन दशकको २ वर्ष उपलब्धिहीन भएर बित्दैछ । सबै पालिकाहरूले सरकारको भर नपरि आत्मनिर्भर हुन आन्तरिक पर्यटन विकास तर्फ ध्यान दिने कि !

# भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गरेका केही असल अभ्यासहरू



बसन्त भट्टराई

## १) विषय प्रवेश

नेपालमा स्वास्थ्य उपचार पद्दतिको इतिहास प्राचीन कालबाट नै सुरू भएको पाइन्छ। पछिल्लो पटक १७ औं शताब्दीमा सिंहदरबार, वैद्यखानाको स्थापना भएसँगै आयुर्वेद उपचार पद्दतिको सुरूआत भएको पाइन्छ भने वि.सं. १९४७ मा वीर अस्पतालको स्थापना भएपछि आधुनिक चिकित्सा पद्दतिको सुरू भएको हो । नागरिक स्वास्थ्यलाई मध्यनजर गर्दै राज्यले अहिले यस क्षेत्रमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र पुनर्स्थापकीय स्वास्थ्य सेवाहरू प्रदान गरिरहेको छ । उपचारका विभिन्न विधाहरू आयुर्वेद, होमीयोप्याथिकदेखि एलोप्याथिक पद्दतिसम्म प्रयोग गरी स्थानीय तहको वडादेखि केन्द्रीय तहका विभिन्न स्वास्थ्य संस्थाहरूमार्फत राज्यले आमनागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिरहेको छ ।

वि.सं. २०७२ सालमा नेपालको संविधान लागू भएसँगै देशमा सङ्घीय शासन प्रणालीको आरम्भ भयो। सङ्घीय शासनको तल्लो एकाई, नागरिकको घर दैलोको सरकार स्थानीय सरकारलाई नागरिकको आधारभूत स्वास्थ्य सम्बन्धी अधिकार संविधानमै एकल सूचीमा स्थापित भयो। तर देशकै सबैभन्दा सानो नगरपालिका भए पनि भक्तपुर नगरपालिकाले भने स्वायत्तताको अभ्यास २०५६ सालदेखी नै गर्न शुरु गरिसकेको थियो। स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ को अधिनमा रही तत्कालीन समयमा शिक्षा क्षेत्रको विकासबाट शुरु भएको कार्य हाल आएर एक साँस्कृतिक नगर र जीवन्त शहर बनाउने प्रयासतर्फ उन्मुख छ। संविधान र प्रचलित कानूनको अधिनमा रही शिक्षा,स्वास्थ्य, खेलकुद, सम्पदा विकासमा भक्तपुर नगरपालिकाले देशमै अग्रणी छलाङ मारेको छ। शिक्षा पछि दोस्रो प्रमुख प्राथमिकतामा स्वास्थ्य सेवा राखी नागरिकको सेवामा रहेको यस नगरपालिकाले यस क्षेत्रमा देशभरका अन्य स्थानीय सरकारले भन्दा फरक तथा विश्वमै नमुनाका रूपमा रहेका स्वास्थ्य सेवासम्बन्धी कार्य गरिरहेको छ । यस आलेखमा भक्तपुर नगरपालिकाले नागरिकको प्रत्यक्ष सरोकारको विषय स्वास्थ्य क्षेत्रको विकासको सम्बन्धमा गरेका केही असल अभ्यास र सो को भावी कार्यदिशालाई समेट्ने प्रयास गरिएको छ ।

## २) स्थानीय सरकार र स्वास्थ्य क्षेत्रको अधिकार

नेपालको संविधानको प्रस्तावनामै समतामूलक समाजको निर्माण गरिने उल्लेख गरिएको छ भने मौलिक हकदेखी राज्यका नीतिहरू सम्म स्वास्थ्य क्षेत्रलाई निकै महत्त्व प्रदान गरेको छ। समाजवाद उन्मुख संविधानको पहिलो प्राथमिकता नै शिक्षा र स्वास्थ्य हो। सोही अनुरूप संविधानको मौलिक हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने सुनिश्चतता गरिएको छ भने प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने, प्रत्येक नागरिकलाई स्वास्थ्य सेवा, स्वच्छ खानेपानी तथा सरसफाइमा समान पहुँचको हक हुने ब्यबस्था गरिएको छ।

राज्य तथा सरकार सञ्चालनको मार्गदर्शनको रूपमा रहने राज्यका नीतिहरू अन्तर्गत संविधानको धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत स्वास्थ्य क्षेत्रमा राज्यले अवलम्बन गर्ने नीतिहरू उल्लेख गरिएको छ । नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने, नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेदिक, प्राकृतिक चिकित्सा र होमियोप्याथिकलगायत स्वास्थ्य पद्धतिको संरक्षण र प्रवर्धन गर्ने, स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सङ्ख्या वृद्धि गर्दै जाने, नेपालको क्षमता र आवश्यकताका आधारमा जनसङ्ख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने नीतिहरू उल्लेख गरिएको छ। संविधानले उल्लेख गरेका सङ्घीय ईकाईहरू सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार यसका अनुसूचीहरूमा ब्यबस्थित

गरिएको छ। अनुसुची ५ मा सङ्घको अधिकार अन्तर्गत स्वास्थ्य नीति, स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरुवा रोग नियन्त्रण रहेको छ। अनुसूची ६ मा प्रदेशको अधिकार क्षेत्र उल्लेख गरी स्वास्थ्य सेवा अधिकार सूचीमा रहेको छ। अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारमा आधारभूत स्वास्थ्य सेवा र सरसफाइ उल्लेख छ। त्यसैगरी अनुसूची ९ मा रहेको सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा स्वास्थ्य सम्बन्धी अधिकार उल्लेख छ।

## ३) भक्तपुर नगरपालिकाको सङ्क्षिप्त जानकारी

स्थानीय नेवारी भाषामा ख्वप नामले चिनिने भक्तपुर काठमाण्डौं उपत्यकाको पूरानो नेवारी साँस्कृतिक केन्द्र हो। यो नगर नेपालको राजधानी काठमाण्डौंबाट १५ कि.मी. पूर्वमा अवस्थित छ। समुद्री सतहबाट १४०१ मीटरको उचाईमा अवस्थित यस नगर ६.८८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। यस नगरमा ९० प्रतिशतभन्दा बढी नेवार र बाँकी ब्राम्हण, मुस्लिम र अन्य जातिहरू बसोबास गर्दछन्। वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना अनुसार भक्तपुर जिल्लामा ४,३२,१३२ र ऐतिहासिक नगरी भक्तपुरमा ७९,१३६ जनसङ्ख्या बसोबास गर्दछन् भने नगर क्षेत्रमा त्यत्तिकै सङ्ख्यामा विभिन्न कार्यको सिलसिलामा अस्थायी बसोबास गर्ने जनसङ्ख्या रहेको अनुमान छ। यहाँका सम्पदा संरक्षणलाई प्रशंसा गर्दै युनेस्कोले यस शहरलाई सन् १९७९ मा विश्व सम्पदा सूचीमा सूचीकृत गरेको छ। नेपालको लिखित ईतिहास भक्तपुरको चाँगुनारायणबाट शुरु हुन्छ। जुजु धौ, भादगाउँले टोपी, हाकु पटासी, माटोको भाँडाकुडा र हस्तकला आदिले भक्तपुर नगरको परिचय र त्यहाको मौलिकता झल्काउँछ।

स्वास्थ्य सेवा अन्तर्गत हाल यस नगरमा ६ ओटा अस्पतालहरू र ४ ओटा जनस्वास्थ्य केन्द्रहरू छन्। यी अस्पतालहरूमध्ये एउटा बालबालिका र महिला रोग सम्बन्धित छ, एउटा अर्बुद्धरोगसँग सम्बन्धित, एउटा अङ्ग प्रत्यारोपणसँग सम्बन्धित र बाँकी ३ सामान्य रोगहरूको उपचारसँग सम्बन्धित छन्। नगरपालिकाले नगरका विभिन्न ठाउँमा जनस्वास्थ्य केन्द्रहरू पनि सञ्चालन गरिरहेको छ। नगरपालिका स्वयंले सुविधासम्पन्न अस्पताल समेत सञ्चालनमा ल्याएको छ।



भक्तपुर नगर कार्यपालिका भवन

## ४) स्वास्थ्य क्षेत्रमा भक्तपुर नगरपालिकाको प्रयास

समाजवादउन्मुख राज्य व्यवस्थामा स्वास्थ्य उपचार सेवा राज्यको दायित्वभित्र पर्ने गर्दछ। देशको शिक्षा र स्वास्थ्यमा उल्लेखनीय सफलता हासिल गरेका कारण भक्तपुर नगरपालिकालाई देशकै नमुना नगरपालिका र सफल नगरपालिकाको रूपमा हेर्ने गरिन्छ। भक्तपुर नगरपालिकाले आफ्नै स्रोत र साधनबाट उच्च शिक्षा प्रदान गर्ने ७ ओटा शैक्षिक संस्था तथा एक ओटा सय शय्याको नगर अस्पताल सञ्चालन गरिरहेको छ। स्थानीय तहमा नेपालमा कलेज र अस्पताल सञ्चालन गर्ने नगरपालिकामा भक्तपुर नगरपालिका मात्रै रहेको छ। सस्तो, सुलभ र गुणस्तरीय शुल्कमा शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्नु आफैमा एउटा चुनौती हो, जुन हालसम्म यस नगरपालिकाले सफलतापूर्वक सम्हाल्दै आएको छ। भक्तपुर नगरपालिकाले समुदायमा आउने हरेक समस्या र विपत्तिमा एक सफल जिम्मेवारी वहन गर्दै आएको सर्वविदितै छ। भक्तपुर नगरपालिकाले शिशुस्याहार, अस्पताल, बहुप्राविधिक शिक्षालय, विभिन्न खेलकुदको नियमित तालिम सञ्चालन, वडावडामा खुला व्यायामशाला, छिकोङ व्यायाम आदर निकेतन एवं व्यवस्थित शवदाह गृह आदिको निर्माण गर्नुले स्वास्थ्य सेवाका लागि मानिसको जन्मदेखि मरणसम्मको जिम्मेवारी बहन गरेको प्रतित हुन्छ।

भक्तपुर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा योगदान गर्ने उद्देश्यले वि.सं. २०३० सालमा जनस्वास्थ्य केन्द्र सञ्चालन गरी स्वास्थ्य र सरसफाइमा पाइला चालेको थियो। नगरपालिकाको यही शुरुवात सहितको अथक प्रयासको कारण आज देशको सफल नगरपालिकामध्ये अग्रस्थानमा पर्दछ। यस नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गरेका केही असल अभ्यासहरूलाई देहाय बमोजिम उल्लेख गरिन्छ।

### ४.१) निरोधात्मक कार्यक्रमहरू

आ.व. २०८०/८१ को घरदैलोको तथ्याङ्कअनुसार भक्तपुर नगरपालिकामा सर्नेभन्दा नसर्ने रोगहरू बढी देखिएको छ। त्यसमध्ये पुरुषमा भन्दा महिलामा धेरै रोग देखिएको छ। यस्तो हुनुको कारण पुरुषहरूले रोग लुकाएको वा चेकजाँच नगरेको वा घरदैलो जाने क्रममा नभेटिएको हुनसक्ने अनुमान छ। नगरपालिकाबाट सङ्कलित तथ्याङ्कको आधारमा

क्रमशः उच्च रक्तचाप, मधुमेह, दम, कोलेस्टोरोल, हाडजोर्नी, मुटुरोग, थाइराइड, नशा रोग, मानसिक, मृगौला रोग, क्यान्सर र अन्यमा पक्षघात, पत्थरी, जन्डिस, क्षयरोग, सुस्त मनस्थिति आदि रोगहरू पर्छन् ।

यसरी नियमितरूपमा प्रत्येक वर्ष सङ्कलन गरिएको तथ्याङ्कअनुसार भक्तपुर नगरपालिकामा विभिन्न किसिमका दीर्घकालीन नसर्ने रोगहरूको सङ्ख्या धेरै रहेको देखिन आएको छ । यसरी देखिएका सम्पूर्ण रोगहरूको रोकथाम र नियन्त्रणका लागि निरोधात्मक उपायहरू अवलम्बन गरी नियन्त्रणको अहम् भूमिका खेल्न सकिन्छ । यसका लागि घरदैलो नर्सिङले विभिन्न रोगको जनचेतनामूलक तालिम, अभिमुखीकरण, कक्षा र नियमित अनुगमनले पनि साथ सहयोग पुगेको छ । कतिपय मानिसहरू समयमै राम्रो सल्लाह र सुझाव पाएको कारण समयमै उपचार पाएको र आफ्नो स्वास्थ्यप्रति सजग भएका छन् । यति हुँदाहुँदै पनि नगरका शिक्षित र सचेत मानिसहरूले समेत आफ्नो नियमित खानपान र रहनसहनको व्यवहारमा परिवर्तन र चासो दिन खोजिरहेको पाईंदैन । कतिपय मानिसहरूलाई रक्तचाप र चिनी जाँच गर्दा खराबी देखिएको तथा रोगबारे विस्तृत विवरण बताउँदा पनि जाँच्न मन नपराउने र त्यस्ता रोगहरूको उपचारमा ढिलाइ भएको कारण यस्तो दीर्घकालीन रोगहरू बढी मात्रामा देखिन आएको छ र यो अकाल मृत्युको कारण बनेको पनि छ । नगरमा अझै धेरै नगरवासीहरू कार्य व्यस्तताको कारण आफ्नो स्वास्थ्य सम्बन्धमा सचेत हुन सकेका छैनन् । नगरका न्यून जनसङ्ख्या मात्रै पनि साक्षरता अभावका कारण यस्ता दीर्घकालीन रोगबाट ग्रसित देखिन्छन् । यसको न्यूनीकरणका लागि नगरपालिकाले स्वास्थ्य क्षेत्रमा गरेका निरोधात्मक प्रयासहरूलाई देहायबमोजिम प्रस्तुत गरिन्छ–

### ४.१.१) खुला ब्यायामशाला

देशमै पहिलो पटक भक्तपुर नगरपालिकाले खुला ब्यायामशालाको शुरुवात गरेको पाईन्छ । नागरिकहरूलाई जुन समयमा पायक पर्छ सोही समयमा आफ्नो नजिकको खुल्ला क्षेत्रमा राखिएका ब्यायामका सामाग्रीबाट ब्यायाम गर्दा एकातिर कम आय हुने वर्गलाई ब्यायाम गर्ने अवसर प्राप्त भएको छ भने अर्कातिर नगरबासीहरूलाई ब्यायामको आदत बसाउने कार्य सहज भएको छ । हाल नगरपालिकाले नगर क्षेत्रभित्रका विभिन्न २३ स्थानमा खुल्ला ब्यायामशाला स्थापना गरेको छ भने अन्य स्थानहरूमा समेत यसको विस्तारका प्रयासहरू भईरहेका छन् ।



खुल्ला ब्यायामशाला

### ४.१.२) स्वास्थ्य शिविर

नगरपालिकाले विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमा नियमितरूपमा वडा वडामा पाठेघर र स्तन क्यान्सर, आँखा, हाडजोर्नी, नाक, कान र घाँटी, श्वासप्रश्वास सेवालगायतको विशेषज्ञ चिकित्सकसहित स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आइरहेको छ । गत आर्थिक वर्ष २०८०।८१ को अभिलेखअनुसार दन्त जाँच ११७५ जना, पाठेघरको मुखको क्यान्सर जाँच २२३७ जना हाडजोर्नी सम्बन्धी जाँच ६७५ जना आँखा जाँच १८१३ जना र नाक कान जाँच १२०० जना गरी जम्मा ७१०० जनाले स्वास्थ्य शिविरमार्फत स्वास्थ्य सेवा प्राप्त गरेका छन् ।

### ४.१.३) जनचेतना कार्यक्रम



स्वास्थ्य शिविरहरू

भक्तपुर नगरपालिकाले रोग र कारणहरूको विस्तृत अध्ययन गरी ती समस्याको समाधानको लागि विभिन्न कार्य गर्दै आएको छ । मानिसहरूको खानपान र रहनसहनबारे जनचेतना कार्यक्रम, सरसफाइ, बजार अनुगमन मार्फत नियमित खाद्य उत्पादनको निरीक्षण, औषधी तथा औषधिजन्य कम्पनी तथा पसलहरू नियमित अनुगमनका साथै बालबच्चाहरूलाई



खेल्नलाई खेल उद्यान तथा बगैँचा निर्माण, युवा विद्यार्थीहरूका लागि विभिन्न खेलहरूको नियमित प्रशिक्षण, छिकोङसम्बन्धी चिनियाँ व्यायाम प्रशिक्षण सञ्चालन आदि स्थापना गरी नगरपालिकाले मानिसहरूलाई स्वस्थ रहन र आफ्नो स्वास्थ्यप्रति सजग रहन अभिप्रेरित गर्दै विभिन्न निरोधात्मक उपायहरू अवलम्बन गरेको छ। नियमित व्यायाम, स्वस्थकर खानपान नियमित चेकजाँच तथा अङ्ग्रेजीको एउटा भनाइ Prevention is better than cure लाई आत्मसात गरी अघि बढिरहेको छ।

### ४.२) उपचारात्मक कार्यक्रमहरू

#### ४.२.१) ख्वप अस्पताल

विक्रम संबत २०७८ सालमा भक्तपुरका जनता कोभिड १९ बाट आक्रान्त भएका बखत सेवा शुरु गरेको ख्वप अस्पतालको स्वीकृति २५ शय्याको रूपमा २०७३ सालमा स्वीकृति प्राप्त भएको थियो। सेवा विस्तारकै क्रममा विक्रम संबत २०७९ सालमा बागमती प्रदेश, स्वास्थ्य मन्त्रालयबाट १०० शय्याको स्वीकृति प्राप्त गरेको थियो। यस अस्पतालले ईन्टरनल मेडिसिन, नाक, काँन, घाँटी, स्त्री रोग, हाडजोर्नी, दन्त रोग, बालरोग छाला रोग, युरोलोजी, नशा रोग, मानसिक रोग, मुटु रोगलगायतको विशेषज्ञ सेवा प्रदान गर्दै आईरहेको छ। अस्पतालमा ३३ जना विशेषज्ञसहित ५० जना भन्दा बढी चिकित्सक र २०७ जना भन्दा बढी जनशक्तिले सेवा दिदै आईरहेका छन् ।

गत आर्थिक वर्ष २०८०।८१ मा उक्त अस्पतालले ७० जिल्ला भन्दा बढी जिल्लाका २ लाख ५३ हजार विरामीहरूलाई स्वास्थ्य सेवा प्रदान गरेको थियो। उक्त सङ्ख्या अघिल्लो आर्थिक वर्षको भन्दा ३३ हजारले बढी रहेको छ। अस्पतालले विशेषज्ञ सेवा जम्मा असी रूपैयामा तथा सामान्य सेवा पचास रूपैयामा प्रदान गरिरहेको छ।

अस्पतालले छोटो समयमै विभिन्न रोगको १८००



ख्वप अस्पताल

ओटाभन्दा बढी शल्यक्रिया गरिसकेको छ। गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरेको कारण ख्वप अस्पतालले सुपथ, सर्वसुलभ र नागरिकको अपनत्व भएको अस्पतालको परिचय पाएको छ ।

नगरपालिकाकै च्याम्हासिंह र ब्रह्मायणी गरी दुई ठाउँबाट सेवा प्रदान गरिरहेको अस्पतालले भक्तपुर नगरपालिकामा दोस्रो कार्यकालमा जनप्रतिनिधि बहाल भएको २ वर्षको अवसर पारी २०८१ असार ७ गतेबाट आइसीयू सेवा पनि सुरु गरेको थियो। ख्वप अस्पताल सुविधा सम्पन्न अस्पतालको रूपमा विकास हुँदैछ।

च्याम्हासिंहमा ख्वप अस्पतालमार्फत सेवा दिइरहेको छ। नगरका जुनसुकै केन्द्रमा रगत, दिसाब, पिसाब परीक्षणको लागि छोडे पनि ल्याब रिपोर्ट त्यही केन्द्रमा पुऱ्याउने व्यवस्था अस्पतालले मिलाउँदै आएको छ। यस आ.व. २०८१/८२ मा वडा नं.७ खँचा र वडा नं. १० बेखालमा पनि स्वास्थ्य केन्द्र सञ्चालनको लागि भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

यसै चालु आर्थिक वर्षदेखि सिटी स्क्यान सेवा विस्तार गर्ने उद्देश्यले सो को खरिद प्रक्रिया अगाडि बढाइएको छ भने फिजियोथेरापी सेवा विस्तार गर्न थप उपकरणहरू खरिदको लागि प्रक्रिया अगाडि बढाइएको छ। जनताको माग र आवश्यकता बढ्दै गएसँगै अस्पतालले सेवा विस्तारलाई थप व्यवस्थित गर्दै लाने कोसिस गरिरहेको देखिन्छ।

#### ४.२.२) ख्वप बहुप्राविधिक शिक्षालय

वि.सं. २०६० सालमा स्थापना गरिएको यो शिक्षालय नेपालको पहिलो सामुदायिक आधारित प्राविधिक कलेज हो, जुन भक्तपुर नगरपालिकाद्वारा सञ्चालित छ । दक्ष शिक्षाविद्हरू र बौद्धिक व्यक्तिहरूद्वारा निर्देशित तथा सञ्चालित यस शिक्षालयले गुणस्तरीय प्राविधिक शिक्षा सस्तो शुल्कमा

उपलब्ध गराउनु रहेको छ। यसले मध्य–स्तरका दक्ष र योग्य व्यक्तिहरू उत्पादन गर्ने लक्ष्य राखेको यस शिक्षालयले सिभिल ईञ्जिनियरिङ्ग सहित ३–वर्षे प्रवीणता प्रमाणपत्र स्तरको नर्सिङ कार्यक्रम सञ्चालन गरिरहेको छ। जसले गर्दा दक्ष स्वास्थ्यकर्मी उत्पादनमा टेवा पुग्ने गरेको छ। यसका साथसाथै यस शिक्षालयले विभिन्न सीपमूलक तालिमहरू समेत प्रदान गर्दै आईरहेको छ।



ख्वप बहुप्राविधिक शिक्षालय

### ४.२.३) ख्वप तिलगंगा आँखा अस्पताल

वि.सं. २०६३ (सन् २००६) देखि सञ्चालन भइरहेको यस आँखा अस्पतालमा हालसम्म ३ लाख ३७ हजार ९ सय २० जना आँखाका बिरामीले सेवा पाएका छन्। आँखा अस्पतालले बिरामीहरूको उपचार सेवाका लागि निकै कम शुल्क निर्धारण गरेको छ। तिलगंगा आँखा अस्पतालभन्दा लगभग ४० प्रतिशत कममा अस्पतालले सेवा दिँदै आएको छ। नगरपालिकाले जग्गा तथा भवनको प्रवन्ध गर्नाले सुलभ शुल्कमा सेवा प्रदान गर्न सम्भव भएको हो।

उक्त आँखा अस्पतालले विद्यालय विद्यालयमा पनि आँखाका बिरामीहरूको परीक्षण गराउन शिक्षक र शिक्षिकाहरूलाई सामान्य तालिम दिइसकेको छ। हालसम्म सो अस्पतालले भक्तपुर जिल्लाकै मध्यपुरमा १७ जना, सूर्यविनायकमा २२ जना र भक्तपुरमा ५५ जना शिक्षकलाई तालिम दिइसकेको छ। तालिम प्राप्त शिक्षक–शिक्षिकाहरू आफूले प्राप्त गरेको तालिमको आधारमा आँखाका बिरामीहरूको सामान्य परीक्षण गर्न सक्ने अवस्थामा रहेका छन्।

### ४.२.४) निशुल्क रक्तसञ्चार सेवा

भक्तपुर नगरपालिकाले नगरबासीहरूका लागि निशुल्क रगत उपलब्ध उद्धेश्यले नेपाल रेडक्रस सोसाईटी, भक्तपुर रक्तसञ्चार सेवासँग सम्झौता गरी कार्य गरिरहेको छ। सम्झौता अनुसार रक्तसञ्चार सेवाले नगरवासीहरूलाई प्राथमिकताका आधारमा नगरवासीहरूलाई रगत तथा रक्ततत्व उपलब्ध गराउने गरेको छ। सोको शोधभर्ना बिल तथा खर्च विवरण र आवश्यक कागजात सहित महिना भुक्तान भएको ७ दिनभित्र शोध भर्ना माग भई भुक्तानी हुने ब्यबस्था छ। यसका साथसाथै रगतको अभाव परिपूर्ति गर्न नगरपालिकाले आफ्नो नगरक्षेत्रभित्र रहेका शैक्षिक संस्थान, क्लब, सरकारी सङ्घ संस्थाहरूलाई रक्तदान कार्यक्रम आयोजना गर्न सहयोग तथा समन्वय समेत गरिदिने गरेको छ।

### ४.२.५) निशुल्क अक्सिजन सेवा

कोभिड १९ को दोस्रो लहरबाट नेपाल मात्र नभई विकसित देशहरू समेत आक्रान्त भईरहका थिए। देशमा अक्सिजनको अत्यन्त अभाव भईरहेको थियो। यसै अवसरमा नगरपालिकाले नगरबासीहरूसँग ख्वप अस्पतालमा अक्सिजन प्लाण्ट स्थापनाका लागि सहयोगको आव्हान गऱ्यो। उक्त समयमा पनि नगरपालिकाको प्रमुख आन्तरिक आयको रूपमा रहेको पर्यटन शुल्क पनि शुन्य प्राय रहेको थियो जसले गर्दा नगरबासीको स्वास्थ्यका लागि नगरबासीकै सहयोग माग गर्नु स्वाभाविक थियो। सहयोग माग भएको साढे एक महिनामै साढे ६ करोडभन्दा बढी सहयोग प्राप्त भई सहयोग लिन बन्द गर्नु पर्ने अवस्था सृजना भयो। उक्त रकम सहित नगरपालिकाको लगानीमा ख्वप अस्पतालमा अक्सिजन प्लाण्टको स्थापना भयो। तत्पश्चात भक्तपुर नगरवासीहरूको लागि चाहिने अक्सिजन ख्वप अस्पतालले नि:शुल्क वितरण गर्दै आएको छ। महिनाको करिब १००० सिलिन्डर अक्सिजन वितरण गर्दै आएकोमा नगर बाहिरका बासिन्दाहरूका लागि ठूलो सिलिन्डरको १०० रूपैयाँ र सानो सिलिन्डरको रु. ५० मा वितरण गर्दै आएको छ। जुन बाहिरी बजारमा खरिद गर्दा ६–७ सय रूपैयाँ प्रतिसिलिन्डरको मूल्य तिर्नुपर्दछ। जनताको सेवा गर्ने भावनाले भइरहेको यस कामको सर्वत्र सकारात्मक चर्चा भइरहेको छ।

### ४.२.६) घरदैलो नर्सिङ

भक्तपुर नगरपालिकाको अर्को विशेषता र पहिचान घरदैलो नर्सिङ सेवा हो। यो नेपालमा नगरपालिकाद्वारा सञ्चालित एकमात्र कार्यक्रम हो जसअन्तर्गत नर्स र स्वास्थ्य स्वयंसेविकाहरू जनताको घरघर गई उनीहरूको स्वास्थ्य जाँच र स्वास्थ्य परामर्श दिने गरिन्छ। भक्तपुर नगरपालिकाले यो कार्यक्रम वि.सं. २०७४ भदौ १२ गतेदेखि परीक्षण कार्यक्रमको रूपमा नगरका १० मध्ये ३ ओटा वडा (३, ४ र ६) मा सुरु गरेको थियो। त्यस कार्यक्रमको सफलताको कारण सोही वर्ष वि.सं. २०७४ चैत २५ गतेबाट १० ओटै वडामा सुरु गरेको थियो जुन हालसम्म निरन्तर सञ्चालन भइरहेको छ।

घरदैलो कार्यक्रमको मुख्य उद्देश्य नगरका बासिन्दाहरूको घरघर गई उनीहरूमा स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउनु र नागरिकहरूले आफ्नो स्वास्थ्यको उचित ख्याल राखुन् भन्ने नै हो । यसबिच वडाका नर्सहरूले स्वास्थ्य अभ्यास, रोगको जानकारी, रोकथामका उपाय र स्वस्थ जीवनशैलीका बारेमा समुदायलाई शिक्षित गर्ने काम गर्दछन् । उनीहरूले भक्तपुर नगरपालिका र ख्वप अस्पतालअन्तर्गत रही कार्यशाला गोष्ठी, सेमिनार, अभिमुखीकरण कार्यक्रम र जागरुकता अभियानहरू सञ्चालन गर्छन् । जस्तै : सरसफाइ, पोषण, मातृशिशु वृद्धि, अनुगमन, परिवार नियोजन, प्रसव पूर्व र प्रसवपछिको हेरचाह, खोप तथा बाल स्वास्थ्य आदि स्वास्थ्य सेवाहरू समावेश हुन्छन् । यस अभियानले सङ्क्रामक रोगहरूको रोकथाम र नियन्त्रणमा महत्त्वपूर्ण भूमिका खेल्ने गरेका छन् । सर्ने तथा नसर्ने रोगबारे शिक्षा दिने गर्दछन् । नगरमा सञ्चालित घरदैलो नर्सहरूले साधारण रोगको उपचार, प्राथमिक उपचार र आवश्यक परेको खण्डमा उच्चस्तरका स्वास्थ्य सेवाहरूको लागि सिफारिस गर्दछन् । यसका साथै मधुमेह, उच्च रक्तचाप, दम, मुटुरोग, थाइराइड, कोलेस्टोरोल, हाडजोर्नी, नशारोग, क्यान्सर, पाठेघरको क्यान्सर, पत्थरी, पक्षघात, क्षयरोग आदि रोगहरूको तथ्याङ्क सङ्कलन गरी स्वास्थ्य सेवा व्यवस्थापनमा सहयोग भईरहेको छ । जस्तैः- स्वास्थ्य शिक्षा प्रदान गर्ने, बिरामीहरूको नियमित अनुगमन र स्वास्थ्य प्रदायकहरूसँग समन्वय गर्ने । सामुदायिक नर्सहरूले प्रायः घरदैलो पुगेर वृद्ध, अपाङ्ग, नवजात शिशु, बालबालिकाहरूको नियमित वृद्धि सम्बन्धमा अनुगमन गर्ने गर्दछन् । यसरी घरदैलो नर्सिङ सेवा सञ्चालन गरेको भक्तपुर नगरपालिकाले नगरवासीको समग्र स्वास्थ्य र कल्याणमा आवश्यक पूर्वाधारको व्यवस्था गरी स्वस्थ समाजको कल्पनाअनुरूप कार्य गरिरहेको छ ।

### ४.२.७) शहरी स्वास्थ्य केन्द्र

वडा वडामा स्वास्थ्य उपचार केन्द्रको विस्तार गरी विशेषज्ञ चिकित्सकहरूसहितको नियमित स्वास्थ्य शिविर सञ्चालन गर्नेलगायत प्रतिबद्धता गरेको थियो । २०७९ सालको स्थानीय तहको निर्वाचनमा जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रमार्फत जनताबिच प्रतिवद्धता गरे अनुसार नगरपालिकाको वडा नं.१ सल्लाघारी, वडा नं. २ ब्यासी, वडा नं. ५ भगवतीस्थान, वडा नं. ९ दतात्रयमा चिकित्सकसहित स्वास्थ्य सेवा प्रदान गर्नुका साथै च्यामसिंहमा १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी सेवा प्रदान गरिरहेको छ ।

### ४.२.८) भक्तपुर क्यान्सर अस्पताल

भक्तपुर नगरपालिकासहित नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रोटरी क्लव, नेपाल अर्बुद रोग निवारण संस्था तथा विभिन्न सामाजिक सङ्घ संस्थाहरूको सहकार्यमा वि.स. २०५१ सालमा सामुदायिक अस्पतालको रूपमा स्थापना भई नेपाल भरका क्यान्सर बिरामीहरूलाई स्तरीय उपचार प्रदान गर्दै आइरहेको थियो । हाल स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्रस्तावमा मिति २०७७ कार्तिक २४ गते बसेको मन्त्रिपरिषद्को बैठकले भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश २०७७ स्वीकृत गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहत १२३ बेडबाट अस्पतालले सेवा प्रदान गरिरहेको छ ।

उक्त अस्पतालमा राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानबाट मेडिकल अन्कोलोजीमा पुर्णकालीन DM को अध्ययन भइरहेको छ । साथै रेडियसन अन्कोलोजीमा र गाइने अन्कोलोजीमा MD का रेजिडेण्ट चिकित्सकहरू क्यान्सर सम्बन्धी बिशेषज्ञ तालिम तथा अध्ययनको लागि Posting हुने गर्दछ । त्यस्तै गरेर काठमाण्डौ विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त मेडिकल शैक्षिक संस्थाबाट MD का रेजिडेण्ट चिकित्सक र स्नातक तथा स्नात्तकोत्तरका नर्सिङ विद्यार्थीहरू प्रयोगात्मक अभ्यासको लागि आउने गर्दछन् । आफ्नो सेवालाई प्रविधिमैत्री बनाउन अस्पतालले घरमै बसेर मोबाईल एप मार्फत टिकट काट्ने ब्यबस्था समेत मिलाएको छ ।

### ४.२.९) आर्थिक सहयोग कार्यक्रम

भक्तपुर नगरपालिकाल एकदम जटिल र कठिन रोगहरूको लागि विशेष कोषहरूको व्यवस्था गरेको छ । गरिबीको कारण कुनै पनि नागरिक उपचारबिना मर्न नपरोस् भनी ख्वप अस्पतालमा विपन्न उपचार कोष खडा गरी गरिब र विपन्नवर्गका बिरामीहरूलाई निःशुल्क उपचार सेवा पनि प्रदान गर्दै आएको छ । क्यान्सर, मुटुरोग, मृगौला, मस्तिष्क र पक्षघात जस्ता कडा रोग लागेकाहरूलाई नगरपालिकाको तर्फबाट रु.१५,०००।- आर्थिक सहयोग प्रदान गर्दै आइरहेको छ भने असाध्य रोगको उपचारका लागि रु. १ लाख उपचार खर्चका लागि नेपाल सरकार समक्ष सिफारिस गर्दै आएको छ । आर्थिक वर्ष २०८०।८१ मा कडा रोग लागेका बिरामीहरूलाई नगरपालिकाको आफ्नै स्रोतबाट रु. ४१ लाख ८५ हजार वितरण गरेको छ भने नेपाल सरकारबाट प्राप्त हुने मृगौला रोगी तथा क्यान्सर पिडितहरूका लागि मासिक रु. ५ हजारका दरले जम्मा १ करोड ४५ लाख १० हजार वितरण गरिएको नगरपालिकाको अभिलेखबाट देखिन्छ ।

### ४.२.१०) आर्युवेद तथा बैकल्पिक उपचार केन्द्र

नगरपालिकाले एलोप्याथिकका उपचार पद्धतिका अतिरिक्त होमियोप्याथिक तथा आर्युवेदिक उपचार पद्धतिलाई समेत जोड दिँदै आएको छ। नगरपालिकाले नगरक्षेत्रको भक्तपुर नगरपालिका वडा नं. ६ चोछैंस्थित नागरिक आरोग्य केन्द्रबाट यस सम्बन्धी सेवा प्रदान गर्दै आएको छ।

### ४.२.११) श्वासप्रश्वास पुनर्स्थापना केन्द्र

भक्तपुर नगरपालिकाले श्वास प्रश्वास पुनर्स्थापना केन्द्र सञ्चालन गरी देशमै पहिलो पटक मानिसको फोक्सोको आयु पहिचान गर्ने कार्य थालनी गरेको छ। यसका माध्यमबाट नागरिकको फोक्सोको आयु मानिसको आफ्नो आयुभन्दा कम वा बढी के कस्तो पत्ता लगाई सोही अनुरूप उपचार गराउने कार्य सम्भव भएको छ।

नगरपालिकाले विगतका वर्षहरूमा जस्तै आगामी वर्षहरूमा पनि यस्ता दीर्घकालीन रोगहरूको रोकथाम र न्यूनीकरणाको लागि थप सामाजिक जनचेतना र अभिमुखीकरण कार्य तथा निदानात्मक उपचार गरी त्यस्ता रोगहरूको न्युनीकरण गर्ने योजना रहेको छ।

स्वास्थ्य सेवा आधारभूत सेवा हो। त्यसैले गर्दा यस सम्बन्धी सेवालाई संविधानले नै तीनै तहको सरकारको कार्य सूचीमा समावेश गरेको छ। रोगले धनी वा गरिब भन्दैन। त्यही भएर नागरिक स्वयं पनि आफ्नो र परिवारलगायत समाजका आफू पनि जिम्मेवार र सचेत हुन जरुरी छ। तन, मन र धन लगाएर स्वस्थ समाज बनाउन, जागृत बन्न अति आवश्यक भइसकेको छ। आफ्नो स्वास्थ्य र समाजको लागि सधैँ अरुको मुख ताकेर बस्ने समय छैन। भक्तपुर नगरपालिकाले जस्तै देशका सम्पूर्ण नगर र जिल्लाले पनि स्थानीय बासिन्दाहरूको स्वास्थ्यबारे सोच्ने हो भने स्वस्थ समाज र समृद्ध मुलुकको लक्ष्य पूरा हुनेछ।

## ५) भविष्यको बाटो

देशभरका स्थानीय तहबाट नयाँ स्वास्थ्य संस्था खोल्ने कार्य जारी छ। यसको साथै नेपाल सरकारले नै देशका ३ सय ९६ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणका लागि २०७७ साल मंसिर १५ गते एकैदिन अस्पताल भवनको शिलान्यास गरेको थियो। नेपाल सरकारको सबै पालिकाहरूमा ५, १० र १५ बेडका अस्पताल स्थापना गर्ने नीति रहेता पनि त्यसको प्रभावकारी व्यवस्थापन स्थानीय सरकारहरूबाट हुन सक्ने सक्षमता देखिएको छैन यसका लागि भक्तपुर नगरपालिकाले गरेको प्रयास अन्य स्थानीय तहहरूलाई अनुकरणीय हुन सक्छ। अस्पताल सञ्चालन गर्ने विषय स्थानीयतहको नाफा तथा घाटाको विषय भन्दा पनि आम नागरिकप्रतिको दायित्व र कर्तव्य हो भन्ने कुरा बुझ्न जरुरी देखिन्छ। स्थानीय तहलाई स्वास्थ्य संस्था सञ्चालन गर्नका लागि पर्याप्त आर्थिक स्रोत नहुने तथा अस्पताल सञ्चालन गर्नु भनेको स्थानीय तहको बोझ हो भन्ने बुझाईका माझ सफल ब्यबस्थापन गरेमा नागरिकको सेवाको माध्यम बन्न सक्छ भन्ने उदाहरण भक्तपुर नगरपालिका बन्न सक्छ। यहाँ स्थानीय तहमा स्वास्थ्य सेवा सुधारका लागि गर्नुपर्ने कार्य सम्बन्धमा केही सुझावहरू प्रस्तुत गरिन्छ।

### ५.१) स्थानिय तहमा स्वास्थ्य सेवा सुधारका लागि गर्नु पर्ने कार्यहरू

- हरेक स्थानीय तहले संविधानले दिएको अधिकार क्षेत्र भित्र रही स्वास्थ्य संस्था परिचालनको नीति तथा योजना निर्माण गर्नु पर्दछ।
- स्थानीय सरकार र स्वास्थ्य संस्थाहरूको क्षमता तथा पुर्वाधार विकासमा प्रयाप्त लगानी गर्नुपर्ने देखिन्छ।
- नगरपालिका तथा गाउँपालिकामा रहेका स्वास्थ्य शाखाहरूमा सवलीकरण गर्दै जानुपर्दछ।
- नागरिक तथा जनप्रतिनिधिहरूमा स्वास्थ्य सेवा प्रति अपनत्व जगाउदै अर्थपूर्ण सहभागिता गराउदै अपनत्व सिर्जना गर्नुपर्दछ।
- कतिपय सक्षम नरहेका स्थानीय तहहरूमा रहेका अस्पताल सञ्चालनका लागि प्रदेश सरकारले केही समयका लागि अभिभावकत्व लिनुपर्दछ।
- देशभरका अस्पतालमा थन्किएर रहेका औजार तथा उपकरणहरूलाई स्थानीय तहका अस्पतालमा ब्यबस्था गर्ने तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रमा दरबन्दी बमोजिमका स्वास्थ्यकर्मीहरूको ब्यबस्था गर्नु पर्दछ। आवश्यकताअनुसार दरबन्दीको पुनःसंरचना गर्नुपर्दछ।
- स्वास्थ्य विमा कार्यक्रमको समसामायिक सुधार गर्दै नागरिकको पँहुचका लागि विमा कार्यक्रमको शुरुवात नै स्थानीय पालिकामा रहेका अस्पतालबाट गर्न सकेमा स्थानीय स्तरका अस्पतालहरू चलायमान हुने तथा कम शुल्कमा नागरिकहरूको उपचार सम्भव हुन सक्छ।

## ६) निष्कर्ष

विश्व स्वास्थ्य संगठनको अध्ययनका अनुसार स्वास्थ्य सेवाहरूमा हामीले एक रूपैयाँको लगानी गरियो भने ६ रूपैयाँको प्रतिफल प्राप्त हुन्छ भन्ने देखाएको छ। त्यस कारण स्वास्थ्यमा खर्च होइन लगानी हो भन्ने मनोवृत्ति कम पाइएकोछ। यस भाष्यलाई आमसमुदायमा सञ्चार गराउनु

आवश्यक छ ।

भक्तपुर नगरपालिकाले जनताको स्वास्थ्य उपचारको लागि कुनै ब्यवधान नहोस् भनी अस्पताल, श्वासप्रश्वास पुन:स्थापना केन्द्र, आँखा अस्पताल र आरोग्य केन्द्र (आयुर्वेदिक) लगायतका संस्था तथा सेवा सञ्चालन गर्दै आएको छ । केन्द्र सरकारको पूर्ण स्वामित्वमा रहेको भक्तपुर क्यान्सर अस्पताल, सहिद धर्मभक्त राष्ट्रिय अङ्ग प्रत्यारोपण केन्द्र पनि यसै नगरभित्रछ । वाग्मती प्रदेशअन्तर्गतको भक्तपुर अस्पतालले पनि अधिकतम् नागरिकहरूलाई सेवा दिइरहेको छ । यी प्रयासहरूका कारण धेरै रोगहरूको उपचार भक्तपुरमा सम्भव हुँदै गइरहेको छ । यसका अलावा निरोधात्मक उपायहरूमार्फत नागरिकहरूलाई स्वस्थ तुल्याई अस्पतालको लाइन कम गर्ने दिशामा पनि नगरपालिका उत्तिकै प्रयासरत रहेको छ ।

सरकारद्वारा सञ्चालित अस्पतालहरूले राम्रो सेवा प्रदान गरेमा निजी अस्पतालहरूको आवश्यकता तथा औचित्य घट्दै जानेछन् । स्वास्थ्य ब्यापार होईन आधारभूत आवश्यकता र सेवा हो भन्ने भाष्य ख्वप अस्पताल, भक्तपुर अस्पताल र नगरपालिकाले स्थापना गरेका अन्य स्वास्थ्य संस्थाहरूले प्रदान गरेको सेवा तथा कार्यबाट पुष्टि हुँदै गईरहेको छ ।

समग्रमा स्थानीय सरकारहरूले हालसम्म प्राप्त गरेका उपलब्धिलाई निरन्तरता दिँदै स्वास्थ्य क्षेत्रमा प्राप्त अन्तर्राष्ट्रिय सहयोग, समन्वय र सहकार्यलाई अझ बढी पारदर्शी र प्रभावकारी बनाउनु पर्ने आवश्यकता छ । अझै पनि नेपालका नीति निर्मातादेखि आम नागरिकको समेत बुझाइमा स्वास्थ्यको लगानी भनेको खर्च हो भन्ने गलत भाष्यलाई परिवर्तन गर्नु जरुरी छ । समग्र स्वास्थ्य क्षेत्रलाई सहभागितामूलक रूपमा सञ्चालन, अनुगमन, स्थानीयबासीहरूको अपनत्व सिर्जना गराउदै समग्र स्वास्थ्य क्षेत्रको समीक्षा गरी कार्य भएमा मात्र नेपालको संविधानले स्वास्थ्यमा राखेको मर्म, भावना र लक्ष्य प्राप्त गर्न सकिनेछ ।

## सन्दर्भ सामाग्रीहरू


- ङातापोल (२०८१), भक्तपुर नपामा सञ्चालित घरदैलो नर्सिङ सेवा कार्यक्रमबारे केही कुरा, ङातापोल, एक्सप्रेस दैनिक ।
- नेपाल कानून किताब ब्यवस्था समिति । (२०७२) । नेपालको संविधान, बबरमहल । नेपाल कानून किताब ब्यवस्था समिति ।
- भक्तपुर नगरपालिका, (२०७९, मंसिर) । कोभिड नियन्त्रणमा भक्तपुर नगरपालिका । भक्तपुर नगरपालिका, ब्यासी २ ।
- भक्तपुर नगरपालिका, (२०८१), भक्तपुर, मासिक । भक्तपुर नगरपालिका, ब्यासी २ ।
- मजदूर (२०८१), ख्वप अस्पतालले एक वर्षमा २ लाख ५३ हजारभन्दा बढी बिरामीलाई उपचार सेवा प्रदान, मजदूर दैनिक, ।
- श्रमिक (२०८१ श्रावण), ख्वप अस्पताल, श्रमिक साप्ताहिक ।
- स्वास्थ्य (२०७७) स्वास्थ्य क्षेत्रका मुख्य ८ चुनौती र समाधानका उपाय, स्वास्थ्य खबर पत्रिका ।
- स्वास्थ्य मन्त्रालय (२०७६), राष्ट्रिय स्वास्थ्य नीति, २०७६ । रामशाहपथ, काठमाडौं । नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।
- तस्वीरहरू : भक्तपुर नगरपालिका

**वेभसाईटहरू:**

https://www.who.int/
https://mohp.gov.np/en/
https://bhaktapurmun.gov.np/en
https://bch.org.np/
https://www.facebook.com/KPTI.2003/
https://bhaktapurkhabar.com/
https://www.onlinekhabar.com/2024/08/1525275


## चीनका प्राचीन नीतिकथा

### cWoogsf] dx®j

एक पल्ट एक जना राजाले आफ्नो मन्त्रीलाई भन्यो, 'म अब सत्तरी वर्ष लागेँ । मलाई अहिले पनि किताब पढने र विभिन्न विषयको अध्ययन गर्ने इच्छा छ । तर मेरो विचारमा अब मेरो उमेर अध्ययन गर्ने उमेर होइनजस्तो मलाई लाग्छ ।'

मन्त्रीले राजालाई सल्लाह दिए, 'महाराज, हजुर किन दियो बन्नु हुन्न ?'

यो कुरा सुनेर राजालाई रिस उठ्यो । उनले भने, 'मैले तिमीसँग ठट्टा गरेको होइन । गम्भीर कुरा गर्दैछु ।'

'महाराजसँग म कसरी ठट्टा गर्न सक्छु र ! मैले पनि गम्भीर कुरा गरेको हुँ । मैले जानेसम्म कसैले युवा अवस्थामा अध्ययन गर्ने रुचि लियो भने भविष्यमा ऊ विहानको सूर्यझैँ तेजिलो हुन्छ । यदि बूढेसकालमा अध्ययन गर्न थाल्यो भने उसको भविष्य दियोको प्रकाशजस्तो हुन्छ रे ! हुनत दियोमा धेरै उज्यालो हुँदैन तैपनि अँध्यारोमा बाटो नदेखी हिँडनुभन्दा त दियोको उज्यालोमा हिँडनु कता हो कता बेस हुन्छ ।'

अनुवादः विनय कसजू

# सलिम अलि खान




राजेन्द्र बहादुर कायष्ठ

**विषय प्रवेश :** ज्ञानको खोजी गर्ने विषयलाई विज्ञान भनिन्छ भने खोजी गर्ने व्यक्तिलाई वैज्ञानिक। वैज्ञानिकहरूले आफ्नो रुचि, अध्ययन र अनुसन्धानबाट विभिन्न यन्त्रहरूलगायत नयाँ नयाँ तथ्यहरू पत्ता लगाएका छन्। २६ लाख वर्ष पहिले मानव पुर्खाले शिकार खेल्नको लागि ढुङ्गाको हतियार बनाएका थिए जुन ढुङ्गे हतियार केन्यामा फेला परेको छ। यसरी नै १४ लाख २० हजार वर्ष पहिले अफ्रिकामा रहेका मानव पुर्खाले आगोको आविष्कार गरेका थिए। ४ लाख वर्ष पहिले हाम्रो मानव पुर्खाले ओत लाग्न र बस्न छाप्रो साथै जीउ ढाक्नको लागि छाला र रुखका बोक्रालाई कपडाको रूपमा प्रयोग गर्न सिकेका थिए। यसरी मानव आवश्यकता पुरा गर्नको लागि पत्ता लगाउने सबै हाम्रा पुर्खाहरू सबै त्यसवेलाका महान् आविष्कारक वा वैज्ञानिक थिए। किनभने त्यसबेला आविष्कार गरेका ती वस्तुहरू कुनैवेलाको लागि महान् उपलब्धी नै थियो। हाम्रै देशमा भएका परम्परागत प्रविधिहरू ढिकी, जाँतो, पानी घट्ट, सिलौटा आदि पनि वैज्ञानिक आविष्कार नै हुन्। विगतमा विज्ञान अध्ययन नगरेका मानिसहरूले पनि आफ्नो लामो अनुभव र अध्ययनको आधारमा मानव आवश्यकता पुरा गर्न, जीवन शैली सहज बनाउन, समस्या समाधान गर्ने क्रममा विभिन्न आविष्कारहरू गरेका छन्। यसको अर्थ वैज्ञानिक भनेको विज्ञान पढेका मात्र होइनन्। विज्ञान नपढेका धेरै व्यक्तिहरूले पनि वैज्ञानिक आविष्कारहरू गरेर मानव जीवन सहज र सरल बनाएका छन्। हालको वैज्ञानिक आविष्कारहरू पनि हाम्रा पुर्खाहरूले लाखौं वर्षअघिदेखि सुरु गरेको आविष्कारकै निरन्तरता हो। यसै सन्दर्भमा भारतका सलिम मौइजुद्दिन अलि खान (Salim Moizuddin Abdul Ali, 1896-1987) पनि बाल्यकालमा भएको सानो घटनाबाट प्रभावित भएर भारतमा पाइने विभिन्न चराहरूको व्यवस्थित ढङ्गले अध्ययन र अनुसन्धान गर्ने वैज्ञानिक बन्न गए। उनलाई भारतमा रहेका चराहरूको पहिलो पटक व्यवस्थित ढङ्गले अध्ययन गरेको हुनाले Bird man of India भनिन्छ। साथै भारतमा उनलाई पंक्षी विज्ञानका पिता भन्ने गरिन्छ।



**बाल्यकाल र शिक्षा :** सलिम मौइजुद्दिन अलि खानको जन्म १२ नोभेम्वर १८९६ मा भारतको गोवा राज्यको मन्दोभी नदीको किनारमा अवस्थित चोराओ टापुमा भएको थियो। उनका बुबाको नाम मौइजुद्दिन अब्दुल खान र आमाको नाम जिनत अन निस्सा थियो। उनी आमा बुबाको ९ जना सन्तानहरू मध्ये सबभन्दा कान्छो थिए। उनी १ वर्षको हुँदा बुबाको निधन भयो भने ३ वर्षको हुँदा आमाको पनि निधन भयो। यसले गर्दा उनको बाल्यकालको लालनपालन उनको काका Amiruddin Tyabji र काकी Hamida Begum ले मुम्बईमा (पहिलाको नाम बम्बई) गरेका थिए। उनी बाल्यकालमा पढ्न भन्दा खेलौनाहरू खेल्नमा बढी रुचि राख्दथे। विशेष गरी नक्कली बन्दुकबाट गोली हानेर खेल्न खुब मनपर्दथ्यो। उनी १० वर्षको हुँदा नक्कली बन्दुकबाट एउटा चरालाई हानेर जमिनमा खसालेका थिए। नजिक गएर हेर्दा मारेको चरा उनलाई सुगा जस्तो लाग्यो । उक्त चराको घाँटीमा भएको पहेंलो धब्बाप्रति सलिमको ध्यान केन्द्रित हुन्छ र घरमा आएर आफ्नो काकासँग उक्त चराबारे जिज्ञासा राख्छन्। काकाले उनको जिज्ञासाबारे बताउन असफल हुन्छ। उनले सलिमलाई मुम्बइमा रहेको Natural History Society का सम्मानित सचिव W.S. Millard लाई भेट्टाउन लैजान्छन्। मिलार्डलाई सानो बालकमा पंक्षीबारे यति गहिरो रुचि भएको देखेर

आश्चर्यमा पर्दछन् । त्यसपछि बालक सलिमलाई एउटा कोठामा सुरक्षित ढङ्गले राखिएको विभिन्न मृत पंक्षीहरू देखाइन्छ र त्यसको बारेमा जानकारी दिन्छन् । साथै उनले ल्याएको चरा जस्तै अर्को चरा पनि देखाउँदा उनी खुब उत्साहित भए । मिलार्डले उक्त चरा गौंथली भएको बताउँछन् । यसबाट बालक सलिममा चराको बारेमा उत्सुकता र जिज्ञासा झन बढन् थाल्यो । बालक सलिमले मिलार्डलाई 'आफूले यति धेरै थरिका चराहरूबारे जानकारी नभएको र अझ थप जानकारी प्राप्त गर्न चाहेको' बताउँछन् । मिलार्डलाई एकजना वयस्क मानिसमा भन्दा बालक सलिममा चराहरूबारे धेरै जिज्ञासा भएको देखेर खुसी हुन्छन् र सलिमलाई यस सम्बन्धमा सहयोग गर्ने वचन दिन्छन् । मिलार्डले सलिमलाई चरा सम्बन्धी लेखिएका विभिन्न पुस्तकहरू अध्ययनको लागि पनि दिन्छन् । ती पुस्तकहरूको अध्ययनबाट सलिमलाई चराहरूबारे थप जानकारी हासिल हुन्छ । साथसाथै सलिम समय समयमा उक्त संस्थामा गएर चराहरूबारे जानकारी प्राप्त गरिरहन्थे । यस घटनाबाट बालक सलिमलाई चराहरूको अध्ययन गर्नमा उत्साह र हौसला प्रदान गर्नुको साथै आफ्नो जीवनकालभर चराहरूको अध्ययन र अनुसन्धानमा नै समय बिताए । उनको सुरुवाती शिक्षा Zenana Bible & Medical Mission Girl's High School बाट भएको थियो । पछि उनले University of Bombay बाट कलेज शिक्षासम्म प्राप्त गरे । तर उनीसँग विश्वविद्यालयको कुनै डिग्री थिएन । गणितमा कमजोर र रुचि नभएको कारण उनले अध्ययनलाई निरन्तरता दिन सकेनन् ।



**अनुसन्धान र सफलता :** उनले पढाइ छाडेर भाइको टंगेस्टन खानीमा काम गर्न तत्कालिन बर्मा हाल म्यानमार गए । उक्त खानी चारैतिरबाट जङ्गलले घेरिएको थियो । त्यहाँ विभिन्न प्रकारका चराहरू पाइन्थ्यो । उनले खानीको काममा भन्दा चराहरूको अध्ययनमा बढी समय लगाए । त्यसपछि उनी म्यान्मारबाट सन् १९२० मा पुनः मुम्बईमा आए । मुम्बईमा आए पछि उनले आफ्नो रुचि अनुसारको विषय पंक्षीबारे अध्ययन गर्नको लागि जन्तु विज्ञान सम्बन्धी एउटा कोर्स अध्ययन गरे । त्यसपछि उनले सन् १९२६ मा मुम्बईमा रहेको नेचुरल हिस्ट्री सोसाइटी सङ्ग्रहालयमा गाइडको रूपमा काम गरे । सङ्ग्रहालयमा चराहरूको मृत्यु पछि सुरक्षित राखिएका चराहरूको बारेमा दर्शकहरूलाई बुझाउने कार्य गर्दथे । यसबेला उनको उमेर ३० वर्ष थियो । यो पेशाले उनलाई चराहरूको बारेमा धेरै जानकारीहरू प्राप्त गर्ने आशा गरेका थिए । अब उनी चराहरूबारे थप जानकारी प्राप्त गर्न गाइडको जागिरबाट बिदा लिएर जर्मनी गए । उनले त्यहाँ चराहरूबारेका विश्व प्रसिद्ध पंक्षीविज्ञ Dr. Irvin Strassman लाई भेट्ने मौका पाए । उनीबाट सलिमले चराहरूबारे नयाँ धेरै तथ्यहरू थाहा पाउने मौका पाए । एक वर्ष पछि उनी जर्मनीबाट मुम्बई फर्के । आफ्नो रोजगारी लागि निरन्तरता दिन नेचुरल हिस्ट्री सोसाइटी सङ्ग्रहालयमा जाँदा उनको जागिर गइसकेको थाहा पाए । आर्थिक कमजोरीले सङ्ग्रहालय पनि बन्द भइसकेको थियो । यसपछि उनी भारतको विभिन्न स्थानहरूको भ्रमण गरी त्यहाँ पाइने चराहरूको देखापर्ने समय, वासस्थान, प्रजनन, बसाइ-सराईबारे विस्तृत अध्ययन गरे । यसै क्रममा उनले भँगेराको क्रियाकलाप र व्यवहारका बारेमा शोध निबन्ध लेखे । यो निम्बन्ध उनले सन् १९३० मा प्रकाशित गरे । यसले उनको नाम पंक्षी विज्ञान अध्ययनकर्ताको रूपमा चर्चित भयो । उनको मान्यता थियो 'पंक्षीहरूको अध्ययन गर्न अरूले भनेको सुनेर मात्र हुँदैन, आफैं गएर प्रत्यक्ष अवलोकन गरेर मात्र निचोडमा आउनु पर्दछ ।' उनले भारतको विभिन्न स्थानहरूमा गरेको पंक्षीहरूको अध्ययन र अवलोकनको अनुभवबाट The book of Indian Birds नामको पुस्तक लेखे र सन् १९४१ मा प्रकाशित गरे । यस पुस्तकमा भारतका विभिन्न स्थानहरूमा पाइने चराहरूबारे अनेकौं जानकारी थियो । जुन पुस्तक हालसम्ममा लाखौंप्रति बिक्री भइसकेको छ । उनले पछि प्रसिद्ध पंक्षीविज्ञ S. Dillon Ripley सँग मिलेर Handbook of the Birds of India and Pakistan' (10 Volume Set) लेखे ।

उनलाई पंक्षी सम्बन्धी यति धेरै ज्ञान थियो कि मानिसहरू उनलाई पंक्षीहरूको विश्वकोष भन्ने गर्दथे ।

## सलिम अलि खान सम्बन्धी तथ्यहरू :

क) उनी सानैदेखि गणित विषयमा कमजोर थिए ।

ख) उनलाई बच्चैदेखि मनपर्ने खेल बन्दुकबाट गोली हान्नु थियो ।

ग) उनलाई बाल्यवस्थामा उनको टाढाको नाताको भाइ इस्कन्डर अलि मिर्जाको कारण बन्दुकबाट गोली हान्ने कार्यमा रुचि भएको थियो । इस्कन्डर अलि मिर्जा नामी निशानेबाज थिए । पछि गएर इस्कन्डर अलि मिर्जा २३ मार्च १९५६ मा पहिलो पाकिस्तानी राष्ट्रपति बने ।

घ) सलिमलाई भारतमा Bird man of India र पंक्षी विज्ञानका पिता पनि भनिन्छ ।

ङ) उनले सन् १९१८ मा टाढाको नातेदार Tehmina Begum सँग विवाह गरेका थिए ।

च) उनको श्रीमतीको मृत्यु सन् १९३९ मा सामान्य शल्यक्रियाको क्रममा लापरबाहीको कारण भएको थियो ।

छ) उनी विश्वविद्यालयको औपचारिक डिग्री नभएको कारण Zoological Survey of India मा पंक्षी वैज्ञानिकको रूपमा कार्य गर्ने मौका गुमाएका थिए ।

ज) उनले Princes of Wales Museum मा गाइडको रूपमा पनि कार्य गरेका थिए ।

झ) सन् १९६० मा भारतमा राष्ट्रिय पंक्षीबारे छलफल हुँदा उनले Great Indian bustard चरालाई राष्ट्रिय पंक्षीको रूपमा राख्न प्रस्ताव गरेका थिए । तर बहुमतबाट उक्त प्रस्ताव अस्वीकार भएर सन् १९६३ मा Indian Peacock लाई राष्ट्रिय पंक्षीको रूपमा घोषणा भएको थियो ।

ञ) सन् १९८० मा Bombay Natural History Society को स्थापना भयो । जस्को उद्देश्य हवाइजहाजसँग चराहरू ठोक्किने दुर्घटना घटाउनु थियो ।

## प्रकाशित कृतिहरू :

क) The Book of Indian Birds in 1941

ख) 'Handbook of the Birds of India and Pakistan' (10 Volume Set)

ग) Common Birds in 1967

घ) The Fall of Sparrow in 1985

## सम्मान तथा पुरस्कारहरू :

क) सन् १९५८ मा भारत सरकारद्वारा पद्म भुषण प्रदान ।

ख) सन् १९६७ मा British Ornithologists Union बाट स्वर्ण पदक प्राप्त गरे ।

ग) सन् १९६९ मा John C. Phillips Memorial बाट प्रकृति संरक्षणमा स्वर्ण पदक प्राप्त ।

घ) सन् १९७६ मा भारत सरकारद्वारा पद्म विभुषण प्रदान ।




ङ) सन् १९९० मा भारत सरकारबाट उनको सम्मानमा Salim Ali Centre for Ornithology and Natural History को स्थापना ।

च) भारत सरकारले उनको सम्मानमा हुलाक टिकटको प्रकाशन ।

छ) सन् २०१८ मा आएको सिनेमा 2.0 मा प्रसिद्ध कलाकार अक्षय कुमारले सलिम अलि खानको भूमिका निर्वाह गरेका थिए ।

**निधन :** सलिम खान चराहरूको अध्ययन र अनुसन्धानकर्ता मात्र नभएर उनले प्रकृति संरक्षणमा पनि महत्त्वपूर्ण भूमिका निभाएका थिए । उनले विश्वलाई चराहरूको बारेमा विस्तृत जानकारी दिएका थिए । उनको निधन ९० वर्षको उमेरमा प्रोस्टेट क्यान्सरबाट २० जुन १९८७ मा भयो । उनको भौतिक शरीर हाम्रो माझ नरहे पनि उनले चराहरूबारे गरेका अध्ययन, अनुसन्धान र कृतिहरूबाट सबैले सम्झिरहने छन् ।

### सन्दर्भ सामग्रीहरू :

क) विश्वका चर्चित वैज्ञानिकहरू : उर्मिला शाही/दिलिप श्रेष्ठ


ख) आजको विज्ञान : विकास बज्राचार्य

ग) प्रयोगात्मक विज्ञान र प्रसिद्ध वैज्ञानिकहरू : भेषराज मैनाली

घ) गुगल

# पालि साहित्यका एक विशिष्ट विद्वान्

रत्नसुन्दर शाक्य



डा.टी.डब्लू. रीस डायबिडस

यूरोपमा सबभन्दा बढि पालि साहित्य एवं अन्य बौद्ध साहित्यको प्रचार-प्रसार भएको देश जर्मन पछि ईङ्गलैण्डलाई मानिन्छ। यसको प्रमुख श्रेय डा.टी.डब्लू. रीस डायबिडस (Dr.T.W. Rhys Davids) लाई दिइएको छ।

सन् १८४३ मा जन्मनु भएका उहाँ सन् १८६४ मा, २१ वर्षको उमेरमा इङ्गलैण्डबाट श्रीलंकामा एक सिभिल कर्मचारीको रूपमा पुग्नुभएका थिए। उहाँ जस्तै अन्य एक विद्वान रबट सीजर चिल्डर्स (Robert Caesur Childers) पनि सन् १८६४ नं सिभिल कमचारीको रूपमा ईङ्गलैण्डबाट श्रीलंका पुग्नु भएको थियो।

उहाँहरू दुवैजना श्रीलंकामा भएको बुद्ध धर्मको पुनरूत्थान (विशेषतः मिगेत्तुवत्ते गुणानन्द श्रामणेरको तर्फबाट) को लहरबाट प्रभावित भई पराधिन श्रीलंकामा इशाई धर्मको सत्ता बुद्ध-धर्ममा दिलचस्पी राख्दै आउनुभएका थिए।

प्रो. रीस डायविडसले श्रीलंकामा 'विद्योदय परिवेण' का संस्थापक, प्रधानाचार्य हिक्कडुवे सुमंगल स्थविरसित पालि एवं बौद्ध साहित्यको अध्ययन शुरू गर्नुभयो। उहाँको पहिलो यस श्रीलंका प्रवासकाल आठ वर्षको थियो, यस अवधि भित्रमा उहाँले पूर्ण रूपमा पालि भाषामा असाधारण अधिकार प्राप्त गर्नुभएको थियो।

सन् १८७२ मा उहाँ श्रीलंकाबाट इङ्गलैण्ड फर्कनु भयो। त्यस अवधिभित्र पालि भाषाको शब्दकोश (Dictionary of the Pali language) तयार गर्नुभई सन् १८७२ मै पहिलो भाग प्रकाशित गर्नुभएका रवर्ट सीजर चिल्डर्सलाई साथ दिनुभयो। उहाँको साथै रीस डायविडसले विक्टर फोसवल (Victor Fausboll) र हरमन ओल्डेन वर्ग (Hermann Oldenburg) लाई पनि प्राच्यविद्या (oriental studies) को अध्ययनमा टेवा दिनु भएको थियो।

आर.सी. चिल्डर्सले त्यसबेला निर्वाणसम्बन्धी एक लेख प्रकाशित गर्नुभएको थियो, जसको बारेमा त्यसबेला निकै विवाद उठेको थियो, त्यसको स्पष्टिकरणको रूपमा प्रो. रीस डायविडसले आफ्नो परिपक्व ज्ञान (बुद्ध धर्ममा) द्वारा राम्ररी विबेचना गरी उहाँकै किताव बुद्ध धर्म (Buddhism, 1878) मा प्रकाशित गर्नुभएको थियो।

त्यस्तै रीस डायविडसले सन् १८७९ मा 'निदान - कथा' को अंग्रेजीमा अनुवाद गर्नुभएको थियो। सन् १८७९ मै प्रकाशित भएको त्यस ग्रन्थमा उहाँले पुनर्जन्मको बारेमा पनि स्पष्ट रूपमा विवेचना गर्नुभएको थियो।

उहाँले हरमन बल्डेनवर्गका साथ सम्मिलित भई पालि विनय पिटकलाई ३ खण्ड (भाग) को रूपमा अनुबाद गर्नुभई सन् १८८१ मा पहिलो भाग प्रकाशन गराउनुभयो।

उहाँहरूको यस बिनय-पिटक अनुवादको प्रकाशन 'पूर्वीय पवित्र ग्रन्थ' (The sacred books of the East) को १३, १७ र २० औं ग्रन्थ माला (Volume) को रूपमा प्रकाशन भएको थियो। यस ग्रन्थमालाको संस्थापक फ्रेडरिक मायक्स मूलर (सन् १८२३ - १९००) हुनुहुन्छ।

यसरी सन् १८८१ सम्ममा उहाँले बुद्ध-धर्म सम्बन्धी हुने अनेकौं विवादलाई सष्ट रूपमा निर्णय दिन सामर्थ हुनु भएको कारण उहाँदेखि सम्पूर्ण बौद्धहरू प्रभावित हुँदै आएको थियो। उहाँको तर्फबाट बुद्ध-धर्मको प्रवचन (व्याख्यान) सुन्न सन् १८८१ मै उहाँलाई अमेरिकामा निमन्त्रणा गरियो।

निमन्त्रणाअनुसार उहाँ अमेरिका जानु भई बिभिन्न ठाउँमा बुद्ध-धर्म सम्बन्धी प्रवचन दिनुभएको थियो साथै उहाँले लण्डनमा 'पालि टेक्स्ट सोसाइटी' (Pali Text Society) को स्थापना भएको कुरा पनि ठाउँ-ठाउँमा अवगत गराउँदै जानुभएको थियो। उहाँले सन् १८८१ मे ( अमेरिका जानु अगाडि) आफ्नै अध्यक्षतामा ५ सदस्य सहितको त्यस संस्था स्थापना गरेर जानुभएको थियो।

पालि टेक्स्ट सोसाइटीको स्थापना पछि उहाँले जीवन भर पालि साहित्य एवं अन्य बौद्ध साहित्यको निम्ति

अर्पण गर्नुभएको थियो। जसको ४१ वर्ष पछि सन् १९२२ मा उहाँको निधन भयो। यस लामो अवधिभित्रमा उहाँले मूल-पालि त्रिपिटक र अट्ठकथाको सम्पादन, एक दर्जन जति मूल पालि त्रिपिटक मध्येको अनुबाद, दर्जनौँ बुद्ध-धर्म सम्बन्धी मौलिक ग्रन्थहरू लेख्नुभएको थियो। उहाँको कृतिहरूमा, उहाँले सम्पादन गर्नुभएको दीर्घनिकाय (सन् १८८९, १९०३, १९१०), अभिधम्मत्थ सङ्गहो (सन् १८८४), दाठाबंश (सन १८८४) को सम्पादन एवं पालि 'मिलिन्दपन्ह' लाई 'The questions of King Milinda' को रूपमा पूर्वीय पवित्र ग्रन्थमालाको ३५-३६ औं ग्रन्थको रूपमा सन् १८९० र १८९४ गरी प्रकाशित गराउनुभएको थियो।

उहाँको अन्य प्रमुख एवं प्रसिद्धि प्राप्त ग्रन्थहरूमा Buddhism: Its History And Literature (in 1896) र Buddhist India (in 1903) पनि हुन्।

यसको अलावा उहाँको अन्य एक महत्त्वपूर्ण कार्य डा. विलियम स्टेड (Dr. William Stede) सित सहयोग लिई तयार गरिएको पालि अंग्रेजी शब्दकोष (Pali–English Dictionary) थियो, जसको पहिलो भाग मात्र रीस डायविडसले प्रकाशन गर्न पाइएको थियो। यसको पूर्ण रूप सन् १९२५ सम्ममा डा. विलियम स्टेडज्यूले नै गर्नुभएको थियो।

सन् १९२२ मा, डा. रीस डायविडसको निधनपछि सोसाइटीको सम्पूर्ण अभिभारा उहाँकै धर्मपत्नी करोलिन फोली रीस डायविड्स (Mrs. Caroline Foly Rhys Davids) ले लिइन्। बहाँले आफ्नो पतिको साहित्यिक कार्यमा मात्र साथ दिनु भएकी थिइन्, उहाँ आफैले पनि प्रशस्त मात्रामा पालि साहित्यको सम्पादन एवं अनुवाद पनि गर्नु भएकी थिइन्। जसमा प्रमुख विभाग (सन् १९०४) यमक (सन् १९१२), विशुद्धि मग्ग (सन् १९२० - २१), पट्ठान (सन् १९२१) आदि सम्पादन गर्नुभएकी थिइन्।

त्यस्तै अंग्रेजी अनुवादको रूपमा सबभन्दा पहिले उहाँले (सन् १९०९ मा थेरी गाथा, सन् १९१३ मा थेरगाथा, - सन् १९१० मा अभिधम्मत्थ संगहो, ( सन् १९१५) कथावत्थु, सन् १९१७ मा संयुक्त निकायको सगाथा वग्गलाई अनुबाद गर्नु भएकी थिइन्।

उहाँको अन्य कृतिहरूमा सन् १९२३ मा अनुवादित धम्मसगिणी (Buddhist Manual of Psychological Ethics) को साथै Gauttam the man (1928), Shakya or Buddhist Origins (1928), Buddhism (1934), What was the orginal Buddhism (1938) आदि उहाँकी मौलिक कृतिहरू हुन्।

उहाँले आफ्नो बहुमुखी प्रतिभा अनुसार रचना गर्नु भएको लेखहरू पनि प्रशस्तै थियो, जुन लेखहरू सन् १९४३ मा उहाँको निधन पछि ३ ग्रन्थ (Volume) को रूपमा प्रकाशन गरेको थियो।

सन् १९४३ मा मिसेज रीस डायविडसको निधन पछि "पालि टेक्स्ट सोसाइटीको अध्यक्ष पदमा डा.डब्ल्यू. एच.डि. राउस (Dr. W.H.D. Rouse) नियुक्त हुनुभयो। उहाँ सन् १९५० सम्म (जीवन पर्यन्त ) अध्यक्ष पदमा रहनु भएपछि सन् १९५० देखि १९५९ सम्म डा. रीस डायविडसकै सहकर्मी डा. विलियम स्टेड (Dr. William Stede) पालि टेक्स्ट सोसाइटीको अध्यक्ष पदमा रहनुभएको थियो।

सन् १९५९ देखि पालि टेक्स्ट सोसाइटीको अध्यक्ष पदमा मिस. आइ. बी. हर्नर (Miss I. B. Horner) हुनु भएकी थिइन्। उहाँ पूर्ण रूपमा त्यागी एवं उद्यमी हुनु भएको कारण केही वर्षमा नै उहाँ अन्तराष्ट्रिय ख्याति प्राप्त बौद्ध-पण्डिता हुनुभएकी थिइन्।

उहाँले लामो अवधि (२२ वर्ष) सम्म अनवरत रूपमा पालि टेक्स्ट सोसाइटीको अध्यक्ष पदमा रही प्रशस्त मात्रामा पालि एवं अन्य बौद्ध साहित्यको पुनःनिर्माण मात्र गर्नु भइकी थिइन्, कयौँ यूरोपियनहरूलाई बुद्ध-धर्ममा दीक्षित गराउन सफल हुनुभइकी थिइन्। उहाँले पालि टेक्स्ट सोसाइटीको प्रशासनिक कार्यमा पनि निकै वृद्धि गराउनु भई, साँच्चिकै रूपमा पश्चिममा पालि साहित्यको रक्षक, प्रवर्तक एवं मार्ग दर्शकको रूपमा रहनुभइकी थिइन।

सन् १८८१ को शुरूमा उहाँले निकै भव्यताका साथ पालि- टेक्स्ट सोसाइटी (Pali Text Society) को शतवार्षिक समारोह (Centenary Celebration) मनाउन सफल हुनु भएकी थिइन। तर अफशोष ! त्यसको केही महिनापछि २५ अप्रिल १९८१ को दिन मिस आइ. बी. हर्नरले पनि यस संसारलाई सदाको निमित छोडेर गइन्।

यसरी सन् १८८१ मा प्रो. रीस डायविडसले स्थापना गर्नु भएको Pali Text Society, सन् १९८१ मा मिस आइ. वी. हर्नरको समयमा एक शताब्दी पूर्ण भई पालि साहित्यको आधुनिक इतिहासमा एक युगको बेजोड इतिहास निर्माण हुन गएको थियो।

## सन्दर्भ

१) विश्वय बुद्ध धर्म- भाग-४ - भिक्षु सुदर्शन
- चन्द्रवीर सिंह कंसाकार १८२५

२) Buddhism In the western world-
-Ven Piyadassi Thera
-Lincoln Forum Series-2

३) 2500 years of Buddhism-Prof P.V. Bapat - Ministry of Information and Broadcasting (Government of India)

# उपत्यका भित्रबाट रत्नचुड पर्वतको महिमा र स्वरूप



प्रेमप्रसाद काफ्ले

हे रत्नागिरी तपाईको यो भक्तपुरकै पूर्व पुण्य क्षेत्रमा उच्च पहाडी श्रृङ्खलाअन्तर्गत उभिएर पश्चिम मोहडा दिई हरेक दिन बिहानदेखि बेलुकीसम्मको हँसिलो अनुहारको महिमा र पुण्डे फलको पुरै वर्णन गर्न नसकेता पनि सानो परिचय दिन खोजिएको छ। सर्वप्रथम स्वयं ब्रह्मा बाटै तिम्रो शिर भागमा एउटा कुण्ड बनाई रत्नै रत्नबाट परिपूर्ण शिवलिङ्ग साक्षात्कार स्थापना गरिएको भन्ने स्कन्द पुराण अन्तर्गत हिमवत् खण्ड १२३ अध्यको श्लोक ८ मा यस प्रकार वर्णन पाइन्छ।

त्यसैले तपाईलाई रत्न चुडेश्वरका नामले तपाईको पुजा आरधना ऋषि मुनिहरूका तप र स्तुति पूजा आजा चाडपर्व गर्दै तपाईको यो दिव्य कुण्डमा हुने जनै पूर्णिमा व्रत र ऋषि तर्पणी रक्षा बन्धन पनि मान्दै आएको पाएका छौं। हामी गाउँबासीबाट यस ठाउँलाई नाल्दुम माहादेव पोखरी नगरकोट भन्दै आएका छौं र नगरकोट भन्ने बित्तिकै सूर्यादयको मोहमात्र नराखी रत्न चुडेश्वर महादेवको दर्शन कतिको महत्त्वपूर्ण हुन्छ भन्ने कुरा आम आन्तरिक तथा बाहय पर्यटकहरूलाई बुझाउन जरुरी छ। जस्तै सूर्योदयको लोभले पर्यटकहरू बिहानीको झिसमिसेमै दौडधुपसँगै यो अलौकिक दृश्य बढो हतार गरेर यस रत्नचुड पर्वतमा अवस्थित साक्षात भगवान् रत्नचुड महादेवको दर्शन गर्न सारा आफ्नो प्रयासहरू जारी राख्दै हिमालको कोखबाट स्वयं सूर्यदेव प्रकट भई सारा उपत्यकाबासीहरूको लागि आफ्नो दिव्य दर्शन यसै स्थानबाट प्रदान गर्नु हुन्छ।

जुन समय सूर्य देव प्रकट भई उदय हुने एक मात्र ठाउँ यही रत्नचुडेश्वर शिव लिङ्गको आम्ने साम्ने नै पर्छ भन्नी भान परेर तमाम पर्यटकहरू त्यहाँ बिहानी पख आउने गर्छन्। त्यसकारण यस स्थानमा सरकारको आयस्रोत दिनानुदिन बढिरहेछ। बिहानीको प्रथम प्रहर यही रत्नचुड पर्वतको शिर भागबाटै सप्तरङ्गी बाल रूप सूर्य उदय प्रस्ट देखिन्छन् यो पहिलो स्पर्श जसलाई विद्वानहरूले अत्यन्त महत्त्व र दुर्लव दृश्य भन्छन्। त्यसैले देश विदेशबाट पाल्नुहुने असङ्ख्य आगन्तुकहरू बडो उत्साहको साथ दोराई तेहऱ्याई यही सूर्य उदयको लोभले अघिल्लो रात नै यही स्थान आई बस्ने पनि गर्दछन्। त्यसैले एक दिन उनै सूर्यको न्यानो किरणसँगै रमाउँछन्। हामी उपत्यकाभित्रका बासिन्दा लाखौं धर्मलम्बीहरू पनि सूर्य उदयकालदेखि थानकोटको चन्द्रागीरीमा हुने सूर्य अस्त कालसम्म व्रत पूजा गरी सूर्यलाई अर्घ दिइ मात्र प्रसाद भोजन गर्दछन्। विद्याकी देवि वागीश्वरीको महिमा र गरिमाले ओत-प्राप्त भएको वैभव भूमिमा वागीश्वरीकै सेरोफेरोको नगरकोटको डाँडामा उभिएर भगवान् श्री सूर्य देवको प्रथम आलोकसँग आत्मसात गर्न पाउने आत्मानूभुति पनि हुँदो रहेछ भन्ने वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीले यस पर्वतका विषयमा यसै पर्वतको काखमा रहेको वागीश्वरीदेखि ब्रहमायणीसम्म भन्ने पुस्तक म प्रेमप्रसाद काफ्लेले लेखेको पुस्तकमा आफ्नो वाणीहरू सम्प्रेषण गर्नुभएको थियो।

यो रत्नचुड पर्वत भित्रका शिर भागबाट उत्पति भएका नौ धाराहरूलाई स्कन्द पुराणअन्तर्गत हिमवत खण्डका अध्याय १२३ को श्लोक ९ मा भनिएको छ। नव धारा नदी बारे यसलाई बुझौं पहिला नौ धारा प्रकट भए तिनै धारा नदीका रूपमा बग्ने ती नौ नदीको नाम यसरी गरिदै आएको छ १) हलाहल २) चम्पा ३) चन्द्रावती ४) पुण्डे माता ५) सुवर्ण ६) विला ७) भद्रा ८) बोधिनी ड) बाधे। यो पवित्र नौ नदिहरू तिर्थका रूपमा वगि रहेकी छिन्। यस नदीका सात नदीहरू हामी भक्तपुरबासीका लागि स्वस्थ र स्वादिलो जल र केहि ठाँउहरूमा सिंचाइ पनि भएको छ। यी नै सात नदीको मिश्रण ठूलो धर्म क्षेत्र हनुमन्ते तिर्थ थल भई हनुमन्ते नामले बगेकी छन्। दुई नदी चन्द्रावति र पुण्डेमाता रत्नचुड पर्वतकै शिर भागबाटै काभ्रेपलान्चोक भइ सुनकोशीमा मिलेकी छिन्। यसैगरी वागीश्वरी शिवलिङ्गदेखि २ किलो मिटर तल पानी भुलभुल गर्ने जसलाई धान्य कुप भनिन्छ त्यस कुवाबाट धान, गहुँ, जउ, तिल बेला बेलामा देखिने गर्दछ। कृषि उत्पादन अगावै यस धान्य कुपबाट निस्किएका अन्नको दानाले कृषि विजनको सुरुवात भएको होकी भन्ने अनुमान लगाउन सकिन्छ। यस क्षेत्रका किसानको ठूलो महत्त्व र उपलब्धी कृषि पेशा हो र हामी सबै भक्तपुरका जनता ७५ प्रतिशत आज पनि कृषिमा आवद्ध छौं। यो जिल्लामा उत्पादित अन्न, विविध जातका स्वादिष्ट तरकारीको उत्पादनले ठूलो परिचय कमाएको छ। पहिला राज दरवारमा ८४ व्यनजनको खानामा सम्पूर्ण थोकका तरकारीहरू दिने भक्तपुरबासी नै हुन्। यस ठाउँको माटोबाट भाँडाकुँडा बनाउने र आफ्ना बसोबास

व्यवस्थापन गर्ने देव मन्दिरका छानाका झिँगटी इँटाका गान्हाहरू निर्मित भएका छन् । माटोलाई माटैले मल दिने कालीमाटी सर्वश्रेष्ठ मानिन्छ । यस ठाँउको माटालाई विद्वान्हरूले सुवर्ण धातुको संज्ञा दिएका छन् । जुन कथाको आधारमा कुनै बेला सुख्खा खडेरी भई बाली लगाउन ढिलो हुन गई गाउँका सबै किसानहरूबाट फूल, अक्षता, धुप, बत्ती, संख, घन्ट, बाँसुरी, खैजँडी ढ्याङ्ग्रो गर्दै रत्नचुड कुण्डमा पुगेपछि स्नान गर्ने, पूजा गर्ने, रुद्रि गर्ने गरी हर हर महादेव पानी देऊ भनी पुकार गर्दा केही दिन मै वर्षा भई खेतीपातीको लागि पर्याप्त सिँचाई हुने किंवदन्ती छँदैछ र यो चलन आजसम्म पनि बेला बखत देखा पर्न सक्छ ।

अर्को कुरा खेतीको समय आएपछि तिम्रो शिर भागको माथि कालो बाँदल मडारिँदै गर्दा हामी किसानहरूका लागि खेतीको शुभ सङ्केत हुने गर्छ, खेतीको लागि चाहिने बीउ, मल, खाजाका साथै कामदारहरूको खोजीमा लाग्छौं । यो एउटा हामी किसानहरूको लागि प्रकृतिको वरदान हो भन्ने भान हुन्छ । यस क्षेत्रको उत्पादन, खाद्यपदार्थ स्वादिष्ट र शक्ति बर्द्धक भन्ने हामीलाई लागेको छ पुर्खादेखि नै किसानले जगेर्ना गर्दै आएको पाइन्छ । यस विषयमा हाम्रा पुराणहरूमा सुन्दै आएका कथाहरूबाट भगवान् ब्रम्हालाई सृष्टि गर्ने वाणी भएपछि ब्रम्हाले सृष्टि गर्न खोज्दा सृष्टिलाई प्रस्ट गराउन नसक्दा जगतकी अष्टमातृका अर्थात् ब्रम्हायणी, महेश्वरी कुमारी, वैष्णावी, इन्द्रायणी, बाराही, चामुण्डा र नारसिंहीको ध्यान गरेर सृष्टि गर्ने कार्य पूर्ण भएको कुरा हाम्रा भक्तपुरबासी किसानहरूले पुर्खादेखि नै यो परम्परालाई मान राख्दै आएका छन् । यो शिवशक्तिद्वारा पालितपोषित क्षेत्र हो । अष्टमातृकाको नामबाट आफूले लगाउने वस्त्र आठ तुना भएको भोटो र दौरा, महिलाले लगाउने गुन्युचोली यी वस्त्र अष्टमातृकाको चिन्हको रूपमा लिइन्छ । भक्तपुरको पोशाकमा हाकु पटासी र कालो टोपी दौरासुरुवाल बढी लोकप्रिय छन् । यी वस्त्रहरू धेरै जसो आफैँ उत्पादन गरी आफ्नो भेषभूषा धारण गर्ने हरेक भक्तपुरबासी सधैँ समर्पित र लोभिएका देखिन्छन् । भक्तपुरको कलालाई राष्ट्रिय संस्कृतिको रूपमा तथा भक्तपुरको पोशाकलाई राष्ट्रिय पोशाकको रूपमा ग्रहण गरिएको छ । यो सबै कुरा गिरिराज तपाईंकै कृपाबाट भएको आभास हामी समस्त भक्तपुरबासी ठान्दछौं । यो भक्तपुर नगरकोटको नामबाट पनि प्रख्यात र प्रसिद्ध छ । पर्यटकहरू उपस्थित भएर तपाईं रत्नचुडमा सञ्चालन भइरहेको देख्दा यसलाई अझ सुन माथि सुगन्ध बनाउनलाई रत्नचूडको नाम प्रख्यात गर्दा धार्मिक क्षेत्रसमेत उज्यालो हुने र धार्मिक पर्यटक पनि बढी उपस्थित भएर घुइँचो बढ्ने देखिएकोले अझ यसको महत्त्व र प्रख्यातिको लागि हामी स्थानीय बासिन्दाको नाताले प्रचार–प्रसरमा ल्याउनलाई कलम चलाइएको हो । अन्तर मनसाय यो छ कि यस्तो पुण्यभूमि विश्वमाझ ल्याएर प्रचार–प्रसार गराउन सकिएमा नेपालभूमि साँच्चिकै स्वर्गभूमि आनन्दभूमि, पुण्यभूमि, तपोभूमि, धर्मभूमि हुने कुरामा विश्वस्त हुन सकिन्छ । त्यसै त हाम्रो देश नेपाल, त्यसमा पनि हाम्रो उपत्यका ।

## प्रेरणीय

### केटाकेटीको बदमासी

भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्रप्रसाद बडो मिहिनेती, मृदुभाषी र बुद्धिमान थिए । स्वतन्त्रता आन्दोलनमा उनले भाग लिएका थिए । देश स्वतन्त्र भएपछि उनी र ष्ट्रपति बने । उनलाई पुस्तकसँग बडो प्रेम थियो । उनको घरमा निकै राम्रा र चर्चित पुस्तकहरू थिए । उनी हरेक रात सुत्नुअघि पुस्तक अवश्य पढ्थे । उनी कहिलेकाहीं त पुस्तक पढ्दापढ्दै सुत्ने गर्थे ।

एकपटकको कुरा हो, राजेन्द्रप्रसाद कुनै कामले बाहिर गएका थिए । जब उनी घर फर्केर आए, तब उनले आफ्नो कोठाका पुस्तक छरिएको र कुनै पुस्तक च्यातिएको पनि देखे । राजेन्द्रप्रसादले बुझे पक्कै यो काम कुनै बच्चाकै हो । उनले घरका सबै बच्चालाई बोलाए र आँखा तरेर सोधे, 'कसले यसरी किताब छरेको हो ?' बच्चाले भने, 'हामीले त किताब छोएका पनि छैनौं र कसरी यस्तो भयो हामीलाई केही थाहा पनि छैन ।'

राजेन्द्रप्रसाद बुद्धिमान् थिए । उनले यसको यथार्थ थाहा पाउन उपाय लगाए । उनले सबै बच्चालाई हाँसेर भने, 'हेर सबैजना साँचो–साँचो बोल । जसले किताब बिगारेको हो, उसलाई म मिठाई खुवाउँछु ।' बच्चा ठीक ठाउँमा आए, उनीहरूले आफूले त्यस्तो बिराम गरेको स्वीकारे । सत्य अगाडि आएपछि राजेन्द्रप्रसादले केटाकेटीलाई मिठाई दिँदै भने, 'हेर किताब च्यात्नु राम्रो कुरा होइन । किताबले हामीलाई ज्ञान दिन्छ । किताब हाम्रो गुरु हो । किताबलाई नोक्सान पुऱ्याउनु गुरुलाई अपमानित गर्नु हो । मलाई आशा छ, तिमीहरूले अब यस्तो गर्नेछैनौ ।'

राजेन्द्रप्रसादको कुरा सुनेर सारा बच्चाले क्षमा मागे । राजेन्द्रप्रसाद किताब मिलाउँदै उनीहरूसँग हाँसीहाँसी कुरा गर्न थाले ।

## तस्बिरमा केही गतिविधि



भक्तपुर महोत्सवका क्रममा नारायणमान बिजुक्छें अवलोकन गर्नुहुँदै (पुस २८ गते)



भक्तपुर महोत्सवमा प्रदर्शित परम्परागत प्रदर्शनीहरुको अवलोकन गर्नुहुँदै नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल (पुस २ गते)



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति भक्तपुर महोत्सवको क्रममा माटाका भाँडा बनाउनु हुँदै (मंसिर २९ गते)



नेपालस्थित चिनियाँ राजदूतावासका महामहिम राजदूत छन सोङद्वारा भक्तपुर महोत्सव अवलोकन । (पुस २ गते)

## तस्बिरमा केही गतिविधि



विभिन्न नपाका प्रमुख र उपप्रमुखहरुद्वारा भक्तपुर महोत्सवको अवलोकन (मंसिर ३० गते)



भक्तपुर महोत्सवको अवसरमा प्रदर्शित हलिमलि




भक्तपुर महोत्सवको अवसरमा प्रदर्शित नेवारी जीवन शैली



भक्तपुर महोत्सवको अवसरमा प्रदर्शित माटाका भाडाकुँडा बनाउनेक्रममा

## तस्बिरमा केही गतिविधि





शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पतालको निरीक्षणमा (पुस १६ गते)



वातावरण संरक्षण र फोहोर मैला व्यवस्थापन सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहको संयुक्त बैठक (पुस ४ गते)



नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलको प्रमुख आतिथ्यमा सम्पन्न भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित श्री सैनिक आवासीय महाविद्यालयको ४७ औं वार्षिकोत्सव कार्यक्रममा (पुस १४ गते)

# तस्बिरमा केही गतिविधि



रसुवाको उत्तरगया गाउँपालिका अध्यक्षसँगको भेटघाट
(पुस १८ गते)



नगर प्रमुख प्रजापति र विदुर नगरपालिकाका प्रमुख बीच भेट
(पुस १७ गते)




नगर प्रमुख प्रजापति र शिवपुरी गाउँपालिकाका अध्यक्षबीच भेटघाट
(पुस १७ गते)





भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रसुवाको धुन्चेमा अवस्थित २५ शय्याको रसुवा अस्पतालमा निरीक्षण
(पुस १८ गते)

# Gorky in America (V)



## The City of the Yellow Devil




Maxim Gorky

Flickering, the light goes out, its shabby job of provocateur and advertisement lackey done for the day. The houses suck people in one after another, into their stone bowels.

A gaunt man, tall and stooped, stands on a street corner and, turning his head slowly, looks with dull, colourless eyes to right and left of him. Where is he to go? All the streets are alike, and all the houses, their windows bleary and lackluster, stare at one another with the same lifeless apathy.,..

A stifling nostalgia clutches at the throat with a warm hand, making it difficult to breathe. Over the roofs of the houses hovers a hazy cloud—the day's vapours of this wretched, accursed city. Through this misty veil, in the remote infinity of the heavens, the peaceful stars gleam faintly.

The man takes off his hat, raises his head, and looks up at the sky. The immense height of the houses in this city has pushed die sky further away from the earth than anywhere else in the world. The stars are tiny, lonely specks.

From afar, alarmingly, comes a brassy blare. The man's long legs jerk queerly and he turns into one of the streets, stepping slowly, his head bent and his arms swinging. It is late, and the streets grow more and more deserted. Lonely little people disappear like flies, and are swallowed up by the darkness. Policemen in grey hats stand motionless at street comers with dubs in their hands. They chew tobacco, their jaws moving slowly.

The man walks past them, past the telephone poles and the multitude of black doors in the walls of the houses—black doors, their square jaws yawning sleepily. Some¬ where far away a streetcar clatters and wails. The night suffocates in the deep cages of the streets, the nighties dead.

The man walks with measured stride, swaying his long, bent frame. There is something about him showing a mind at work, something undecided, yet decisive....

I think he is a thief.

It is good to see a man who feels himself alive in the dark toils of the city.

The open windows let out the nauseating smell of human sweat.

Strange, dull sounds stir drowsily in the stifling, dreary darkness...,

Asleep and muttering deliriously in its sleep is the lurid City of the Yellow Devil.

1906

# Realm of-Boredom

When night falls a phantom city of lights rears itself skyward on the ocean. A myriad of glowing sparks scintillates in the darkness, tracing with exquisite subtlety against the dark background of the sky stately turrets of wondrous castles, palaces and temples of coloured crystal. A golden cobweb quivers in the air, weaves itself into a translucent pattern of fire and hangs motionless admiring the beauty of its reflection in the water. Enchanting and incomprehensible is this fire, which bums but does not devour; inexpressibly beautiful is its magnificent, barely perceptible shimmer that creates a magic spectacle of a city of fire amid the bare expanses of sky and ocean. Over it hovers a ruddy glow, and the water gives back its contours, merging them in fantastic splashes of molten gold....

This play of lights gives rise to curious thoughts; one feels that yonder in the halls of the palaces, amid the bright radiance of fiery exultation, the soft, proud accents of music such as was never heard before must sound. Like winged stars, the noblest thoughts on earth must be carried on the crest of this lovely melody. They touch one another in this divine dance and, blazing forth in a momentary embrace, conceive a new radiance, new thoughts.

One feels that there in that velvety darkness some great cradle, miraculously woven of golden threads, flowers and stars, rocks gently on the swaying breast of the ocean, and in it the sun reposes till morn.

..................

The sun brings man closer to reality. By daylight the fabulous city of fire is seen as nought but a collection of white airy buildings.

The blue haze of the ocean's breath mixes with the thick, grey smoke of the city; the delicate white structures are enveloped in a transparent veil, and like a mirage they quiver alluringly, beckoning and promising something beautiful and soothing.

There in the background amid the clouds of smoke and dust crouch the rectangular buildings of the city that fills the air with its insatiable, hungrily-avid roar. This tense noise that causes the air and the soul to shudder, this persistent shrieking of taut steel strings, the dreary lament of the forces of life ground down by the power of Gold, the cold, mocking whistle of the Yellow Devil—this sound drives one away from the earth crushed and befouled by the stinking body of the city. And so, people go to the shore of the ocean where stand these handsome white buildings holding promise of peace and quiet.

They stand close together on a long sand spit plunged like a sword deep into the dark waters. The sand sparkles warmly in the sunshine and the diaphanous buildings look like exquisite white silk embroidery on yellow velvet. It is, as though someone had come down to the sand spit and plunged into the waters, tossing his rich raiment on their bosom.

One is seized with the desire to go and touch the soft, caressing fabrics, to stretch oneself out on their luxurious folds and feast one's eyes on the vast expanse where white about swiftly and noiselessly, where ocean and sky slumber in the burning glare of the sun.

**(To be continued)**

# सुस्वास्थ्यका लागि सन्तुलित भोजन



सुजना बासुकला

खाना मानिसको आधारभूत आवश्यक्ता हो । खानाबिना मानवजातिको अस्तित्त्व असम्भव छ । हामीलाई बाँच्नको लागि खानाको जति महत्त्व रहन्छ स्वस्थ भएर बाँच्न पोषिलो खानपानको त्यतिकै धेरै अविश्यकता छ ।

खाना इन्धन हो । तपाईले जति राम्रो खानुहुन्छ तपाई त्यतिनै स्वस्थ्य रहनुहुन्छ । आधुनिक समाजमा रोगहरू यसरी बढेका छन् कि रोग नलागेका मानिसहरू भेट्न गाह्रो नै छ । यसरी मानिसलाई रोगले आक्रमण गर्नुको एक प्रमुख कारण मानिसहरूको अप्राकृतिक जीवनशैली हो भन्नेमा दुई मत छैन । यसका लागि उचित खानपान र व्यायाम आवश्यक छ ।

सन्तुलित भोजन एक स्वस्थ आहार हो जसमा विभिन्न खाद्य समुहबाट आवश्यक मात्रा र उचित अनुपातमा उमेर, लिंग, शारीरिक अवस्था र शारीरिक गतिविधिअनुसार विभिन्न प्रकारका खानेकुराहरू समावेश भएको हुन्छ । हामीले प्रत्येक दिन खाने खानामा शरीरको वृद्धि तथा विकास, मर्मत तथा सम्भार, रोगव्याधीबाट संरक्षण दिने, दैनिक कामहरू सुचारु गर्न आवश्यक ऊर्जा प्रदान गर्ने विभिन्न पौष्टिक तत्त्वहरू समावेश भएको खानालाई नै सन्तुलित भोजन भन्दछौ ।

एकै प्रकारको खानाले शरीरलाई चाहिने पौष्टिक तत्त्वहरू प्राप्त गर्न असम्भव छ । यसर्थ विभिन्न प्रकारका खानेकुराहरूको सम्मिश्रण भएको सन्तुलित भोजन खानुपर्दछ । पौष्टिक आहारले तौल ठिक राख्न, मुटुका रोगलाई कम गर्न, हृदयघात घटाउन, पाचन प्रणालिको विकास गर्न, मानसिक समस्या, डिप्रेसन, तनाव, अनिद्रा, चिन्ता आदि हटाउने, शरीरको रोग प्रतिरोधात्मक क्षमताको विकास, शरीरको शरीरिक बल तथा मनोबलको विकास गर्न मदत जदछ ।

शरिरलाई स्वाथ्य राख्न काब्रोहाइड्रेटस, प्रोटीन, फ्याट, खनीज पदार्थ आदिलाई समावेश गर्न जरुरी छ ।

एउटा सन्तुलित भोजनमा आवश्यक अनुपातमा १० देखि १५ प्रतिशत प्रोटिन, ५०-६० प्रतिशत काब्रोहाइड्रेट्स, तथा १५ देखी ३० प्रतिशत फ्यात समावेश हुनुपर्दछ ।

## सन्तुलित आहारको संरचना

### क) कार्बोराइड्रेट

कार्बोराइड्रेटस् युक्त खानेकुरा हाम्रो दैनिक आहारको प्रमुख भाग हो । काब्रोहाइड्रेट खानेकुराहरूबाट शरीरलाई अवश्य पर्ने उर्जा प्राप्त हुन्छ । प्रत्येक एक ग्राम कार्बोहाइड्रेटले ४ युनिट क्यालोरी दिन्छ । दैनिक भोजनमा हामीलाई कम्तीमा १३० ग्राम काबोहाइड्रेटको आवश्यकता पर्दछ । तर यथार्थमा यो भन्दा धेरै गुणा बढि खाइरहेका छौं ।

**श्रोत** – चामल, गहुँ, मकै, कोदो, तरुल, फलफूल, आलु, सरखतरखण्ड, चिनी, सख्खर, मह, र विभिन्न प्रकारका फलफूलहरू ।

### ख) चिल्लो पदार्थ

यो पोषक तत्त्व शक्तिको प्रमुख श्रोत हो । प्रत्येक एक ग्राम चिल्लो पदार्थले ९ युनिट क्यालोरी शक्ति दिन्छ जुन प्रोटिन र कार्बोहाइड्रेटको तुलनामा बढी हो । चिल्लो पदार्थ कुल क्यालोरीको २० देखि ३० प्रतिशत हुनुपर्दछ । सामान्यतया प्रतिदिन २ देखि २.५. ठूलो चम्चा तेल वा १२ देखि १५ गोटा नट्स (लगतक) खान सकेमा शरीरलाई अत्यावश्यक चिल्लो पदार्थका आवश्यता पूरा हुन्छ ।

**श्रोत** – बदाम, काजु, ओखर, पिस्ता, तील, मक्खन, आलस, घिउ, तेल, दुध तथा दुधजन्य पदार्थहरू र पहेंलो फलफूल, माछा, मासु आदि ।



## ग) प्रोटिन

प्रोटिन विभिन्न रसायनिक तत्त्वहरू मिलेर बनेको हुन्छ। कुल क्यालोरीको १० देखि २५ प्रतिशत प्रोटिनयुक्त खानेकुरा हुनुपर्दछ। साधारणतया हामीलाई शारीरिक तौल प्रतिकिलोग्राम ०.८ ग्राम देखि १.० ग्राम प्रोटिन आवश्यक पर्दछ।

**श्रोत –** बदाम, माछा, मासु, अण्डा, दुध तथा तिनहरूका प्रकारहरू (पनिर, चीज, दही आदी)

## घ) भिटामिन

शरीरले दिनहुँ गर्ने विभिन्न कार्य सञ्चालन गर्ने र शरीरलाई स्वस्थ राख्न भिटामिन नभई नहुने पौष्टिक तत्त्व हो। यी तत्त्वहरू मानिसको शरीरमा उत्पादन हुन सक्दैन। त्यसैले दैनिक खानाबाट प्राप्त गर्नुपर्दछ।

**श्रोत –** हरियो तरकारी (पालुंगो, लटे, गाजर, फर्सी, भान्टा मेथो, हरियो फर्सी, कउली आदि)

## ङ) पानी

मानिसको शरीरमा पानी एक अत्यन्त आवश्यक तत्त्व हो। दैनिक २ देखी ३ लिटर पानी पिउन आवश्यक पर्दछ। पानी पिउनाले शरीरमा भएको विकारहरूलाई बाहिर निष्काशन गर्न, कब्जियतबाट बच्न र अरू तत्त्वहरू चलायमान गर्न मदत गर्दछ।


जीवनशैलीमा परिवर्तन तथा कार्य व्यस्तताको कारणले आजभोलि बाहिर जाने प्रवृत्ति तथा बाध्यता बढ्दैछ। यहि परिवर्तन तथा बाध्यताको असरले धेरैलाई रोग लाग्ने गदर्छ। त्यसैले पौष्टिक आहार खाने र नियमित व्यायामले (प्रति दिन ३० मिनेट) तपाईको आयु बढाउन मदत गर्दछ। तर अन्य कारकहरू जस्तै अत्याधिक खाने र रक्सीको मध्यम स्तर भन्दा बदी पिउनाले रोगहरू जस्तै (हृदयघात, मधुमेह, क्यान्सर र अन्य रोगहरू) बढाउने हुनाले यसको प्रयोग नगर्दा राम्रो हुन्छ।

खाना उचित समय वा एउटै समयमा खाने गर्नुपर्दछ। बिहानको खाना राम्रो भएमा कोलेस्ट्रोल बढ्ने तथा मधुमेहको खतरा हुँदैन। काँचो अन्नहरू जस्तै मेथी, गहुँ, मुंगी, चना र सानो केराउको मिश्रण तथा फलफूलको प्रयोग भएमा सबै खालको भिटामिन तथा मिनरल्सहरू प्राप्त हुन सक्दछ। सकिन्छ भने सूर्यास्तभन्दा एक घण्टा अगाडि खाना खानुपर्दछ। पेटको एक तिहाइ भाग खाली रहने गरी खानु उपयुक्त हुन्छ। तर आवश्यक भन्दा कम भोजनले शरीरलाई आवश्यक उर्जा प्रदान गर्न सक्दैन। तर अधिक मात्रामा सेबन गरेमा अल्सर, मोटोपन, कब्जियत, ग्यासत्राइतिस, कोलोन क्यान्सर तथा एसिडिटी गराउँदछ। त्यसैले सागपात र फलफूलको साथै प्रशस्त मात्रामा पानी पिउनु आवश्यक पर्दछ।

स्वस्थ खाना सँधै सन्तुलित हुँदैन। एक स्वस्थ भोजनले आवश्यक पोषक तत्त्वहरू प्रदान गर्दछ। जबकि सन्तुलित भोजनले तपाईलाई सहि अनुपातमा विभिन्न प्रकारका पोषक तत्त्वहरू प्राप्त गर्न मदत गर्दछ। त्यसैले सन्तुलित भोजनको प्रयोगको लागि चामल, गहुँ, दाल, फलफूल, गेडागुडी, दुध, दही, पनीर, अण्डा, माछा, मासु आदि प्रयोग गर्न सकिन्छ र दैनिक २ देखि ३ लिटर पानी पिउने बानी गर्नुपर्दछ।

६ महिनामा स्वास्थ्य एवं पोषण स्तर परीक्षण गराएर रोगको परीक्षण गरी उमेर एवम् तौलका आधारमा डाइटिसियन तथा पोषणबिद्ले दिएको निर्देशन पालना गरे स्वस्थ जीवन जिउन सकिन्छ।


## बासिबियाँलो



क) दिइएका कोठाहरूमा अङ्क १ देखि १० सम्म राख्नुहोस् जुन सीधा जोड्दा २४ होस्। उत्तर यसै अङ्कमा दिइएको छ।

तलको चित्रको धर्कोमाथि नकाटी, नदोहोऱ्याइ हात नझिकी अर्को धर्को तान्नुहोस्।





# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ६४

### मिति २०८१ भाद्र २८ गते, शुक्रबार

**उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री उपेन्द्र सुवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु | ऐ |
| ११. | वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा | ऐ |
| १३. | कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु | ऐ |
| १७. | कार्यपालिका सदस्य श्री रञ्जना त्वाती | ऐ |
| १८. | प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई | ऐ |

## निर्णयहरू

**पुरस्कार वितरण तथा साँस्कृतिक गुरु सम्मान**

विश्व पर्यटन दिवसको अवसरमा यस वर्ष २०८१ असोज ११ गते (Septemner 27) यस वर्षको गुन्हीपुन्ही सापारु वर्षमा प्रदर्शित साँस्कृतिक विधाहरूको पुरस्कार वितरण तथा साँस्कृतिक गुरु सम्मान कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

साँस्कृतिक गुरु सम्मानका लागि प्रत्येक वडाबाट २/२ जना छनौट गर्न वडा कार्यालयहरूमा पत्राचार गर्ने र केही विशिष्ट सांस्कृतिक गुरुहरूलाई नगरपालिकाबाट निर्णय गरी आवश्यकताको आधारमा सम्मान गर्ने निर्णय गरियो ।

**भक्तपुर महोत्सव सम्बन्धी उपसमितिहरू गठन**

मिति २०८१ मंसिर २८ गतेदेखि पुष २ गतेसम्म हुने भक्तपुर महोत्सव–२०८१ भव्यताका साथ सम्पन्न गर्न भक्तपुर महोत्सव सम्बन्धी निम्न उपसमितिहरू गठन गर्ने निर्णय गरियो:

**क. भक्तपुर महोत्सव सम्बन्धी विभिन्न समिति र संयोजकहरूको विवरण**

| क्र.सं. | समितिको नाम | संयोजकको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | प्रकाशन समिति | सुनिल प्रजापति | ९८५१०७८८८५ |
| २ | अतिथि सत्कार व्यवस्थापन समिति | रजनी जोशी | ९८५१२०१८६८ |
| ३ | स्वयंसेवक तथा खेलकुद व्यवस्थापन समिति | श्यामकृष्ण खत्री | ९८४१२९२१९५ |
| ४ | खाना महोत्सव व्यवस्थापन तथा सहकारी संस्थाहरुसंग समन्वय समिति | हरिप्रसाद बासुकला | ९८४१४८८१९० |
| ५ | हस्तकला तथा जीवनशैली प्रदर्शनी व्यवस्थापन समिति | राजकृष्ण गोरा | ९८४१०४२४२० |
| ६ | निर्माण तथा मर्मत समिति | उपेन्द्र सुवाल | ९८५११४९७८१ |
| ७ | खानेपानी तथा प्राथमिक स्वास्थ्य उपचार व्यवस्थापन समिति | हरिराम सुवाल | ९८४९८५७७७० |
| ८ | पुस्तक तथा शैक्षिक प्रदर्शनी व्यवस्थापन समिति | योगेन्द्रमान बिजुक्छेँ | ९८४१२५७२९४ |
| ९ | व्यापार मेला व्यवस्थापन समिति | उकेश कवां | ९८४१४३११४१ |
| १० | पार्किङ व्यवस्थापन समिति | कृष्णप्रसाद कोजु | ९८४१२९०६८२ |
| ११ | साँस्कृतिक प्रदर्शनी व्यवस्थापन समिति | रविन्द्र ज्याख्व | ९८४१३५८३३३ |
| १२ | नौका विहार र दिपावली व्यवस्थापन समिति | लक्ष्मी प्रसाद ह्यौमिखा | ९८५११६८८४९ |
| १३ | वालमैत्री गतिविधि व्यवस्थापन समिति | रोशनमैया सुवाल | ९८४१४३७४८२ |

१. प्रकाशन समिति

| क्र.सं. | पद | नाम | |
|---|---|---|---|
| १ | संयोजक | सुनिल प्रजापति | प्रमुख, भक्तपुर नगरपालिका |
| २ | सदस्य | रविन्द्र ज्याख्व | वडा अध्यक्ष, भनपा ९ |
| ३ | सदस्य | बसन्त भट्टराई | प्र.प्र.अ., भ.न.पा |
| ४ | सदस्य | लक्ष्मणराज जोशी | सम्पादक, भक्तपुर मासिक |
| ५ | सदस्य | आशकुमार चिकंबन्जार | सम्पादक, ख्वप: पौ |
| ६ | सदस्य | गौत्तमप्रसाद लासिवा | संयोजक, भक्तपुर महोत्सव-२०८१, सचिवालय |
| ७ | सदस्य सचिव | दामोदर सुवाल | प्रशासकीय अधिकृत, भ.न.पा. |

२. अतिथि सत्कार समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | रजनी जोशी | उप प्रमुख, भनपा |
| २ | सदस्य | छोरीमैया सुजखू - प्रजापति) | कार्यपालिका सदस्य,भनपा ९ |
| ३ | सदस्य | कृष्णप्यारी भुजु | कार्यपालिका सदस्य, भनपा ५ |
| ४ | सदस्य | मन्जुमैया लाखा | वडा सदस्य, भ.न.पा २ |
| ५ | सदस्य | तारादेवी शाक्य | वडा सदस्य, भ.न.पा १० |
| ६ | सदस्य | सरस्वती सिंख्वाल | नेपाल क्रान्तिकारी महिला संघ |
| ७ | सदस्य सचिव | जौवन कोजु | क.अ. सचिवालय |

३) स्वयंसेवक तथा खेलकुद समिति

| क्र.सं. | पद | नम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | श्यामकृष्ण खत्री | वडाध्यक्ष, भनपा १ |
| २ | सदस्य | रामसुन्दर वासी | वडा सदस्य, भनपा ४ |
| ३ | सदस्य | श्यामसुन्दर मातां | वडा सदस्य, भनपा ५ |
| ४ | सदस्य | दिनेश खड्गी | अध्यक्ष, नेक्राविसंघ केन्द्रीय समिति |
| ५ | सदस्य | जगतराम धुख्वा | अध्यक्ष, नेक्रायुसंघ, भक्तपुर नगर समिति |
| ६ | सदस्य | मुना बासुकला | खेलकुद प्रशिक्षक, भ.न.पा |
| ७ | सदस्य | रविना सुवाल | खेलकुद प्रशिक्षक, भ.न.पा |
| ८ | सदस्य | बालकृष्ण बनमाला | स्काउट भनपा |
| ९ | सदस्य सचिव | कृष्णगोविन्द सुवाल | प्रशासन शाखा, भनपा |

४) खाना महोत्सव व्यवस्थापन तथा सहकारी संस्थाहरूसँग समन्वय समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | हरिप्रसाद बासुकला | वडाध्यक्ष, भनपा २ |
| २ | सदस्य | जितेन्द्र मुनंकर्मी | वडा सदस्य, भनपा १० |
| ३ | सदस्य | सीतादेवी नेपाली | वडा सदस्य, भनपा ६ |
| ४ | सदस्य | ज्ञानबहादुर मानन्धर | वडा सदस्य, भनपा ९ |
| ५ | सदस्य | गंगाराम ज्याख्व | अध्यक्ष, नेक्राकिसंघ भक्तपुर नगर समिति |
| ६ | सदस्य | कृष्णगोविन्द लाखाजु | अध्यक्ष, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ |
| ७ | सदस्य | कल्पना शिल्पकार | वडा सदस्य, भ.न.पा १ |
| ८ | सदस्य सचिव | रेभिड कुस्मा | उपनिर्देशक, भ.न.पा |

५) हस्तकला र जीवनशैली प्रदर्शनी व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | राजकृष्ण गोरा | वडाध्यक्ष, भनपा ३ |
| २ | सदस्य | सुमित्रा बोहजु | वडा सदस्य, भनपा ८ |
| ३ | सदस्य | राजकुमार शिल्पकार | वडा सदस्य, भनपा ३ |
| ४ | सदस्य | नारायणप्रसाद त्वानावासु | वडा सदस्य, भनपा ५ |
| ५ | सदस्य | विक्रम ढुकुछु | अध्यक्ष, भक्तपुर सिकर्मी संघ |
| ६ | सदस्य | वीरेन्द्र जती | भक्तपुर घरेलु तथा साना उद्योग संघ |
| ७ | सदस्य | विश्वराम दुवाल | अध्यक्ष, भक्तपुर मझौला तथा उद्योग संघ |
| ८ | सदस्य | विष्णुभक्त कुसी | सल्लाहकार, भक्तपुर सिकर्मी संघ |
| ९ | सदस्य | दिपेशराज शर्मा | अध्यक्ष, भक्तपुर पर्यटन विकास समिति |
| १० | सदस्य सचिव | ई. विजय जति | नक्सा शाखा, भनपा |

६) निर्माण तथा मर्मत समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | उपेन्द्र सुवाल | वडाध्यक्ष, भनपा ४ |
| २ | सदस्य | सिद्धिराम अवाल | वडा सदस्य, भनपा ६ |
| ३ | सदस्य | कृष्णनारायण दुमरु | वडा सदस्य, भनपा १० |
| ४ | सदस्य | कृष्णगोपाल चौगुठी | वडा सदस्य, भनपा ३ |
| ५ | सदस्य | सुनिल दुवाल | प्राचार्य, ख्वप कलेज अफ इन्जिनियरिङ |
| ६ | सदस्य | विष्णुराम दुमरु | अध्यक्ष, नेपाल क्रान्तिकारी डकर्मी संघ, भक्तपुर |
| ७ | सदस्य सचिव | दिलभक्त जयना | योजना शाखा प्रमुख, भनपा |

७) खानेपानी तथा प्राथमिक उपचार व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | हरिराम सुवाल | वडाध्यक्ष, भनपा ६ |
| २ | सदस्य | गंगालक्ष्मी बमनू | वडा सदस्य, भनपा १ |
| ३ | सदस्य | डा. मजेशप्रताप मल्ला | नि. निर्देशक, ख्वप अस्पताल |
| ४ | सदस्य | डा. रत्नसुन्दर लासिवा | प्राचार्य, ख्वप बहुप्राविधिक अध्ययन संस्थान |
| ५ | सदस्य | बबीमैया लघु | अध्यक्ष, नेक्रा महिला संघ भक्तपुर नगर समिति |
| ६ | सदस्य | राम सुवाल | अध्यक्ष, भक्तपुर खानेपानी वितरक संघ |
| ७ | सदस्य | कृष्णराम त्वानाबासू | अध्यक्ष, इसान भक्तपुर नगर समिति |
| ८ | सदस्य सचिव | ई श्रीकृष्ण त्याईच्याई | मर्मत उपशाखा प्रमुख, भनपा |

८) पुस्तक तथा शैक्षिक प्रदर्शनी व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | योगेन्द्रमान बिजुक्छें | वडाध्यक्ष, भनपा ५ |
| ३ | सदस्य | रञ्जना त्वाती | कार्यपालिका सदस्य, भनपा ७ |
| ४ | सदस्य | प्रकाशकुमार धौबजी | प्राचार्य, ख्वप कलेज |
| ५ | सदस्य | लक्ष्मीप्रसाद कर्माचार्य | प्राचार्य, ख्वप मा.वि |
| ६ | सदस्य | अनिता जधारी | प्राचार्य, ख्वप कलेज अफ ल |
| ७ | सदस्य | सुजन माक | प्राचार्य, ख्वप इन्जिनियरिङ कलेज |
| ८ | सदस्य | पुरुषोत्तम ग्वाछा | महासचिव, इसान |
| ९ | सदस्य | विलम सुवाल | प्रतिनिधि नेक्राविसंघ, भक्तपुर |
| १० | सदस्य | दिनेश प्रधान | |
| ११ | सदस्य सचिव | भूपाल मूल | उपनिर्देशक, जनज्योति पुस्तकालय, भनपा |

९) व्यापार मेला व्यवस्थापन समिति

| क्र.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | उकेश कवां | वडाध्यक्ष, भनपा ७ |
| २ | सदस्य | सुनिता अवाल प्रजपाति | कार्यपालिका सदस्य, भनपा ३ |
| ३ | सदस्य | पुरुषोत्तम तमखु | वडा सदस्य, भनपा ४ |

| | | | |
|---|---|---|---|
| ४ | सदस्य | हरिरत्न गोर्खाली | वडा सदस्य, भनपा ७ |
| ५ | सदस्य | कृष्णलाल किसी | वडा सदस्य, भनपा ८ |
| ६ | सदस्य | रोशनीमैया धौबन्जा | अध्यक्ष, भक्तपुर उद्योग वाणिज्य संघ |
| ७ | सदस्य | रामप्रसाद खर्बुजा | भक्तपुर विद्युतीय सामग्री व्यवसायी संघ |
| ८ | सदस्य | राजेन्द्र प्रजापति | अध्यक्ष, भक्तपुर रेडिमेड कपडा व्यवसायी संघ |
| ९ | सदस्य | गौतम सुजखु | अध्यक्ष, भक्तपुर खुद्रा व्यवसायी संघ |
| १० | सदस्य | राध्येसुन्दर सायजु | अध्यक्ष, नेपाल चेम्बर्स अफ कमर्श |
| ११ | सदस्य | प्रेमकृष्ण खर्बुजा | अध्यक्ष, भक्तपुर घरेलु तथा साना उद्योग संघ |
| १२ | सदस्य | बिनोदचरण राय | पर्यटन व्यवसायी |
| १३ | सदस्य सचिव | प्रभाषकुमार चालिसे | उपनिर्देशक, भ.न.पा |

१०) पार्किङ व्यवस्थापन समिति

| क.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | कृष्णप्रसाद कोजु | वडाध्यक्ष, भनपा ८ |
| २ | सदस्य | इन्द्रबहादुर प्याथ | वडा सदस्य, भनपा ९ |
| ३ | सदस्य | न्हुछेराम कोजु | वडा सदस्य, भनपा २ |
| ४ | सदस्य | रमेश दुमरु | नेक्रा मजदुर संघ केन्द्रीय समिति |
| ५ | सदस्य | केदार तुइतुई | भक्तपुर ट्रक व्यवसायी संघ |
| ६ | सदस्य | ज्ञानेन्द्र महर्जन | अध्यक्ष, नेपाल क्रान्तिकारी यातायात मजदुर संघ |
| ७ | सदस्य | नाती हयोम्बा | भक्तपुर इटा व्यवसायी संघ |
| ८ | सदस्य | प्रतिनिधि | महानगरीय प्रहरी परिसर |
| ९ | सदस्य | प्रतिनिधि | ट्राफिक प्रहरी |
| १० | सदस्य सचिव | नारायणबहादुर चुवान | नगर प्रहरी प्रमुख, भ.न.पा |

११) साँस्कृतिक प्रदर्शनी व्यवस्थापन समिति

| क.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | रविन्द्र ज्याख्व | वडाध्यक्ष, भनपा ९ |
| २ | सदस्य | कृष्णसुन्दर प्रजापति | वडा सदस्य, भनपा ४ |
| ३ | सदस्य | गोविन्द दुवाल | वडा सदस्य, भनपा ६ |
| ४ | सदस्य | हेरा ख्याजू | वडा सदस्य, भनाप ७ |
| ५ | सदस्य | बिष्णुकेशरी दुवाल | वडा सदस्य, भनपा ४ |
| ६ | सदस्य | मुक्तिसुन्दर जधारी | नेपाल क्रान्तिकारी साँस्कृतिक संघ |
| ७ | सदस्य | लक्ष्मीप्रसाद चवाल | अध्यक्ष, नेपाल क्रान्तिकारी साँस्कृतिक संघ भक्तपुर जिल्ला समिति |
| ८ | सदस्य | राजेन्द्र श्रेष्ठ | कलाकार |
| ९ | सदस्य | इन्दिरा लाछिमस्यू | कलाकार |
| १० | सदस्य | डा. पुष्प रत्न शाक्य | संस्कृतिविद् |
| ११ | सदस्य | रवि कपाली | साँस्कृतिक गुरु |
| १२ | सदस्य | देवचन्द्र बज्राचार्य | साँस्कृतिक गुरु |
| १३ | सदस्य | आशराम वैद्य | कलाकार |
| १४ | सदस्य सचिव | रामगोविन्द श्रेष्ठ | उपनिर्देशक, प्रमुख सम्पदा शाखा, भनपा |

१२) नौका विहार तथा दिपावली व्यवस्थापन समिति

| क.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | लक्ष्मीप्रसाद हयौमिखा | वडाध्यक्ष, भनपा १० |
| २ | सदस्य | सुर्यप्रसाद श्रेष्ठ | वडा सदस्य, भनपा १ |
| ३ | सदस्य | बिष्णुमाया कामी | वडा सदस्य, भनपा १० |
| ४ | सदस्य | प्रज्वल खत्री | विपद् व्यवस्थापन तालिम प्राप्त |
| ५ | सदस्य | श्यामकृष्ण बासुकला | खेलाडी |
| ६ | सदस्य | कल्पना देउपाला | विपद् व्यवस्थापन तालिम प्राप्त |
| ७ | सदस्य | लक्ष्मीसुन्दर सुवाल | विपद् व्यवस्थापन तालिम प्राप्त |
| ८ | सदस्य | राजन कोजु | विपद् व्यवस्थापन तालिम प्राप्त |
| ९ | सदस्य सचिव | दिलिपकुमार सुवाल | विपद् व्यवस्थापन सम्पर्क व्यक्ति, भ.न.पा |

१३) वालमैत्री गतिविधि व्यवस्थापन समिति

| क.सं. | पद | नाम | आवद्ध संस्था |
|---|---|---|---|
| १ | संयोजक | रोशनमैया सुवाल | कार्यपालिका सदस्य, भ.न.पा. |
| २ | सदस्य | सरिना चौला | वडा सदस्य, भ.न.पा.५ |
| ३ | सदस्य | रिता फसिकव | वडा सदस्य, भनपा ५ |
| ४ | सदस्य | गणेशराम थुसा | अध्यक्ष, नेपाल क्रान्तिकारी शिक्षक संघ, भक्तपुर नगर समिति |
| ५ | सदस्य | विष्णुप्रसाद दुमरु | नेपाल क्रान्तिकारी शिक्षक संघ |
| ६ | सदस्य | श्री रविन्द्रकुमार श्रेष्ठ | महासचिव भक्तपुर पर्यटन विकास समिति |
| ७ | सदस्य | सीता प्रजापति | शिक्षिका |
| ८ | सदस्य | मीरा दुगुजु | शिक्षिका |
| ९ | सदस्य सचिव | दिपेन्द्र प्रजापति | शाखा अधिकृत, शिशु स्याहार केन्द्र, भ.न.पा. |

# समितिको निर्णय अनुमोदन

**समितिको निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–**

## क. शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

मिति २०८१।४।३१ गते

**१. सत्रौं पुस्तकालय दिवसको उपलक्ष्यमा यस नगरपालिकाको आयोजनामा यही २०८१ भाद्र १४ गते शुक्रबारका दिन दिनको २:०० बजे नगरपालिका क्षेत्रभित्र माध्यमिक विद्यालयबाट २ जना विद्यार्थी र सम्बन्धित शिक्षकको उपस्थितिमा नगरपालिकाको सभाहलमा "निरन्तर शिक्षाका लागि पुस्तकालय" विषयमा प्रवचन कार्यक्रम गर्ने निर्णय गरियो ।**

**२. ख्वप कलेज अफ ईन्जिनियरिङ्गबाट माटो परीक्षणको अनुसन्धान कार्य गर्न आवश्यक लागत रु.३,४८,५००।– व्यहोर्न प्राप्त भएको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।**

**३. ख्वप ईन्जिनियरिङ्ग कलेजको** Bachelor of Architecture, **चौथो वर्षमा अध्ययनरत छात्रा कृशा ज्याख्वा र सुबिना न्हुछेँलाई न.पा.को योजना तथा प्राविधिक शाखामा प्राक्टिकल गरे वापत प्रतिव्यक्ति खाजा खर्च रु.१०,०००।– प्रदान गर्ने (मासिक) निर्णय गरियो ।**

**४. यस वर्षको लागि शैक्षिक ऋणका लागि पेश भएका प्रस्तावहरू उपर अध्ययन गरी अन्तर्वार्ता मार्फत छनौट गर्न अन्तर्वार्ता टोली गठन गरी यही भाद्र १८ गते अन्तरवार्ता कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।**

मिति : २०८१।५।२६

१. यस वर्षको गुन्हीपुन्ही सापारु पर्व २०८१ मा प्रदर्शन गरिएका घिन्ताङघिसी, परम्परागत एवम् आधुनिक विधाका साँस्कृतिक प्रस्तुतीहरूको मूल्याङ्कन पश्चात्को अन्तिम नतिजा सार्वजनिक गर्ने निर्णय गरियो।

२. गुन्हीपुन्ही सापारु पर्व २०८१ मा प्रदर्शित घिन्ताङघिसी, परम्परागत एवम् आधुनिक विधाका साँस्कृतिक प्रस्तुतीहरूको मूल्याङ्कनकर्ता, साँस्कृतिक अग्रजहरू, व्यवस्थापन समितिका पदाधिकारीहरू र मूल्याङ्कनको क्रममा परिचालित कर्मचारीहरूलाई देहाय बमोजिम बैठक भत्ता तथा पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो :-

- व्यवस्थापन समितिका पदाधिकारीहरू एवम् मूल्याङ्कनकर्ताहरूले साँस्कृतिक विधाहरू मूल्याङ्कन गरेको दिनको पारिश्रमिक - प्रति व्यक्ति प्रति दिन रु.१५००।-
- व्यवस्थापन समितिका पदाधिकारी एवम् मूल्याङ्कनकर्ताहरूले साँस्कृतिक विधाहरू मूल्याङ्कन गरेको दिनको पारिश्रमिक- प्रति व्यक्ति प्रति दिन रु.१५००।-
- मूल्याङ्कनको समयमा खटिएका कर्मचारीहरुलाई भत्ता- प्रति व्यक्ति प्रति दिन रु.५००।-
- उद्घोषक, माइक व्यवस्थापन तथा स्वयंसेवकहरूलाई भत्ता- प्रति व्यक्ति प्रति दिन रु.५००।-

३. इन्द्रजात्राको दिन साँझ स्थानीय इन्द्रीय युवा समूहको अगुवाईमा साँझ दिपावली गर्दै आएकोमा यो वर्ष पनि दिपावली गर्न नगरपालिकामा आर्थिक सहयोग माग गरेको सम्बन्धमा गएको वर्ष दिए अनुसारको रकम आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो।

४. भक्तपुर नगरपालिकाद्वारा हरेक वर्ष नगरबासी युवाहरूलाई प्रदान गर्दै आएको शैक्षिक ऋणको व्यवस्थित अभिलेख राख्न तेजपुष्प ग्रुप प्रा.लि.ले यस नगरपालिकामा पेश गरेको प्रस्ताव बमोजिम शैक्षिक ऋण सफ्टवेर खरिद गरी जडान गर्ने निर्णय गरियो।

## युवा तथा खेलकुद समिति

मिति : २०८१।५।२८गते

१. भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ असोज १० गतेदेखि १५ गतेसम्म हुने भक्तपुर नगरभित्रका संस्थागत एवम् सामुदायिक विद्यालयका खेलकुद शिक्षक/शिक्षिकाहरूलाई खेलकुद प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्ने र उक्त तालिमको लागि रु. ६,५०,०००।- (अक्षेरुपी रु. छ लाख पचास हजार) अनुमानित खर्च विवरण पेश गर्ने निर्णय गरियो।

२. भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ असोज १० गतेदेखि १५ गतेसम्म हुने भक्तपुर नगरभित्रका संस्थागत एवम् सामुदायिक विद्यालयका खेलकुद शिक्षक/शिक्षिकाहरूलाई खेलकुद प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालनको लागि आवश्यक व्यवस्था गर्न यस समितिका सदस्य श्री सुनिता अवाल (प्रजापति) लाई रु. ६ लाख पेश्की लिन लगाउने निर्णय गरियो।

## वातावरण तथा पर्यटन समिति

मिति : २०८१।५।१२गते

१. वडाको मठ मन्दिर, पाटी पौवाहरूमा घाँस सफा गर्ने र आवश्यकताअनुसार झलर राख्ने कार्यक्रम समेत गर्नको लागि सबै वडा समितिहरूमा अनुरोध गर्ने।

२. वडा नं.९ लामुगा चौरमा हरियाली व्यवस्थापन, ग्राउण्ड व्यवस्थापन, निकास व्यवस्थापन र आवश्यक माटो राख्ने कार्य गर्ने गराउन योजना शाखालाई जिम्मा दिने निर्णय गरियो।

मिति : २०८१।५।२७ गते

१. ४५ औं विश्व पर्यटन दिवसका दिन गाईजात्रा पर्वमा प्रदर्शित पुरस्कृत विधाहरूको पुरस्कार वितरण कार्यक्रममा भक्तपुरका पर्यटन विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउने संघ संस्था, व्यक्तित्वहरू र राष्ट्रिय पथ प्रदर्शकहरूलाई सम्मान गर्ने। उक्त सम्मान कार्यक्रमको नामावली प्रस्ताव तयार गर्न पर्यटक सूचना तथा सेवा केन्द्रलाई जिम्मा दिइयो।

२. विश्व पर्यटन दिवसको अवसरमा २०८१ आश्विन १० गते "भक्तपुरको पर्यटन विकास विगत, वर्तमान र भविष्य" विषयमा प्रवचन कार्यक्रम गर्ने र यसको व्यवस्थापन जिम्मेवारी भक्तपुर पर्यटन विकास समितिलाई दिने।

३. ४५ औं विश्व पर्यटन दिवसका दिन २०८१ आश्विन ११ गते भक्तपुर नगर प्रवेश गर्ने पहिलो समूहलाई निःशुल्क प्रवेश पास, मयुर झ्याल, खादा, टोपी, फुलको गुच्छा र नगरपालिकाको प्रकाशन उपहार प्रदान गरी साँस्कृतिक झांकीसहित भक्तपुर दरबार क्षेत्र खौमा ढोकामा स्वागत कार्यक्रम गर्ने र कार्यक्रममा सहभागी पाहुनाहरूलाई विहानको खाजा व्यवस्थापन गर्ने।

४. ४५ औं विश्व पर्यटन दिवसको प्रचार प्रसार गर्न पर्यटक सेवा केन्द्र र पर्यटकीय स्थलहरूमा व्यानर राख्ने।

५. भक्तपुर नगरभित्रको अव्यवस्थित र अनुपयुक्त खम्बा र तारहरू हटाउने र व्यवस्थापन गर्न नेपाल टेलिकमलाई पत्राचार गर्ने।

## आर्थिक तथा लेखा समिति

मिति : २०८१।५।२४गते

१. हित बचत तथा ऋण सहकारी संस्था लि. को

आ.व. २०७९/०८० को लेखा परीक्षण प्रतिवेदनमा देखाइएको बचतको नियमानुसार बाँडफाँड गरी आएको सामुदायिक विकास कोषको ५० प्रतिशत रकम भक्तपुर नगरपालिकामा बुझाइसकेपछि लेखा परीक्षक नियुक्तिको स्वीकृति दिने निर्णय गरियो ।

२. नित्यनाथ बचत तथा ऋण सहकारी संस्था लि. को दर्ता नं. १५१ मिति २०८१।४।३ गतेको निवेदनमाथि छलफल हुँदा सहकारी ऐन, २०७४ परिच्छेद १३ को दफा ७८ र नियमावली २०७५ को परिच्छेद ७ नियम २९ को उपनियम १ अनुसार पुऱ्याउनु पर्ने सम्पूर्ण प्रक्रिया पुऱ्याई निवेदन पेश हुन आएको हुँदा उक्त संस्थालाई जग्गा खरिदमा लाग्ने रजिष्ट्रेशन दस्तुर छुटको लागि बागमती प्रदेश सरकार, सहकारी मन्त्रालय, हेटौँडा, नेपालमा सिफारिस गर्ने निर्णय गरियो ।

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

मिति : २०८१।५।११ गते

१. भ.न.पा.द्वारा सञ्चालन गरिने सिलाई मेसिन मर्मत तालिममा सहभागी प्रशिक्षार्थीहरूबाट निम्न अनुसार शुल्क लिने निर्णय गरियो–

सिलाई मेसिन मर्मत : रु. १,०००।–
ग्यांस चुल्हो मर्मत : नि:शुल्क

मिति : २०८१।५।२३ गते

१. भ.न.पा.द्वारा सञ्चालन गरिने विभिन्न तालिमहरूको कक्षा सञ्चालन गर्न प्रशिक्षक नियुक्ति सम्बन्धमा छलफल हुँदा शैक्षिक योग्यता, कक्षा सञ्चालन अनुभवको आधारमा निम्न अनुसार प्रशिक्षकहरू तल उल्लेख भए अनुसार पारिश्रमिक दिने गरी करारनामा गर्ने निर्णय गरियो–

| क.प्रशिक्षकको नाम | तालिमको नाम | पारिश्रमिक प्रति महिना | समय अववधि |
|---|---|---|---|
| विष्णु श्रेष्ठ | पाक शिक्षा | रु.२५,०००।- | ४ महिना |
| सुनिल सुवाल | पाक शिक्षा | रु.२५,०००।- | ४ महिना |
| ख. सोमलता वैद्य | हेयर कटिङ | रु.२०,०००।- | ६ महिना |
| श्याम नापित | हेयर कटिङ | रु.२०,०००।- | ६ महिना |
| ग.कृष्णमाया कवा | एड्भान्स सिलाई | रु.२०,०००।- | ४ महिना |
| कमला शाक्य | ऐ | ऐ | ऐ |
| घ. धर्मलक्ष्मी लघु | आधारभूत सिलाई | | ६ महिना |
| तुल्सीमाया धुख्वा | ऐ | ऐ | ऐ |
| बद्रीलक्ष्मी कवां | ऐ | ऐ | ऐ |
| मायादेवी लाखाजु | ऐ | ऐ | ऐ |
| संगिता कायष्थ | ऐ | ऐ | ऐ |
| मंगलकेशरी खुसु | ऐ | ऐ | ऐ |
| ङ. सविना कवां | बुटिक | ऐ | ६ महिना |
| गिता थोपाला | ऐ | ऐ | ऐ |

२. भ.न.पा.बाट सञ्चालन गरिने हेयर कटिङ्ग तालिम भ.न.पा. ७ आदर्श (पुरानो शिशु स्याहार केन्द्र) मा सञ्चालन गर्न बत्ती र खानेपानीको व्यवस्थापन गर्न इलेक्ट्रिसियन श्री हरिरत्न ध्वोजुलाई जिम्मा दिने निर्णय गरियो ।

मिति : २०८१।५।३१गते

१. भ.न.पा.द्वारा सञ्चालन गरिने विभिन्न तालिमहरूको प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरूसँग प्रति व्यक्ति निम्न तालिममा निम्नानुसार मासिक शुल्क लिने निर्णय गरियो–

क) आधारभूत सिलाई – मासिक ३००।–
ख) एड्भान्स सिलाई – ५००।–
ग) बुटिक (फेसन डिजाइन) – १०००।–
घ) पाक शिक्षा – ५००।–
ङ) हेयर कटिङ्ग – ५००।–

**निर्माण समिति**

मिति २०८१/०५/२० गते

| क. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | लाम्हुग चौर स्तरोन्नती कार्य | ९ | अन्य सार्वजनिक निर्माण | २,६२५,६७९।८५ | | | | | | | | |
| २ | छुमा तँ मा भासिएको सडक मर्मत कार्य | ६ | मर्मत | ९९,५९८।५१ | | | | | | | | |
| ३ | मंगलतीर्थ शिशु स्याहार तथा बाल विकास केन्द्र भवनको छाना र पर्खाल मर्मत | ४ | मर्मत | ७४१,४१७।०३ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | धालाखुसी क्षेत्रमा भासिएको सडक मर्मत कार्य | १ | मर्मत | ९९,५५८।९० | | | | | | | | |
| ५ | नपली क्षेत्रको बाटोहरूमा वेश कोर्ष हाल्ने कार्य | १ | मर्मत | ९५,४१०।६४ | | | | | | | | |
| ६ | ६ वडास्थित शिशु स्याहार तथा बाल विकास केन्द्रमा छाना मर्मत कार्य | ६ | मर्मत | ५७८,९०४।६३ | | | | | | | | |
| ७ | मन्दिरहरूको छाना सफाइ कार्य | ५ | मर्मत | ४५,७३५।०४ | | | | | | | | |
| ८ | देकोचा र कमलविनायक क्षेत्रमा रहेका सीसीटीभी सर्भिलेन्स प्रणाली मर्मत सम्भार | १० | मर्मत | २४९,३३७।९० | | | | | | | | |
| ९ | लिवाली तःमुंज्या चोकमा दुबो रोप्ने कार्य | ८ | वातावरण तथा पर्यटक समिति | ५०९,३५५।५६ | | | | | | | | |
| १० | सिलाइ तथा हियर कटिङ तालिम सेन्टरमा विद्युतीय कार्य | ७, ८ | मर्मत | ४२,५२६।०० | | | | | | | | |
| ख) | ल.ई. स्वीकृति तथा भुक्तानी सम्बन्धमा सम्बन्धमा | | | | | | | | | | | |
| १ | रानीपोखरीको पूर्वी पर्खाल मर्मत कार्य | १ | मर्मत | ९७,६४१।३५ | | | ८९,६३०।३६ | ८९,६३०।३६ | ९३,९१०।८६ | सम्पन्न | अमानत | |
| २ | रानीपोखरी क्षेत्रमा विद्युतीय मर्मत सम्भार कार्य | १ | मर्मत | ५५,५४४।५९ | | | ३४,६००।०० | ३४,६००।०० | ४९,१५४।५० | सम्पन्न | राजकुमार बमनु (अमानत) | |
| ३ | भनपाका विभिन्न स्थानहरूमा सडक बत्ती, फ्लोड लाइट तथा विद्युतीय कार्य र प्लम्बिङ्ग सम्बन्धी मर्मत कार्य | नपा | मर्मत | ७५,४३९।२९ | | | ज्याला रू. २४,०००।०० | ज्याला रू. २४,०००।०० | ७१,१८९।६४ | सम्पन्न | जयराम प्रजापति (अमानत) | सामान सम्बन्धी वडा तथा भनपाको जिन्सी उपशाखाबाट प्राप्त भएको |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कमलविनायक र बेखाल पर्यटक काउण्टरमा विद्युतीकरण तथा मर्मत सम्भार | १० | मर्मत | ३२,०३८।३३ | | | २९,६९३।७५ | २९,६९३।७५ | ३०,०६९।७५ | सम्पन्न | दिलराम दुवाल (अमानत) | |
| ५ | ख्वप टेलिभिजन भवनको कौशीमा रेलिङ्ग तथा घेरा बार गर्ने कार्य | ८ | मर्मत | ७०,२०३।४४ | | | ६६,३४१।५२ | ६६,३४१।५२ | ६९,८१६।४६ | सम्पन्न | अमानत | |
| ६ | छ्वग देग पुन:निर्माण कार्य | ४ | नपा | ३,८६३,७९५।४८ | पहिलो पेश्की | ६५०,०००।०० | ८१०,२१४।४५ | १६०,२१४।४५ | ८९९,२६४।९६ | आंशिक सम्पन्न | विश्वराम त्वायना | दोस्रो पे.फ. गरी रू. २,८७१७७।०० भुक्तानी दिने र थप पेश्की ८ लाख दिने |
| | | | | | दोस्रो पेश्की | १,०००,०००।०० | १,२८७,१७७।०० | २८७,१७७।०० | १,५७१,६९४।६६ | | | |
| | | | | | जम्मा | १,६५०,०००।०० | २,०९७,३९१।४५ | ४४७,३९१।४५ | २,४७०,९५९।६२ | | | |
| ७ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (साउन महिनाको) | १-१० | मर्मत | ९९,५००।०० | | | ९८,१००।०० | ९८,१००।०० | ९९,०००।०० | सम्पन्न | अमानत | जिन्सीबाट प्राप्त पुरानो निर्माण सामाग्री प्रयोग भएको |
| ग) | म्याद थप सम्बन्धमा | | | | | | | | | | | |
| १ | छ्वग देग पुन:निर्माण कार्य | ४ | नपा | ३,८६३,७९५।४८ | मिति २०८२ असार मसान्तसम्म म्याद थप गर्ने । | | | | | | | |
| | | | | | | | | | | | | |
| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | छ्वुम गणेश द्यो छें पुन:निर्माण कार्य अन्तिम चरण | ६ | नपा | ४,४९६,७३९।९५ | | | | | | | | |
| २ | इन्द्रायणी द्यो:छें पुन:निर्माण कार्य चौथो चरण | २ | नपा | ८,८२६,२५४।०६ | | | | | | | | |
| ३ | लक्ष्मीनरसिंह मन्दिर पुन:निर्माण कार्य पाँचौ चरण | ४ | नपा | ८,६२७,१९८।८० | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | सांस्कृति प्रदर्शनी केन्द्र निर्माण कार्य | ९ | नपा | ३,२०३,३७२।४४ | | | | | | | | |
| ५ | लर्के हनुमानचास्थित खोला किनारामा ग्याबियन वाल निर्माण कार्य | ८ | मर्मत | ६९४,४०५।९२ | | | | | | | | |
| ६ | कमलपोखरी, कमलविनायक, च्याम्हासिंह, क्वाठण्डौ लगायत स्थानहरूमा थप सडक बत्ती जडान कार्य | ९, १० | मर्मत | ४५०,५५०।०० | | | | | | | | |
| ख) | उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | लर्केस्थित कम्पोष्ट प्लानमा सोलार वाटर हिटर तथा प्लम्बिङ्ग कार्य | ८ | मर्मत | २३४,९७३।३३ | | | उ.स.अ. : श्री दिपक जाकिबन्जार अ.स.स. : श्री कृष्णलाल किसी | | | | | |
| २ | लाम्हुग चौर स्तरोन्नती कार्य | ९ | अन्य सार्वजनिक निर्माण | २,६२५,६७९।८५ | | | उ.स.अ. : श्री बाबुकाजी गोसाई अ.स.स. : श्री रबिन्द्र ज्याख्व | | | | | |
| ग) | पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | सीसीटीभी सर्भिलेन्स प्रणाली मर्मत सम्भार कार्य, भार्वाचो-दत्तात्रय र साकोठा-इटाछेसम्म | १-९ | मर्मत | ९९,६३२।८३ | | | ७८,२२४।२५ | ७८,२२४।२५ | ८५,३१४।५१ | सम्पन्न | टाइम इन्टरप्राइजेज | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

(क) उपभोक्ता समिति अनुमोदनबारे छलफल हुँदा देहाएका योजनाहरुको लागि गठन भई आएको देहाए बमोजिमको उपभोक्ता समिति र अनुगमन तथा निरीक्षण समितिहरु अनुमोदन गरियो :

**लाम्हुग चौर स्तर उन्नति कार्य उपभोक्ता समिति**

अध्यक्षश्री बाबुकाजी गोसाई सदस्यश्री ज्ञानकुमार मगजु
सदस्यश्री मैयालक्ष्मी प्रजापति सदस्यश्री राधाकृष्ण प्रजापति
सदस्यश्री राजुप्रसाद ज्याख्व सदस्यश्री राजाराम कोण्डा
सदस्यश्री रामलक्ष्मी प्रजापति सदस्यश्री उद्धव कोण्डा
सदस्यश्री रामकृष्ण प्रजपाति सदस्यश्री उर्मिला प्रजापति
सदस्यश्री लक्ष्मीप्रसाद चवाल

**अनुगमन तथा निरीक्षण समिति**

संयोजक श्री रविन्द्र ज्याख्व सदस्य श्री कृष्ण नारायण दुव
सदस्य श्री ज्ञानबहादुर मानन्धर सदस्य श्री पशुपतिमान थकु

**वडा नं. ८ ख्वप टेलिभिजन स्टुडियो तथा अन्य भौतिक पूर्वाधार निर्माण कार्य उपभोक्ता समिति**

अध्यक्ष श्री दिनेश खड्गी सचिवश्री सत्यप्रसाद प्रजापति
कोषाध्यक्ष श्री लक्ष्मीश्वरी प्रजापति सदस्यश्री मेनसन लाखेमरु
सदस्य श्री पुरञ्जली दुवाल सदस्यश्री जयराम कोजु
सदस्यश्री सुभद्रा छ्वाजु

**अनुगमन तथा निरीक्षण समिति**

संयोजक श्री राम प्रजापति सदस्य श्री विष्णुहरि भैनात्व
सदस्य श्री सुमित्रा बोहजु सदस्य श्री सुवर्ण कोजु
सदस्य श्री करण कोजु

## बैठक सङ्ख्या- ६५

## मिति २०८१ असोज १० गते, बिहीबार

### निर्णयहरू

### सांस्कृतिक गुरुहरूलाई सम्मान

विश्व पर्यटन दिवसको अवसरमा मिति २०८१ असोज ११ गते हुने पुरस्कार वितरण तथा सांस्कृतिक गुरु सम्मान कार्यक्रममा वडा कार्यालयहरूको सिफारिसमा देहाय बमोजिमका सांस्कृतिक गुरुहरूलाई प्रतिव्यक्ति नगद रु.२०,०००|- (कर बाहेक) सहित प्रत्येक वडाबाट २/२ जना गरी २० जना देहाय बमोजिमका सांस्कृतिक गुरुहरूलाई सम्मान गर्ने निर्णय गरियो-

| वडा नं. | सांस्कृतिक गुरुको नाम | वडा नं. | सांस्कृतिक गुरुको नाम |
|---|---|---|---|
| १ | देवचन्द्र बज्राचार्य<br>मंगलबहादुर भैल | ६ | आसराम अवाल<br>गणेशबहादुर सुवाल |
| २ | रामभक्त ब्यान्जु<br>विकुबहादुर पक्का | ७ | नारायणभक्त बनमाला<br>मोतिलाल लाखाजु |
| ३ | हर्षविर धुख्वा<br>बद्रीभक्त खर्बुजा | ८ | तुल्सीनारायण गोसाई<br>कृष्णगोपाल प्याथ |
| ४ | न्हुछेकुमार प्रजापति<br>चन्द्रबहादुर कपाली | ९ | तुल्सीभक्त कोजु<br>राजाराम श्रेष्ठ |
| ५ | जगनाथ त्वानाबासु<br>ब्राहमकाजी दर्शनधारी | १० | रामचन्द्र सुवाल<br>काजीलाल मुलगुठी |

### आर्थिक सहयोग

२०४६ सालको जनआन्दोलनमा वीरगति प्राप्त गर्नु हुने अमर शहीद पुष्परत्न शाक्यकी अर्धाङ्गिनी तथा यस न.पा.का १० नं. वडाका पूर्व जनप्रतिनिधि श्री विजयलक्ष्मी शाक्य लामो समयदेखि फोक्सोको क्यान्सरबाट पीडित भई उपचार गरिरहेकोमा निजको पारिवारिक आर्थिक अवस्थालाई मध्यनजर गरी उपचार खर्च स्वरूप निजलाई रु.१,००,०००|- (अक्षेरूपी एक लाख) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**कृषिस मिति**

मिति : २०८१।६।११गते

कृषि तथा घरेलु उत्पादन मेला मिति २०८१।०६।१६ गतेदेखि मिति २०८१।०६।२० गतेसम्म भ.न.पा. ५, तरकारी बजारमा सञ्चालन हुने सूचना मजदुर दैनिकमा प्रकाशित गर्ने । सो कार्यक्रमको जानकारी तथा कार्यक्रममा सहभागीको लागि वडा वडामा सहकारी कृषि सहकारी तथा कृषक समूहहरूलाई पत्राचार गर्ने । उक्त कार्यक्रममा व्यक्ति, समूह, सहकारीहरूलाई दर्ता गर्न भ.न..पा. ५ नं. वडा कार्यालयमा दर्ता गर्ने स्थाना तोक्ने । प्रतिदिन रु.२००|- (दुई सय रुपैयाँ मात्र) गरी पाँच दिनको रु.१०००|- (एक हजार) दर्ता शुल्क अन्य स्थलको लिने तथा तयारी स्थलको लागि प्रतिदिन रु.३००|- (तीन सय) रुपैयाँ) मात्र गरी पाँच दिनको रु.१५००|- (एक हजार पाँच सय) मात्र दर्ता शुल्न लिने निर्णय गरियो ।

**वातावरण तथा पर्यटन समिति**

मिति : २०८१।६।८गते

१. भक्तपुर महोत्सवलाई लक्षित गरी भक्तपुरबारे मोबाइल एप्स बनाउनको लागि ख्वप इन्जिनियरिङ्ग कलेजलाई अनुराध गर्ने र सोको लागि लाग्ने बजेट रकम भक्तपुर नगरपालिकाले भुक्तानी दिने व्यवस्था गर्ने निर्णय गरियो ।

२. ४५ औं विश्व पर्यटन दिवसको दिन भक्तपुर नगरमा पहिलो प्रवेश गर्ने समूहका पर्यटकहरूलाई सम्मान सहित स्वागत कार्यक्रममा खौमा ध्वाखामा विहान ७:३० बजे गर्ने । उक्त कार्यक्रमम पश्चात् सहभागी कार्यपालिका सदस्यहरू, प्रमुख अतिथि, अतिथिहरू र पर्यटक पाहुनाहरूलाई विहान चिया नास्ताको व्यवस्था गर्ने । उक्त विहानको कार्यक्रममा सांस्कृतिक विधा (झाँकी) प्रस्तुत गर्नको लागि निम्न सांस्कृतिक समूहहरूलाई निमन्त्रणा गर्ने निर्णय गरियो :

१. लाखे प्याखं, खिछैं दफा भजन समूह, भ.न.पा. ५

२. जंगली प्याखं, कमिचा गल्ली बाँसुरी बाजा समूह, भ.न.पा. ९

**आर्थिक तथा लेखा समिति**

मिति : २०८१।५।३०गते

१. भक्तपुर नगरपालिका वडा नं. १ स्थित १०८ रोपनी चौरमा विगतमा जस्तै दशैं तिहारको अवसरमा खसी च्याँग्राको अस्थायी व्यवसाय गर्न दिन मिति २०८१।६।१६ देखि २०८१।७।१६ गतेसम्म करिब १ महिनाको लागि निम्नानुसार कर दस्तुर र क्षे.फ. कायम गर्ने निर्णय गरियो-

क. खसी च्याँग्राको खोरको लागि रु. ३५,०००|- (अक्षेरुपी पैतिस हजार) कर र रु.५०००|- (अक्षेरुपी पाँच हजार) मात्र धरौटी तथा क्षेत्रफल बढीमा २०X२५ फिटसम्मको

ख. खसी च्याँग्राको सफाइ गर्न तथा अन्य साना होटल र पसलका लागि रु.१५,०००|- (अक्षेरुपी पन्ध्र हजार) मात्र कर र रु.५,०००|- (अक्षेरुपी पाँच हजार) धरौटी तथा क्षेत्रफल १५X२० फिटसम्मको ।

२. भक्तपुर नगरपालिका वडा नं. ५ मा निर्माण भएको तरकारी बजारमा रहेका ४० वटा पसलहरू बहालमा लगाउने सम्बन्धमा वडा कार्यालयबाट पेश भएको बहाल प्रस्तावलाई समेत मध्यनजर गरी तपसिलमा उल्लेखित पसलहरूको न्यनत्तम अङ्क खुलाई दुई वर्षका लागि बहालमा लगाउन ७ दिनको सूचना प्रकाशित गर्ने निर्णय गरियो–

| पसल नं | मासिक न्यूनत्तम अङ्क |
|---|---|
| १ र ६ | रु.१०,०००।– |
| २,३,४ र ५ | रु.८,०००।– |
| ७, ८, ९, १०,११,१२, १३, १४, १५, १६, १७, १८, २५, २६, ३३, ३४, ३६, ३८ र ४० | रु.६,०००।– |
| बाँकी १५ वटा पसलको | रु.४,०००।– |

## निर्माण समिति

मिति २०८१/०६/०७ गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई. /कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | गोलमढी ग:हिटी उत्तरतर्फको पाटी पुन:निर्माण कार्य | ७ | नपा | २,१०५,७४४।६७ | | | | | | | | |
| २ | इतापाके पाटी पुन:निर्माण कार्य | २ | नपा | १,४६२,७७९।२९ | | | | | | | | |
| ३ | सुन्दर गोपाल मन्दिर पुन:निर्माण कार्य | ६ | नपा | ५,०२२,९३५।८२ | | | | | | | | विनियोजित बजेटअनुसार खर्च गर्ने |
| ४ | फोहोरमैला संकलन केन्द्रमा ग्राभेल र वेश कोर्ष हाल्ने कार्य | १ | मर्मत | २३३,९५०।०७ | | | | | | | | |
| ५ | कुसुम मेच मर्मत कार्य | नपा | मर्मत | ९६,६६१।७४ | | | | | | | | |
| ७ | ७ नं. वडा कार्यालय परिसरमा ढुङ्गा छपाइ कार्य | ७ | बाग्मती प्रदेश स:शर्त बजेट | ५,३४७,०२३।८३ | | | | | | | | |
| ८ | भार्वाचो बसपार्कको पूर्वतर्फका बाटोहरू र हनुमान पाटी इचाडोल बाटोमा ढुङ्गा छपाइ कार्य | १ | बाग्मती प्रदेश स:शर्त बजेट | ५,२५४,८०८।३० | | | | | | | | |
| ९ | टेलिकमदेखि ईटाछेंसम्म पीच सडकको दायाँ बायाँ ढुंगा छपाइ मर्मत कार्य | १ | सडक बोर्ड नेपाल + नपा | १,३२१,२२७।९७ | | | | | | | | |
| १० | इताछें सडक मर्मत कार्य | २ | सडक बोर्ड नेपाल + नपा | १,२८३,७८८।०८ | | | | | | | | |
| ११ | वासिक टोल बाटोमा ढुंगा छपाइ मर्मत कार्य | ३ | सडक बोर्ड नेपाल + नपा | १,२८३,५९४।४७ | | | | | | | | |
| १२ | तारा मा.वि.को उतरतर्फको बाटोमा ढुंगा छपाइ मर्मत | ४ | सडक बोर्ड नेपाल + नपा | १,२८०,९७७।३५ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | वालाखुदेखि त्रिपुरासुन्दरीको वाटो ढुंगा छपाइ मर्मत कार्य | ५ | सडक बोर्ड नेपाल + नपा | १,२८३,०७५।२० | | | | | | | | |
| १४ | वालबोध शान्ति स्कूलबाट यालाछेँसम्म ढुंगा छपाइ मर्मत कार्य | ६ | सडक बोर्ड नेपाल + नपा | १,२८३,१३२।०६ | | | | | | | | |
| १५ | सिथामला बाटो ढुंगा छपाइ मर्मत कार्य | ७ | सडक बोर्ड नेपाल+ नपा | १,२८४,१२७।०२ | | | | | | | | |
| १६ | लिवाली कभर्ड हल अगाडिको ३ वटा बाटोमा ग्राभेलिङ गर्ने | ८ | सडक बोर्ड नेपाल+ नपा | १,२८७,०९१।१८ | | | | | | | | |
| १७ | नवदुर्गा द्यःछेँदेखि गछैं हुँदै सकोलानसम्मको सडक मर्मत | ९ | सडक बोर्ड नेपाल + नपा | १,२८२,४२९।६७ | | | | | | | | |
| १८ | महालक्ष्मी मन्दिरदेखि नागपोखरीसम्मको बाटोमा ढुंगा छपाइ मर्मत कार्य | १० | सडक बोर्ड नेपाल + नपा | १,२९३,९२९।८२ | | | | | | | | |
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | लक्ष्मीनरसिंह मन्दिर पुनःनिर्माण कार्य पाँचौ चरण | ४ | नपा | ८,६२७,१९८।८० | | | उ.स.अ. : श्री कुमार चवाल<br>अ.स.स. : श्री उपेन्द्र सुवाल | | | | | |
| २ | कमलपोखरी, कमलविनायक देखि च्याम्हासिंहसम्म, क्वाठण्डौ लगायत स्थानहरूमा थप सडक बत्ती जडान कार्य | ९, १० | मर्मत | ४५०,५५०।०० | | | उ.स.अ. : श्री हरिप्रसाद मगजु<br>अ.स.स. : श्री कृष्णनारायण दुमरू | | | | | |
| ३ | छुम गणेश द्यो छैं पुनःनिर्माण कार्य अन्तिम चरण | ६ | नपा | ४,४९६,७३९।९५ | | | उ.स.अ. : श्री हरिशरण अवाल<br>अ.स.स. : श्री हरिराम सुवाल | | | | | |
| ४ | ६ वडास्थित शिशु स्याहार तथा बाल विकास केन्द्रमा छाना मर्मत कार्य | ६ | मर्मत | ५७८,९०४।६३ | | | उ.स.अ. : श्री कुमार कुम्पाख<br>अ.स.स. : श्री गोबिन्द दुवाल | | | | | |
| ५ | ख्वप टेलिभिजन स्टेडियो तथा भौतिक पूर्वाधार निर्माण कार्य | ८ | नपा | ५,२९५,३३०।०० | | | उ.स.अ. : श्री दिनेश खड्गी<br>अ.स.स. : श्री राम प्रजापति | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सांस्कृति प्रदर्शनी केन्द्र निर्माण कार्य | ९ | नपा | ३,२०३,३७२।४४ | | | उ.स.अ. : श्री रत्नप्रसाद प्रजापति अ.स.स. : श्री ज्ञानबहादुर मानन्धर | | | | | |
| ग) रि.ल.ई. स्वीकृति/पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | सूर्यविनायकदेखि च्याम्हासिंहसम्म खानेपानी पाइप जडान कार्य | ५, ७, ८ र ९ | योजनाको बाँकी भुक्तानी | ३,३५६,५८७।९० | ४,१२१,८०१।४० | १,६५०,०००।०० | २,३४९,४७७।२३ | ६९९,४७७।२३ | २,५११,१७०।४९ | सम्पन्न | महेन्द्र खायमली | दोस्रो पे.फ. गरी रू. ५,६८,०६१।०० भुक्तानी दिने |
| | | | | | | ५००,०००।०० | १,०६८,०६१।०० | ५६८,०६१।०० | १,०८७,७४३।८६ | | | |
| | | | | | | २,१५०,०००।०० | ३,४१७,५३८।२३ | १,२६७,५३८।२३ | ३,५९८,९१४।३५ | | | |
| २ | छुमा तँ मा भासिएको सडक मर्मत कार्य | ६ | मर्मत | ९९,५९८।५१ | | ३०,०००।०० | ७७,४४७।२५ | ४७,४४७।२५ | ८५,८९९।०० | सम्पन्न | रोशमैया सुवाल | |
| ३ | भनपाका विभिन्न स्थानमा नियमित मर्मत सम्भार कार्य (भदौ महिनाको) | १-१० | मर्मत | ९३,२८०।५४ | | | ज्याला ८८,८००।०० | ज्याला ८८,८००।०० | ९२,५२७।०० | सम्पन्न | (राधेश्याम भैनात्व) अमानत | जिन्सीबाट प्राप्त पुरानो निर्माण सामाग्री प्रयोग भएको |
| घ | आ.व. २०८१/०८२मा सडक बोर्ड नेपालको बजेटबाट संचालन हुने सडक मर्मतको दर विश्लेषण स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | आ.व. २०८१/०८२ को भक्तपुर जिल्लाबाट निर्धारण भएको दररेट समेतलाई मध्येनजर गरी चालू आ.व. २०८१/०८२ मा सडक बोर्ड नेपाल र न.पा.को संयुक्त बजेटबाट संचालन हुने सडक मर्मत संभारका योजनाहरूको लागि आवश्यक दर विश्लेषण २०८१/०८२ स्वीकृत गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

मिति २०८१/०६/१० गते

| क्र.सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | तरकारी बजार पूर्वाधार निर्माण (कार्यालय भवन निर्माण) | ५ | नपा | ३,८१८,३४१।६८ | | | | | | | | |
| २ | सिज पलि पाटी पुन:निर्माण कार्य | १० | नपा | २,८१३,७९१।१९ | | | | | | | | |
| ३ | भोखाद्यो दक्षिणपट्टीको पाटी पुन:निर्माण कार्य | ५ | नपा | २,६७४,६२४।८६ | | | | | | | | |
| ४ | सिद्धपोखरी पेटी पुन:निर्माण कार्य | १ | नपा | २,५९७,४८२।८८ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | न:पुखु पर्खाल पुन:निर्माण कार्य | १ | नपा | २,६३४,९०४।०२ | | | | | | | | |
| ६ | थालाछैं फल्चा मर्मत कार्य | १० | मर्मत | ६३,२७७।७७ | | | | | | | | |
| ७ | पाइपलाइनदेखि सुकुना फाँटसम्म जाने बाटोमा ग्राभेलिङ्ग कार्य | १० | मर्मत | ८७,८७३।८९ | | | | | | | | |
| ८ | सडक बत्ती जडान कार्य ( सल्लाघारी-घलाटे चोक) | १ | मर्मत | ५७२,२८५।३४ | | | | | | | | |
| ९ | सडक बत्ती तथा फ्लोड लाइट मर्मत सम्भार (भक्तपुर दरबार क्षेत्र) | ३ | मर्मत | ७२,५५६।०० | | | | | | | | |
| १० | तुछिमला टोलमा पाटीको छाना मर्मत कार्य | ६ | मर्मत | ६५,०८४।९२ | | | | | | | | |
| ११ | ब्यासी टोलमा जांलाचा पाटीको छाना मर्मत कार्य | ६ | मर्मत | ९१,०१७।५५ | | | | | | | | |
| ख) उपभोक्ता समिति स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | ७ नं. वडा कार्यालय परिसरमा ढुङ्गा छपाई कार्य | ७ | बाग्मती प्रदेश स:शर्त बजेट | ५,३४७,०२३।८३ | | | उ.स.अ. : श्री हरिगोपाल सायजु अ.स.स. : श्री रञ्जना त्वाती | | | | | |
| २ | भार्वाचो बसपार्कको पूर्वतर्फका बाटोहरू र हनुमान पाटी इचाडोल बाटोमा ढुङ्गा छपाई कार्य | १ | बाग्मती प्रदेश स:शर्त बजेट | ५,२५४,८०८।३० | | | उ.स.अ. : श्री स्वस्थानी शर्मा कार्की अ.स.स. : श्री श्यामकृष्ण खत्री | | | | | |
| ग) म्याद थप सम्बन्धमा | | | | | | | | | | | | |
| १ | अरनिको सभा भवन निर्माण कार्य (पहिलो चरण : हलको MAT Foundation_ | नपा | बाग्मती प्रदेश सशर्त र नपा बजेट (२०८०/८१ को) | १०५,५१५,९७३।५२ | ६३,०४८,०५७८८ | मिति २०८१ मंसिर १५ गतेसम्म म्याद थप गर्ने । | | | | | | वर्षाको कारण निर्माणस्थलमा पानी जमेको र माथिल्लो भागबाट माटो बग्ने क्रम नरोकिएकोले कार्य गर्न बाधा परेको |
| घ) | रि.ल.ई. स्वीकृति तथा भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | सिलाइ तथा हियर कटिङ तालिम सेन्टरमा विद्युतीय कार्य | ७, ८ | मर्मत | ४२,५२६।०० | ८३,३८८।३८ | | ७८,३३४।८५ | ७८,३३४।८५ | ८०,५०७।४५ | सम्पन्न | कृष्णमैया कवां | |

# बैठक सङ्ख्या- ६६

## मिति २०८१ असोज १७ गते, बिहीबार

## निर्णयहरू

### सामाजिक सुरक्षा भत्ता वितरण

यस नगरपालिकाको आ.व. २०८१/०८२ को सामाजिक सुरक्षा भत्ता अन्तर्गत प्रथम त्रैमासिक (२०८१ श्रावण, भाद्र र आश्विन) तीन महिनाको सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहायताको रकम मिति २०८१ असोज २० गतेदेखि वितरण गर्ने सम्बन्धी सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

### शुभकामना आदान प्रदान

विजया दशमी २०८१ को अवसरमा सरसफाइसँग सम्बन्धित कर्मचारीहरू र सफाइकर्मीहरूबीच फुलपातिको दिन शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो। र उक्त कार्यक्रम व्यवस्थापनको लागि शाखा अधिकृत श्री दिलिपकुमार सुवाललाई रु.१,३०,०००।- (एक लाखतीस हजार) पेश्की लिन लगाउने निर्णय गरियो।

### समितिको निर्णय अनुमोदन

समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो-

**युवा तथा खेलकुद समिति**

मिति : २०८१।६।१३ गते

भक्तपुर नगरपालिकाको आयोजनामा २०८१ असोज १०-१५ गतेसम्म भएको सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षक/शिक्षिकाहरूलाई आधारभूत खेलको प्रशिक्षक प्रशिक्षण तालिम दिनु हुने प्रशिक्षकहरूलाई प्रतिकक्षा कर बाहेक रु.२५००।- (अक्षेरूपी रु. दुई हजार पाँच सय) मात्र पारिश्रमिक व्यवस्था गर्ने निर्णय गरियो।

**महिला बालबालिका तथा समाज कल्याण समिति**

मिति : २०८१।६।१५गते

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा भक्तपुर आदर निकेतनमा जेष्ठ नागरिकहरूलाई पानी तताउने जग, विस्कुट र फलफूल वितरण गर्ने निर्णय गरियो।

**कृषि समिति**

मिति : २०८१।६।१८गते

भक्तपुर नगरपालिकाका सामुदायिक कुकुर बन्ध्याकरण तथा रेबिज खोप कार्यक्रम सञ्चालन गर्न आह्वान गरिएको शिलबन्दी दरभाउ पत्रमा परेका आवेदनहरू खोलियो। सो आह्वान गरिएको शिलबन्दीमा तपसिल व्यवसायको दरभाउ सहित निवेदन रह्यो-

**तपसिल**

| क्र.सं. | सङ्ख्या | बन्ध्याकरण | रेबिज खोप | कैफियत |
|---|---|---|---|---|
| १ | अनोय इन्दटरप्राइजेज | २५००।- | प्रति कुकुर | रेबिज खोपको मात्र दरभाउ नभएको |
| २ | मण्डला भेटेरिनरी अस्पताल | २०००।- | २००।- | |
| ३ | पशु सेवा केन्द्र, सुडाल | २७००।- | | रेविज खोपको मात्र |
| ४ | एमिलहिलिङ्ग, दुवाकोट | १९७७।- | | कम्पनी दर्ता, प्यान |
| ५ | किसान भेटेरिनरी डिष्ट्रिब्यूसन, ललितपुर | १८००।- | १८०।- | |

माथि उल्लेखित सङ्ख्याहरू मध्ये सबैभन्दा कम मूल्यक बोल गर्ने किसान भेटिरिनरी डिष्ट्रिब्यूसन, ललितपुरलाई कार्य गर्न दिने निर्णय गरियो।

**बजार अनुगमन समिति**

मिति : २०८१।६।८गते

भक्तपुर महोत्सवलाई लक्षित गरी भक्तपुरबारे मोबाइल एप्स बनाउनको लागि ख्वप इन्जिनियरिङ्ग कलेजलाई अनुरोध गर्ने र सोको लागि लाग्ने बजेट रकम भक्तपुर नगरपालिकाले भुक्तानी दिने व्यवस्था गर्ने निर्णय गरियो।


हार्दिक समवेदना



जन्म : २०२० कार्तिक १४ गते

निधन : २०८१ पुस १२ गते

भक्तपुर नगरपालिका वडा नं. ४ का पूर्व अध्यक्ष
**कुमार चवाल**को दुःखद निधन भएकोमा मृतकप्रति
भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त
परिवारजनमा हार्दिक समवेदना
व्यक्त गर्दछौं।

**भक्तपुर नगरपालिका**

भक्तपुर नगरपालिका गतिविधि

भक्तपुर नगरपालिका गतिविधि

## लैङ्गिक हिंसा अन्त्य गर्न नयाँ पुस्तालाई सुसंस्कृत बनाउनु पर्ने




भक्तपुर नगरपालिका वडा नं. ६ कार्यालयको आयोजनामा लैङ्गिक हिंसाविरुद्ध अभियान मंसिर २२ गते कार्यक्रम गरियो।

उक्त कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् प्रतिनिधिसभा सदस्य प्रेम सुवालले व्यक्तिगत सम्पत्तिसँगै मानिसबिच समाजमा वर्ग विभाजन भएको बताउँदै सरकारहरूले शोषकवर्गको पक्ष लिएपछि कामदार वर्ग थप पीडित भएको बताउनुभयो।

उहाँले मानिसको सीपअनुसार श्रम विभाजन गरिएको हो भन्दै श्रमकै आधारमा कतिपय पेसालाई छुवाछुत र भेदभाव गरिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "अमेरिकामा समेत केही वर्ष अगाडि कालाजातिका जर्ज फ्लोयडलाई गोरा जातिका प्रहरीले घुँडाले थिचेर मारे। यसको विरुद्ध संसारभरि आन्दोलन उठ्यो तर निर्णायक आकार लिन सकेन।"

सांसद सुवालले भन्नुभयो, "नयाँ पुस्तालाई सुसंस्कृत बनाउनु जरुरी छ। यो काम घर परिवारबाट सुरु गर्नुपर्दछ। नयाँ पुस्ताका कतिपय युवाहरूलाई धूम्रपान, मद्यपान र लागू पदार्थ दुर्व्यसनीमा पारिएका छन्।"

"सरकार राम्रो नभएसम्म समाजमा देखापरेका विकृति हट्ने छैन। निर्वाचनमा पैसा र सामान बाँड्ने, भोज खुवाउने, उम्मेदवार र ती दलहरूको सरकार जनतालाई भरोसायोग्य हुने छैन," सांसद सुवालले भन्नुभयो।

कार्यपालिका सदस्य रोशनमैँया सुवालले महिलाहरलाई ३२ प्रकारभन्दा बढी रोगहरू लाग्ने चर्चा गर्दै स्वास्थ्य, सफाइ क्षेत्रमा बढी संवेदनशील हुनुपर्ने बताउनु भयो। उहाँले महिलाहरू अध्ययनशील, सचेत र सङ्गठित हुन सकेमात्र समाजमा हुने विकृति तथा विसङ्गति, विभेद, अत्याचार हटाउन सहज हुने चर्चा गर्दै महिलाहरू राजनैतिक क्षेत्रमा अग्रसर हुन प्रेरणा दिनुभयो।

वडा सदस्य गोविन्द दुवालले बुहारीलाई छोरीसरह व्यवहार गर्न सकेमा परिवारमा झैँझगडा, मुद्दा मामिलाबाट मुक्त हुनसकिने विचार व्यक्त गर्दै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सफाइ अभियानमा विशेष ध्यान दिइरहेको उल्लेख गर्नुभयो।

कार्यक्रमका सभापति एवम् वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले अशिक्षा नै विभेद, हिंसाको कारक तत्त्व रहेको जनाउँदै भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, सीपमूलक तालिमहरू दिइरहेको चर्चा गर्नुभयो।

उहाँले भक्तपुर महोत्सव २०८१ सभ्य एवम् भव्यरूपमा सम्पन्न गर्न चोक, गल्ली, सडकलगायत सरसफाइमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा स्थानीय गोपीकृष्ण चाँगुभारी, गणेशराम थुसा र मञ्जु कुम्पाखले पनि बोल्नुभएको थियो।

## लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको समापन तथा महिला भेला



भक्तपुर नगरपालिकाको आयोजनामा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको समापन तथा महिला भेला कार्यक्रम मंसिर २५ गते सम्पन्न भयो।

कार्यक्रममा बोल्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले महिला र पुरुषबीचको विभेद सदियौँदेखि चलिआएको बताउँदै समाजमा व्याप्त अन्धविश्वासले पनि

लैङ्गिक हिंसालाई बढावा दिने बताउनुभयो ।

लैङ्गिक हिंसाविरुद्धको अभियानमा सबै एकाकार भएर लाग्नुपर्ने बताउँदै महिलाहरूले आफूलाई आत्मनिर्भर भएर बाँच्न प्रेरित गर्नुभयो ।

लैङ्गिक हिंसा पनि पुँजीवादी व्यवस्थाको विकृत रूप हो भन्दै उहाँले समाजवादी व्यवस्थामा मात्र महिलाहरूले समानतापूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता हुने बताउनुभयो ।



उपप्रमुख रजनी जोशीले लिंगको आधारमा गरिने शारीरिक, मानसिक र यौनजन्य हिंसा नै लैङ्गिक हिंसा भएको बताउनुभयो ।

उहाँले महिला भएकै कारण हिंसाबाट पीडित हुनुपर्ने बाध्यताको अन्त्य हुन जरुरी रहेको बताउँदै सभ्य र सुसंस्कृत समाज निर्माणमा महिला र पुरुषको भूमिका बराबर रहेको बताउनुभयो ।

भक्तपुरका प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेले लैङ्गिक हिंसाको अन्त्य आफ्नो घर परिवारबाटै हुनुपर्नेमा जोड दिँदै नेपालको संविधानले महिला हकको व्यवस्था गरे पनि शिक्षाको अभावका कारण महिलाहरू आफ्नो हक अधिकारबाट बञ्चित रहनुपरेको यथार्थबारे प्रष्ट पार्नुभयो ।

महिला बालबालिका तथा समाज कल्याण समितिका संयोजक एवम् भक्तपुर नगरपालिका कार्यपालिका सदस्य रोशनमैंया सुवालको सभपातित्वमा सम्पन्न उक्त कार्यक्रममा समितिका सदस्य हेरा ख्याजु र सुमित्रा बोहजूले पनि बोल्नुभएको थियो ।

## लैङ्गिक हिंसाविरुद्ध सचेतनामूलक कार्यक्रम

### वडा नं. १०

भनपा वडा नं. १० को आयोजनामा 'हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता' भन्ने नाराका साथ लैङ्गिक हिंसाविरुद्ध सचेतनामूलक तथा अभिमुखीकरण कार्यक्रम मंसिर २५ गते सम्पन्न भयो ।

उक्त कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले हिंसा कम गर्नको लागि घर-घरमा नै सचेतना जगाउनुपर्छ भन्नुभयो । दाइजो प्रथा तथा आर्थिक प्रलोभनले पनि लैङ्गिक हिंसा बढ्ने गरेको उहाँले बताउनुभयो ।

उक्त कार्यक्रममा वडा सदस्य जितेन्द्र मुनंकर्मी, वडा सदस्य कृष्णनारायण दुमरु, महिला वडा सदस्य तारादेवी शाक्य, लक्ष्मीप्रसाद चवाल र वडा सचिव गोविन्दराम थुसाले लैङ्गिक हिंसाबारे आ-आफ्नो विचार व्यक्त गर्नुभयो ।

### वडा नं.४

भक्तपुर नगरपालिका ४ नं. वडा कार्यालयको आयोजनामा मंसिर २५ गते लैङ्गिक हिंसाविरुद्ध सचेतनामूलक तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपमेयर र जनी जोशीले लैङ्गिक हिंसा महिलालाई मात्र हुने नभई पुरुषसमेत यसको सिकार भएको बताउँदै समानताको निम्ति महिला पुरुष दुवै मिलेर अघि बढ्नुपर्ने आवश्यकता रहेको चर्चा गर्नुभयो । व्यक्ति शिक्षित भएरमात्र पुग्दैन, सभ्य र सुसंस्कृत हुनु अपरिहार्य छ भन्दै एर उहाँले सबैले समानताको आधारमा व्यवहार गर्न सके लैङ्गिक हिंसा न्यूनीकरण गर्न सकिने विचार व्यक्त गर्नुभयो ।

उपप्रमुख जोशींले भक्तपुर नगरको विश्व प्रसिद्ध कला, संस्कृति र सम्पदाबारे नयाँ पुस्तालाई शिक्षित बनाउन भक्तपुर महोत्सव हुन लागेको र उक्त महोत्सव सफल पार्न सबै वडावासी तथा नगरवासीहरू एकजुट भई सभ्य सुसंस्कृत समाजको परिचय दिनुपर्ने धारणा व्यक्त गर्नुभयो । उहाँले विद्यालयमा विद्यार्थीहरूलाई सामाजिक व्यवहार सिकाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

पूर्व कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले चेतनाको कमीले गर्दा लैङ्गिक हिंसा भइरहेको बताउँदै पर म्परागत रुढीवादी सोच त्यागेर वैज्ञानिक सोच अँगाल्न सिक्नुपर्ने भनाइ राख्नुभयो ।

भ.न.पा. ४ का वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा स्थानीय हरिसुन्दर सुवाल, नेक्रामसङ्घ भक्तपुर नगर समिति सदस्य रञ्जना सुवाल, रमिला सुवाल, कानुनका विद्यार्थी जेशिका तुल्सीलगायतले लैङ्गिक हिंसा न्यूनीकरण गर्न ध्यान दिनुपर्ने पक्षबारे बोल्नुभयो ।

## वातावरण संरक्षण र फोहोर मैला व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासले मात्रै सम्भव हुने

**- प्रमुख प्रजापति**



फोहरमैला व्यवस्थापन कुनै एउटा पालिका वा काठमाडौँ उपत्यकाको मात्रै समस्या नभइ देशभरकै पालिकाहरूको साझा समस्या भएको बताउँदै उहाँले साझा समस्याको समाधान संघ, प्रदेश र स्थानीय तहको संयुक्त प्रयासले मात्रै सम्भव हुने पुस ४ गते बताउनुभयो।

उक्त विचार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेपाल सरकार वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वातावरण विभागले आ.व. २०८१।८२ को वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत 'वातावरण संरक्षण तथा सरसफाइसम्बन्धी स्थानीय तहको असल अभ्यासको अवालकेन गर्ने सिलसिलामा भक्तपुर नगरपालिकाको वातावरण संरक्षण र सम्बर्द्धनसँग सम्बन्धित कार्यहरूबारे जानकारी लिने उद्देश्यले आयोजना गरेको कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

भक्तपुर नपाको सभाकक्षमा सम्पन्न उक्त कार्यक्रममा बोल्दै उहाँले फोहर व्यवस्थापनबारे विभिन्न देशहरूको अनुभवबाट पनि भक्तपुरले सिक्दै त्यहाँको अध्ययन गरेर यहाँको अनुकुलतामा अनुभव लागु गर्न खोजिरहेको बताउनुभयो।

उहाँले फोहरलाई आम्दानीको राम्रो स्रोत बनाउन सकिने भन्दै भक्तपुर नगरपालिकाले कुहिने फोहरको कम्पोष्ट मल बनाएर किसानहरूलाई बिक्री वितरण समेत गर्दै आएको जानकारी गराउनुभयो।

फेहारलाई स्रोतबाटै कम गर्ने उद्देश्यले भक्तपुर नपाले प्रत्येक घरमा दुई वटा फरक फरक रङको बाल्टिन वितरण गर्दै कुहिने र नकुहिने अलग अलग फोहर सङ्कलन गर्दै आइरहेको बताउँदै प्रमुख प्रजापतिले इँटाभट्टा, खोला सरसफाइ र औद्योगिक क्षेत्रहरू हुने प्रदूषण वातावरण संरक्षणका चुनौतिको रूपमा रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपा स्यानिटेशन शाखाका प्रमुख दिलिपकुमार सुवालले भक्तपुर नपाले गर्दै आएको फोहोर व्यवस्थापनसम्बन्धी प्रस्तुती गर्नुभएको थियो।

वातावरण विभागका सबिन देशारले वातारण संरक्षण र फोहोरमैला व्यवस्थापनसम्बन्धी असल अभ्यासको स्थलगत निरीक्षणको लागि वन तथा वातावरण मन्त्रालयले भक्तपुर नगरपालिका र धुलिखेल नगरपालिका छनोट गरेको अवगत गराउनुभयो।

## भक्तपुर नगरपालिकाका निवर्तमान वडाध्यक्ष श्री कुमार चवालको श्रद्धाञ्जली






# शैक्षिक गतिविधि

## लैङ्गिक हिंसाविरुद्धको अभियानमा युवा/विद्यार्थीहरूको भूमिकाबारे वक्तृत्वकला प्रतियोगिता सम्पन्न




'हामी सबैको प्रतिबद्धता : लैङ्गिक हिंसा अन्त्यका लागि अभियान' भन्ने राष्ट्रिय नाराका साथ ३० औं अन्तर र्राष्ट्रिय लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको अवसरमा 'लैङ्गिक हिंसाविरुद्धको अभियानमा युवा विद्यार्थीहरूको भूमिका' भन्ने विषयमा ख्वप कलेज अफ लमा मंसिर २४ गते वक्तृत्वकला प्रतियोगिता सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख तथा कलेज व्यवस्थापन समितिका उपाध्यक्ष रजनी जोशीले युवा विद्यार्थीहरूको सक्रियता र प्रतिबद्धताको प्रशंसा गर्दै लैङ्गिक हिंसा कानुनी मुद्दामात्र नभई यसलाई हाम्रो समाजको समानता र न्यायको परीक्षणको संज्ञा दिनुभयो । उहाँले युवा पुस्ताले यस मुद्दामा निर्णायक भूमिका खेल्न सक्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ लका प्राचार्य एवम् सभाध्यक्ष अनिता जधारीले लैङ्गिक हिंसाविरुद्धको अभियानमा युवा र विद्यार्थीहरू सक्रिय हुनुपर्ने बताउनुभयो । उहाँले यस्ता प्रतियोगिताले सकारात्मक सन्देश र प्रेरणाको वातावरण सिर्जना गर्ने विचार व्यक्त गर्नुभयो ।

प्रतियोगितामा ख्वप कलेज अफ लका विभिन्न वर्षमा विद्यार्थीहरूले लैङ्गिक हिंसाको जरा, यसको कानुनी आयाम र समाधानका उपायहरूबारे विचार प्रस्तुत गरे । विद्यार्थीहरूले शिक्षा,

कानुनी जागरुकता, सामुदायिक संलग्नता र डिजिटल



प्लेटफर्मको उपयोगजस्ता प्रभावकारी समाधान प्रस्तुत गरेका थिए ।

कार्यक्रममा ज्ञानसागर प्रजापति, अधिवक्ता नुक्ता गौतम र सुनिता गाईसीले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो ।

कार्यक्रममा ज्ञानसागर प्रजापति, गगन तिमिल्सिना, रमा पाण्डेले पनि बोल्नुभएको थियो ।

## ख्वप विश्वविद्यालय विधेयक अन्तिम चरणमा



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईले पुस १६ गते भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पतालको निरीक्षण गर्नुभयो । भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनको लागि प्रक्रिया अगाडि बढाउँदै आएको सन्दर्भमा मन्त्री भट्टराईले विश्वविद्यालय सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधारहरूको निरीक्षण गर्नुभएको हो ।

मन्त्री भट्टराईलाई नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवाल र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेजमा स्वागत गर्नुभएको थियो ।

निरीक्षणपछि आयोजित छलफल कार्यक्रममा मन्त्री

भट्टराईले भक्तपुर नगरपालिकाले शिक्षामा गरेको कार्य उदाहरणीय र अनुकरणीय रहेको बताउँदै भक्तपुर नपाले ख्वप विश्वविद्यालय स्वीकृति पाउनुपर्छ भन्ने विषयमा आफू सँधै सकारात्मक रहेको बताउनुभयो ।



ख्वप विश्वविद्यालयको विधेयकलाई पूर्णता दिने विषयमा लामो समयदेखि छलफल चलिरहेको र यसले पूर्णता पाउनुपर्छ भन्ने पक्षमा आफू सहमत रहेको बताउँदै ख्वप विश्वविद्यालय विधेयक मन्त्रिपरिषदमा पुगेको र त्यहाँ सकारात्मक छलफल भइरहेको बताउनुभयो ।



विश्वविद्यालयमा बन्द हड्ताल, तालाबन्दी र गुण्डागर्दी स्वीकार्य नभएको बताउँदै उहाँले विश्वविद्यालयमा हुने अराजनैतिक गतिविधि नियन्त्रण गर्न आवश्यक भएको बताउनुभयो ।

नेमकिपाका सचिव प्रेम सुवालले सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्न दिनुपर्नेमा जोड दिँदै ख्वप विश्वविद्यालयलाई जनताको विश्वविद्यालयको रूपमा स्थापना गरी देशभरिका विद्यार्थीलाई सहज रूपमा उच्च शिक्षाको अवसर प्रदान गर्ने उद्देश्य रहेको बताउनुभयो ।



मानव सभ्यताको विकासको सिलसिलामा विश्वविद्यालय नगर राज्यले सञ्चालन गरेको उदाहरणहरू प्रस्तुत गर्दै उहाँले ख्वप विश्वविद्यालय विधेयक संसदबाट छिटो पारित भए विद्यार्थीले सहज रूपमा उच्च शिक्षा हासिल गर्ने अवसर पाउने बताउनुभयो ।

सोही क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नपाले ख्वप विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्न भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा प्राप्तिको लागि नेपाल ट्रष्टसमक्ष पटक पटक पत्राचार समेत गरिसकेको बताउँदै ख्वप विश्वविद्यालय विधेयक २०८० पारित गर्न आवश्यक पहल एवम् प्रक्रिया अगाडि बढाउन मन्त्री भट्टराईसमक्ष अनुरोध पत्र हस्तान्तरण गर्नुभयो ।



मन्त्री भट्टराईले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय, ख्वप कलेज, शारदा क्याम्पस मावि, ख्वप कलेज अफ ल, ख्वप अस्पताल, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङलगायतको स्थलगत अवलोकन गरी कलेजहरूबाट प्रवाहित सेवा सुविधा, विद्यार्थी सङ्ख्या र भौतिक अवस्थाबारे जानकारी लिनुभएको थियो । मन्त्री भट्टराईलाई सचिव सुवालले पार्टीका प्रकाशनहरू, नगर प्रमुख प्रजापतिले नपाका प्रकाशन र कलेजका प्रकाशनहरू उपहारको रूपमा प्रदान गर्नुभयो ।



# स्वास्थ्य सेवा

## अस्पतालले रोगीको सङ्ख्याभन्दा भरपर्दो उपचार गर्नुपर्नेमा जोड




भक्तपुरमा आँखाका बिरामीहरूको सङ्ख्या निरन्तर उकालो लाग्दै गरेको देखिएको छ। पछिल्लो १९ वर्षमा यहाँ आँखाका बिरामीहरूको सङ्ख्या प्रत्येक वर्ष निरन्तर बढ्दो रहेको तथ्याङ्कले देखाएको हो।

ख्वप तीलगंगा आँखा अस्पताल च्याम्हासिंह भक्तपुरले राखेको तथ्याङ्कअनुसार यहाँ आउने बिरामीहरूको सङ्ख्या निरन्तर बढ्दो छ।

अस्पतालले सन् २००६ बाट सेवा सुरु गरेको थियो। तथ्याङ्कअनुसार सेवा सुभारम्भ भएको पहिलो वर्ष सन् २००६ मा कुल दुई सय २१ जनाले सेवा पाएका थिए। यो क्रम बढ्दै अहिले वर्षमा ३१ हजार बढीले सेवा पाइरहेका छन्।

तथ्याङ्कअनुसार सन् २००७ मा तीन हजार एक सय ६०, सन् २००८ मा चार हजार पाँच सय २५, २००९ मा ६ हजार नौ सय ५३, २०१० मा सात हजार सात सय चार, २०११ मा सात हजार आठ सय ४३, २०१२ मा आठ हजार पाँच सय ३१, २०१३ मा ११ हजार चार सय ७४, २०१४ मा १३ हजार आठ सय ७८, २०१५ मा १४ हजार नौ सय ८७, २०१६ मा १५ हजार आठ सय २२, २०१७ मा १८ हजार ४८ जना, २०१८ मा २० हजार ४२७ जनाको तथ्याङ्कले प्रत्येक वर्ष निरन्तर बिरामीको सङ्ख्या बढ्दो देखाएको हो।

त्यसको अर्को वर्ष अर्थात् सन् २०१९ मा पनि बढेर २५ हजार ७९४ जनाले सेवा लिए। त्यसपछि दुई वर्ष भने घटेको देखिएको छ। कोरोनाका कारण ती वर्षमा बिरामी आउने क्रम घटेको जनाइएको छ।

सन् २०२० मा ११ हजार ६९१ जनाले सेवा पाए। यस्तै सन् २०२१ मा पुनः बढेर २० हजार ८९ जनाले सेवा पाए। त्यसपछि सन् २०२२ मा फेरि बढेर २५ हजार पाँच सय ७३ रोगी उपचारमा आए। सन् २०२३ मा फेरि बढेर ३१ हजार दुई सय ७९ जनाले सेवा लिएका थिए। त्यसपछि भने सन् २०२४ को नोवेम्भरसम्म २५ हजार तीन सय ९९ जनाले सेवा लिएको तथ्याङ्क छ। बीमाबाट चश्मा वितरण बन्द भएकाले पछिल्लो वर्ष सन् २०२४ मा सेवाग्राहीको सङ्ख्या घटेको जनाइएको छ।

'अस्पतालमा सेवा लिन आउने बिरामीहरूको सङ्ख्या प्रत्येक वर्ष बढ्दो छ,' अस्पतालका इन्चार्ज धीरज अधिकारीले भने, 'त्यसकारण अहिले हामी सेवा फराकिलो ठाउँमा राखेका छौं।' अस्पताल अहिले भक्तपुर नगरपालिका वडा नं ९ च्याम्हासिहस्थित भव्य ख्वप अस्पताल भबनको माथिल्लो तल्लामा छ।

ख्वप तीलगंगा आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले यो अस्पताल अरु अस्पताल जस्तो नाफाको लागि नभई सेवाका लागि रहेकाले तुलनात्मक रूपमा कम शुल्कमा सेवा प्रदान गर्दै आइरहेको सुनाए। काठमाडौँको तीलगंगा आँखा अस्पताल भन्दा कम शुल्कमा आफूहरूले सेवा दिइरहेको उनको भनाइ थियो।

तीलगंगा आँखा अस्पतालका प्रबन्धक डा. मोहनकृष्ण श्रेष्ठले भक्तपुरका जनतालाई आँखा उपचारको सेवा दिन भक्तपुर नगरपालिकासँग मिलेर काम गरिरहेको जानकारी गराए। त्यसकारण यहाँको नाम ख्वप तीलगंगा आँखा अस्पताल राखेर कम शुल्कमा सेवा दिइरहेको उनले बताए।

यहाँ नयाँ बिरामी चेकअपका लागि विशेषज्ञसहितिको सेवाको लागि प्रतिव्यक्ति रु. ८० र पुरानाका लागि रु ५० मात्रै टिकट शुल्क रहेको छ। अस्पतालमा शुक्रबार स्थानीय परियोजना सल्लाहकार समितिको बैठक पनि बसेको थियो।

## महिला स्वास्थ्य स्वयम्सेविकाहरूको वार्षिक भेटघाट कार्यक्रम सम्पन्न

भक्तपुर नगरपालिकाका १० वटै वडामा कार्यरत महिला स्वास्थ्य स्वयम्सेविकाहरूको वार्षिक भेटघाट कार्यक्रम पुस १५ गते सम्पन्न भयो।



कार्यक्रममा बोल्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरले स्वास्थ्य र सामाजिक क्षेत्रमा गरिरहेका नवीनत्तम अभ्यासमा महिला स्वास्थ्य स्वयम्सेविकाहरू उल्लेखनीय भूमिका रहेको बताउनुभयो।

निःस्वार्थ रूपमा जनताको सेवा गर्नु नै असल राजनीतिको परिचय भएको बताउँदै उहाँले भक्तपुरको पृथक र असल अभ्यासबाट अन्य स्थानीय तहहरूले पनि सिको गर्न खोजिरहेको छ भन्नुभयो।

भक्तपुर नपाको आयोजनामा भएको पाँचदिने भक्तपुर महोत्सव स्वयम्सेवकहरूको निःस्वार्थ भावनाले सफल भएको बताउँदै नागरिकहरूले आफ्नो सामाजिक दायित्व बहन तर्फ पनि जोड दिनुपर्ने धारणा राख्नुभयो।

महिला स्वास्थ्य स्वयम्सेविकाहरू सामाजिक, आर्थिक, शैक्षिक रूपले शिक्षित र सङ्गठित हुन जरुरी रहेको बताउँदै स्वास्थ्य स्वयम्सेविकाहरू सामाजिक कार्यकर्ता हुन् भन्नुभयो।

भनपा वडा नं. ३ का कार्यबाहक वडाध्यक्ष कृष्णगोपाल चौगुठीले वडाले निर्धारित गरेका सामाजिक कार्यक्रमहरूमा महिला स्वास्थ्य स्वयम्सेविकाहरूको तर्फबाट सकारात्मक साथ र सहयोग रहँदै आएको बताउँदै निःस्वार्थ रूपमा जनताको सेवा गर्नु स्वयम्सेविकाहरूको कर्तव्य भएको बताउनुभयो।

कार्यपालिका सदस्य सुनिता अवालले वडामा हुने गतिविधिहरूमा वडाबासीहरूको सहभागिता बढाउन महिला स्वयम्सेविकहरूको महत्त्वपूर्ण भूमिका रहँदै आएको बताउँदै वडाबासीहरूको सहयोगीको रूपमा स्वयम्सेविकाहरू परिचालन हुनु जरुरी रहेको बताउनुभयो।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले स्वास्थ्य स्वयम्सेविकाको सहयोगमा ख्वप अस्पतालले स्वास्थ्य क्षेत्रमा धेरै गतिविधिहरू गर्न सफल भएको बताउँदै आगामी दिनहरूमा पनि उहाँहरूको सक्रियता रहँदै जाने विश्वास व्यक्त गर्नुभयो।

उक्त कार्यक्रम महिला स्वास्थ्य स्वयम्सेविकाका अध्यक्ष बबीमैंया लघुको सभापतित्वमा सम्पन्न भएको थियो।

# जीवन–आचरण

## घमन्डको पर्दा

राम एउटा गाउँमा झुपडीमा बस्थे। रामका बुवा, आमा सानैमा स्वर्गबास हुनु भएकाले उनी कमाउने क्षमताका भएनन्। पहिले बुवाले भर्ना गरिदिनुभएको विद्यालयमा नै उनी पढ्थे। पढ्नमा तेज क्षमताका भएकै कारण उनलाई शिक्षक, शिक्षिकाले पनि असाध्यै माया गर्थे।

रामलाई बिना शुल्क विद्यालयमा पढ्ने अवसर दिइएको थियो। एक दिन विद्यालयमा शिक्षकले सबैलाई एउटा एउटा प्रश्न दिएका थिए। जुन प्रश्नको जवाफ भोलि सबैले लेखेर ल्याउनुपर्ने थियो। रामलाई पनि शिक्षकले एउटा प्रश्न दिएका थिए। प्रश्न अन्य विद्यार्थीलाई दिएको भन्दा पनि अलि गाह्रो थियो। किनभने अन्य विद्यार्थीभन्दा राम अझै अध्ययनशील र मिहिनेती थिए। उनलाई दिएको प्रश्न थियो, 'हामीलाई किन अहङ्कार र घमन्डले घेर्छ ? हामी किन योभन्दा माथि उठ्न सबै सक्दैनौं ? यसलाई हामीले कसरी चिन्नु पर्छ ?' प्रश्न सोचनीय मात्रै होइन, निकै गाह्रो थियो। त्यति मात्रै होइन, यसको उत्तरसँगै कुनै उदाहरण पनि दिनुपर्ने बाध्यता उनीमा थियो।

राम जब घर फर्किए। बाटोभरि सोच्न थाले, 'आखिर यो प्रश्नको जवाफ के हुन सक्छ ?' खाना खाए, रात पर्‍यो। धेरै सोच्दा पनि उनको मनमा कुनै उत्तर आइरहेको थिएन। दियोमा तेल थप्दै राम रातको समयमा पनि शिक्षकले सोधेको प्रश्नमा एकोहोरिन थाले। पूर्णिमाको शीतल रातमा पनि राम प्रश्नको उत्तर सोच्ने र खोज्ने प्रयास गर्थे। बिचरा एक्लै बस्ने रामलाई उत्तर खोज्न साथ दिने पनि कोही थिएन। रात छिप्पिँदै थियो। दियोमा तेल सकियो र झ्याप्प निभ्यो। दियोले दिएको प्रकाश हरायो र बाहिर चम्किरहेको चन्द्रमाको प्रकाशले रामको कोठालाई ढाक्यो। यो सबै रामले एकएक गरी नियालिरहेका थिए। उनी अकस्मात खुसी देखिए र सुतेको ठाउँबाट जुरुक्क उठे। किनकि उनले दियो र चन्द्रमाको प्रकाशबाट शिक्षकलाई दिने उत्तर पाएका थिए।

त्यसपछि उनी आनन्दले सुते। भोलि विद्यालयमा रामले शिक्षकसामु उभिएर दिएको प्रश्नको उत्तर यस्तो थियो– 'हाम्रो जीवनमा सानु दियोको प्रकाशजस्तो अहङ्कार र घमन्डले छाएको हुन्छ। हामी यसलाई नै जोगाउने प्रयासमा हुन्छौं। बाहिर चन्द्रमाको प्रकाश जसरी खुसी, प्रेम र आनन्द उभिएको हुन्छ। तर, जबसम्म हामीले भित्र दियोको प्रकाशका रूपमा बलेको घमन्ड र अहङ्कारलाई निभाउन सक्दैनौं, तबसम्म बाहिर पर्खाइमा रहेका खुसी, प्रेम र आनन्दको प्रवेश हुँदैन र हामीलाई शान्ति मिल्दैन।' रामको उदाहरणसहितको उत्तरले शिक्षक झनै खुसी भए।

**नैतिक शिक्षा :** हामीमा जबसम्म घमन्ड र अहङ्कारको बास हुन्छ, तबसम्म शान्ति मिल्दैन। त्यसैले शान्तिका लागि मनभित्र रहेको अहङ्कार र घमन्डलाई त्यागेर पर्दा खोल्न सक्नुपर्छ।''



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## Mansir Report

## 2081

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 2181 | 10.42 |
| 10-14. | 645 | 3.08 |
| 15-19 | 780 | 3.73 |
| 20-59 | 12996 | 62.08 |
| ≥60 | 4332 | 20.69 |
| Total | 20934 | 100.00 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 528 | 2.52 |
| General | 3124 | 14.92 |
| Insurance | 17282 | 82.55 |
| Total | 20934 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Bajhang | 1 | 0.01 |
| Banke | 1 | 0.01 |
| Humla | 1 | 0.01 |
| Nawalparasi | 1 | 0.01 |
| Nuwakot | 1 | 0.01 |
| Parasi | 1 | 0.01 |
| Saptari | 1 | 0.01 |
| Solukhumbu | 1 | 0.01 |
| Bardiya | 1 | 0.01 |
| Taplejung | 1 | 0.01 |
| Rukum | 1 | 0.01 |
| Palpa | 1 | 0.01 |
| Bhojpur | 1 | 0.01 |
| Accham | 2 | 0.01 |
| Okhaldhunga | 2 | 0.01 |
| Salyan | 2 | 0.01 |
| Sarlahi | 2 | 0.01 |
| Rautahat | 2 | 0.01 |
| Rolpa | 2 | 0.01 |
| Dang | 3 | 0.01 |
| Khotang | 3 | 0.01 |
| Mahottari | 3 | 0.01 |
| Dhading | 4 | 0.02 |
| Kailali | 4 | 0.02 |
| Sankhuwasabha | 4 | 0.02 |
| Udhayapur | 4 | 0.02 |
| Bara | 5 | 0.02 |
| Jhapa | 7 | 0.03 |
| Morang | 9 | 0.04 |
| Dolkha | 10 | 0.05 |
| Jumla | 14 | 0.07 |
| Lalitpur | 16 | 0.08 |
| Surkhet | 16 | 0.08 |
| Sindhuli | 18 | 0.09 |
| Ramechap | 20 | 0.10 |
| Sindhupalchowk | 30 | 0.14 |
| Kathmandu | 42 | 0.20 |
| Kavrepalanchok | 120 | 0.57 |
| Bhaktapur | 20577 | 98.29 |
| Total | 20934 | 100.00 |
| Madhyapur Thimi | 132 | |
| Suryabinayak | 1097 | |
| Changu | 3655 | |
| Bhaktapur | 15693 | |
| Total | 20577 | |

| Department | Number | In Percentage |
|---|---|---|
| ICU | 10 | 0.05 |
| Neuro Surgery | 59 | 0.28 |
| CHRP- Respiratory Medicine | 99 | 0.47 |
| Psychiatric | 183 | 0.87 |
| General Ward | 185 | 0.88 |
| Cardiologist | 267 | 1.28 |
| Laboratory | 332 | 1.59 |
| Dermatology | 579 | 2.77 |
| General Surgery OPD | 587 | 2.80 |
| MDGP | 633 | 3.02 |
| Physiotherapy | 1073 | 5.13 |
| ENT | 1124 | 5.37 |
| Dental | 1181 | 5.64 |
| Emergency Ward | 1299 | 6.21 |
| Internal Medicine | 1362 | 6.51 |
| Obs. & Gynaecology | 1426 | 6.81 |
| Paediatric | 1535 | 7.33 |
| Orthopedic | 2132 | 10.18 |
| General OPD | 6868 | 32.81 |
| Total | 20934 | 100.00 |

| | |
|---|---|
| Patient Admitted | 185 |
| Discharge | 172 |
| LAMA | 0 |
| Refer | 3 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 1851 |
| Total Cataract Surgery | 92 |

### Operation

| | |
|---|---|
| Major | 95 |
| Minor | 59 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Female | 12098 | 57.79 |
| Male | 8836 | 42.21 |
| Total | 20934 | 100.00 |

भक्तपुर नपाद्वारा सञ्चालित ख्वप अस्पतालको
२०८१ मंसिर महिनाको सेवा प्रगति

# भेटघाट

## नगर प्रमुख प्रजापति र विदुर नगरपालिकाका प्रमुख, शिवपुरी गाउपालिका र लिखु गाउपालिकाका अध्यक्षहरूबीच अलग अलग भेट



विदुर नगरपालिका

भक्तपुर नगरपालिकाका प्रमुख प्रजापति र नुवाकोटको विदुर नगरपालिकाका प्रमुख, शिवपुरी गाउँपालिका र लिखु गाउँपालिकाका अध्यक्षहरूबीच अलग अलग भेट पुस १७ गते गर्नुभयो ।

नगर प्रमुख प्रजापति र विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठबीच भएको भेटमा उहाँहरूबीच दुई स्थानीय तहबीच भएको कार्य सम्पादन, सेवा प्रवाह, सम्पदा पुन:निर्माण, विकास निर्माणलगायतका क्षेत्रमा अनुभव आदानप्रदान भयो ।

ख्वप विश्वविद्यालय स्थापना गर्ने उद्देश्यले सोको लागि आवश्यक भौतिक पूर्वाधारहरूको निर्माणमा पनि नपाले जोड दिँदै आएको बताउँदै भक्तपुर नपाले विभिन्न जिल्लाबाट आएका विद्यार्थीहरूलाई सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको बताउनुभयो ।

विदुर नपाका प्रमुख राजन श्रेष्ठले विदुर नगरपालिकाको ऐतिहासिक, सांस्कृतिक र नगरका आयोजनाहरूबारे प्रष्ट पार्नुभयो । भेटमा विदुर नपाका प्रमुख प्रशासकीय अधिकृत स्वागत पौडेलले १३ वटा वडामा विभाजित रहेको र २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त नुवाकोट दरबार पुन:निर्माणको क्रममै रहेको बताउनुभयो ।

उहाँले विदुर नपामा सांस्कृतिक र ऐतिहासिक सम्पदाहरू धेरै अवस्थित रहेको बताउँदै यस नपाको देवीघाटमा सुविधासम्पन्न वृद्धाआश्रम पनि रहेको बताउनुभयो ।

विदुर नपामा साना र ठूला गरी ९०० वटा योजनाहरू सञ्चालन भइरहेको अवगत गराउँदै उहाँले नगरपालिकाले वार्षिक ६ करोडको हाराहारीमा आन्तरिक आम्दानी गर्दै आएको बताउनुभयो ।




शिवपुरी गाउँपालिका

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र नुवाकोटको शिवपुरी गाउँपालिकाका अध्यक्ष गोविन्दप्रसाद थपलियाबीच पुस १७ गते भएको भेटमा दुई स्थानीय सरकारहरूबीच अनुभव आदानप्रदान गर्नुभयो ।

भेटमा प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य क्षेत्रमा गरिरहेका असल अभ्यासबारे जानकारी गराउँदै क्षेत्रफलको आधारमा भक्तपुर देशकै सानो नगरपालिका भए पनि देशकै उत्कृष्ट शैक्षिक र पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास भइरहेको जानकारी दिनु भयो ।

सोही क्रममा प्रमुख प्रजापतिले शिवपुरी गापा अध्यक्ष गोविन्दप्रसाद थपलियासँग पनि भेट गर्नुभयो । भेटमा अध्यक्ष थपलियाले भक्तपुर नपाको काम अन्य स्थानीय तहहरूको लागि पनि सिकाइको विषय भएको बताउनुभयो ।

शिवपुरी गापा कृषि, पशुपालन र फलफूल खेतीको प्रचुर सम्भावना भएको ठाउँ भएको बताउनुहुँदै उहाँले ज्येष्ठ नागरिकहरूको लागि स्वास्थ्य शिविर, गर्भवती महिलाहरूको लागि विशेष सुविधा र ६० वर्षमाथिका नागरिकलाई नि:शुल्क औषधी वितरण जस्ता योजनाहरू अगाडि सारिरहेको बताउनुभयो ।



लिखु गाउँपालिका

शिवपुरी गापाको आन्तरिक राजश्व न्यून रहेको बताउँदै उहाँले कृषि प्राविधिकको अभावमा कृषि क्षेत्रको विकासमा अपेक्षाकृत काम गर्न नसकिएको बताउनुभयो। भेटको अवसरमा उप प्रमुख, प्रशासकीयलगायतका गाउँपालिकाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

त्यसै गरी नगर प्रमुख प्रजापति र लिखु गाउँपालिका अध्यक्ष ध्रुव श्रेष्ठ भेटबीच पनि भेटघाट भयो। भेटमा उहाँहरूबीच पनि दुई नगरपालिकाबीच भएका सिकाइ अनुभवबारे अनुभव आदानप्रदान भएको थियो।

भेटका क्रममा प्रमुख प्रजापतिले कृषि क्षेत्रको विकासले देशको दिगो विकास सम्भव भएको बताउँदै सरकारले युवाहरूलाई नियोजित रूपमा विदेश जान बाध्य पारिरहेको बताउनुभयो।

लिखु गापाका अध्यक्ष श्रेष्ठले ६ वटा वडामा विभाजित लिखु गापा कृषिको उर्वरभूमिको रूपमा रहेको बताउनुभयो। लिखु गापामा आलु उत्पादन प्रमुख बालीको रूपमा रहेको बताउँदै आफूहरू निर्वाचित भएर आएपछि यहाँका सामुदायिक विद्यालयको शैक्षिक सुधारमा विशेष जोड दिएर काम गरेको बताउनुभयो।

लिखुमा युवा विद्यार्थीको अभावमा यहाँका कयौँ कलेजहरू बन्द हुने अवस्थामा रहेको बताउँदै सरकारले कृषि क्षेत्रको विकासमा जोड दिनुपर्ने बताउनुभयो।

उक्त भेटमा नेमकिपा केन्द्रीय सदस्य राजवीर डंगोल, नेमकिपा नुवाकोट जिल्ला अध्यक्ष रविन्द्र डंगोल र भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलालगायतको उपस्थिति थियो।

## रसुवाको उत्तरगया गाउँपालिकामा नगर प्रमुख प्रजापतिलाई स्वागत




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई रसुवा जिल्लाको उत्तरगया गाउँपालिकाका अध्यक्ष माधवप्रसाद अर्यालले गाउँपालिकामा पुस १८ गते स्वागत गर्नुभयो। अध्ययन भ्रमणको क्रममा रसुवा पुग्नुभएका प्रमुख प्रजापतिसहितको टोलीलाई अध्यक्ष अर्यालले खादा ओढाइ गाउँपालिका कार्यालयमा स्वागत गर्नु भएको हो।



भेटमा उहाँहरूबीच भक्तपुर र रसुवाबीचको ऐतिहासिक, सांस्कृतिक, शैक्षिक एवम् सामाजिक विषयमा अनुभव आदानप्रदान गर्नु भयो।

प्रमुख प्रजापतिले निर्वाचन घोषणापत्र बमोजिम भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यमा जनताको सहज पहुँच पुऱ्याउन विभिन्न शैक्षिक संस्था सञ्चालन तथा १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी जनताको सेवा गरिरहेको बताउनुभयो।

उहाँले भक्तपुर नपाले शैक्षिक ऋण र छात्रवृत्ति प्रदान गर्दै विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आएको बताउँदै सामुदायिक शिक्षालाई गुणस्तरीय बनाउन सके जनताले सहज रूपमा उच्च शिक्षा हासिल गर्ने वातावरण तयार हुने धारणा राख्नुभयो।

सोही क्रममा उत्तरगया गापाका अध्यक्ष अर्यालले भक्तपुरको सिकाइ उपलब्धी देशकै लागि नमुनाको रूपमा रहेको बताउँदै भक्तपुरका जनप्रतिनिधिलाई स्वागत गर्न पाउँदा निकै गौरवान्वित महसुस भएको बताउनुभयो।

उत्तरगया गापाले कृषि जन्य रैथाने बालीमा कृषकहरूलाई अनुदान दिने कार्यक्रम सञ्चालन गर्दै आएको बताउँदै उहाँले निर्वाचन घोषणापत्रअनुसार विकास निर्माणका गतिविधिलाई अगाडि बढाउँदै आएको बताउनु भयो।

गाउँपालिकाले एमबीबीएस अध्ययन गर्ने विद्यार्थीलाई वार्षिक ३ लाख, इन्जिनियर अध्ययन गर्ने विद्यार्थीलाई १ लाख २५ हजार र हेल्थ एसिसटेन्ट र स्टाफ नर्स अध्ययन गर्ने विद्यार्थीहरूलाई ५० हजारका दरले दुइ दुइ जना विद्यार्थीहरूलाई वार्षिक रूपमा आर्थिक सहयोग पनि गर्दै आएको उहाँले जानकारी दिनु भयो। त्यसको लागि भबिष्यमा रु.५० लाखसम्म

गाउँपालिकाले व्यहोर्ने सोचले त्यो कार्यक्रम अगाडि बढाएको बताउनु भयो ।

उक्त भेटमा रसुवाका उपाध्यक्ष चमेली गुरुङ, नेमकिपा केन्द्रीय सदस्य राजवीर डंगोल, भक्तपुर नपा वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलालगायतको उपस्थिति रहेको थियो । भेटमा उहाँहरूबीच नपाका प्रकाशनहरू आदानप्रदान भएको थियो ।

## प्रमुख प्रजापतिद्वारा रसुवा अस्पताल निरीक्षण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले रसुवाको धुन्चेमा अवस्थित २५ शय्याको रसुवा अस्पतालमा पुस १८ गते निरीक्षण गर्नुभयो । प्रमुख प्रजापतिलाई रसुवा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट त्रिभुवनचन्द्र झाले अस्पतालमा स्वागत गर्नुभएको थियो ।

प्रमुख प्रजापतिले अस्पतालमा उपलब्ध विभिन्न सेवाहरूबारे जानकारी लिँदै अस्पतालका चिकित्सक, कर्मचारीहरूसँग भेटघाट गर्नुभयो ।

भेटमा उहाँले नेपालको संविधानले सुनिश्चितता गरेको आधारभूत स्वास्थ्य उपचार सबै ठाउँका जनताले पाउनु पर्ने बताउँदै स्वास्थ्य क्षेत्रमा हुने अनियमितता र भ्रष्टाचार अन्त्य भएमामात्र जनताले राम्रो उपचार पाउन सक्ने बताउनुभयो । उहाँले स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्तिले राम्रो सेवा दिन सके व्यापक जनताको सेवा हुने बताउनु भयो ।

ग्रामीण क्षेत्रका जनतालाई आधारभूत स्वास्थ्य सेवामात्र प्रभावकारी ढङ्गले दिन सकिए जनतालाई सहज हुने बताउँदै उहाँले भक्तपुर नगरपालिकाले अहिले स्वास्थ्यको उपचारको क्षेत्रमा प्रगति गरिरहेको जानकारी दिनुभयो ।

मेसु झाले रसुवा अस्पतालले उपलब्ध स्रोत र जनशक्तिबाट जनतालाई सहज रूपमा सेवा दिने प्रयास गरिरहेको बताउँदै २५ शय्याको रसुवा अस्पतालले धुन्चेका १२ हजार



जनसङ्ख्यालाई मध्यनजर गर्दै सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले मेसु झालाई नपाका प्रकाशनहरू उपहारको रूपमा प्रदान गर्नुभएको थियो ।

## आदर्श बहुमुखी क्याम्पसका क्याम्पस प्रमुखसँग भेट




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नुवाकोटको आदर्श बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख नारायणमान डंगोललाई आज क्याम्पसमा पुस १८ गते भेट गर्नुभयो ।भेटमा उहाँहरूबीच देशको शैक्षिक र समसामयिक विषयमा छलफल भयो ।

## सामुदायिक आँखा केन्द्रको निरीक्षण




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा रसुवाको धुन्चेमा अवस्थित नेपाल आँखा कार्यक्रम तीलगंगा आँखा प्रतिष्ठानअन्तर्गत सञ्चालित जिल्ला सामुदायिक आँखा केन्द्रमा पुस १९ गते निरीक्षण गर्नुभयो ।

# अनुभवको आदान-प्रदान


## नगर प्रमुख प्रजापतिसँग फिदिम नपाका वडा नं. ६ का वडाध्यक्षको भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग पाँचथरको फिदिम नगरपालिका वडा नं. ६ का वडाध्यक्ष विपन तुम्रोकले पुस ५ गते भेट गर्नुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा गरिरहेका उदाहरणीय अभ्यासबारे जानकारी लिने उद्देश्यले भक्तपुर भ्रमणमा आउनुभएका वडाध्यक्ष तुम्रोकले भक्तपुर नपा शिक्षाको केन्द्रको रूपमा विकास भइरहेको बताउनुभयो । भेटमा उहाँहरूबीच दुई नगरपालिकाले गरेका असल अभ्यासहरूबारे पनि अनुभव आदानप्रदान भयो । प्रमुख प्रजापतिले वडाध्यक्ष तुम्रोकलाई नगरपालिकाका प्रकाशनहरू प्रदान गर्नुभयो ।

### बसिबियाँलो (क) को उत्तर




# संक्षेपमा

## नापजाँच तालिम निरीक्षण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानअन्तर्गत सिभिल विभागको आयोजनामा भएको जग्गा नापजाँच तालिम निरीक्षण गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति मंसिर २५ गते ।





## हाम्रा पुराना मूर्ति



**प्रस्तरको चन्द्र-सूर्य (सन् १४६९)**

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# विविध समाचार

## सरकारी अस्पतालका डाक्टरहरूले निजी अस्पताल सञ्चालन गरेमा कारबाही गर्नुपर्ने



स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आयोजनामा स्वास्थ्यमन्त्री माननीय प्रदीप पौडेलको उपस्थिति काठमाडौँ उपत्यकाका महानगर तथा नगरपालिकाका प्रमुखहरूसँग स्वास्थ्य सेवा सुधारका विषयमा समन्वय तथा छलफल कार्यक्रम मंसिर २४ गते सम्पन्न भयो।

कार्यक्रममा बोल्दै मन्त्री पौडेलले संघीय अस्पतालहरूमा बिरामीको चाप बढिरहेको बताउँदै सरकारी अस्पतालको सेवा उपलब्धताको आधारमा अस्पतालहरूको वर्गीकरण हुनुपर्ने धारणा व्यक्त गर्नुभयो।

स्वास्थ्य बीमामा आबद्ध अस्पतालहरूबाट गरिने रिफर सिस्टमलाई व्यवस्थित बनाउने विषयमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय हुनु आवश्यक भएको बताउँदै उहाँले उपत्यकाभित्र प्रत्येक वडामा एकवटा स्वास्थ्य केन्द्र अनिवार्य सञ्चालन गर्ने नीति अगाडि सारेको बताउनुभयो।

छलफलमा उठेका जिज्ञासामाथि प्रष्ट पार्दै उहाँले आधारभूत अस्पताललाई बलियो बनाउने उद्देश्य मन्त्रालयले लिएको बताउँदै वायु प्रदूषण नियन्त्रणमा प्रदेश सरकार र स्थानीय तहबीच समन्वय आवश्यक भएको बताउनुभयो।

महिला स्वास्थ्य स्वयम्सेविकाहरूले निःस्वार्थ रूपमा सेवा दिनुपर्ने बताउँदै उहाँले स्वास्थ्य स्वयम्सेविकाहरूको क्षमता अभिवृद्धि गर्ने विषयमा सकारात्मक रहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्वास्थ्य बीमाको रकम समयमै भुक्तानी नपाउँदा सरकारी अस्पतालहरूले समस्या भोगिरहेको बताउँदै सरकारले डेंगु रोगबारे समयमै उचित कदम चाल्न नसकेकोमा सरकारको आलोचना भइरहेको बताउनुभयो।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले ५४१ जनालाई प्रसुती सेवा प्रदान गरिसक्दा पनि न बीमाले भुक्तानी दियो न त आमा सुरक्षा कार्यक्रमले नै केही सहयोग गऱ्यो, सबै खर्च नगरपालिकाले नै व्यहोरिरहेको जानकारी दिनुभयो। उहाँले उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटुरोग, मस्तिष्कघातजस्ता नसर्ने रोगहरू बढिरहेको हुँदा जनचेतना कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्नुपर्ने बताउनुभयो।

काठमाडौँ उपत्यकाका सरकारी अस्पतालहरूमा डाइलासिस सेवाको लागि मेसिनको व्यवस्था भएमा बिरामीहरूलाई सहज हुने बताउँदै प्रमुख प्रजापतिले मेसिन उपलब्ध भएको खण्डमा ख्वप अस्पताल डाइलासिस सेवा सुरु गर्न तयारी अवस्थामा रहेको बताउनुभयो।

स्वास्थ्यमन्त्रीले समय समयमा अस्पतालहरूमा अनुगमन गर्नुपर्ने बताउँदै उहाँले सबै सरकारी अस्पतालहरूमा आवश्यक जनशक्तिको व्यवस्था र स्वास्थ्य उपकरणहरूको व्यवस्थापनतर्फ मन्त्रालयले जोड दिनुपर्ने सुझाव दिनुभयो।

उहाँले सरकारी अस्पतालको डाइरेक्टर भएर निजी अस्पताल सञ्चालन गर्नेहरूलाई पदबाट हटाउनुपर्ने बताउनुभयो।

सरकारी अस्पतालमा हाजिर गरेर निजी अस्पतालहरूमा काम गर्ने चिकित्सकहरूलाई कारबाही गर्न मन्त्री पौडेलको ध्यानाकर्षण गर्दै उहाँले भागबण्डामा डाक्टर नियुक्ति हुने विषयको अन्त्य हुनुपर्छ भन्नुभयो।

कार्यक्रममा गोकर्णेश्वर नपा प्रमुख दिपककुमार रिसालले गोकर्णेश्वर नपाले पाक्षिक रूपमा नसर्ने रोगअन्तर्गत पाठेघर र स्तन क्यान्सर परीक्षण शिविर सञ्चालन गर्दै



आएको बताउनुभयो ।

चन्द्रागिरी नपा प्रमुख घनश्याम गिरीले उपत्यका बाहिरका आधारभूत तहलाई फरक ढङ्गले सोच्नुपर्ने बताउँदै चन्द्रागिरी नपाले विद्यालय नर्स सेवामा महिला स्वास्थ्य स्वयम्सेविकाहरू परिचालन गरिरहेको बताउनुभयो ।

गोदावरी नपा प्रमुख गजेन्द्र महर्जनले सङ्घ, प्रदेश र नगर अस्पतालको सेवा सुविधा प्रदान गर्ने विषयमा वर्गीकरण हुनु आवश्यक भएको बताउँदै प्राथमिक स्वास्थ्य उपचार केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्न जरुरी रहेको बताउनुभयो ।

कार्यक्रममा मध्यपुर थिमी नपा प्रमुख सुरेन्द्र श्रेष्ठ, शंखरापुर नपा प्रमुख रमेश नापित, किर्तिपुर नपा प्रमुख कृष्णमान डंगोल तथा काठमाडौं र ललितपुर स्वास्थ्य शाखाका प्रतिनिधिहरूले स्वास्थ्य सुधारका विषयमा आ–आफ्नो राय दिनुभएको थियो ।

उक्त छलफलमा ठूला अस्पतालहरूमा सहज स्वास्थ्य सेवा प्रवाह, महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका कार्यक्रम, नसर्ने रोग रोकथाम तथा नियन्त्रण (फागुन महिना : नसर्ने रोग स्क्रिनिङ महिना), वायु प्रदूषण नियन्त्रण, सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धमा छलफल भएको थियो । मन्त्रालयले उपत्यकाका महानगर तथा नगरपालिकाहरूलाई १५ दिनभित्र माथि उल्लिखित विषयमा राय सुझाव पठाउन अनुरोध गरेको थियो ।

## नगर प्रमुख प्रजापतिद्वारा दुईदिने "बागीश्वरी उत्सव, हाम्रो महोत्सव" को उद्घाटन




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बागीश्वरी कलेज, बागीश्वरी माध्यमिक विद्यालय र बागीश्वरी कलेज अफ म्यानेजमेन्टको संयुक्त आयोजनामा विद्यार्थीहरूको शिक्षण सिकाइ, विज्ञान प्रविधि र उद्यमशीलताको भावना उजागर गर्न आयोजित दुईदिने 'बागीश्वरी उत्सव, हाम्रो महोत्सव' २०८१ को मंसिर २४ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्दै उहाँले महोत्सव सफलताको शुभकामना दिँदै महोत्सवमा विद्यार्थीको मेहेनत, परिश्रम र अनुशासन प्रदर्शन हुने बताउनुभयो ।

कलेजको आयोजनामा भएको महोत्सवलाई भक्तपुरको महोत्सवको तयारीको रूपमा लिन सकिने बताउँदै उहाँले भक्तपुर नगरपालिकाको आयोजना हुने महोत्सवलाई भव्य, सभ्य र सफल बनाउन सबैको साथ र सहयोगको



अपेक्षा रहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याखवले विद्यार्थीहरूलाई पाठ्यपुस्तकसँगसँगै विद्यार्थीको सिर्जनशीलता उजागर गर्ने उद्देश्यले महोत्सव आयोजना भएको बताउँदै महोत्सवमा सबै विद्यार्थीहरू परिचालन हुने अवसर प्राप्त हुने बताउनुभयो । महोत्सव विद्यालय र कलेजमा मात्र सीमित नराखी सर्वसाधारणलाई पनि हेर्ने प्रबन्ध मिलाइएको उहाँले बताउनुभयो ।

बागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले महोत्सवमा ५५ वटा स्थल रहेको बताउँदै महोत्सवमा विद्यार्थीहरूको उत्साहजनक सहभागिता रहेको बताउनुभयो ।

उद्घाटन कार्यक्रममा बागीश्वरी कलेजका शिक्षिका अबिना श्रेष्ठले पनि बोल्नुभएको थियो ।

महोत्सवका प्रमुख आकर्षणहरूमा स्टार्ट अप स्टल, फुड स्टल, खेल स्टल, संगीत स्टल, कला र शिल्प स्टल, थिफ्ट स्टल, विज्ञान प्रविधि स्टल, शैक्षिक स्टल, स्वास्थ्य सचेतना स्टल, टेक्स स्टल, पुस्तक प्रदर्शनी स्टल र मनोरञ्जनात्मक स्टल रहेका छन् ।

## सहकारी संस्था सदस्यहरूको भरपर्दो सहयोगी हुनुपर्ने



भाषासेवी मास्टर जगतसुन्दर मल्ल बचत तथा ऋण सहकारी संस्थाको १६ औँ वार्षिक साधारणसभा पुस १३ गते सम्पन्न भयो।

सभामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सहकारी संस्था सदस्यहरूको भरपर्दो सहयोगी हुनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "चीनमा सहकारी सुरू हुँदा २०–२५ घर परिवारको सहकारी सदस्य हुने र त्यो सहकारीले सदस्यहरूको आवश्यकता पूरा गर्ने गर्थ्यो।"

उत्पादनका साधनहरूमा सामूहिक स्वामित्व कायम गर्ने र वितरण व्यवस्थामा समाजवादी सिद्धान्त लागु गर्ने उद्देश्य सहकारीको हुनुपर्ने उहाँले बताउनुभयो। प्रमुख प्रजापतिले भन्नुभयो, "सहकारीको उद्देश्य जोताहा किसानहरूलाई सदस्य बनाउने हो। कृषि तथा कुटिर उद्योगलाई जोड दिने हो।"

बैङ्क तथा वित्तीय संस्थाले लेनदेनमात्रै गर्नु सहकारीको सिद्धान्त विपरीत हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "सदस्यको पैसा निजी जस्तै बनाउने, घर-जग्गा खरिद गर्ने, गाडी चढ्ने, बैङ्क ब्यालेन्स बढाउने गर्दा सहकारी डुब्दै गयो, सहकारीप्रति जनविश्वास घट्दै गयो।"

ख्वप अस्पतालको अक्सिजन प्लान्ट सञ्चालन गर्न सहकारी संस्थाले गरेको सहयोग प्रति आभार प्रकट गर्दै प्रमुख प्रजापतिले आगामी दिनमा पनि सहयोग गर्ने अपेक्षा व्यक्त गर्नुभयो।

भक्तपुरका केही सहकारी संस्थाले आदर निकेतन र केहीले स्वास्थ्य केन्द्र सञ्चालनका साथै शैक्षिक ऋणको व्यवस्था गरेको सराहनीय कदम भएको प्रमुख प्रजापतिले बताउनुभयो।

संस्थाका अध्यक्ष न्हुछेराम धुख्वाको सभापतित्वमा भएको उक्त सभामा उपाध्यक्ष राजेश्वरी शिल्पकार र कृष्णगोपाल चौगुठीलगायतले बोल्नुभएको थियो।

## सैनिक आवासीय महाविद्यालयको ४७ औँ वार्षिकोत्सव



नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देलको प्रमुख आतिथ्यमा भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित श्री सैनिक आवासीय महाविद्यालयको ४७ औँ वार्षिकोत्सव कार्यक्रम पुस १४ गते एक कार्यक्रमबीच महाविद्यालयको प्रांगणमा सम्पन्न भयो।

कार्यक्रममा प्रधानसेनापति सिग्देलले महाविद्यालयको वार्षिक मुखपत्र 'सल्लाघारी २०८१' बिमोचन गर्नुभएको छ भने वार्षिकोत्सवको अवसरमा विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि अशोकराज सिग्देल, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायतले विद्यार्थीहरूद्वारा प्रदर्शित शैक्षिक प्रदर्शनीहरूको स्थलगत अवलोकन गर्नुभएको थियो।

## आदर्श आजाद माविमा श्रीकृष्ण किसी सेवा निवृत




आदर्श आजाद मावि भेलुखेलका प्रधानाध्यापक श्रीकृष्ण किसी उमेर हदका कारण सेवा निवृत्त हुनुभएको छ। ४० वर्षसम्म शिक्षण पेसा पूरा गर्दै ६० वर्षको उमेरमा उहाँ सेवा निवृत्त हुनुभएको हो। शनिबारदेखि सेवा निवृत्त

हुने भएपछि विद्यालयमा आयोजित एक कार्यक्रमबिच प्रधानाध्यापक श्रीकृष्ण किसीले विद्यालयको हाजिरकापी र विद्यालय व्यवस्थापन समितिको निर्णयकापी सहायक प्रधानाध्यापक चक्रबहादुर चाकतुलाई हस्तान्तरण गर्दै निमित प्रधानाध्यापकको जिम्मेवारी सुम्पिनुभएको थियो। कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले सेवा निवृत्त किसीलाई पुस १९ गते बिदाइ सम्मानका साथै स.प्र. चक्रबहादुर चाकतुलाई प्रधानाध्यापकको रूपमा स्वागत गर्नुभयो।

कार्यक्रममा उपप्रमुख जोशीले सङ्गठित भएर एकसाथ कदम चाल्यो भने सफलता पाउन सकिने धारणा राख्दै भक्तपुरलाई शैक्षिक गन्तव्यको रूपमा विकास गर्न नेमकिपाले लिएको अडान र अग्रजहरूको अथक प्रयासले यहाँसम्म पुगेको स्मरण गर्नुभयो। उहाँले २१ औं शताब्दीका चुनौतीहरूलाई सामना गर्न सक्ने गरी नयाँ पुस्ता तयार गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका अध्यक्ष ज्ञानसागर प्रजापतिले कमीकमजोरी र बाधा अड्चन तथा चुनौतीलाई चिर्न सकेमात्रै सफलता पाउन सकिने धारणा राख्नुभयो। उहाँले व्यक्ति नभई सामूहिक भावना अँगाल्न आग्रह गर्नुभयो।

निवृत्त प्रधानाध्यापक श्रीकृष्ण किसीले कमजोर भौतिक अवस्थालाई सुधार गर्दै विद्यालयको शैक्षिक स्तर उकास्न धेरै समय लागेको उल्लेख गर्दै आफूले पनि ५ जना प्रधानाध्यापकहरूको अनुभव बटुलेरमात्रै विद्यालयको शैक्षिक स्तरोन्नतितर्फ लागेको बताउनुभयो। विगतका अनुभवलाई नयाँ शिक्षकहरूले पनि मनन गर्नुपर्ने उल्लेख गर्दै गर्नुभयो।

सभ्य समाज निर्माण गर्न, भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, शैक्षिक गन्तव्यस्थल बनाउने उद्देश्यअनुसार काम गरेको उल्लेख गर्दै उहाँले आफू सेवा निवृत्त भए पनि विद्यालयलाई आवश्यक सहयोग गर्ने बताउनुभयो।

स्वागत मन्तव्य राख्दै नवनियुक्त प्रधानाध्यापक चाकतुले नयाँ पुस्तालाई नेतृत्वमा पुयाउन कानुनी व्यवस्थाअनुसारको पद हस्तान्तरण कार्यक्रम सान्दर्भिक भएको चर्चा गर्दै सेवा निवृत्त भएर पनि श्रीकृष्ण सरले अझ बढी शैक्षिक क्षेत्रको स्तरोन्नतिका लागि उल्लेख्य योगदान गर्नुहुने विश्वास व्यक्त गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भनपा ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**को सभापतित्वमा भएको सो कार्यक्रममा पूर्व प्रधानाध्यापक **नाति कवां**, नवनियुक्त सहायक प्रधानाध्यापक **शुभद्रा दुवाल** र **राकेश सुकुपायो**लगायतले पनि बोल्नुभएको थियो।

# सिलाई व्यवसायले देशको अर्थतन्त्रलाई टेवा पुर्याइरहेको छ : प्रमुख प्रजापति




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर टेलरिङ व्यवसायी संघको तेस्रो साधारणसभा तथा अधिवेशन पुस २० गते सम्पन्न भयो।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख प्रजापतिले सिलाई व्यवसाय सेवा उद्योग हो भन्दै यसले प्रत्यक्ष र परोक्ष रूपमा देशको अर्थतन्त्रलाई टेवा पुर्याइरहेको बताउनुभयो।

सिलाइ व्यवसायलाई व्यापक रूपमा विकास गर्न सके विदेशिने धेरै रकम जोगाउन सकिने बताउँदै उहाँले देशको रकम बाहिरिनबाट जोगाउन सक्नु देशको आम्दानी बढाउनु हो भन्नुभयो।

भक्तपुर नगरपालिकाले भक्तपुरमा पाएसम्म बाहिरबाट सामानहरू खरिद नगर्न निर्देशन दिँदै आएको बताउँदै भक्तपुरमा व्यवसाय गर्नेहरूले नगरपालिकालाई केही प्रतिशत कर तिर्नुपर्ने हुँदा व्यवसायीहरूको हितमा नगरपालिकाले विभिन्न कदमहरू चाल्दै आएको बताउनुभयो।

नेपालमा प्रशस्त तयारी पोशाकहरू विदेशबाट भित्रिन नदिन र नियन्त्रण गर्नेतर्फ सरकारले ध्यान दिएमा हजारौं युवाहरूले सिलाइ व्यवसाय गरेर जीविकोपार्जन गर्न सकिने बताउँदै उहाँले तयारी सामान आयातले नेपाललाई खासै फाइदा नहुने बताउनुभयो।

नेपालको आर्थिक अवस्था झन् झन् कमजोर हुँदै गएको बताउँदै उहाँले नेपालले कपडा उद्योगमा आत्मनिर्भर बन्न सके देशको अर्थतन्त्रलाई सहयोग पुग्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर टेलरिङ व्यवसायी संघका अध्यक्ष गणेशभक्त गोसाइँले संघ स्थापनाको महत्त्व र उद्देश्यमाथि प्रकाश पार्दै संघमा आबद्ध सदस्यहरूको हकहितमा काम गर्दै आएको बताउनुभयो।

नेपाल टेलरिङ व्यवसायी महासंघका अध्यक्ष सदिस श्रेष्ठले सिलाइ व्यवसायीहरूले सिलाइसँगै कपडाको व्यवसायलाई पनि सँगसँगै अगाडि बढाइ उपभोक्ताको मागअनुसारका सामानहरू उत्पादनमा जोड दिन व्यवसायीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल टेलरिङ व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष राजमान डंगोल, नेपाल टेलरिङ व्यवसायी महासंघका सल्लाहकार वीरमणि बज्राचार्य र उत्तमबहादुर श्रेष्ठ, नेपाल टेलरिङ व्यवसायी महासंघका सदस्य धिपेन्द्र कारञ्जित, भक्तपुर घरेलु तथा साना उद्योग संघका प्रेम कृष्ण खर्बुजा, भक्तपुर च्याम्बर्स अफ कमर्स महिला चेम्बरका अध्यक्ष रीना श्रेष्ठ, काभ्रे टेलरिङ व्यवसाय संघका सुरेश श्रेष्ठ, भक्तपुरका महासचिव सुदिप गणेशले संघ स्थापनाको इतिहास, उद्देश्य र यसका गतिविधिहरूमाथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले संघमा आबद्ध टेलरिङ व्यवसायीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## नवदुर्गा साकोसको १७ औं वार्षिक साधारणसभाको अवसरमा ज्येष्ठ नागरिकहरूलाई सम्मान



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. ८ च्याम्हासिंह रोडस्थित नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. को १७ औं वार्षिक साधारणसभाको पुस २० गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्दै उहाँले सहकारी संस्थाले सदस्यहरूको विश्वास कायम गर्ने ढङ्गले काम गर्नुपर्नेमा जोड दिँदै सहकारीका सञ्चालकहरूले सदस्यहरूको रकम सही सदुपयोग गरी सदस्यहरूको हितमा गतिविधि सञ्चालन गर्नु आवश्यक रहेको बताउनुभयो ।

उहाँले सहकारीमा आर्थिक कारोबार गर्ने विषयमा बचतकर्ताहरू पनि सचेत हुनुपर्ने र समुदायमा आधारित सहकारीमा मात्र आफू सदस्य बन्न अभिप्रेरित गर्दै प्रमुख प्रजापतिले सहकारीले जनतासँग सहकार्य गरी अगाडि बढ्नुपर्छ भन्नुभयो ।

भक्तपुर नपा र भक्तपुरका सहकारी संस्थाबीच सहकार्य र समन्वयमा विभिन्न गतिविधिहरू भइरहेको अवगत गराउँदै उहाँले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू जनताको सेवामा प्रतिबद्ध भइ काम गरिरहेको बताउनुभयो ।

भक्तपुरको उचाइ अझ बढाउन यहाँका जनप्रतिनिधि, कर्मचारी र जनताले एकाकार भएर काम गर्नुपर्नेमा जोड दिँदै उहाँले सहकारी संस्थाले ज्येष्ठ नागरिक, बाल बचतकर्ता र युवाविद्यार्थी लक्षित गतिविधि सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो ।

भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले वडामा सञ्चालित विविध गतिविधिबारे अवगत गराउँदै वडाका विविध गतिविधिमा जनताको सक्रिय साथ र सहयोग रहँदै आएको र आगामी दिनमा रहँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा संघका उपाध्यक्ष विकास दुवाल, सचिव हरिकृष्ण दुवाल, जिल्ला संघ प्रतिनिधि राजन जति, कानुनी सल्लाहकार लक्ष्मीप्रसाद दुवाल, बागीश्वरी मानविकी संकायका विभागीय प्रमुख राजन फेलुले पनि बोल्नुभएको थियो ।

प्रमुख प्रजापतिले सोही अवसरमा संघका ज्येष्ठ नागरिकलाई दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।

## स्थानीय निर्माणले राष्ट्रिय स्तरको सेवा हुनुपर्ने



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षा विकासको प्रमुख आधार भएको हुँदा शिक्षामा अगाडि बढेको देश विकासमा पनि अगाडि बढेको हुन्छ भन्नुभयो ।



श्री महेन्द्र विद्याश्रमको ४० औँ स्थापना दिवसको अवसरमा आयोजित महेन्द्र विद्याश्रमको विद्यालय दिवस कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले भक्तपुर नपाले शिक्षालाई पहिलो प्राथमिकतामा राख्दै काम गर्दै आइरहेको बताउँदै भक्तपुरको शिक्षा विकासमा महेन्द्र विद्याश्रमको पनि महत्त्वपूर्ण योगदान रहँदै आएको पुस २० गते बताउनुभयो ।

भक्तपुर नपाले कुनै पनि नागरिक आर्थिक कारण उच्च शिक्षा ग्रहण गर्नबाट बञ्चित नहोस् भन्ने हेतुले शैक्षिण ऋण प्रदान गर्दै आएको बताउँदै हालसम्म ७८१ जना विद्यार्थीहरूले शैक्षिक ऋणबाट अध्ययन गरिसकेको बताउनुभयो ।

भक्तपुर नपाले विभिन्न विषयका ७ वटा कलेजहरू सञ्चालन गरी सस्तो र गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने काम पनि भक्तपुर नपाले गर्दै आएको बताउँदै स्थानीय निर्माणले राष्ट्रिय स्तरको सेवा गर्ने सोचले भक्तपुर नपाले काम गर्दै आएको बताउनुभयो ।

युवा विद्यार्थीहरू विदेशिने क्रम बढ्दै जानु देशको लागि चिन्ताको विषय भएको बताउँदै उहाँले यही अनुपातमा विद्यार्थीहरू विदेशिने हो भने विद्यार्थी अभावमा नेपालका धेरै कलेजहरू बन्दै हुँदै जाने बताउनुभयो ।

सरकारले विद्यार्थीहरूको हितमा नीति निर्माणमा ध्यान दिनुपर्ने बताउँदै भक्तपुर नपाले शिक्षालाई उत्पादन श्रमसँग जोड्नुपर्नेमा जोड दिँदै आएको बताउनुभयो ।

विद्यालयका प्रअ अनिल श्रेष्ठले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो उक्त कार्यक्रममा विद्यालयका संस्थापक महेन्द्रप्रसाद मास्के, भनपा ३ का कार्यबाहक वडाध्यक्ष कृष्णगोपाल चौगुठीलगायतले पनि बोल्नुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले विद्यार्थी र शिक्षकहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

## स्थानीय तहको सहभागिताविना काठमाडौं उपत्यकाको गुरूयोजना सफल नहुने

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री **बलराम अधिकारी**को प्रमुख आतिथ्यमा काठमाडौँ उपत्यकाको दीर्घकालीन सोच निर्धारण तथा बृहत्तर भौतिक विकास गुरुयोजना तर्जुमाबारे कार्यशाला गोष्ठी पुस २१ गते सम्पन्न भयो ।

काठमाडौँ उपत्यका विकास प्राधिकरणको आयोजनामा सम्पन्न उक्त कार्यक्रमको उद्घाटन गर्दै मन्त्री



अधिकारीले काठमाडौँ उपत्यकाको गुरुयोजना छिटै कार्यान्वयन गर्न सक्ने गरी जानुपर्ने बताउँदै स्थानीय तहको सहभागिताविना योजना सफल नहुने बताउनुभयो ।

काठमाडौँ उपत्यका विश्वकै आकर्षक ठाउँको रूपमा विकास गर्न सकिने भन्दै उहाँले उपत्यकाको अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्नेतर्फ जोड दिनुपर्ने बताउनुभयो ।

उपत्यकालाई सुन्दर र व्यवस्थित बनाउन योजना बनाएर अगाडि बढ्न सरकार तत्पर रहेको बताउँदै उहाँले उपत्यकाका संस्कृति र सभ्यताहरूलाई संरक्षण गर्नेतर्फ पनि प्राधिकरणले विशेष ध्यान पुर्‍याउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले अव्यवस्थित र जथाभावी निजी प्लानिङलाई स्वीकृति दिएका कारण काठमाडौँ उपत्यकाका वातावरण नराम्रोसँग बिग्रिसकेको बताउनुभयो ।

उहाँले जथाभावी प्लानिङ गर्दा वर्षाको समयमा खोलामा पानीभन्दा बढी माटो बग्ने गरेको बताउँदै उपत्यका विकास प्राधिकरणले अव्यवस्थित प्लानिङलाई नियन्त्रण गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो ।

देशको सबभन्दा बढी सरकारी जग्गा भएको जिल्ला दाङ भएको बताउँदै देशको सन्तुलित विकासको लागि सङ्घीय राजधानी पश्चिम नेपालको दाङमा सार्नु उचित विकल्प हुने बताउनुभयो ।

प्रमुख प्रजापतिले स्थानीय तहहरूलाई स–साना आवास योजनाहरू सञ्चालन गर्न नेपाल सरकारले आर्थिक र प्राविधिक सहयोग गर्नु आवश्यक भएको बताउँदै भक्तपुर नपाले १ हजार ६५३ रोपनी जग्गामा देको मिवा इतापाके आवास योजना सञ्चालन गरिरहेको बताउनुभयो ।

सरकारमा जाने दलहरूमा १०० वर्षपछिको नेपाल कस्तो बनाउने भन्नेबारे कसैले सोच वा दृष्टिकोण बनाउन नसक्दा देश झन् झन् पछाडि पर्दै गएको बताउँदै प्रमुख प्रजापतिले अव्यवस्थित शहरीकरण, फोहोरमैला नदीमा बिसर्जन

गर्नु, नदी नजिक शहरहरूको विकास र नदी किनारामा अतिक्रमण उपत्यकाका नदी फोहोर हुनुका मुख्य कारणहरू रहेको बताउनुभयो ।

गुरुयोजना निर्माण गर्दै गर्दा उपत्यकाका लिच्छविकालीन र मल्लकालीन सम्पदाहरूको संरक्षणतर्फ पनि ध्यान पुऱ्याउनुपर्ने भन्दै उहाँले जनप्रतिनिधिहरूकै निर्देशनमा आयोजनाहरू सञ्चालन गरिनुपर्ने र सक्षम नभएका पालिकाहरूलाई सक्षम बनाउने काम संघ सरकारले गर्नु उचित हुने बताउनुभयो ।

बागमती प्रदेश भौतिक विकास मन्त्री **अमनकुमार मास्के**ले गुरुयोजना कार्यान्वयन गर्न अब ढिलाइ गर्न नहुने भन्दै संघ प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक भएको बताउनुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख **चिरिबाबु महर्जन**ले काठमाडौं उपत्यकाको गुरुयोजना धेरै पटक बनिसकेको भए पनि त्यसको कार्यान्वयन प्रभावकारी रूपमा हुन नसकेको बताउँदै गुरुयोजना निर्माणमा स्थानीय तहका जनप्रतिनिधिहरूलाई सहभागी गराउनुपर्ने बताउनुभयो ।

उपत्यका विकास गर्ने सन्दर्भमा कुनै पनि अध्ययनले यहाँका सम्पदाहरूमा हस्तक्षेप गर्नु हुँदैन भन्दै उहाँले पाँच वर्षमा उपत्यकमा देखिने गरी यातायात व्यवस्थापन हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष **डा.शिवराज अधिकारी**ले भक्तपुरको आवास योजनाबारे आफूले अध्ययन अनुसन्धान गरेको बताउँदै भौतिक विकास मात्र विकास नभई गुणस्तरीय जीवनको पनि सुनिश्चितता गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष **विष्णु धमला**, शहरी विकास मन्त्रालयका सचिव **गोपालप्रसाद सिग्देल**, राष्ट्रिय योजना आयोगका सदस्य **डा.रामेशप्रसाद सिंह**ले पनि बोल्नुभएको थियो ।

काठमाडौं उपत्यका विकास प्राधिकारणका विकास आयुक्त **जानुका ढकाल**को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्राधिकरणका नायब विकास आयुक्त **नवराज प्याकरेल**ले कार्यक्रमको उद्देश्यबारे जानकारी गराउनुभएको थियो भने शहरी विकास विज्ञ **किशोरकुमार थापा**ले उपत्यकाको दीर्घकालीन सोच एवम् भौतिक विकास गुरुयोजनाको औचित्यसम्बन्धी प्रकाश पार्नुभयो । साथै परामर्शदाता **डा. विजयकृष्ण श्रेष्ठ**ले गुरुयोजनाबारे प्रस्तुतीकरण देखाउनुभएको थियो । कार्यक्रममा उपत्यकाका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्षहरूको उपस्थिति रहेको थियो ।

## उपत्यकाको बृहत्तर गुरु योजनाको नाउँमा कतै देशलाई विदेशी ऋण पासोमा त फसाउँदै छैन ?




*–सुनिल प्रजापति प्रमुख भक्तपुर नगरपालिका*

कार्यपत्र प्रस्ततकर्ता किशोर थापाले काठमाण्डौं उपत्यकाको नेवा संस्कृति र सभ्यता संरक्षण गर्नुपर्ने, जलवायु र नदी संरक्षण गर्नुपर्ने, उपत्यकालाई पर्यटकीय केन्द्रको रूपमा विकास गर्नुपर्ने तथा देश विदेशको आकर्षणको केन्द्र बनाउनुपर्ने बताउनुभयो । तर काठमाण्डौं उपत्यकामा जनसङ्ख्या नियन्त्रण गर्ने उल्लेख गर्नु भएन । अबको ३० वर्ष पछि ५५ लाख जनसङ्ख्या पुग्ने अनुमान गर्नुभयो तर त्यसको व्यवस्थापन कसरी गर्ने सोबारे स्पष्ट पार्नु भएन । त्यतिबेला उपत्यका घरै घरले भर्ने भर्ने छन्, जीवन अस्तव्यस्त हुने छ ।

अर्को प्रस्तुतकर्ताले रोड म्याप नभएको, निजी घरहरूको संरक्षणको कुनै नीति नभएको कुरा उल्लेख गर्नुभयो । त्यसो हो भने राष्ट्रिय योजना आयोजको काम के हो ? राष्ट्रिय योजना आयोगको आवश्यकता किन पऱ्यो ? यही विषयमा केन्द्रीय रहेर आफ्नो भनाइ राख्न चाहन्छु ।

भनिन्छ, राजनैतिक दलका नेताहरूले वर्तमानदेखि अर्को चुनावसम्म मात्र हेर्छन् । राजनेताहरूले सयौं वर्ष पछिको देशको भविष्य हेर्छन् । अहिले देशमा थुप्रै नेताहरू भए पनि राजनेताहरूको अभाव खड्किरहेको छ । सरकारमा जाने दलहरूले १०० वर्ष पछिको नेपाल कस्तो बनाउने भन्ने बारे कसैले सोच वा दृष्टिकोण बनाउन सकेका छैनन । दलगत स्वार्थ पूरा गर्न प्रजातान्त्रिक मूल्य र मान्यता विपरीत सरकार बनाउँछ, सरकारमा टिकिरहन नैतिक अनैतिक सबै खालका कार्यहरू गर्छन् ।

संविधान घोषणासँगै देशमा धेरैओटा नगरपालिका घोषणा गरिएका छन्। कतिपय पालिकाहरूको ५०-६० लाख पनि आन्तरिक आय छैन। कसरी नगरपालिका सञ्चालन गर्ने ? ढल निकासको बन्दोबस्त, खानेपानी, बसपार्क, डम्पिङ साइटको कुनै व्यवस्था छैन। आवश्यक पूर्वाधारहरूको निर्माण पछि मात्रै नगरपालिका घोषणा गरिएको भए अहिलेको जस्तो देश भरका पालिकाहरूमा भद्रगोलको अवस्था हुने थिएन।

अहिले काठमाण्डौं प्रदुषण, यातायात जाम, अपराध सङ्ख्या वृद्धि, खानेपानीको समस्याले वस्न अयोग्य शहर बन्दैछ। यस्तो अवस्थामा काठमाण्डौं उपत्यकाभित्र १ लाख रोपनीको १ वटा १०/१० हजारको ३ वटा आवास योजना अगाडि बढाएर उपत्यकाको भविष्य कस्तो बनाउन खोजिँदैछ ? जिम्मेवार पदाधिकारीहरूले ध्यान दिनु पर्छ।

अहिले स्थानीय तहलाई पनि आवास योजना सञ्चालनको अधिकार दिइएको छ। ७५३ पालिकाहरूलाई आवश्यक स-साना आवास योजनाहरू सञ्चालन गर्न नेपाल सरकारले आर्थिक, भौतिक र प्राविधिक सहयोग गर्नु आवश्यक छ। भक्तपुर नपाले अहिले १६५३ रोपनी जग्गामा देको-मिवा-इतापाके आवास योजना सञ्चालन गर्दैछ। यस अघि ३ वटा आवास योजना सफलतापूर्वक सम्पन्न गरिसकेको छ। अन्य पालिकाहरूलाई पनि यस्तै योजनाहरू सञ्चालन गर्न सक्ने वातावरण बनाइ दिनुपर्छ।

हामीले त भन्दै छौं, काठमाण्डौं उपत्यकालाई साँस्कृतिक केन्द्रको रूपमा विकास गर्न राजधानी नै दाङमा सार्नुपर्छ। देशको सन्तुलित विकासको लागि सङ्घीय राजधानी पश्चिमतर्फ सार्नु उचित विकल्प पनि हो। दाङ र देउखुरी एशियाकै ठूलठूला उपत्यकाहरू हुन्। चारैतिर पहाडले ढाकिएको त्यो ठाउँ सुरक्षाको दृष्टिले पनि अत्यन्त राम्रो ठाउँ हो। देशको सबभन्दा बढी सरकारी जग्गा भएको जिल्ला पनि दाङ हो। त्यहाँ पूर्वाधारहरू निर्माण गर्न जग्गाको कुनै समस्या पर्ने छैन।

अव्यवस्थित र जथाभावी निजी प्लानिङलाई प्राधिकरणले हचुवाको भरमा स्विकृति दिएको कारण उपत्यकाको वातवरण नराम्ररी बिग्रेको हो। वर्षामा खोलामा पानी भन्दा बढी माटो बग्ने गर्दछ। निजी प्लटिङ गर्ने काम काठमाण्डौं उपत्यका विकास प्राधिकरणले कडाइका साथ रोक्ने वा नियन्त्रण गर्नु आवश्यक छ।

अहिले एउटा पालिकाले चाहेर मात्र पनि व्यवस्थित शहर बनाउन सक्दैन। धेरै ठाउँहरूमा खोलालाई पालिकाको सिमाना बनाइएको छ। भक्तपुरको सन्दर्भमा भने हो भने कतिपय ठाउँमा हनुमन्ते खासाङ खुसुङ खोला सिमाना छ। खोलाको दायाँवायाँ पिआइडीले ढल बिछ्याइसकेको अवस्था छ। तर त्यो खोला सूर्यविनायक र चाँगुनाराण नपा भएर आउने हुँदा त्यहाँ सफा नभएसम्म भनपा एक्लैले सफा गरेर खोलाको सफाइ सम्भवै छैन। भनपा भित्र हनुमन्ते र सल्लाघारी गरी दुईओटा फोहर पानी प्रशोधन केन्द्रहरू निर्माणाधीन अवस्थामा छन्। ती कहिले सम्पन्न हुन्छ ? अनिश्चित छ।

वागमती नदी सफाइको निम्ति राज्यले अर्बौं खर्च गरी सक्यो तर नदीमा कुनै सुधार आएको छैन। नदी फोहोर हुनुका मुख्य कारणहरू अव्यवस्थित शहरीकरण, फोहोरमैला नदीमा बिसर्जन गर्नु, नदी नजिक शहरहरूको विकास र नदी किनारा अतिक्रमण हुन्।

काठमाण्डौं उपत्यकामा जनसङ्ख्या नियन्त्रण गर्नुपर्ने अवस्था आइसकेको छ। त्यसको लागि उपत्यकाभित्र स्थानीय जनताले मात्रै घर जग्गा खरिद बिक्री गर्न पाउने कानूनी बन्दोबस्त हुनु आवश्यक छ। भक्तपुर नगरपालिकाले २/३ वर्ष अघि नै यसको अभ्यास गरिसकेको छ। सर्वोच्च अदालतले संविधानसँग बाझिएको भनी खारेज गरी दिएको कारण त्यो लामो समयसम्म कार्यान्वयन हुन पाएन। त्यसरी कानूनले संरक्षण गर्न खोजेन भने उपत्यकामा अमूल्य सम्पदाहरूको संरक्षण हुन सक्दैछ।

काठमाण्डौ उपत्यका लिचछविकालीन र मल्लकालीन सम्पदाहरू जिवित छन्। सम्पदाहरू राज्यको मात्रै होइन विश्वकै सम्पत्ति हुन्। त्यसको संरक्षण गर्नु सबैको कर्तव्य पनि हो।

प्राधिकरणले विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषसँग खर्बौंको ऋण लिएर आवास सञ्चालन गर्ने सोचेको रहेछ भने त्यो कुनै देशलाई नै ऋण पासोमा फसाउने षड्यन्त्र त भइरहेको छैन। सबै सचेत हुनुपर्छ। अहिले २६ खर्ब सार्वजनिक ऋण भइसकेको छ। देश ऋण तिर्न नै अर्को ऋण लिनुपर्ने अवस्थामा देश पुगिसकेको छ। कर्मचारीलाई तलब खुवाउन पनि राजश्व सङ्कलन अपुग भएको देखा पर्दैछ। वितेको ५ महिनामा पुँजीगत खर्च ११ प्रतिशत छ भने जम्मा २८ प्रतिशत मात्रै राजश्व सङ्कलन भएको देखाइएको छ।

उपत्यकालाई बस्न लायक ठाउँको रूपमा विकास

गर्न काठमाण्डौं बाहिर स–साना शहरहरूको विकास गर्न आवश्यक छ । त्यसको लागि मन्त्रालयले आर्थिक र उपत्यका विकास प्राधिकरणले प्राविधिक सहयोग गर्नुपर्ने हुन्छ । सम्बन्धित पालिकासँग समन्वय गरी अघि बढ्न सके मात्रै कुनै पनि योजना सफल हुन सक्छ ।

काठमाण्डौं उपत्यका भूकम्पीय दृष्टिले अत्यन्त जोखिम ठाउँ हो । भूगर्भविदहरूका अनुसार "उपत्यकाको भू–सतह निकै कमजोर छ । माटो अन्तबाट ल्याएर थुपारिएको जस्तो कमजोर छ । उपत्यकामा भूवनौट नै खलबलिने गरी ठूलठूला संरचनाहरू निर्माण गर्दैछन् । अहिलेको जस्तो निर्माणले निरन्तरता पाएमा उपत्यकामा भविष्यमा ठूलो दुर्घटना निम्तिन सक्छ ।

जनप्रतिनिधिहरूकै निर्देशनमा आयोजनाहरू सञ्चालन गरिनु पर्छ । अन्य कुनै संयन्त्रको आवश्यकता छैन । यो नै प्रजातन्त्र हो । सक्षम नभएका पालिकालाई क्षमता वृद्धि गरी सक्षम बनाउने काम सङ्घ सरकारले गर्नु उचित हुनेछ ।

वस्तीको वरिपरि खाली जग्गा राख्नु पनि उतिकै आवश्यक छ । अहिले जस्तै वस्ती विकासलाई निरन्तरता दिएमा उपत्यकामा श्वास फेर्न पनि गाह्रो हुनेछ ।

*(पुस २१ गते काठमाण्डौं उपत्यकाको दीर्घकालीन सोच निर्माण तथा वृहत्तर भौतिक विकास गुरु योजना तर्जुमा सम्बन्धी कार्यशाला गोष्ठीमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नु भएको मन्तव्य)*

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

**प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना**

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०/- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



# हाम्रो स्वास्थ्य

## बढ्दो गर्मी र प्रदूषणबाट आँखालाई कसरी बचाउने ?



– डा. किरन जिसी

### चस्माको प्रयोग गर्नुहोस्

अल्ट्राभायोलेट किरण (यूभी रेज)बाट सुरक्षा भएको राम्रो सन ग्लासमा लगानी गर्नुहोस् । यसले तपाईंको आँखालाई हानिकारक किरणहरूबाट जोगाउन सक्छ । साथै धूलो र प्रदूषकहरू विरुद्ध अवरोधको रूपमा काम गर्न सक्छ । यसले तपाईँलाई अरूको अगाडि स्मार्ट पनि देखाउँछ ।

### नियमित पानी पिउनुहोस्

दिनभर शरीरलाई हाइड्रेटेड राख्नको लागि नियमित पानी पिउने बानी बसाल्नुहोस् । एकैपटक धेरै पानी पिउने भन्दा थोरै थोरै पानी नियमित रूपमा पिउनाले शरीरलाई फुर्तिलो बनाई राख्छ । प्रत्येक दिन आठ गिलास पानी पिउने बानी गर्नुहोस् ।

### आँखामा पानी नछ्याप्नुहोस्

हामीमध्ये धेरैको नुहाउँदा वा मुख धुँदाखेरी आँखामा पानी छ्याप्ने बानी हुन्छ । यसो गर्नाले आँखाको आँसुले राम्रोसँग काम नगर्ने हुँदा आँखा सुख्खा हुने, बिझाउने, पोल्ने समस्या देखिन सक्छ । त्यसैले यस्तो बानी छ भने आजबाटै त्याग्नुहोस् ।

### राम्रोसाग हात धुने बानी गर्नुहोस्

कुनै पनि सामान छोइसकेपछि वा चलाइसकेपछि राम्रोसँग साबुनपानीले हात धुने बानी बसाल्नुहोस् । आँखालाइ बारबार चिलाउने वा छोइरहने गर्नाले आँखाको सङ्क्रमण हुने खतरा बढ्दछ त्यसैले यसबाट बच्न आफ्नो सरसफाइमा विशेष ध्यान दिनुहोस् ।

### समयमै उपचार

आँखा दुख्ने पोल्ने वा जलन भएमा आइसले सेक्नुहोस् । कुनै पनि औषधि प्रयोग गर्नु अघि वा लक्षणहरू रहेमा विशेषज्ञहरूद्वारा आँखा परीक्षण गर्नुहोस् ।

(डा. जिसी आँखा रोग विशेषज्ञ)
स्वास्थ्य खबरपत्रिका

## Word Search

Natural Disasters

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Z | D | F | L | O | O | D | S | T | O | R | M |
| M | D | I | E | T | V | O | L | C | A | N | O |
| E | H | I | E | V | I | R | O | F | N | A | D |
| E | T | S | U | N | A | M | I | I | H | V | N |
| K | N | L | R | M | V | N | E | V | U | A | L |
| A | A | R | A | T | I | O | T | I | R | L | I |
| U | L | A | D | U | L | O | T | L | R | A | G |
| Q | A | N | U | R | R | M | O | L | I | N | H |
| H | Z | L | A | N | A | H | C | D | C | C | T |
| T | R | N | A | H | O | Z | A | E | A | H | N |
| R | N | D | E | L | Z | R | Z | I | N | E | I |
| A | O | U | F | D | E | U | N | I | E | T | N |
| E | A | S | T | L | H | N | N | S | L | R | G |
| E | D | I | L | S | D | N | A | L | A | B | T |

TORNADO
VOLCANO
TSUNAMI
BLIZZARD
EARTHQUAKE
LANDSLIDE
HURRICANE
FLOOD
AVALANCHE
STORM
LIGHTNING


(दायाँ-बायाँ-तल-माथि-तेर्सो-ठाडो-छडके-सुल्टो-उल्टोबाट छेउका मिल्दो शब्दहरू खोज्नुहोस् ।)


## भक्तपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### पर्यटक सेवा शुल्क सम्बन्धी सूचना

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००|- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमश: वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७|- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शल्क रु. १५००|- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००|- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आ.व. २०८१/८२ मंसिर महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | ८३२ | ७२९ | ८३४ | ६८६ | ६१३ | ७२५ | ७५३ | ७२२ | ६८९ | ६६१ | ४२२ | ५१३ | ४०७ | ५४४ | ५०६ |
| सार्क तथा चिनियाँ | ३२८ | ३९१ | ४५५ | २६३ | २२९ | २४६ | २४७ | ३६४ | ३०१ | ४७१ | १७७ | २२८ | ३२७ | ३०२ | २५४ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गैर सार्क | ४४६ | ३५७ | ३४४ | ४१७ | २८७ | ३६९ | ३२४ | ३५८ | ३१७ | २०५ | २०७ | १३४ | २२८ | २७२ | २२७ |
| सार्क तथा चिनियाँ | ३९४ | ३१६ | २९० | १२९ | २१३ | ३०५ | ३१४ | ३७६ | २३९ | ३६५ | २६१ | २१५ | २९० | २७० | २९५ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८१ मंसिर | १४,१२८ | ८,८५५ | २२,९८३ |
| २०८० मंसिर | ११,५६६ | १०,५१२ | २२,०७८ |
| प्रगति | २,५६२ | -१६५७ | ९०५ |

सम्पादकको पृष्ठ

# 'महोत्सव सफल पार्न अहोरात्र खट्ने तमामप्रति हार्दिक आभार'

भक्तपुर नगरपालिकाले आयोजना गरेको भक्तपुर महोत्सव भव्यताकासाथ सम्पन्न भयो। मंसिर २८ गतेदेखि पुस २ गतेसम्म भक्तपुर नगरपालिकाले ५ दिने महोत्सवको आयोजना गरेको थियो। आन्तरिक र बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको उक्त महोत्सवमा झण्डै आठ लाख पर्यटकहरूले अवलोकन गरेको अनुमान गरिएको छ।

भक्तपुर महोत्सव अवधिभर नगरबासीहरूले परम्परागत बाजा, नाच, नृत्य, भेषभूषा, परम्परागत खेलकुद, खानपान, जात्रा–पर्व, जन्मदेखि मृत्युसम्मका नेवारी जीवनशैलीलगायतको प्रदर्शन गरिएको थियो। विद्यालय, कलेजहरूमा शैक्षिक प्रदर्शन, माटोको भाँडा बनाउने, काष्ठकला, छ्वालीकला, हस्तकलाका उत्पादन प्रदर्शन तथा बिक्री वितरणसमेत गरिएको थियो। नगरपालिकाले विभिन्न ३२ विधामा विभिन्न ठाउँमा प्रदर्शनी स्थल तोकिएकोमा जनता स्वयं–स्फूर्त रूपमा प्रदर्शनीमा उत्रेपछि भक्तपुर पुरै महोत्सवमय बन्यो।

महोत्सव अवधिभर नगरभित्रको वातावरण महोत्सवमय बनाइ राख्न दैनिक पालैपालो बाजा बजाई नगर परिक्रममा गर्ने व्यवस्था, खेलकुद प्रदर्शनी, नौका विहार जस्ता गतिविधिहरूले पर्यटकहरूलाई थप आकर्षित गरेका थिए।

भक्तपुर महोत्सव भक्तपुरका जनताको एकताको प्रदर्शनी पनि थियो। नगरपालिकाका जनप्रतिनिधिहरूको आह्वानमा स्वतःस्फुर्त रूपमा नगरवासीहरूले साथ र सहयोग गरेका थिए। हजारौँ नगरबासीहरूले कुनै न कुनै रूपमा महोत्सवमा सक्रियतापूर्वक भाग लिए। विभिन्न स्थानमा राखिएका प्रदर्शनीहरूले भक्तपुरका जनता प्रचार गर्ने भन्दा काम गरेर देखाउने पक्षका थिए भन्ने बुझ्न सकिन्छ।

भक्तपुर महोत्सवकै बेला साँस्कृतिक विधाका खुल्ला बाँसुरी बाजा प्रतियोगिता सम्पन्न भयो। देशका विभिन्न पालिकाका ४६ वटा समूहले भाग लिएको उक्त कार्यक्रम अत्यन्त भव्य रूपमा सम्पन्न भयो। करिब २६ वर्ष पछि भएको उक्त महोत्सवमा सारा जनताले आ–आफ्नो तरिकाले साथ र सहयोग गरे। जनताको उक्त सहयोगी भावना साँचै नै सम्मानयोग्य छ।

पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास भइरहेको भक्तपुरलाई भक्तपुर महोत्सवले थप टेवा पुऱ्याउने विश्वास छ। महोत्सवमा भाग लिन पाएकोमा जनता पनि त्यतिकै खुशी छन्। भक्तपुर नगरपालिकालाई आत्मनिर्भर बनाउनमा नगरपालिकाले जोड दिँदै आएको छ।

नेपाल मजदुर किसान पार्टीका नेता, कार्यकर्ताहरू जे बोल्छन् त्यो गर्छन्, जे गर्दैन त्यो बोल्ने पनि गर्दैन भनिन्छ। भक्तपुर महोत्सव स्थानीय तहको निर्वाचन घोषणापत्र अनुसार आयोजना गरिएको हो। त्यो महोत्सवमा हजारौँको सङ्ख्यामा युवा–विद्यार्थी परिचालन गरिएको थियो।

जनप्रतिनिधि, कर्मचारी र स्थानीय जनताको बीच आपसी समन्वय भएमा हरेक क्षेत्रमा कार्य सम्पन्न गर्न सकिन्छ भन्ने भक्तपुर महोत्सव एक नमूना हो। यस्ता महोत्सव वर्षेनी गर्न सम्भव हुँदैन।

भक्तपुरबासी दाजु भाइ तथा दिदी बहिनीहरूले भक्तपुर नगरपालिकालाई विश्वास गरेर हर समयमा साथ र सहयोग गर्नुभयो। भक्तपुर नगरपालिकाको मासिक प्रकाशन 'भक्तपुर' परिवारको तर्फबाट यहाँहरू सबै प्रति हार्दिक आभार व्यक्त गर्दछौँ।




भक्तपुर महोत्सव २०८१ उद्घाटन र्याली
(मंसिर २८ गते)




खुल्ला बाँसुरी बाजा प्रतियोगिताको भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उद्घाटन गर्नुहुँदै (पुस २९ गते)




शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराई भक्तपुर नगरपालिका द्वारा सञ्चालित शैक्षिक संस्था र ख्वप अस्पतालको निरीक्षणमा
(पुस १६ गते)



पाँचदिने भक्तपुर महोत्सव समापन कार्यक्रम
(पुस २ गते)